# "संघीय सशर्त अनुदानका कार्यक्रमहरुको कार्यान्वयन कार्यविधि आ.व. २०८३/८४"

## (वन तथा वातावरण क्षेत्र तर्फ)

नेपाल सरकार,
कृषि, वन तथा पर्यावरण मन्त्रालय
(मा. मन्त्रीस्तरको) मिति २०८३/०६/०६
को निर्णय अनुसार स्वीकृत
कार्यविधि

आ. व. २०८३/८४

नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

सिंहदरवार, काठमाण्डौं

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## विषयसूची


**पृष्ठभूमि........................................................................................................१**

**प्रदेश मन्त्रालय अन्तर्गत सञ्चालन हुने सङ्घीय शसर्त अनुदानका कार्यक्रमहरू ढसबै प्रदेशको लागि)...........६**

**क. जडिबुटी विकास कार्यक्रम (बजेट उपशीर्षक नम्बर - ३१२०७१०१)....................................१२**

१. प्राकृतिक रुपमा रहेका जडीबुटी संरक्षण तथा व्यवस्थापन / प्राकृतिक जडिबुटि संरक्षण तथा खेती / प्राकृतिक जडिबुटी संरक्षण तथा खेती विस्तार (सबै जिल्ला तथा छनौट भएका पालिकाहरु, निजी जग्गामा समेत) १२

२. पकेट क्षेत्रमा जडीबुटी खेती विस्तार / पकेट क्षेत्रमा जडिबुटि संरक्षण १४

३. जडीबुटी बिरुवा उत्पादन तथा खेती विस्तार कार्यक्रम / जडीबुटी विरुवा उत्पादन/वितरण तथा वृक्षारोपण / जडीबुटी विरुवा उत्पादन / जडीबुटी बिरुवा उत्पादन/खरिद, खेती विस्तार तथा सिंचाई कार्यक्रम १५

४. जडीबुटी खेती विस्तार / जडीबुटी खेती विस्तार कार्यक्रम / लौठसल्ला जडीबुटी संरक्षण तथा खेती विस्तार (जडीबुटी नर्सरी स्थापना समेत) / जडीवुटी खेती तथा तारवार १७

५. जडीबुटी, फलफूल तथा बहुउपयोगी बिरुवा रोपण १९

६. कबुलियती वन प्रवर्धन तथा सहजीकरण कार्यक्रम / गरिबमुखी कबुलियती वनमा अम्रिसो लगायत जडीबुटी खेती कार्यक्रम २०

७. कृषि वन प्रणाली प्रवर्द्धन कार्यक्रम (सामुदायिक तथा कवुलियती वनमा फलफूल तथा बहुउपयोगी विरुवा रोपण तथा संरक्षण) / कृषि वन प्रणाली प्रवर्द्धन कार्यक्रम २२

८. जडीबुटी प्रशोधन तथा व्यवस्थापन कार्यक्रम / स्थानीय तहको सहकार्यमा जडीबुटी संकलन तथा प्रशोधन केन्द्र स्थापना २३

९. जडीबुटी हट्स्पट क्षेत्र संरक्षण २५

१०. जैविक/दुर्लभ प्रजातिका वनस्पति तथा जडीबुटी संरक्षण (लौठसल्ला, विजयसाल, सतिसाल लगायत अन्य) / सुनगाभा संरक्षण तथा व्यवस्थापन २७

११. विशेष जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको संरक्षण तथा खेती विस्तार (टिमुर, रिठ्ठा, तेजपात, सतुवा, जटामसि, कुरिलो लगायत) २८

१२. जटामसी व्यवस्थापन कार्यक्रम (हुम्ला/जुम्ला) ३०

१३. जैतुन खेती विस्तार ३१

१४. सुपारी वृक्षारोपण खेती विस्तार ३३

१५. टिमुर खेती प्रवर्द्धन कार्यक्रम / सुगन्धकोकिला खेती प्रवर्द्धन कार्यक्रम / ओखर खेती / श्रीखण्ड प्रवर्द्धन कार्यक्रम / लौठ सल्लो, बुद्धचित्त, टिमुर, आरु, किवि, हलुवा, अम्बा, सुन्तला, कागती, एभोकाडो खेती विस्तार ३४

१६. पाटन खर्क तथा चरन व्यवस्थापन ३६


डा. राजेन्द्र प्रसाद मि...
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

१७. वन उद्यम सहयोग कार्यक्रम ३७

१८. गैरकाष्ठ वन पैदावारको मूल्य अभिवृद्धि तालिम ३९

१९. जडीबुटी खेती विस्तार सम्बन्धी कृषकका लागि तालिम ४०

२०. जडीबुटी खेती विस्तार सम्बन्धी प्रचारप्रसार ४२

२१. जडीबुटी उत्पादक, संकलक, खरिदकर्ता एवं सरोकारवाला बीच अन्तरक्रिया बैठक ४३

२२. कागज उत्पादन उद्योग स्थापना तथा प्रवर्धन ४५

२३. कालिका भगवती मन्दिर सौन्दरिकरण, विभिन्न प्रजातिका वनस्पती तथा नर्सरी व्यवस्थापन, दित्तेल रुपाकोट मझुवागढी न.पा. ४६

२४. उच्च मूल्यका गैरकाष्ठ वन पैदावारको विरुवा उत्पादन, वृक्षरोपण तथा विस्तार ४८

**ख. वातावरण विभाग (बजेट उपशीर्षक नम्बर - ३१२१००११)....................................................५०**

१. हरित पार्क निर्माण / हरियाली पार्क निर्माण / पार्क निर्माण तथा हरियाली प्रवर्द्धन / पार्क स्तरोन्नती तथा व्यवस्थापन ५०

२. विशिष्ट स्थान तथा धार्मिक/सांस्कृतिक स्थलमा पार्क निर्माण तथा सौन्दर्यीकरण / मन्दिर परिसरमा पार्क निर्माण तथा व्यवस्थापन / धार्मिक तथा सांस्कृतिक स्थलको वातावरण संरक्षण तथा पूर्वाधार निर्माण ५३

३. सरकारी खाली जग्गामा हरियाली पार्क निर्माण / डिभिजन तथा सब–डिभिजन वन कार्यालय परिसरमा हरित पार्क निर्माण ५४

४. शहरी हरियाली प्रवर्द्धन तथा सडक क्षेत्र वृक्षारोपण / स्थानीय तहको सहकार्यमा नगर हरियाली कार्यक्रम / शहरी वृक्षारोपणका लागि बहुवर्षे विरुवा उत्पादन ५६

५. शहरी वृक्षारोपणका लागि Hi-Tech Nursery जष्तभअज ल्गचकभचथ सञ्चालन तथा व्यवस्थापन ५८

६. वृक्षारोपण तथा चौतारा/मुहान संरक्षण / वर, पिपल, समी तथा लाकुरी रोपण तथा चौतारा व्यवस्थापन / मुहान संरक्षण तथा वृक्षारोपण ६०

७. सिमसार क्षेत्र संरक्षण, सौन्दर्यीकरण तथा हरित पार्क निर्माण ६१

८. जैविक विविधता संरक्षण तथा हरित पार्क निर्माण ६३

९. जिल्ला स्थित सब-डिभिजन स्तरमा रैथाने/लोपोन्मुख विरुवाहरु संरक्षणको लागि बोटानिकल गार्डेन निर्माण ६४

१०. पहिरो नियन्त्रण गर्दै बाँस रोपण सहित हरियाली प्रवर्द्धन / पहिरो नियन्त्रण तथा हरियाली प्रवर्द्धनका लागि बाँस रोपण ६६

११. बाँस पार्क निर्माण, दित्तेल रुपाकोट मझुवागढी न.पा. ६८

१२. प्लाष्टिक प्रदूषण नियन्त्रण कार्यक्रम / प्लाष्टिकजन्य फोहोर व्यवस्थापन कार्यक्रम ६९

१३. फोहोर व्यवस्थापन कार्यक्रम (Reduce-Resure-Recycle समेत) (चभमगअभ(चभगकभ(चभअथअभि समेत) ७१

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

१४. नगर क्षेत्र एवं विद्यालयमा डस्टबिन वितरण कार्यक्रम ७२

१५. नदी तथा जलस्रोत प्रदूषण नियन्त्रण ७४

१६. वातावरण संरक्षण सचेतना कार्यक्रम / विश्व वातावरण दिवस तथा जनचेतना जागरण कार्यक्रम ७६

१७. स्थानीय तहमा जलवायु परिवर्तन, वातावरण तथा विकास सम्बन्धी समन्वय गोष्ठी ७८

१८. वातावरणीय प्रभाव मूल्यांकन अनुगमन, सहजीकरण तथा प्रतिवेदन तयारी / EIA, IEE भएका आयोजनाहरुको वातावरणीय परीक्षण ७९

१९. वायु/पिउने पानी गुणस्तर मापन यन्त्र खरिद ८१

२०. वायु तथा ध्वनी प्रदूषण मापन सम्बन्धी उपकरण खरिद, सञ्चालन तथा व्यवस्थापन ८३

२१. विद्यालय तथा शैक्षिक संस्थामा हरियाली प्रवर्द्धन / स्कुल वन बगैचा कार्यक्रम / बगैचा निर्माण तथा व्यवस्थापन ८४

२२. जैविक मल उत्पादन, स्थापना तथा सञ्चालन सहयोग ८६

२३. प्रजाति विशेष जडीबुटी प्रवर्द्धन तथा उद्यम विकास कार्यक्रम ८७

२४. मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि फ्रुट फरेस्ट कार्यक्रम ८९

२५. पोखरी निर्माण तथा जलस्रोत संरक्षण / सूर्यकुण्ड जलाशय निर्माण ९१

२६. प्रमुख तालहरूको स्वच्छता प्रवर्द्धन कार्यक्रम (कैलाली र कञ्चनपुर) ९२

२७. नदी किनारमा हरित पार्क तथा वृक्षारोपण ९४

**ग. राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम (बजेट उपशीर्षक नम्बर - ३१२०६१०१)..............९६**

१. सामुदायिक वनको कार्ययोजना नवीकरण / सामुदायिक वन व्यवस्थापन, सहजीकरण तथा समूह सशक्तीकरण / सामुदायिक वनको सामाजिक परिचालन ९७

२. सामुदायिक वन अध्ययन केन्द्रको MIS प्रणालीमा तथ्याङ्क विवरण प्रविष्टि / सामुदायिक वनसम्बन्धी तथ्याङ्क व्यवस्थापन ९९

३. दिगो वन व्यवस्थापन कार्ययोजना निर्माण / वन संवर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापनमार्फत काठदाउरा उत्पादन / वन व्यवस्थापन गरी काठ उत्पादन / चाक्ला वन व्यवस्थापन १००

४. बहुवर्षीय/बहुवर्षे रैथाने बिरुवा उत्पादन / रैथाने प्रजातिका बिरुवा उत्पादन तथा वृक्षारोपण / तारबारसहित वृक्षारोपण १०२

५. बहुवर्षीय बिरुवा उत्पादन (नर्सरी नाइकेको ज्याला सहित) १०३

६. स्थानीय तहको सहकार्यमा सार्वजनिक तथा नदी उकास जग्गामा वृक्षारोपण गरी वन विकास / सार्वजनिक तथा नदी उकास जग्गामा वृक्षारोपण / नदी किनारमा वृक्षारोपण १०४

७. नर्सरी मर्मत तथा स्तरोन्नती / नर्सरी व्यवस्थापन १०५

८. वन क्षेत्र अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन / वन अतिक्रमण हटाई पुनरुत्पादन व्यवस्थापन तथा वृक्षारोपण / सागरनाथ परियोजनाको अतिक्रमण नियन्त्रण १०६

९. जैविक मार्ग तथा वन संरक्षण क्षेत्र व्यवस्थापन १०७

१०. विशिष्ट जैविक मार्ग तथा वन संरक्षण क्षेत्र व्यवस्थापन १०९

११. वन्यजन्तु व्यवस्थापन तथा उद्धार / मानव—वन्यजन्तु द्वन्द्व न्यूनीकरण तथा व्यवस्थापन / औषधी तथा सामग्री व्यवस्थापन / उद्धार समूह परिचालन ११०

Wildlife Ambulance

१२. ध्ष्मिषिभ ब्दगबिलअभ खरिद १११

१३. मानव—वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि तारबार / सोलार फेन्सिङ / हात्तीमैत्री क्षेत्र व्यवस्थापन ११२

१४. वन्यजन्तुबाट हुने क्षतिको राहत वितरण ११३

१५. समस्याग्रस्त वन्यजन्तु उद्धार तथा व्यवस्थापनका लागि उद्धार टोली परिचालन / वन्यजन्तु उद्धार केन्द्र सञ्चालन तथा व्यवस्थापन ११४

१६. टाइगर पार्क निर्माण ११५

१७. वन्यजन्तुका लागि पानी तथा आहार स्रोत व्यवस्थापन ११६

१८. वन्यजन्तु तथा जैविक विविधता अनुगमन ११७

१९. बाघ लगायत वन्यजन्तुको अनुगमनका लागि स्मार्ट अनुगमन प्रणाली जडान ११८

२०. वन डढेलो व्यवस्थापन कार्ययोजना निर्माण तथा कार्यान्वयन / वन डढेलो नियन्त्रण तथा व्यवस्थापन ११९

२१. वन डढेलो नियन्त्रणका लागि अग्नी नियन्त्रण दस्ता परिचालन तथा व्यवस्थापन / अग्नीरेखा निर्माण तथा मर्मत १२१

२२. वन डढेलो तथा अग्नी नियन्त्रणका लागि उपकरण, सामग्री तथा सामान खरिद/वितरण १२२

२३. बागमती प्रदेशका ६ जिल्लामा अग्नी नियन्त्रण दस्ता परिचालन तथा व्यवस्थापन १२२

२४. वन क्षेत्रबाट पातपतिङ्गर संकलन गरी कम्पोष्ट/प्राङ्गारिक मल उत्पादन / मिचाहा प्रजाति व्यवस्थापनबाट प्राङ्गारिक मल उत्पादन १२३

२५. पातपतिङ्गर संकलन गरी कम्पोष्ट मलखाद बनाउने उत्कृष्ट किसान पहिचान गरी अनुदान दिने १२४

२६. वन क्षेत्रमा मिचाहा प्रजाति नियन्त्रण तथा व्यवस्थापन १२६

२७. कबुलियती वन प्रवर्द्धन तथा व्यवस्थापन १२६

२८. कृषि वन प्रणाली प्रवर्द्धन / फलफूल तथा बहुउपयोगी वनस्पति प्रवर्द्धन १२७

२९. व्यावसायिक रबर खेती प्रवर्द्धन / वन क्षेत्रमा व्यावसायिक रबर खेती १२९

३०. लाहा खेती विस्तार १३०

३१. बाँसको उद्यम स्थापना तथा प्रवर्द्धन १३१


डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

३२. बाँस उद्यान विकास १३१

३३. नदी किनार तथा उपयुक्त क्षेत्रमा उन्नत बाँस रोपण १३२

३४. बेतबाँस वृक्षारोपण १३३

३५. रानीचाप वृक्षारोपण १३४

३६. लाहा खेती विस्तार तथा प्रवर्द्धन १३५

३७. विशिष्ट/दुर्लभ तथा संकटापन्न वनस्पति संरक्षण तथा व्यवस्थापन १३६

३८. विशिष्ट वनस्पति तथा संरक्षण क्षेत्रसम्बन्धी अध्ययन/अनुसन्धान केन्द्र स्थापना तथा व्यवस्थापन १३७

३९. रेड पाण्डाको बासस्थान संरक्षण / बासस्थान पुनःस्थापना १३८

४०. वन्यजन्तु तथा वन संरक्षणका लागि गस्ती परिचालन / हात्ती गस्ती तथा मानव—वन्यजन्तु उद्धार टोली परिचालन १३९

४१. जोखिमयुक्त रुखहरूको व्यवस्थापन १४०

४२. घाटगद्दी स्तरोन्नती तथा व्यवस्थापन १४१

४३. वन व्यवस्थापनका असल अभ्यासको अन्तरप्रदेश सिकाइ तथा अनुभव आदानप्रदान / वृत्तचित्र तयारी १४२

४४. राष्ट्रिय वन क्षेत्रको जग्गा भोगाधिकारको अवस्था अनुगमन, अभिलेखीकरण तथा प्रतिवेदन तयारी १४३

४५. वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको कार्यालय सौन्दर्यीकरण तथा पोखरी व्यवस्थापन / वन कार्यालय तथा परिसर हरियाली तथा सौन्दर्यीकरण १४४

४६. वन तथा वन्यजन्तु संरक्षणसँग सम्बन्धित पार्क/हरित क्षेत्र विकास तथा व्यवस्थापन १४५

**घ. जलाधार तथा सिमसार संरक्षण कार्यक्रम (बजेट उपशीर्षक नम्बर - ३१२०६१०२)................१४७**

१. संवेदनशील जलाधार क्षेत्र व्यवस्थापन / विभिन्न जलाधार क्षेत्रको व्यवस्थापन योजना कार्यान्वयन / जलाधार व्यवस्थापन १४७

२. खानेपानी तथा सिंचाई जलाधार व्यवस्थापन / खानेपानी तथा सिंचाई व्यवस्थापन प्रणाली संरक्षण / खानेपानी तथा सिंचाई योजना निर्माण तथा संरक्षण / सिंचाई पोखरी निर्माण तथा संरक्षण १४९

३. पानी मुहान संरक्षण तथा व्यवस्थापन / पानीको मुहान संरक्षण / मुहान संरक्षण तथा वृक्षारोपण १५१

४. संरक्षण पोखरी निर्माण / संरक्षण तथा रिचार्ज पोखरी १५३

५. रिचार्ज पोखरी निर्माण / पुनर्भरण पोखरी निर्माण तथा व्यवस्थापन १५५

६. सिमसार क्षेत्र संरक्षण तथा व्यवस्थापन / पुराना पोखरीहरुको स्तरोन्नती तथा सिमसार संरक्षण / ताल संरक्षण तथा व्यवस्थापन / ताल विस्तार तथा सम्भार / संसारीमाई सिमसार व्यवस्थापन तथा स्तरोन्नती १५६

७. गल्छी तथा पहिरो नियन्त्रण / गल्छी पहिरो उपचार तथा नियन्त्रण / पहिरो रोकथाम तथा व्यवस्थापन / भू—क्षय नियन्त्रण १५८

८. बायोइन्जिनियरिङ्ग प्रविधिबाट भू—संरक्षण तथा पहिरो नियन्त्रण / कम खर्चिलो भू—संरक्षण (ल्दक्ण प्रविधि विस्तार / फलफूल तथा बहुउपयोगी बिरुवा सहितको बायोइन्जिनियरिङ्ग १५९

९. नदी तथा खोला किनार संरक्षण / नदी कटान नियन्त्रण / खोला नियन्त्रण / खोल्सी तथा खहरे नियन्त्रण / गाड तथा नदी किनार संरक्षण १६१

१०. तटबन्ध निर्माण तथा नदी/खोला कटान नियन्त्रण / बस्ती तथा खेती संरक्षणका लागि तटबन्ध निर्माण / तटबन्धन तथा टेवा पर्खाल निर्माण १६२

११. बाढी, पहिरो तथा जल उत्पन्न प्रकोप नियन्त्रण / आकस्मिक रुपमा देखा पर्ने बाढी, पहिरो तथा तटबन्ध निर्माण / आकस्मिक भूक्षय नियन्त्रण तथा प्राकृतिक प्रकोप न्यूनीकरण १६४

१२. बस्ती तथा खेतीयोग्य जमिन संरक्षण / नदी तथा खोलाबाट हुने कटान नियन्त्रण गरी बस्ती तथा खेती संरक्षण / नदी उकास जग्गा व्यवस्थापन १६६

१३. भूमि उत्पादकत्व संरक्षण तथा भू—संरक्षण / भू—संरक्षण तथा पुनर्स्थापना १६७

१४. नदी उकास तथा कटान प्रभावित क्षेत्रमा वृक्षारोपण/हरियाली प्रवर्द्धन / तटबन्धसँगै वृक्षारोपण तथा हरियाली प्रवर्द्धन १६८

१५. सामुदायिक वन तथा जलाधार क्षेत्र संरक्षण / सामुदायिक वन क्षेत्रमा पहिरो तथा भू—क्षय नियन्त्रण / वन तथा जलाधार पुनर्स्थापना १७०

१६. जलाधार तथा सिमसार क्षेत्रको संरक्षण, पुनर्स्थापना तथा व्यवस्थापनका लागि संरचना निर्माण १७१

१७. आकस्मिक तथा आपतकालीन जलाधार संरक्षण कार्य / बाढी, पहिरो, कटान तथा भू—क्षयबाट क्षति भएका क्षेत्रको तत्काल संरक्षण तथा पुनर्स्थापना १७२

१८. कुलो तथा सिंचाई पूर्वाधार निर्माण, मर्मत तथा संरक्षण / सिंचाई कुलो संरक्षण तथा पुनर्स्थापना १७४

१९. भू—संरक्षण तथा जल उत्पन्न प्रकोप नियन्त्रणका लागि खोल्सी, खहरे, गाड तथा दोभान व्यवस्थापन १७५

२०. नदी/खोला तथा जलस्रोत संरक्षणका लागि तटबन्ध, ग्याबियन, पर्खाल तथा अन्य संरचना निर्माण १७६

२१. पर्यावरणीय तथा प्राकृतिक स्रोत संरक्षणसँग सम्बन्धित स्थानीय विशिष्ट क्षेत्र/धार्मिक तथा सांस्कृतिक स्थलको भू—संरक्षण तथा संरक्षण १७८

२२. पुराना/जीर्ण संरक्षण संरचनाको मर्मत, सुधार तथा स्तरोन्नती १७९

२३. जलाधार तथा सिमसार संरक्षणसम्बन्धी अध्ययन, विस्तृत आयोजना प्रतिवेदन (म्एचण, योजना तर्जुमा तथा कार्यान्वयन १८१

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## पृष्ठभूमि

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहबीच राज्यशक्तिको बाँडफाँट, सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित संघीय शासन प्रणालीको व्यवस्था गरेको छ। संघीयता कार्यान्वयनसँगै नेपाल सरकारबाट सञ्चालन हुँदै आएका वन तथा वातावरण क्षेत्रसँग सम्बन्धित कतिपय कार्यक्रमहरू प्रदेश तथा स्थानीय तहको सहभागिता, समन्वय र सहकार्यमा कार्यान्वयन गर्ने गरी अन्तर–सरकारी वित्तीय हस्तान्तरणमार्फत प्रदेशहरूमा सशर्त अनुदानका रूपमा उपलब्ध गराउँदै आएको अवस्था छ। आर्थिक वर्ष २०८३/८४ मा समेत कृषि, वन तथा पर्यावरण मन्त्रालय (वन तथा वातावरण क्षेत्र) अन्तर्गत स्वीकृत विभिन्न कार्यक्रम तथा क्रियाकलापहरू सातवटै प्रदेशमा सशर्त अनुदानका रूपमा हस्तान्तरण भई कार्यान्वयनको चरणमा रहेका छन्।

आर्थिक वर्ष २०८३/८४ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत वन तथा वातावरण क्षेत्रतर्फ वन विकास तथा व्यवस्थापन, वन पुनःस्थापना, सामुदायिक तथा कबुलियती वन व्यवस्थापन, जैविक विविधता तथा दुर्लभ एवं संकटापन्न प्रजातिको संरक्षण, वन्यजन्तु व्यवस्थापन तथा मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरण, वन डढेलो व्यवस्थापन, जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको संरक्षण तथा खेती विस्तार, कृषि वन प्रणाली प्रवर्द्धन, जलाधार संरक्षण, सिमसार व्यवस्थापन, भू–संरक्षण, नदी तथा जलस्रोत संरक्षण, वातावरण संरक्षण, हरित क्षेत्र तथा शहरी हरियाली प्रवर्द्धन, प्रदूषण नियन्त्रण, वातावरणीय सचेतना तथा जलवायु परिवर्तनसम्बन्धी विभिन्न कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन हुने व्यवस्था रहेको छ।

यी कार्यक्रमहरू मुख्यतः राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम (बजेट उपशीर्षक नं. ३१२०६१०१), जलाधार संरक्षण तथा सिमसार व्यवस्थापन कार्यक्रम (बजेट उपशीर्षक नं. ३१२०६१०२), जडीबुटी विकास कार्यक्रम (बजेट उपशीर्षक नं. ३१२०७१०१) र वातावरण विभाग (बजेट उपशीर्षक नं. ३१२१००११) लगायतका बजेट उपशीर्षकअन्तर्गत रहेका छन्। प्रस्तुत कार्यविधिमा यी बजेट उपशीर्षकअन्तर्गतका कार्यक्रम तथा क्रियाकलापहरूलाई कार्यक्रमको प्रकृति, उद्देश्य, कार्यक्षेत्र, लाभग्राही, प्राविधिक आवश्यकता तथा उपलब्ध स्रोतसाधनका आधारमा कार्यान्वयन गर्न आवश्यक व्यवस्था गरिएको छ।

वन तथा वातावरण क्षेत्रका कार्यक्रमहरूको प्रकृति एकआपसमा अन्तरसम्बन्धित रहेको छ। वन संरक्षण तथा व्यवस्थापनले जैविक विविधता, जलाधार, भू तथा जलस्रोत संरक्षणमा योगदान पुऱ्याउने तथा जडीबुटी, गैरकाष्ठ वन पैदावार र कृषि वनसम्बन्धी कार्यक्रमले स्थानीय समुदायको जीविकोपार्जन तथा आयआर्जनमा योगदान पुऱ्याउने भएकाले कार्यक्रमहरूलाई समन्वयात्मक तथा एकीकृत रूपमा कार्यान्वयन गर्नु आवश्यक हुन्छ। त्यसैगरी, जलाधार तथा सिमसार संरक्षणसम्बन्धी कार्यक्रमहरू भू–क्षय, पहिरो, नदी कटान, जलस्रोत संरक्षण तथा प्राकृतिक प्रकोपको जोखिम न्यूनीकरणसँग प्रत्यक्ष रूपमा सम्बन्धित छन् भने वातावरणीय कार्यक्रमहरू प्रदूषण नियन्त्रण, हरित क्षेत्र विस्तार, वातावरणीय गुणस्तर सुधार तथा वातावरणमैत्री विकाससँग सम्बन्धित छन्।

सशर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रमहरू संघीय सरकारको स्वीकृत बजेट तथा कार्यक्रमको उद्देश्य र क्षेत्रगत प्राथमिकताअनुसार कार्यान्वयन गर्नुपर्ने भएकाले हस्तान्तरण भएको बजेटलाई स्वीकृत कार्यक्रमभन्दा फरक प्रयोजनमा प्रयोग गर्न नहुने, कार्यक्रमको प्रकृति र स्वीकृत बजेटको सीमाभन्दा बाहिर गई थप आर्थिक दायित्व सिर्जना गर्न नहुने तथा प्रचलित आर्थिक, वित्तीय र सार्वजनिक खरिदसम्बन्धी कानूनको पालना गर्नुपर्ने हुन्छ। साथै कार्यक्रम कार्यान्वयनमा दोहोरोपन नहुने, उपलब्ध स्रोतसाधनको मितव्ययी तथा प्रभावकारी उपयोग हुने र कार्यक्रमबाट अपेक्षित प्रतिफल प्राप्त हुने गरी योजना तथा कार्यान्वयन गर्न आवश्यक हुन्छ।

राजेन्द्र प्रसाद मिश्र
सचिव

प्रदेशमा हस्तान्तरण भएका कार्यक्रमहरूको कार्यान्वयनका क्रममा संघ, प्रदेश तथा स्थानीय तहका सम्बन्धित निकायबीच कार्यक्षेत्र, जिम्मेवारी, प्राविधिक सहयोग, बजेट कार्यान्वयन, अनुगमन तथा प्रतिवेदनसम्बन्धी स्पष्टता कायम हुनु आवश्यक हुन्छ। विशेषगरी प्रदेश मन्त्रालय, प्रदेश वन निर्देशनालय, डिभिजन वन कार्यालय, सब—डिभिजन वन कार्यालय, सम्बन्धित स्थानीय तह, वन उपभोक्ता समूह, सामुदायिक तथा कबुलियती वन समूह, लाभग्राही किसान, उद्यमी तथा अन्य सरोकारवालाबीच आवश्यक समन्वय कायम गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ।

कार्यक्रम कार्यान्वयनका क्रममा स्थानीय अवस्था, भौगोलिक तथा पारिस्थितिक विशेषता, हावापानी, माटो, जलस्रोतको उपलब्धता, जैविक विविधता, स्थानीय आवश्यकता तथा बजार सम्भावनालाई समेत विचार गर्नुपर्ने हुन्छ। विशेषगरी जडीबुटी तथा गैरकाष्ठ वन पैदावारसम्बन्धी कार्यक्रमहरूमा उपयुक्त प्रजाति तथा क्षेत्र छनोट, गुणस्तरीय रोपण सामग्रीको उपलब्धता, खेती तथा संरक्षण प्रविधि, उत्पादन, प्राथमिक प्रशोधन र बजार पहुँचलाई ध्यान दिनुपर्ने हुन्छ। संलग्न कार्यविधिमा जडीबुटी तथा गैरकाष्ठ वन पैदावारसम्बन्धी कार्यक्रमहरूमा क्षेत्र पहिचान, प्रजाति छनोट, उत्पादन, प्रशोधन, बजार सहजीकरण तथा प्राविधिक सहयोगका विषयहरू समावेश गरिएका छन्।

त्यसैगरी, वन विकास तथा व्यवस्थापनसम्बन्धी कार्यक्रमहरूमा सामुदायिक वनको कार्ययोजना नवीकरण, सामुदायिक वन व्यवस्थापन, वनसम्बन्धी तथ्याङ्क व्यवस्थापन, दिगो वन व्यवस्थापन, काठ तथा दाउरा उत्पादन, बहुवर्षीय तथा रैथाने प्रजातिका बिरुवा उत्पादन तथा वृक्षारोपणलगायतका क्रियाकलापहरू समावेश गरिएका छन्। जलाधार तथा सिमसारसम्बन्धी कार्यक्रमहरूमा जलस्रोत संरक्षण, भू—क्षय तथा पहिरो नियन्त्रण, नदी तथा खोला किनार संरक्षण, संरक्षण तथा पुनर्भरणसम्बन्धी संरचना, बायोइन्जिनियरिङ तथा सिमसार संरक्षण र पुनःस्थापनासम्बन्धी क्रियाकलापहरू कार्यक्रमको प्रकृतिअनुसार सञ्चालन गरिनेछन्। वातावरण क्षेत्रतर्फ वातावरणीय प्रदूषण नियन्त्रण, हरित क्षेत्र प्रवर्द्धन, वातावरणीय सौन्दर्यीकरण, वातावरणीय अध्ययन तथा अनुगमन, वातावरणीय सचेतना, वातावरण संरक्षण तथा जलवायु परिवर्तनसम्बन्धी विभिन्न गतिविधिहरू सञ्चालन गरिनेछन्। वातावरणीय कार्यक्रमको कार्यान्वयनमा अनुगमनबाट देखिएका कमी कमजोरी अभिलेख गर्ने, आवश्यक सुधारात्मक सुझाव तथा सहजीकरण उपलब्ध गराउने र आवश्यकताअनुसार पुनःअनुगमन गर्ने व्यवस्था समेत कार्यविधिमा समावेश गरिएको छ।

कार्यक्रम कार्यान्वयनलाई नतिजामुखी बनाउन प्रत्येक कार्यक्रम तथा क्रियाकलापका लागि आवश्यक पृष्ठभूमि, उद्देश्य, कार्यान्वयन विधि, अपेक्षित उपलब्धि, जनशक्ति व्यवस्थापन, बजेट व्यवस्थापन तथा जिम्मेवार निकायसम्बन्धी व्यवस्था स्पष्ट गरिएको छ। यसबाट कार्यक्रम कार्यान्वयन गर्ने निकायलाई स्वीकृत कार्यक्रमको उद्देश्य, कार्यक्षेत्र, कार्यान्वयन प्रक्रिया तथा जिम्मेवारीका सम्बन्धमा स्पष्ट मार्गदर्शन प्राप्त हुने अपेक्षा गरिएको छ। विभिन्न कार्यक्रमहरूमा सम्बन्धित डिभिजन वन कार्यालय, सब—डिभिजन वन कार्यालय, भू-तथा लाधार व्यवस्थापन कार्यालय, स्थानीय तह, वन उपभोक्ता समूह, लाभग्राही, उद्यमी तथा सम्बन्धित प्राविधिक निकायलाई जिम्मेवार वा सहयोगी निकायका रूपमा समावेश गरिएको छ।

कार्यक्रम सञ्चालन गर्दा स्वीकृत नर्म्स तथा प्राविधिक मापदण्ड उपलब्ध भएमा सोहीबमोजिम र त्यस्तो नर्म्स उपलब्ध नभएको अवस्थामा प्रचलित दररेट तथा स्वीकृत लागत अनुमानका आधारमा कार्य सञ्चालन गर्नुपर्नेछ। निर्माण तथा भौतिक पूर्वाधारसम्बन्धी कार्यमा आवश्यक प्राविधिक डिजाइन, लागत अनुमान तथा प्राविधिक स्वीकृति प्राप्त गरी मात्र कार्य सञ्चालन गर्नुपर्नेछ। खरिद तथा सेवा प्राप्तिका क्रममा प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानून तथा आर्थिक कार्यविधिको पालना गर्नुपर्नेछ।

कार्यक्रमको प्रभावकारिता सुनिश्चित गर्न कार्यान्वयनको नियमित अनुगमन, भौतिक तथा वित्तीय प्रगतिको अभिलेख, समस्या तथा चुनौतीको पहिचान, आवश्यक सुधारात्मक कार्य, प्रगति प्रतिवेदन तथा पृष्ठपोषणको व्यवस्था समेत आवश्यक हुन्छ।

प्रदेशस्तरबाट प्राप्त प्रगति विवरणलाई संघीय तहमा समेकन गरी कार्यक्रमको समग्र प्रगति, बजेट उपयोग, उपलब्धि तथा कार्यान्वयनमा देखिएका समस्याका आधारमा आवश्यक नीतिगत तथा प्राविधिक सुधार गर्न सकिने व्यवस्था गरिनेछ।

यसै सन्दर्भमा संघीय सशर्त अनुदानअन्तर्गत आर्थिक वर्ष २०८३/८४ मा प्रदेशहरूमा हस्तान्तरण भएका कार्यक्रमहरूको कार्यान्वयनमा स्पष्टता, एकरूपता, पारदर्शिता, वित्तीय अनुशासन, प्राविधिक गुणस्तर, उत्तरदायित्व तथा प्रभावकारिता कायम गर्न, संघ, प्रदेश तथा स्थानीय तहबीच आवश्यक समन्वय र सहकार्य सुनिश्चित गर्न तथा स्वीकृत बजेट तथा कार्यक्रमलाई निर्धारित उद्देश्यअनुरूप नतिजामुखी रूपमा कार्यान्वयन गर्न यो "संघीय सशर्त अनुदानका कार्यक्रमहरूको कार्यान्वयन कार्यविधि, आ.व. २०८३/८४" तयार गरिएको हो।

**बजेट उपशीर्षकहरू (Budget Heads)**

**(क) राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम (बजेट उपशीर्षक नम्बर– ३१२०६१०१)**

नेपालको वन क्षेत्रको संरक्षण, संवर्द्धन, दिगो व्यवस्थापन तथा उपयोगमार्फत वनको उत्पादकत्व वृद्धि, जैविक विविधता संरक्षण, पारिस्थितिकीय प्रणालीको संरक्षण, जलवायु परिवर्तनका असर न्यूनीकरण तथा अनुकूलन र स्थानीय समुदायको जीविकोपार्जनमा योगदान पुऱ्याउने उद्देश्यले राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम सञ्चालन हुँदै आएको छ। यस बजेट उपशीर्षकअन्तर्गत सामुदायिक वनको कार्ययोजना नवीकरण, सामुदायिक वन व्यवस्थापन, समूह सशक्तीकरण तथा सामाजिक परिचालन, वनसम्बन्धी तथ्याङ्क तथा MIS व्यवस्थापन, दिगो वन व्यवस्थापन, वन संवर्द्धन, काठ तथा दाउरा उत्पादन, बहुवर्षीय तथा रैथाने प्रजातिका बिरुवा उत्पादन तथा वृक्षारोपणलगायतका कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

यसका साथै वन पुनःस्थापना, वन डढेलो व्यवस्थापन, वन अतिक्रमण नियन्त्रण, मिचाहा प्रजाति व्यवस्थापन, वन्यजन्तु तथा जैविक विविधता संरक्षण, वनमा आधारित उद्यम तथा आयआर्जनका अवसर प्रवर्द्धन, वन पूर्वाधार विकास तथा संरक्षणसम्बन्धी अन्य आवश्यक क्रियाकलापहरू कार्यक्रमको प्रकृतिअनुसार सञ्चालन गरिनेछन्। कार्यक्रम कार्यान्वयन गर्दा वनको अवस्था, स्थानीय आवश्यकता, पारिस्थितिकीय संवेदनशीलता, उपलब्ध वन स्रोत, स्थानीय समुदायको सहभागिता तथा स्वीकृत वन व्यवस्थापन योजनालाई आधार बनाइनेछ।

यस कार्यक्रममार्फत वन क्षेत्रको संरक्षणसँगै वनको उत्पादकत्व, जैविक विविधता, वातावरणीय सेवा तथा स्थानीय समुदायको सामाजिक–आर्थिक लाभ अभिवृद्धि गर्ने उद्देश्य राखिएको छ। कार्यक्रमबाट सिर्जित उपलब्धिको दिगोपन सुनिश्चित गर्न वृक्षारोपण तथा पुनःस्थापनापछि संरक्षण, स्याहार तथा नियमित अनुगमनलाई समेत प्राथमिकता दिइनेछ।

**(ख) जलाधार संरक्षण तथा सिमसार व्यवस्थापन कार्यक्रम (बजेट उपशीर्षक नम्बर– ३१२०६१०२)**

नेपालका जलाधार तथा सिमसार क्षेत्रहरू जलस्रोत संरक्षण, जैविक विविधता संरक्षण, भू–क्षय तथा प्राकृतिक प्रकोप न्यूनीकरण, कृषि उत्पादन, स्थानीय जीविकोपार्जन तथा पारिस्थितिकीय सन्तुलनका दृष्टिले महत्वपूर्ण प्राकृतिक स्रोत हुन्। जलवायु परिवर्तन, अव्यवस्थित भू–उपयोग, वन विनाश, भू–क्षय, पहिरो, नदी तथा खोला कटान र जलस्रोतमा परेको बढ्दो दबाबका कारण जलाधार तथा सिमसार क्षेत्रको संरक्षण, पुनःस्थापना तथा दिगो व्यवस्थापन आवश्यक हुँदै गएको छ।

यस बजेट उपशीर्षकअन्तर्गत जलाधार तथा उपजलाधार संरक्षण, पानीका मुहान तथा जलस्रोत संरक्षण, संरक्षण तथा पुनर्भरण पोखरी निर्माण तथा संरक्षण, भू–क्षय तथा पहिरो नियन्त्रण, बायोइन्जिनियरिङ, नदी तथा खोला किनार संरक्षण, तटबन्ध



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

निर्माण, खेतीयोग्य जमिन तथा बस्ती संरक्षण, सिमसार क्षेत्रको संरक्षण तथा पुनःस्थापना लगायतका कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

कार्यक्रम सञ्चालनका क्रममा समस्या तथा जोखिमको प्रकृति, जलाधारको अवस्था, पानीका मुहानको महत्व, प्रभावित बस्ती तथा खेतीयोग्य जमिन, भू—क्षय तथा पहिरोको जोखिम, स्थानीय समुदायको आवश्यकता तथा वातावरणीय संवेदनशीलतालाई आधार बनाइनेछ। संरक्षणका संरचनात्मक तथा गैर—संरचनात्मक उपायहरूलाई आवश्यकताअनुसार समन्वयात्मक रूपमा प्रयोग गरी कार्यक्रमको प्रभावकारिता तथा दिगोपन अभिवृद्धि गरिनेछ।

यस कार्यक्रमबाट जलस्रोतको संरक्षण, भू—क्षय तथा पहिरोको जोखिम न्यूनीकरण, जलाधारको पुनःस्थापना, सिमसारको पारिस्थितिकीय कार्यक्षमता कायम तथा स्थानीय समुदायको प्राकृतिक स्रोतमा आधारित जीविकोपार्जनमा योगदान पुग्ने अपेक्षा गरिएको छ।

## (ग) जडीबुटी विकास कार्यक्रम (बजेट उपशीर्षक नम्बर— ३१२०७१०१)

नेपाल जैविक तथा भौगोलिक विविधताका कारण विभिन्न औषधीय, सुगन्धित तथा आर्थिक रूपमा महत्वपूर्ण जडीबुटी तथा गैरकाष्ठ वन पैदावारका लागि सम्भावनायुक्त मुलुक हो। प्राकृतिक रूपमा उपलब्ध जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको संरक्षण, दिगो व्यवस्थापन, वैज्ञानिक खेती तथा उत्पादन, प्रशोधन, मूल्य अभिवृद्धि तथा बजार विकासमार्फत स्थानीय स्तरमा रोजगारी तथा आयआर्जनका अवसर सिर्जना गर्ने उद्देश्यले यस बजेट उपशीर्षकअन्तर्गत विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

यसअन्तर्गत प्राकृतिक जडीबुटी संरक्षण तथा व्यवस्थापन, जडीबुटी खेती तथा खेती विस्तार, क्षेत्र तथा प्रजाति पहिचान, उत्पादन तथा रोपण सामग्रीको उपलब्धता, जडीबुटी पकेट क्षेत्र विकास, कृषक तथा उत्पादकको क्षमता विकास, प्राथमिक प्रशोधन, मूल्य अभिवृद्धि, प्याकेजिङ तथा बजार व्यवस्थापनसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछन्। कार्यविधिमा जडीबुटी तथा गैरकाष्ठ वन पैदावारसम्बन्धी कार्यक्रमहरूमा प्राविधिक परामर्श, बजार सहजीकरण तथा अनुगमनसमेत समावेश गरिएको छ।

कार्यक्रम कार्यान्वयन गर्दा सम्बन्धित जडीबुटीको पारिस्थितिकीय आवश्यकता, उचाइ, हावापानी, माटो, पानीको उपलब्धता, खेतीयोग्य क्षेत्र, स्थानीय ज्ञान तथा सीप, बजार सम्भावना तथा उत्पादनको व्यावसायिक सम्भाव्यतालाई ध्यान दिइनेछ। कृषक, उत्पादक समूह, सहकारी, उद्यमी तथा स्थानीय समुदायलाई आवश्यकताअनुसार प्राविधिक तथा संस्थागत सहयोग उपलब्ध गराई उत्पादनदेखि प्रशोधन तथा बजारसम्मको मूल्य शृङ्खला विकासमा जोड दिइनेछ।

जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको कच्चा रूपमा मात्र बिक्रीमा निर्भरता घटाई स्थानीयस्तरमा प्राथमिक प्रशोधन, गुणस्तर सुधार तथा मूल्य अभिवृद्धि गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ। आवश्यकताअनुसार प्रशोधन केन्द्र, उपकरण तथा प्राविधिक क्षमता विकाससम्बन्धी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

यस कार्यक्रमबाट जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको दिगो उपयोग, उत्पादन तथा उत्पादकत्व वृद्धि, कृषक तथा उत्पादकको आयआर्जन अभिवृद्धि, स्थानीय रोजगारी सिर्जना तथा हरित अर्थतन्त्रको प्रवर्द्धनमा योगदान पुग्ने अपेक्षा गरिएको छ।



डा. राजेन्द्र प्रसाद मि
सचिव

## (घ) वातावरण विभाग (बजेट उपशीर्षक नम्बर– ३१२१००११)

वातावरणीय गुणस्तर कायम, प्रदूषण न्यूनीकरण, वातावरण संरक्षण, हरित क्षेत्र तथा हरित पूर्वाधारको विकास, वातावरणमैत्री विकास प्रवर्द्धन तथा जलवायु परिवर्तनका असर न्यूनीकरण तथा अनुकूलनमा योगदान पुऱ्याउने उद्देश्यले वातावरण संरक्षणसम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

यस बजेट उपशीर्षकअन्तर्गत हरित पार्क तथा खुला हरित क्षेत्र विकास तथा संरक्षण, शहरी हरियाली तथा वृक्षारोपण, वातावरणीय सौन्दर्यीकरण, प्रदूषण नियन्त्रण तथा अनुगमन, फोहोर तथा प्लास्टिक व्यवस्थापन, वातावरणीय सचेतना तथा शिक्षा, जलवायु परिवर्तनसम्बन्धी कार्यक्रम, वातावरणीय अध्ययन तथा त्यसको कार्यान्वयनको अनुगमन, वातावरणीय अभिलेख तथा सूचना व्यवस्थापनलगायतका कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

वातावरणीय अध्ययन तथा वातावरणीय व्यवस्थापनसम्बन्धी कार्यक्रमहरूमा स्वीकृत वातावरणीय अध्ययनमा उल्लेखित न्यूनीकरणका उपाय कार्यान्वयन भए/नभएको अनुगमन, वातावरणीय जोखिमको पहिचान, सुधारात्मक सुझाव तथा आवश्यकताअनुसार पुनःअनुगमन गर्ने व्यवस्था गरिनेछ। कार्यविधिमा वातावरणीय अनुगमनका क्रममा देखिएका कमी कमजोरी अभिलेख गर्ने तथा सम्बन्धित आयोजना वा निकायलाई सुधारात्मक सुझाव र सहजीकरण उपलब्ध गराउने व्यवस्था समेत समावेश गरिएको छ।

कार्यक्रम कार्यान्वयन गर्दा सम्बन्धित प्रदेश तथा स्थानीय तह, वातावरणसम्बन्धी निकाय, स्थानीय समुदाय, शैक्षिक संस्था, सरोकारवाला संस्था तथा अन्य सम्बन्धित पक्षसँग आवश्यक समन्वय र सहकार्य गर्न सकिनेछ। वातावरणीय कार्यक्रमबाट सिर्जित संरचना तथा हरित क्षेत्रको संरक्षण, स्याहार तथा दिगो व्यवस्थापनका लागि सम्बन्धित निकाय तथा स्थानीय समुदायको भूमिका स्पष्ट गरिनेछ।

यस कार्यक्रमबाट वातावरणीय प्रदूषण तथा जोखिम न्यूनीकरण, हरित क्षेत्र विस्तार, वातावरणीय चेतना अभिवृद्धि, वातावरणीय व्यवस्थापन तथा अनुगमन प्रणाली सुदृढीकरण र वातावरणमैत्री विकास प्रवर्द्धनमा योगदान पुग्ने अपेक्षा गरिएको छ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## प्रदेश मन्त्रालय अन्तर्गत सञ्चालन हुने सङ्घीय शसर्त अनुदानका कार्यक्रमहरू सम्बन्धि व्ययवस्थाहरु (सबै प्रदेशको लागि)

आर्थिक वर्ष २०८३/८४ को स्वीकृत बजेट तथा कार्यक्रमअनुसार यस मन्त्रालयबाट प्रदेशहरूमा संघीय सशर्त अनुदानका रूपमा हस्तान्तरण भएका वन तथा वातावरण क्षेत्रसँग सम्बन्धित कार्यक्रमहरू सम्बन्धित प्रदेशको वन तथा वातावरण क्षेत्र हेर्ने मन्त्रालय तथा सोअन्तर्गतका सम्बन्धित निकायमार्फत कार्यान्वयन गरिनेछ। कार्यक्रम कार्यान्वयन गर्दा संघीय सरकारबाट स्वीकृत कार्यक्रमको उद्देश्य, क्रियाकलाप, बजेट सीमा तथा कार्यक्षेत्रलाई आधार मानी प्रदेशको स्थानीय आवश्यकता, भौगोलिक अवस्था, प्राकृतिक स्रोतको अवस्था तथा उपलब्ध संस्थागत क्षमतासँग समन्वय गरी कार्यान्वयन गर्नुपर्नेछ।

गत आर्थिक वर्षहरूमा कार्यान्वयन हुँदै आएका कार्यक्रम तथा चालु आर्थिक वर्षमा स्वीकृत नयाँ वा संशोधित कार्यक्रमहरूको प्रकृति फरक हुन सक्ने भएकाले कार्यक्रम कार्यान्वयनमा स्पष्टता, एकरूपता, सरलता, पारदर्शिता तथा सामञ्जस्यता कायम गर्न प्रस्तुत कार्यविधिलाई कार्यान्वयनको आधारका रूपमा लिइनेछ। यस कार्यविधिमा सम्बन्धित कार्यक्रमको पृष्ठभूमि, उद्देश्य, कार्यान्वयन विधि, अपेक्षित उपलब्धि, जनशक्ति व्यवस्थापन, बजेट व्यवस्थापन तथा जिम्मेवार निकायसम्बन्धी व्यवस्था गरिएको छ।

संघीय सशर्त अनुदानका कार्यक्रमहरू कार्यान्वयन गर्दा देहायका व्यवस्था अवलम्बन गर्नुपर्नेछः

### क) कार्यक्रम कार्यान्वयन गर्ने निकाय

प्रदेशमा हस्तान्तरण भएका संघीय सशर्त अनुदानका कार्यक्रमहरू प्रदेश सरकारको वन तथा वातावरण क्षेत्र हेर्ने मन्त्रालयले आवश्यकता र कार्यक्षेत्रका आधारमा प्रदेश वन निर्देशनालय, डिभिजन वन कार्यालय, सब–डिभिजन वन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय तथा सम्बन्धित अन्य निकायमा बजेट तथा कार्यक्रम बाँडफाँट गरी कार्यान्वयन गराउनेछ। कार्यक्रमको प्रकृतिअनुसार सम्बन्धित स्थानीय तह, वन उपभोक्ता समूह, सामुदायिक तथा कबुलियती वन समूह, लाभग्राही किसान, उद्यमी तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्न सकिनेछ।

### ख) बजेट बाँडफाँट तथा कार्यक्रम स्वीकृति

प्रदेशमा प्राप्त संघीय सशर्त अनुदानको बजेट सम्बन्धित कार्यक्रम तथा क्रियाकलापको स्वीकृत उद्देश्य, बजेट सीमा र कार्यक्षेत्रअनुसार सम्बन्धित कार्यालयहरूमा बाँडफाँट गर्नुपर्नेछ। बजेट बाँडफाँट गर्दा कार्यक्रमको प्राथमिकता, कार्यान्वयन क्षमता, भौगोलिक आवश्यकता, लाभग्राहीको अवस्था तथा स्वीकृत कार्यक्रमको क्षेत्रगत परिधिलाई आधार बनाउनुपर्नेछ। स्वीकृत कार्यक्रमको उद्देश्य वा प्रकृति परिवर्तन हुने गरी बजेट बाँडफाँट वा कार्यक्रम सञ्चालन गर्न पाइने छैन।

### ग) कार्यक्रमको कार्यक्षेत्र तथा बजेट सीमाको पालना

यस कार्यविधिअनुसार सञ्चालन हुने कार्यक्रमहरू संघीय सरकारबाट हस्तान्तरण भएको सशर्त अनुदान तथा स्वीकृत बजेटको सीमा र परिधिभित्र रही कार्यान्वयन गर्नुपर्नेछ। हस्तान्तरण भएको रकम स्वीकृत कार्यक्रमको उद्देश्यभन्दा बाहिर प्रयोग गर्न, अन्य प्रयोजनमा सार्न वा स्वीकृत कार्यक्रमको मूल उद्देश्य परिवर्तन हुने गरी खर्च गर्न पाइने छैन। कार्यक्रम



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

कार्यान्वयनका क्रममा संघीय सरकारलाई थप आर्थिक दायित्व सिर्जना हुने गरी नयाँ दायित्व, नियमित दायित्व वा दीर्घकालीन वित्तीय दायित्व सिर्जना गर्न पाइने छैन।

**घ) कार्यक्रम तथा कार्यस्थल छनोट**

कार्यक्रम कार्यान्वयनका लागि क्षेत्र, स्थान, समुदाय, समूह वा लाभग्राही छनोट गर्दा स्वीकृत कार्यक्रमको उद्देश्य, कार्यक्रमको प्रकृति, स्थानीय आवश्यकता, भौगोलिक तथा पारिस्थितिक अवस्था, सम्भावित लाभ, उपलब्ध पूर्वाधार तथा प्राविधिक उपयुक्ततालाई आधार बनाउनुपर्नेछ। जडीबुटी, वृक्षारोपण तथा कृषि वनसम्बन्धी कार्यक्रमका लागि हावापानी, उचाइ, मोहडा, माटो, पानीको उपलब्धता तथा बजार सम्भावनालाई विचार गर्नुपर्नेछ। जलाधार तथा भू—संरक्षणसम्बन्धी कार्यक्रमका लागि जोखिमको अवस्था, भू—क्षय, पहिरो, नदी कटान, जलस्रोत तथा बस्ती र खेतीयोग्य जमिनमा पर्ने प्रभावलाई प्राथमिकतामा राख्नुपर्नेछ।

**ङ) लाभग्राही तथा समूह छनोट**

लाभग्राही किसान, समूह, समुदाय, सहकारी, उद्यमी वा अन्य लक्षित संस्थाको छनोट गर्नुपर्ने कार्यक्रमको हकमा पारदर्शी तथा प्रतिस्पर्धात्मक प्रक्रिया अवलम्बन गर्नुपर्नेछ। आवश्यकता अनुसार सूचना प्रकाशन, प्रस्ताव आह्वान, निवेदन संकलन, प्राविधिक तथा आवश्यक आर्थिक मूल्याङ्कन गरी लाभग्राही छनोट गर्न सकिनेछ। लाभग्राही छनोट गर्दा कार्यक्रमको उद्देश्यसँग सम्बन्धित वास्तविक आवश्यकता, कार्यान्वयन क्षमता, उपलब्ध जग्गा वा स्रोत, सहभागिता तथा कार्यक्रमबाट प्राप्त हुने सम्भावित लाभलाई आधार बनाउनुपर्नेछ। दोहोरो अनुदान वा एउटै प्रयोजनका लागि दोहोरो सुविधा नपर्ने व्यवस्था सम्बन्धित कार्यान्वयन निकायले मिलाउनुपर्नेछ।

**च) स्थानीय तह तथा सरोकारवालासँग समन्वय**

कार्यक्रम कार्यान्वयन गर्दा सम्बन्धित स्थानीय तह, सामुदायिक वन उपभोक्ता समूह, कबुलियती वन समूह, किसान समूह, उपभोक्ता तथा अन्य सरोकारवालासँग आवश्यक समन्वय गर्नुपर्नेछ। स्थानीय तहको क्षेत्राधिकारसँग सम्बन्धित कार्यक्रमहरूमा स्थानीय तहसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। सम्भव भएसम्म स्थानीय स्रोत, जनशक्ति, संस्थागत संरचना तथा उपलब्ध पूर्वाधारको उपयोग गरी कार्यक्रमको प्रभावकारिता तथा दिगोपन अभिवृद्धि गर्नुपर्नेछ।

**छ) लागत सहभागिता तथा साझेदारी**

कार्यक्रमको प्रकृति र स्वीकृत मापदण्डअनुसार स्थानीय तह, समुदाय, वन उपभोक्ता समूह, लाभग्राही वा अन्य सम्बन्धित पक्षबाट लागत सहभागिता वा साझेदारी आवश्यक हुने भए सोको व्यवस्था कार्यक्रम सुरु गर्नुअघि स्पष्ट गर्नुपर्नेछ। लागत सहभागिताको स्वरूप, परिमाण तथा जिम्मेवारी स्वीकृत बजेट तथा प्रचलित मापदण्डअनुसार निर्धारण गर्नुपर्नेछ। लागत साझेदारीको व्यवस्था गर्दा संघीय सरकारमाथि स्वीकृत बजेटभन्दा थप आर्थिक दायित्व सिर्जना हुने गरी व्यवस्था गर्न पाइने छैन।

**ज) प्राविधिक मापदण्ड तथा लागत अनुमान**

कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित कार्यक्रमका लागि स्वीकृत नर्म्स, प्राविधिक मापदण्ड वा लागत मापदण्ड उपलब्ध भएमा सोहीबमोजिम कार्य सञ्चालन गर्नुपर्नेछ। स्वीकृत नर्म्स उपलब्ध नभएको अवस्थामा प्रचलित जिल्ला दररेट तथा अन्य लागू



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

दररेटका आधारमा लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्नेछ। आकस्मिक प्रकृतिका कार्यक्रमको हकमा प्रचलित कानुनी तथा प्रशासनिक व्यवस्थाअनुसार आवश्यक प्रक्रिया पूरा गरी कार्य सञ्चालन गर्नुपर्नेछ। निर्माण वा भौतिक पूर्वाधारसम्बन्धी कार्यक्रमहरूमा आवश्यक प्राविधिक डिजाइन, लागत अनुमान तथा प्राविधिक स्वीकृति प्राप्त गरी मात्र कार्य सञ्चालन गर्नुपर्नेछ।

### झ) सार्वजनिक खरिद तथा वित्तीय प्रक्रिया

कार्यक्रम कार्यान्वयन गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी प्रचलित कानून, सार्वजनिक खरिदसम्बन्धी कानून, बजेट कार्यान्वयनसम्बन्धी मार्गदर्शन तथा अन्य प्रचलित कानूनको पालना गर्नुपर्नेछ। मालसामान, बिरुवा, उपकरण, मेसिनरी, निर्माण कार्य, सेवा तथा परामर्शसम्बन्धी खरिद गर्दा प्रचलित सार्वजनिक खरिद प्रक्रिया अवलम्बन गर्नुपर्नेछ। खरिद तथा भुक्तानीका क्रममा आवश्यक कागजात, बिल—भरपाई, सम्झौता, प्राविधिक मूल्याङ्कन, कार्यसम्पन्न प्रतिवेदन तथा अन्य प्रमाणित अभिलेख सुरक्षित राख्नुपर्नेछ।

### ञ) सम्झौता तथा कार्यान्वयन जिम्मेवारी

लाभग्राही समूह, किसान, सहकारी, उद्यमी वा अन्य संस्थामार्फत कार्यक्रम सञ्चालन गरिने भए कार्यको प्रकृति र स्वीकृत प्रक्रियाअनुसार सम्बन्धित निकाय र लाभग्राहीबीच सम्झौता गर्नुपर्नेछ। सम्झौतामा कार्यक्रमको उद्देश्य, कार्यक्षेत्र, स्वीकृत बजेट, कार्य सम्पन्न गर्नुपर्ने अवधि, पक्षहरूको जिम्मेवारी, लागत सहभागिता भए सोको विवरण, अपेक्षित उपलब्धि, अनुगमन तथा प्रतिवेदन र सम्झौता उल्लङ्घन भएमा अपनाइने प्रक्रिया स्पष्ट गर्नुपर्नेछ।

### ट) कार्यक्रमको गुणस्तर तथा दिगोपन

कार्यक्रम सञ्चालन गर्दा तत्कालीन खर्च वा भौतिक उपलब्धिमा मात्र केन्द्रित नभई कार्यक्रमबाट प्राप्त हुने दीर्घकालीन परिणाम तथा दिगोपनलाई समेत ध्यान दिनुपर्नेछ। वृक्षारोपण, जडीबुटी खेती, जलाधार संरक्षण, सिमसार व्यवस्थापन, हरित क्षेत्र तथा अन्य संरक्षणसम्बन्धी कार्यक्रमहरूमा स्थापना वा निर्माणपश्चात् संरक्षण, स्याहार, मर्मतसम्भार तथा व्यवस्थापनको जिम्मेवारी स्पष्ट गर्नुपर्नेछ। कार्यक्रमबाट सिर्जित संरचना, बिरुवा, वनस्पति, उपकरण वा अन्य सम्पत्तिको संरक्षण तथा उपयोग सुनिश्चित गर्न सम्बन्धित निकाय वा लाभग्राहीको जिम्मेवारी निर्धारण गर्नुपर्नेछ।

### ठ) अनुगमन तथा प्राविधिक सहजीकरण

कार्यक्रमको कार्यान्वयनको नियमित अनुगमन सम्बन्धित प्रदेश वन निर्देशनालय, प्रदेश मन्त्रालय तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले आफ्नो कार्यक्षेत्रअनुसार गर्नुपर्नेछ। अनुगमन गर्दा कार्यक्रम स्वीकृत उद्देश्यअनुसार सञ्चालन भए/नभएको, बजेटको उपयोग, भौतिक प्रगति, कामको गुणस्तर, लाभग्राहीको सहभागिता, समयसीमा, अपेक्षित उपलब्धिको अवस्था तथा देखिएका समस्या र जोखिमको मूल्याङ्कन गर्नुपर्नेछ। अनुगमनबाट देखिएका कमी कमजोरी सुधार गर्न सम्बन्धित कार्यान्वयन निकायलाई आवश्यक प्राविधिक तथा व्यवस्थापकीय सहजीकरण उपलब्ध गराउनुपर्नेछ।

### ड) भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन

कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयहरूले निर्धारित ढाँचामा कार्यक्रमगत भौतिक तथा वित्तीय प्रगति विवरण तयार गरी सम्बन्धित प्रदेशस्तरीय निकायमा पेश गर्नुपर्नेछ। प्रदेश वन निर्देशनालयले प्राप्त विवरणको समीक्षा गरी आवश्यक समन्वय



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

तथा प्रमाणीकरण पश्चात् प्रदेशको वन तथा वातावरण क्षेत्र हेर्ने मन्त्रालयमार्फत संघीय कृषि, वन तथा पर्यावरण मन्त्रालयमा नियमित रूपमा प्रगति विवरण पठाउने व्यवस्था मिलाउनुपर्नेछ। प्रतिवेदनमा कार्यक्रमको स्वीकृत लक्ष्य, सम्पन्न कार्य, खर्च भएको रकम, बाँकी कार्य, देखिएका समस्या, समस्या समाधानका लागि गरिएको प्रयास तथा आगामी अवधिमा गर्नुपर्ने कार्यसम्बन्धी विवरण समावेश गर्नुपर्नेछ।

### ढ) मासिक, त्रैमासिक तथा वार्षिक समीक्षा

कार्यक्रमको प्रगति नियमित रूपमा समीक्षा गर्नुपर्नेछ। सम्बन्धित प्रदेशस्तरीय निकायले कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयबाट प्राप्त प्रगति विवरणका आधारमा मासिक तथा त्रैमासिक समीक्षा गरी कम प्रगति भएका कार्यक्रमको कारण पहिचान तथा सुधारात्मक कार्यका लागि आवश्यक निर्देशन दिन सक्नेछ। आर्थिक वर्षको अन्त्यमा कार्यक्रमको भौतिक तथा वित्तीय उपलब्धि, खर्चको अवस्था, प्राप्त परिणाम, बाँकी कार्य तथा सिकाइसम्बन्धी समग्र समीक्षा गरी वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेछ।

### ण) अभिलेख तथा तथ्याङ्क व्यवस्थापन

कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित स्वीकृति, बजेट बाँडफाँट, लाभग्राही विवरण, सम्झौता, खरिदसम्बन्धी कागजात, प्राविधिक प्रतिवेदन, अनुगमन प्रतिवेदन, भौतिक तथा वित्तीय प्रगति, फोटो तथा अन्य प्रमाणित अभिलेख सम्बन्धित कार्यालयले सुरक्षित रूपमा राख्नुपर्नेछ। सम्भव भएसम्म कार्यक्रमको स्थान, लाभग्राही, भौतिक उपलब्धि तथा वित्तीय प्रगतिसम्बन्धी विवरणलाई डिजिटल अभिलेख प्रणालीमा समेत व्यवस्थित गर्नुपर्नेछ। यसबाट आगामी योजना तथा बजेट तर्जुमा, अनुगमन तथा मूल्याङ्कनमा तथ्यमा आधारित निर्णय लिन सहयोग पुग्नेछ।

### त) समस्या तथा जोखिम व्यवस्थापन

कार्यक्रम कार्यान्वयनका क्रममा बजेट निकासा, खरिद प्रक्रिया, जग्गा वा क्षेत्र उपलब्धता, प्राविधिक समस्या, प्राकृतिक प्रकोप, लाभग्राहीको सहभागिता, मौसमजन्य जोखिम, बिरुवाको जीवितदर, संरचनाको क्षति वा अन्य कारणबाट समस्या उत्पन्न भएमा सम्बन्धित कार्यान्वयन निकायले तत्काल सम्बन्धित प्रदेशस्तरीय निकायलाई जानकारी गराउनुपर्नेछ। समस्या समाधानका लागि आवश्यक प्राविधिक तथा व्यवस्थापकीय उपाय अवलम्बन गरी कार्यक्रमको निर्धारित उद्देश्य तथा समयसीमा प्रभावित नहुने गरी कार्य अगाडि बढाउनुपर्नेछ।

### थ) दोहोरोपन तथा अनधिकृत कार्यक्रम रोकथाम

सशर्त अनुदानबाट प्राप्त रकम अन्य संघीय, प्रदेश वा स्थानीय तहको बजेटबाट सोही प्रयोजनमा सञ्चालन भइरहेको कार्यक्रमसँग दोहोरो पर्ने गरी खर्च गर्न पाइने छैन। कार्यक्रम सञ्चालनपूर्व सम्बन्धित कार्यालयले उपलब्ध कार्यक्रम, बजेट तथा अन्य निकायबाट प्राप्त सहयोगको अवस्था यथासम्भव यकिन गरी दोहोरो सुविधा वा दोहोरो खर्च नहुने व्यवस्था मिलाउनुपर्नेछ।

### द) कार्यक्रम संशोधन वा कार्यान्वयनमा कठिनाइ

स्वीकृत कार्यक्रमको उद्देश्य, प्रमुख क्रियाकलाप वा बजेटको मूल प्रकृति परिवर्तन हुने गरी कार्यक्रम संशोधन गर्न पाइने छैन। कार्यान्वयनका क्रममा प्राविधिक, भौगोलिक वा अन्य अपरिहार्य कारणले स्वीकृत कार्यक्रम कार्यान्वयनमा कठिनाइ



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

उत्पन्न भएमा प्रचलित कानुन तथा सम्बन्धित स्वीकृत अधिकारअनुसार आवश्यक निर्णयका लागि सम्बन्धित निकायमार्फत प्रक्रिया अगाडि बढाउनुपर्नेछ। स्वीकृत अधिकारभन्दा बाहिर गई कार्यक्रम वा बजेटमा परिवर्तन गर्न पाइने छैन।

**ध) संघीय तथा प्रदेशस्तरीय समन्वय**

प्रदेशको वन तथा वातावरण क्षेत्र हेर्ने मन्त्रालयले संघीय कृषि, वन तथा पर्यावरण मन्त्रालय तथा सम्बन्धित संघीय निकायसँग आवश्यक समन्वय कायम गरी कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका नीतिगत, प्राविधिक तथा व्यवस्थापकीय विषयमा आवश्यक सहजीकरण गर्न सक्नेछ। संघीय मन्त्रालयले प्रदेशबाट प्राप्त प्रगति, समस्या तथा सुझावका आधारमा आवश्यक प्राविधिक मार्गदर्शन, समन्वय तथा पृष्ठपोषण उपलब्ध गराउन सक्नेछ।

**न) कार्यक्रम सम्पन्न तथा उपलब्धि अभिलेखीकरण**

कार्यक्रम सम्पन्न भएपछि सम्बन्धित कार्यान्वयन निकायले कार्यसम्पन्न अवस्था, भौतिक उपलब्धि, वित्तीय खर्च, लाभग्राही तथा प्राप्त परिणामसम्बन्धी विवरण अभिलेख राख्नुपर्नेछ। निर्माण तथा पूर्वाधारसम्बन्धी कार्यक्रमको हकमा कार्यसम्पन्न प्रतिवेदन तथा आवश्यक प्राविधिक प्रमाणसमेत तयार गर्नुपर्नेछ। वृक्षारोपण तथा संरक्षणसम्बन्धी कार्यक्रमको हकमा रोपिएका बिरुवाको संख्या, क्षेत्रफल, जीवितदर तथा संरक्षण अवस्थाको विवरण र अन्य कार्यक्रमको हकमा सम्बन्धित उपलब्धि सूचकअनुसार प्रगति अभिलेखीकरण गर्नुपर्नेछ।

**प) संघीय सरकारको थप आर्थिक दायित्व नहुने**

यस कार्यविधिअनुसार सञ्चालन हुने सम्पूर्ण कार्यक्रमहरू प्रदेशमा हस्तान्तरण भएको स्वीकृत संघीय सशर्त अनुदान तथा उपलब्ध बजेटको सीमाभित्र रही सञ्चालन गर्नुपर्नेछ। कार्यक्रम कार्यान्वयनका क्रममा संघीय सरकारलाई थप आर्थिक दायित्व सिर्जना हुने गरी नियमित सञ्चालन खर्च, दीर्घकालीन दायित्व, थप जनशक्ति वा अन्य वित्तीय दायित्व सिर्जना गर्न पाइने छैन। कार्यक्रमको कार्यान्वयनबाट सिर्जित संरचना वा गतिविधिको आगामी व्यवस्थापन तथा सञ्चालनसम्बन्धी जिम्मेवारी प्रचलित कानुन तथा सम्बन्धित निकायको अधिकारक्षेत्रअनुसार व्यवस्थापन गर्नुपर्नेछ।

**फ) अनुगमन तथा प्रतिवेदनको समग्र जिम्मेवारी**

प्रदेश वन निर्देशनालयले कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयहरूबाट भौतिक तथा वित्तीय प्रगति विवरण नियमित रूपमा प्राप्त गरी कार्यक्रमको प्रगति समीक्षा तथा अनुगमन गर्नुपर्नेछ। प्राप्त विवरणका आधारमा प्रदेशस्तरीय प्रगति प्रतिवेदन तयार गरी प्रदेशको वन तथा वातावरण क्षेत्र हेर्ने मन्त्रालयमार्फत संघीय कृषि, वन तथा पर्यावरण मन्त्रालयमा मासिक तथा त्रैमासिक रूपमा पठाउने व्यवस्था मिलाउनुपर्नेछ। आवश्यकताअनुसार संघीय मन्त्रालय, प्रदेश मन्त्रालय तथा सम्बन्धित निकायबीच संयुक्त अनुगमन तथा प्राविधिक समीक्षा समेत गर्न सकिनेछ।

उपरोक्त व्यवस्था कार्यान्वयन गर्दा कार्यक्रमको प्रकृति तथा स्वीकृत क्रियाकलापअनुसार यस कार्यविधिमा सम्बन्धित कार्यक्रमका लागि उल्लेख गरिएका विशेष कार्यान्वयन विधि, प्राविधिक मापदण्ड, जनशक्ति व्यवस्थापन, बजेट व्यवस्थापन, अपेक्षित उपलब्धि तथा जिम्मेवार निकायसम्बन्धी व्यवस्था समेत अनिवार्य रूपमा पालना गर्नुपर्नेछ। यसरी संघीय सशर्त अनुदानबाट हस्तान्तरण भएका कार्यक्रमहरू स्वीकृत उद्देश्य, बजेट सीमा, प्रचलित कानून तथा यस कार्यविधिबमोजिम कार्यान्वयन गरी वन तथा वातावरण क्षेत्रका कार्यक्रमहरूको प्रभावकारिता, पारदर्शिता, वित्तीय अनुशासन, उत्तरदायित्व तथा नतिजामुखी उपलब्धि सुनिश्चित गर्नुपर्नेछ। अतः अर्थ मन्त्रालयबाट जारी आर्थिक वर्ष २०८३/८४ को बजेट तर्जुमा



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

सम्बन्धी मार्गदर्शन तथा आर्थिक वर्ष २०८३/८४ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनमा उल्लिखित व्यवस्थाबमोजिम बजेटको उद्देश्य प्राप्तिका लागि उपलब्ध स्रोत-साधनको अधिकतम उपयोग गर्दै सार्वजनिक खर्चमा मितव्ययिता, दक्षता र प्रभावकारिता कायम गर्ने तथा समग्र वित्तीय अनुशासन सुनिश्चित गर्ने गरी विनियोजन ऐन, २०८३; आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६; आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७; सार्वजनिक खरिद ऐन, २०६३; सार्वजनिक खरिद नियमावली, २०६४; सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धमा जारी प्रचलित ऐन, नियम, कार्यविधि तथा मापदण्ड एवं कार्य सञ्चालन निर्देशिका, २०८१ को पूर्ण पालना गर्दै, स्वीकृत वार्षिक कार्यक्रम तथा विनियोजित बजेटको सीमाभित्र रही नेपाल सरकारलाई थप आर्थिक दायित्व नपर्ने गरी कार्यक्रम सञ्चालन गर्ने शर्तमा, साथै प्रस्तावित कार्यविधि, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत प्रचलित कानून तथा नेपाल सरकारबाट जारी बजेट कार्यान्वयनसम्बन्धी मार्गदर्शनसँग सुसंगत कायम हुने गरी, यस कार्यविधिको कार्यान्वयनबाट प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भएका कार्यक्रमहरूको कार्यान्वयनमा स्पष्टता, एकरूपता, पारदर्शिता, वित्तीय अनुशासन, उत्तरदायित्व तथा प्रभावकारिता अभिवृद्धि हुने गरि अस्तान्तरण भएका कार्यक्रमहरुको कार्यान्वयन गर्नु पर्नेछ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

# क. जडिबुटी विकास कार्यक्रम (बजेट उपशीर्षक नम्बर - ३१२०७१०१)

**१. प्राकृतिक रुपमा रहेका जडीबुटी संरक्षण तथा व्यवस्थापन / प्राकृतिक जडिबुटि संरक्षण तथा खेती / प्राकृतिक जडिबुटी संरक्षण तथा खेती विस्तार (सबै जिल्ला तथा छनौट भएका पालिकाहरु, निजी जग्गामा समेत)**

पृष्ठभूमि

नेपाल जैविक तथा भौगोलिक विविधताले सम्पन्न मुलुक भएकाले विभिन्न क्षेत्रमा औषधीय, सुगन्धित तथा आर्थिक दृष्टिले महत्वपूर्ण जडीबुटी तथा गैरकाष्ठ वन पैदावार प्राकृतिक रूपमा पाइन्छन्। अव्यवस्थित संकलन, अत्यधिक दोहन, वासस्थान विनाश, डढेलो, चरिचरण तथा जलवायु परिवर्तनका कारण यस्ता प्रजातिको प्राकृतिक पुनरुत्पादन तथा उपलब्धतामा कमी आउन सक्ने अवस्था रहेको छ। प्राकृतिक रूपमा रहेका जडीबुटीको संरक्षणसँगै निजी तथा सामुदायिक जग्गामा व्यावसायिक खेती विस्तार गरी दिगो उत्पादन र स्थानीय आयआर्जन अभिवृद्धि गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ।

उद्देश्य

- प्राकृतिक रूपमा रहेका बहुमूल्य तथा दुर्लभ जडीबुटीको संरक्षण तथा व्यवस्थापन गर्ने।
- जडीबुटीको प्राकृतिक पुनरुत्पादन तथा वासस्थान संरक्षण गर्ने।
- उपयुक्त जडीबुटीको निजी तथा सामुदायिक जग्गामा खेती विस्तार गर्ने।
- स्थानीय समुदाय तथा किसानको आयआर्जन र रोजगारी अभिवृद्धि गर्ने।
- जडीबुटीको दिगो उत्पादन तथा आपूर्ति प्रणाली विकास गर्ने।

कार्यान्वयन विधि

१. डिभिजन वन कार्यालय तथा सम्बन्धित निकायले स्थानीय तह तथा सरोकारवालासँग समन्वय गरी प्राकृतिक रूपमा रहेका महत्वपूर्ण जडीबुटी प्रजाति तथा तिनका वासस्थान पहिचान, सूचीकरण तथा नक्साङ्कन गर्नेछ।

२. संरक्षण आवश्यक भएका क्षेत्रमा घेराबार/तारबार, झाडी सफाइ, गोडमेल, चरिचरण नियन्त्रण, पुनरुत्पादन संरक्षण तथा आवश्यकताअनुसार नयाँ बिरुवा रोपण गरिनेछ।

३. प्राकृतिक रूपमा रहेका माउ बिरुवा तथा बीउ स्रोतको पहिचान गरी बीउ/प्रजनन सामग्री (Propagative Parts) संरक्षण गरिनेछ।

४. स्थानीय हावापानी र बजार सम्भावनाअनुसार व्यवसायिक रूपमा उपयुक्त प्रजाति छनोट गरी निजी तथा सामुदायिक जग्गामा खेती विस्तार गरिनेछ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

५. इच्छुक किसानबाट प्रस्ताव आह्वान गरी प्राविधिक तथा आर्थिक सम्भाव्यताको आधारमा लाभग्राही छनोट गरिनेछ।

६. सम्भव भएसम्म डिभिजन वन कार्यालयको नर्सरीबाट उत्पादित गुणस्तरीय बिरुवा उपलब्ध गराइनेछ; उपलब्ध नभएमा प्रचलित सार्वजनिक खरिद प्रक्रिया बमोजिम निजी नर्सरीबाट खरिद गरी उपलब्ध गराउन सकिनेछ।

७. छनोट भएका किसान/समूहसँग सम्झौता गरी खेती, संरक्षण, स्याहार तथा उत्पादन व्यवस्थापन गरिनेछ।

८. कार्यक्रमको प्राविधिक अनुगमन, बिरुवाको जीवितदर, उत्पादन क्षेत्र तथा संरक्षण अवस्थाको नियमित अभिलेखीकरण गरिनेछ।

## अपेक्षित उपलब्धि

- प्राकृतिक जडीबुटीको वासस्थान तथा पुनरुत्पादन संरक्षण भएको हुनेछ।
- निजी तथा सामुदायिक जग्गामा जडीबुटी खेती विस्तार भएको हुनेछ।
- गुणस्तरीय जडीबुटी उत्पादन तथा उपलब्धता बढेको हुनेछ।
- स्थानीय किसानको आयआर्जन तथा रोजगारीमा वृद्धि भएको हुनेछ।

## जनशक्ति व्यवस्थापन

डिभिजन तथा सब-डिभिजन वन कार्यालयका वन प्राविधिक, जडीबुटीसम्बन्धी प्राविधिक, स्थानीय तहका प्राविधिक, वन उपभोक्ता समूह तथा लाभग्राही किसान परिचालन गरिनेछ। आवश्यकता अनुसार वनस्पति विज्ञ, वनस्पति अनुसन्धान केन्द्रका प्राविधिक तथा अन्य विषयगत प्राविधिकको सहयोग लिन सकिनेछ।

## बजेट व्यवस्थापन

स्वीकृत बजेटबाट स्थलगत अध्ययन, नक्साङ्कन, घेराबार/तारबार, झाडी सफाइ, बिरुवा तथा बीउ खरिद/उत्पादन, ढुवानी, रोपण, संरक्षण, स्याहार, प्राविधिक सेवा, अनुगमन तथा अभिलेखीकरण लगायतका स्वीकृत क्रियाकलापमा प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानुनबमोजिम स्वीकृत बजेटको सीमाभित्र रही खर्च गरिनेछ। किसान तथा समूहको लागत सहभागिता स्वीकृत मापदण्डबमोजिम कायम गर्न सकिनेछ।

## जिम्मेवार निकाय

सम्बन्धित डिभिजन वन कार्यालय मुख्य जिम्मेवार निकाय रहनेछ। सम्बन्धित स्थानीय तह, सम्बन्धित वनस्पति अनुसन्धान केन्द्र, सामुदायिक/कबुलियती वन उपभोक्ता समूह, लाभग्राही किसान तथा प्रदेशस्तरीय वन/सम्बन्धित निकायले आवश्यक सहयोग गर्नेछन्। प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय तथा प्रदेश वन निर्देशनालयले आवश्यक समन्वय गर्नेछ ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

२. पकेट क्षेत्रमा जडीबुटी खेती विस्तार / पकेट क्षेत्रमा जडिबुटि संरक्षण

## पृष्ठभूमि

विशिष्ट भौगोलिक, हावापानी तथा पारिस्थितिक अवस्थाका कारण कतिपय क्षेत्रमा निश्चित जडीबुटी प्रजातिको उत्पादन तथा व्यावसायिक खेतीको उच्च सम्भावना हुन्छ। यस्ता क्षेत्रलाई जडीबुटी पकेट क्षेत्रका रूपमा विकास गरी संरक्षण, उत्पादन, खेती, अनुसन्धान तथा बजारीकरणलाई एकीकृत रूपमा अगाडि बढाउन आवश्यक छ। संलग्न कार्यविधिमा पकेट क्षेत्र पहिचान, व्यवस्थापन योजना, mapping, control plot, घेराबार तथा रोपणलगायतका कार्यलाई समेत समेटिएको छ।

## उद्देश्य

- सम्भावनायुक्त क्षेत्रलाई जडीबुटी पकेट क्षेत्रका रूपमा विकास गर्ने।
- पकेट क्षेत्रमा प्राथमिकताप्राप्त जडीबुटीको संरक्षण तथा उत्पादन वृद्धि गर्ने।
- निजी जग्गामा व्यावसायिक खेती विस्तार गर्ने।
- उत्पादन, अनुसन्धान तथा बजारीकरणलाई समूहगत रूपमा प्रवर्द्धन गर्ने।

## कार्यान्वयन विधि

१. स्थानीय तह तथा सरोकारवालासँगको छलफलबाट सम्भावनायुक्त पकेट क्षेत्र र प्राथमिकताप्राप्त जडीबुटी प्रजाति छनोट गरिनेछ।

२. पकेट क्षेत्रको क्षेत्रफल, उचाइ, मोहडा, माटो, पानीको उपलब्धता तथा जलवायु अवस्था अध्ययन गरी नक्साङ्कन गरिनेछ।

३. आवश्यकता अनुसार पालिकास्तरीय जडीबुटी व्यवस्थापन योजना तयार गरिनेछ।

४. प्राकृतिक तथा सार्वजनिक क्षेत्रमा घेराबार, चरिचरण नियन्त्रण, झाडी सफाइ, पुनरुत्पादन संरक्षण तथा रोपण गरिनेछ।

५. अनुसन्धान तथा प्रदर्शनका लागि Control Plot स्थापना गर्न सकिनेछ।

६. निजी जग्गाका इच्छुक किसानबाट प्रस्ताव आह्वान गरी प्राविधिक मूल्याङ्कनका आधारमा छनोट गरिनेछ।

७. पकेट क्षेत्रमा एउटै वा सीमित प्राथमिकता प्रजातिको समूहगत खेतीलाई प्रोत्साहन गरिनेछ, जसले उत्पादनको परिमाण तथा बजारीकरणमा सहजता ल्याउनेछ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार काठमाडौं

८. पकेट क्षेत्रमा वन हेरालु, सूचना बोर्ड, प्रचार-प्रसार, फोहोर व्यवस्थापन तथा आवश्यक संरक्षण संरचना सञ्चालन गर्न सकिनेछ। नियमित रुपमा अनुगम तथा प्रतिवेदन तयार गर्ने कार्य गरिनेछ ।

## अपेक्षित उपलब्धि

- पहिचान भएका जडीबुटी पकेट क्षेत्र व्यवस्थित रूपमा विकास भएको हुनेछ।
- प्राथमिकताप्राप्त जडीबुटीको क्षेत्रफल तथा उत्पादन वृद्धि भएको हुनेछ।
- किसानको व्यावसायिक खेती तथा आयआर्जन बढेको हुनेछ।
- समूहगत उत्पादन तथा बजार पहुँचमा सुधार आएको हुनेछ।

## जनशक्ति व्यवस्थापन

डिभिजन/सब—डिभिजन वन कार्यालयका प्राविधिक कर्मचारी, स्थानीय तहका प्राविधिक, जडीबुटी विज्ञ, वन उपभोक्ता समूह तथा लाभग्राही किसान परिचालन गरिनेछ।

## बजेट व्यवस्थापन

पकेट क्षेत्र पहिचान तथा नक्साङ्कन, व्यवस्थापन योजना, Control Plot, बिरुवा खरिद/उत्पादन/ढुवानी, घेराबार, रोपण, वन हेरालु, सूचना बोर्ड, प्रचार—प्रसार, अनुगमन तथा अन्य संरक्षण कार्यमा बजेट खर्च गर्न सकिनेछ।

## जिम्मेवार निकाय

डिभिजन वन कार्यालय, सम्बन्धित स्थानीय तह, सामुदायिक वन उपभोक्ता समूह तथा लाभग्राही किसान/समूह जिम्मेवार हुनेछन्।

**३. जडीबुटी बिरुवा उत्पादन तथा खेती विस्तार कार्यक्रम / जडीबुटी विरुवा उत्पादन/वितरण तथा वृक्षारोपण / जडीबुटी विरुवा उत्पादन / जडीबुटी बिरुवा उत्पादन/खरिद, खेती विस्तार तथा सिंचाई कार्यक्रम**

## पृष्ठभूमि

जडीबुटीको संरक्षण, व्यावसायिक खेती तथा उत्पादन विस्तारका लागि गुणस्तरीय बिरुवा तथा प्रजनन सामग्रीको नियमित र सहज उपलब्धता आवश्यक हुन्छ। विशेषगरी स्थानीय हावापानी सुहाउँदा जडीबुटी प्रजातिको गुणस्तरीय बिरुवा उत्पादन तथा वितरणबाट कृषक, सामुदायिक वन उपभोक्ता समूह तथा अन्य लाभग्राहीलाई खेती विस्तारमा सहयोग पुग्नुका साथै प्राकृतिक स्रोतमा रहेको दबाब न्यूनीकरण गर्न सकिन्छ। यसका लागि सरकारी तथा निजी नर्सरीको क्षमता उपयोग तथा विकास, गुणस्तरीय बीउ तथा प्रजनन सामग्रीको व्यवस्थापन, बिरुवा उत्पादन, वितरण तथा रोपण कार्यक्रम सञ्चालन गरिनेछ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

## उद्देश्य

- गुणस्तरीय जडीबुटीका बिरुवा उत्पादन तथा उपलब्धता सुनिश्चित गर्ने।
- कृषक, सामुदायिक वन उपभोक्ता समूह तथा अन्य लाभग्राहीलाई आवश्यक प्रजातिका बिरुवा उपलब्ध गराउने।
- उपयुक्त क्षेत्र तथा निजी/सामुदायिक जग्गामा जडीबुटी खेती विस्तार गर्ने।
- स्थानीय तथा रैथाने जडीबुटी प्रजातिको संरक्षण तथा प्रवर्द्धन गर्ने।
- जडीबुटी खेतीमार्फत कृषकको आयआर्जन तथा रोजगारीका अवसरमा सहयोग पुऱ्याउने।

## कार्यान्वयन विधि

१. सम्बन्धित जिल्लाको भौगोलिक अवस्था, हावापानी, कृषकको माग, बजार सम्भावना तथा प्रजातिको प्राथमिकताका आधारमा वार्षिक जडीबुटी बिरुवा उत्पादन तथा वितरण योजना तयार गरिनेछ।

२. स्थानीय रूपमा उपयुक्त तथा प्राथमिकतामा रहेका जडीबुटी प्रजातिको बीउ, कलमी, कटिङ, गाना, जराजन्य सामग्री तथा अन्य प्रजनन सामग्रीको पहिचान, सङ्कलन तथा व्यवस्थापन गरिनेछ।

३. डिभिजन वन कार्यालय तथा सब-डिभिजन वन कार्यालयअन्तर्गत रहेका नर्सरीमा आवश्यक पूर्वाधार, माटो, मलखाद, पोलिब्याग तथा अन्य सामग्रीको व्यवस्थापन गरी वैज्ञानिक तथा प्राविधिक विधिबाट जडीबुटीका बिरुवा उत्पादन गरिनेछ।

४. सरकारी नर्सरीबाट आवश्यक परिमाणमा बिरुवा उत्पादन गर्न सम्भव नभएमा निर्धारित प्राविधिक मापदण्ड पूरा गरेका निजी नर्सरी तथा अन्य स्वीकृत स्रोतबाट बिरुवा खरिद गर्न सकिनेछ।

५. उत्पादन गरिएका बिरुवाको प्रजाति, संख्या, गुणस्तर तथा स्रोतको अभिलेख राखी आवश्यकता तथा स्वीकृत मापदण्डका आधारमा कृषक, सामुदायिक वन उपभोक्ता समूह तथा अन्य लाभग्राहीलाई वितरण गरिनेछ।

६. बिरुवा रोपण गर्न प्रस्तावित क्षेत्रको भौगोलिक तथा प्राविधिक उपयुक्तता परीक्षण गरी उपयुक्त प्रजाति छनोट गरिनेछ।

७. खेती विस्तारका लागि जग्गा तयारी, खाडल निर्माण, जैविक मलको प्रयोग, रोपण, घेराबार, सिँचाइ तथा आवश्यक संरक्षणका कार्य सञ्चालन गरिनेछ।

८. सिँचाइको आवश्यकता पर्ने क्षेत्रमा स्थानीय अवस्था र उपलब्ध स्रोतअनुसार पानीको व्यवस्था तथा सिँचाइ प्रणाली निर्माण/व्यवस्थापन गर्न सकिनेछ।

९. रोपणपछि बिरुवाको गोडमेल, झारपात नियन्त्रण, पुनःरोपण, रोग तथा कीरा व्यवस्थापन र आवश्यक संरक्षण कार्य गरिनेछ।

१०. बिरुवाको वृद्धि तथा खेतीको अवस्था नियमित रूपमा अनुगमन गरी प्रतिवेदन तयार गरिनेछ र आवश्यक प्राविधिक परामर्श तथा सुधारका उपाय अवलम्बन गरिनेछ।

## अपेक्षित उपलब्धि

- गुणस्तरीय जडीबुटी बिरुवाको उत्पादन तथा उपलब्धता वृद्धि भएको हुनेछ।
- कृषक तथा वन उपभोक्ता समूहलाई आवश्यक समयमा गुणस्तरीय बिरुवा उपलब्ध भएको हुनेछ।
- उपयुक्त क्षेत्रमा जडीबुटी खेतीको क्षेत्रफल तथा उत्पादन विस्तार भएको हुनेछ।
- स्थानीय तथा रैथाने जडीबुटी प्रजातिको संरक्षण तथा प्रवर्द्धनमा योगदान पुगेको हुनेछ।
- जडीबुटी खेतीमार्फत स्थानीयस्तरमा आयआर्जन तथा रोजगारीका अवसर सिर्जना गर्न सहयोग पुगेको हुनेछ।

## जनशक्ति व्यवस्थापन

डिभिजन तथा सब-डिभिजन वन कार्यालयका वन प्राविधिक, जडीबुटीसम्बन्धी प्राविधिक, स्थानीय तहका प्राविधिक, वन उपभोक्ता समूह, नर्सरी नाइके, वन हेरालु तथा लाभग्राही किसान परिचालन गरिनेछ। आवश्यकता अनुसार वनस्पति विज्ञ, वनस्पति अनुसन्धान केन्द्रका प्राविधिक तथा अन्य विषयगत प्राविधिकको सहयोग लिन सकिनेछ।

## बजेट व्यवस्थापन

नर्सरी स्थापना/व्यवस्थापन तथा मर्मत, बीउ तथा प्रजनन सामग्री सङ्कलन तथा खरिद, पोलिब्याग, माटो तथा मलखाद, श्रम, बिरुवा उत्पादन, बिरुवा खरिद तथा ढुवानी, जग्गा तयारी, रोपण, घेराबार, सिँचाइ, संरक्षण, प्राविधिक सेवा तथा अनुगमन लगायतका स्वीकृत कार्यमा प्रचलित आर्थिक कार्यविधि तथा सार्वजनिक खरिदसम्बन्धी कानुनबमोजिम स्वीकृत बजेटको सीमाभित्र रही खर्च गरिनेछ।

## जिम्मेवार निकाय

सम्बन्धित डिभिजन वन कार्यालय मुख्य जिम्मेवार निकाय रहनेछ। सम्बन्धित स्थानीय तह, सम्बन्धित वनस्पति अनुसन्धान केन्द्र, सामुदायिक/कबुलियती वन उपभोक्ता समूह, लाभग्राही किसान तथा प्रदेशस्तरीय वन/सम्बन्धित निकायले आवश्यक सहयोग गर्नेछन्। प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय तथा प्रदेश वन निर्देशनालयले आवश्यक समन्वय गर्नेछ ।

**४. जडीबुटी खेती विस्तार / जडीबुटी खेती विस्तार कार्यक्रम / लौठसल्ला जडीबुटी संरक्षण तथा खेती विस्तार (जडीबुटी नर्सरी स्थापना समेत) / जडीबुटी खेती तथा तारवार**

## पृष्ठभूमि



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

जडीबुटी खेती ग्रामीण आयआर्जन तथा कृषि-वन उत्पादनको महत्वपूर्ण आधार हो। व्यावसायिक रूपमा सम्भावनायुक्त क्षेत्रका किसानलाई गुणस्तरीय बिरुवा, प्राविधिक सेवा, संरक्षण तथा आवश्यक पूर्वाधार उपलब्ध गराई जडीबुटी खेतीलाई व्यावसायिक रूपमा विस्तार गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ।

## उद्देश्य

- व्यावसायिक जडीबुटी खेतीको क्षेत्रफल विस्तार गर्ने।
- गुणस्तरीय उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने।
- किसानको आयआर्जन तथा रोजगारी बढाउने।
- जडीबुटी नर्सरी तथा स्थानीय उत्पादन प्रणाली विकास गर्ने।

## कार्यान्वयन विधि

१. स्थानीय हावापानी, माटो तथा बजार सम्भावनाका आधारमा उपयुक्त प्रजाति छनोट गरिनेछ।

२. इच्छुक किसान/समूहबाट प्रस्ताव आह्वान गरी प्राविधिक तथा आर्थिक मूल्याङ्कनका आधारमा छनोट गरिनेछ।

३. डिभिजन वन कार्यालयको नर्सरीबाट बिरुवा उपलब्ध गराइनेछ; आवश्यक भए निजी नर्सरीबाट खरिद गरिनेछ।

४. खेती क्षेत्रको तयारी, खाडल, मलखाद, रोपण, तारबार, सिँचाइ तथा संरक्षण कार्य गरिनेछ।

५. लौठसल्ला जस्ता प्रजातिको हकमा माउ रुख संरक्षण, बीउ सङ्कलन तथा नर्सरी विकासलाई प्राथमिकता दिइनेछ।

६. किसानलाई खेती व्यवस्थापन, रोग/कीरा नियन्त्रण, गोडमेल तथा कटानी/सङ्कलनसम्बन्धी प्राविधिक सेवा उपलब्ध गराइनेछ।

७. निश्चित रुपमा अनुगमन तथा मुल्यांकन गरि प्रतिवेदन तयार गरिनेछ ।

## अपेक्षित उपलब्धि

गुणस्तरीय जडीबुटी खेती विस्तार, उत्पादन वृद्धि, खेती क्षेत्रको संरक्षण तथा किसानको आयआर्जनमा सुधार भएको हुनेछ।

## जनशक्ति व्यवस्थापन



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

डिभिजन तथा सब-डिभिजन वन कार्यालयका वन प्राविधिक, जडीबुटीसम्बन्धी प्राविधिक, स्थानीय तहका प्राविधिक, वन उपभोक्ता समूह तथा लाभग्राही किसान परिचालन गरिनेछ। आवश्यकता अनुसार वनस्पति विज्ञ, वनस्पति अनुसन्धान केन्द्रका प्राविधिक तथा अन्य विषयगत प्राविधिकको सहयोग लिन सकिनेछ।

**बजेट व्यवस्थापन**

बिरुवा, तारबार, खाडल, मलखाद, सिँचाइ, नर्सरी, रोपण, संरक्षण, प्राविधिक सेवा तथा अनुगमन लगायतका स्वीकृत क्रियाकलापमा प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानुनबमोजिम स्वीकृत बजेटको सीमाभित्र रही खर्च गरिनेछ।

**जिम्मेवार निकाय**

सम्बन्धित डिभिजन वन कार्यालय मुख्य जिम्मेवार निकाय रहनेछ। सम्बन्धित स्थानीय तह, सम्बन्धित वनस्पति अनुसन्धान केन्द्र, सामुदायिक/कबुलियती वन उपभोक्ता समूह, लाभग्राही किसान तथा प्रदेशस्तरीय वन/सम्बन्धित निकायले आवश्यक सहयोग गर्नेछन्। प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय तथा प्रदेश वन निर्देशनालयले आवश्यक समन्वय गर्नेछ।

### ५. जडीबुटी, फलफूल तथा बहुउपयोगी बिरुवा रोपण

**पृष्ठभूमि**

सामुदायिक तथा कबुलियती वन, सार्वजनिक/निजी जग्गा तथा कम उपयोग भएका क्षेत्रमा जडीबुटी, फलफूल तथा बहुउपयोगी प्रजातिको मिश्रित रोपणले वन क्षेत्रको उत्पादकत्व, जैविक विविधता तथा स्थानीय आयआर्जन बढाउन सहयोग गर्दछ।

**उद्देश्य**

- उपयुक्त जडीबुटी, फलफूल तथा बहुउपयोगी प्रजातिको विस्तार गर्ने।
- वन तथा जमिनको उत्पादकत्व बढाउने।
- स्थानीय समुदायको आयआर्जन वृद्धि गर्ने।
- जैविक विविधता, माटो तथा पानी संरक्षण गर्ने।

**कार्यान्वयन विधि**

क्षेत्रको हावापानी, उचाइ, मोहडा, माटो तथा पानीको उपलब्धता अध्ययन गरी प्रजाति छनोट गरिनेछ। सामुदायिक/कबुलियती वन समूहको माग तथा प्राविधिक सिफारिसका आधारमा बिरुवा खरिद, ढुवानी तथा

रोपण गरिनेछ। आवश्यकताअनुसार घेराबार तथा संरक्षण गरिनेछ। स्थानीय रैथाने प्रजातिलाई प्राथमिकता दिइनेछ।

**अपेक्षित उपलब्धि**

वन तथा जमिनको उत्पादकत्व बढ्ने, हरित आवरण विस्तार हुने, जैविक विविधता संरक्षण हुने तथा समुदायको आयआर्जनमा वृद्धि हुने।

**जनशक्ति व्यवस्थापन**

वन प्राविधिक, वन उपभोक्ता समूह, स्थानीय समुदाय तथा श्रमिक परिचालन गरिनेछ।

**बजेट व्यवस्थापन**

बिरुवा/कलमी/कटिङ खरिद, ढुवानी, खाल्डो, रोपण, तारबार, संरक्षण, सिँचाइ, प्राविधिक सेवा तथा अनुगमन लगायतका स्वीकृत क्रियाकलापमा प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानुन बमोजिम स्वीकृत बजेटको सीमाभित्र रही खर्च गरिनेछ।

**जिम्मेवार निकाय**

सम्बन्धित डिभिजन वन कार्यालय मुख्य जिम्मेवार निकाय रहनेछ। सम्बन्धित स्थानीय तह, सम्बन्धित वनस्पति अनुसन्धान केन्द्र, सामुदायिक/कबुलियती वन उपभोक्ता समूह, लाभग्राही किसान तथा प्रदेशस्तरीय वन/सम्बन्धित निकायले आवश्यक सहयोग गर्नेछन्। प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय तथा प्रदेश वन निर्देशनालयले आवश्यक समन्वय गर्नेछ।

### ६. कबुलियती वन प्रवर्धन तथा सहजीकरण कार्यक्रम / गरिबमुखी कबुलियती वनमा अम्रिसो लगायत जडीबुटी खेती कार्यक्रम

**पृष्ठभूमि**

कबुलियती वनले वन संरक्षणसँगै विपन्न तथा वनमा आश्रित समुदायको जीविकोपार्जन सुधारमा महत्वपूर्ण भूमिका खेल्दछ। कबुलियती वनका खाली, कम उपयोग भएको तथा गुणस्तर खस्कीएको क्षेत्रको उपयोग गरी जडीबुटी, गैरकाष्ठ वन पैदावार, घाँस तथा आयमूलक प्रजातिको खेती विस्तार गर्न सकिन्छ।

**उद्देश्य**

- कबुलियती वनको संरक्षण तथा दिगो व्यवस्थापन गर्ने।
- जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको खेती विस्तार गर्ने।
- विपन्न समूहको आयआर्जन तथा जीविकोपार्जन सुधार गर्ने।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

- वनमा आधारित उद्यम विकास गर्ने।

कार्यान्वयन विधि

- कबुलियती वनको स्वीकृत कार्ययोजनाका आधारमा उपयुक्त क्षेत्र छनोट गरिनेछ।
- अम्रिसो, टिमुर, तेजपात, चिराइतो, सतुवा तथा अन्य उपयुक्त प्रजातिको रोपण गरिनेछ।
- नजिकका कबुलियती वन समूहलाई एउटै वा सीमित प्रजातिमा सामूहिक उत्पादन गर्न प्रोत्साहित गरिनेछ।
- आवश्यकता अनुसार बिरुवा, सिँचाइ, संरक्षण तथा अन्य आवश्यक प्राविधिक सहयोग उपलब्ध गराइनेछ।
- समूहका सदस्यलाई जडीबुटी तथा बहुउपयोगी वन पैदावारको उत्पादनसम्बन्धी प्राविधिक तालिम प्रदान गरिनेछ।
- उत्पादित वन पैदावारको बजारीकरण तथा बजारसँगको समन्वयमा आवश्यक सहजीकरण गरिनेछ।
- निष्क्रिय कबुलियती वन समूहको पहिचान गरी आवश्यक सहजीकरण तथा क्षमता अभिवृद्धिमार्फत सक्रिय बनाइनेछ।

अपेक्षित उपलब्धि

कबुलियती वनको हैसियत सुधार, जडीबुटी तथा गैरकाष्ठ उत्पादन वृद्धि र लाभग्राहीको आयआर्जनमा वृद्धि हुनेछ।

जनशक्ति व्यवस्थापन

डिभिजन तथा सव-डिभिजन वन कार्यालयका वन प्राविधिक, जडीबुटीसम्बन्धी प्राविधिक, स्थानीय तहका प्राविधिक, वन उपभोक्ता समूह तथा लाभग्राही किसान परिचालन गरिनेछ। आवश्यकता अनुसार वनस्पति विज्ञ, वनस्पति अनुसन्धान केन्द्रका प्राविधिक तथा अन्य विषयगत प्राविधिकको सहयोग लिन सकिनेछ।

बजेट व्यवस्थापन

बिरुवा, रोपण, सिँचाइ, संरक्षण, क्षमता विकास, प्राविधिक सेवा, अनुगमन तथा बजारीकरण सहयोगमा खर्च गर्न सकिनेछ। समूहको लागत सहभागिता स्वीकृत मापदण्डअनुसार कायम गर्न सकिनेछ।

जिम्मेवार निकाय

सम्वन्धित डिभिजन वन कार्यालय मुख्य जिम्मेवार निकाय रहनेछ। सम्बन्धित स्थानीय तह, सम्बन्धित वनस्पति अनुसन्धान केन्द्र, सामुदायिक/कबुलियती वन उपभोक्ता समूह, लाभग्राही किसान तथा प्रदेशस्तरीय वन/सम्बन्धित



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

निकायले आवश्यक सहयोग गर्नेछन्। प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय तथा प्रदेश वन निर्देशनालयले आवश्यक समन्वय गर्नेछ।

**७. कृषि वन प्रणाली प्रवर्द्धन कार्यक्रम (सामुदायिक तथा कवुलियती वनमा फलफूल तथा बहुउपयोगी विरुवा रोपण तथा संरक्षण) / कृषि वन प्रणाली प्रवर्द्धन कार्यक्रम**

<u>पृष्ठभूमि</u>

कम उत्पादकत्व भएका वन तथा जग्गामा जडीबुटी, फलफूल तथा बहुउपयोगी प्रजातिको समन्वित उत्पादनबाट वन संरक्षणसँगै आयआर्जन गर्न सकिन्छ। कृषि वन प्रणालीले जमिनको उत्पादकत्व बढाउनुका साथै वन संरक्षणप्रति स्थानीय समुदायको अपनत्व विकास गर्न सहयोग गर्दछ। यस क्रियाकलापमा सामुदायिक/कबुलियती वन, सार्वजनिक/निजी जग्गा तथा नदी उकास क्षेत्रमा कृषि वन प्रवर्द्धनको व्यवस्था छ।

<u>उद्देश्य</u>

- वन तथा जमिनको उत्पादकत्व बढाउने।
- जडीबुटी, फलफूल तथा बहुउपयोगी प्रजातिको उत्पादन गर्ने।
- समुदायको आयआर्जन बढाउने।
- वन अतिक्रमण तथा जमिनको क्षयीकरण न्यूनीकरण गर्ने।

<u>कार्यान्वयन विधि</u>

१. क्षेत्रको प्राविधिक अध्ययन गरी कृषि वन प्रणालीका लागि उपयुक्त प्रजाति छनोट गरिनेछ।

२. सामुदायिक तथा कबुलियती वनका खाली तथा हैसियत बिग्रिएका क्षेत्र, सार्वजनिक तथा निजी जग्गा र अन्य उपयुक्त क्षेत्रमा बिरुवा रोपण गरिनेछ।

३. समूह तथा लाभग्राहीको माग र क्षेत्रको उपयुक्तताका आधारमा बहुवर्षीय फलफूल, गैरकाष्ठ वन पैदावार तथा जडीबुटीका बिरुवा उपलब्ध गराइनेछ।

४. बिरुवा रोपणपछि आवश्यकताअनुसार तारबार, सिँचाइ, गोडमेल तथा संरक्षणको व्यवस्था गरिनेछ।

५. कृषि वन प्रणालीको स्थापना, व्यवस्थापन तथा उत्पादनसम्बन्धी क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

६. कृषि वन प्रणालीको महत्व, प्रजातिको उपयोगिता तथा संरक्षणसम्बन्धी प्रचार-प्रसार तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरवार, काठमाडौं

## अपेक्षित उपलब्धि

वन तथा जमिनको उत्पादकत्व वृद्धि, बहुउपयोगी प्रजातिको विस्तार, आयआर्जन वृद्धि तथा वन संरक्षणमा समुदायको सहभागिता बढेको हुनेछ।

## जनशक्ति व्यवस्थापन

डिभिजन तथा सव-डिभिजन वन कार्यालयका वन प्राविधिक, जडीबुटीसम्बन्धी प्राविधिक, स्थानीय तहका प्राविधिक, वन उपभोक्ता समूह तथा लाभग्राही किसान परिचालन गरिनेछ। आवश्यकता अनुसार वनस्पति विज्ञ, वनस्पति अनुसन्धान केन्द्रका प्राविधिक तथा अन्य विषयगत प्राविधिकको सहयोग लिन सकिनेछ।

## बजेट व्यवस्थापन

बिरुवा, ढुवानी, रोपण, तारबार, सिँचाइ, संरक्षण, क्षमता विकास, समन्वय बैठक तथा अनुगमन लगायतका स्वीकृत क्रियाकलापमा प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानुन बमोजिम स्वीकृत बजेटको सीमाभित्र रही खर्च गरिनेछ।

## जिम्मेवार निकाय

सम्बन्धित डिभिजन वन कार्यालय मुख्य जिम्मेवार निकाय रहनेछ। सम्बन्धित स्थानीय तह, सम्बन्धित वनस्पति अनुसन्धान केन्द्र, सामुदायिक/कबुलियती वन उपभोक्ता समूह, लाभग्राही किसान तथा प्रदेशस्तरीय वन/सम्बन्धित निकायले आवश्यक सहयोग गर्नेछन्। प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय तथा प्रदेश वन निर्देशनालयले आवश्यक समन्वय गर्नेछ।

**८. जडीबुटी प्रशोधन तथा व्यवस्थापन कार्यक्रम / स्थानीय तहको सहकार्यमा जडीबुटी संकलन तथा प्रशोधन केन्द्र स्थापना**

## पृष्ठभूमि

नेपालमा चिराइतो, लोक्ता, अर्गेली, मजिठो, पाषाणभेद, रुद्राक्ष, लौठसल्ला, नागवेली लगायतका विभिन्न व्यवसायिक महत्वका जडीबुटी तथा गैरकाष्ठ वन पैदावार उपलब्ध छन्। कच्चा रूपमा मात्र बिक्री गर्दा उत्पादकले न्यून मूल्य प्राप्त गर्ने भएकाले स्थानीय स्तरमै संकलन, प्रशोधन, भण्डारण तथा मूल्य अभिवृद्धि गर्ने पूर्वाधार आवश्यक छ। यस क्रियाकलापमा स्थानीय तहसँग सहकार्य गरी पहुँचयुक्त स्थानमा संकलन तथा प्रशोधन केन्द्र स्थापना गर्न सकिन्छ।

## उद्देश्य



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

- जडीबुटीको संकलन तथा प्रशोधनलाई व्यवस्थित गर्ने।
- स्थानीय स्तरमा मूल्य अभिवृद्धि गर्ने।
- उत्पादक तथा संकलकलाई उचित मूल्य प्राप्त गर्ने आधार तयार गर्ने।
- जडीबुटीमा आधारित उद्यम तथा रोजगारी प्रवर्द्धन गर्ने।

## कार्यान्वयन विधि

१. उत्पादन क्षेत्र, जडीबुटीको परिमाण, बजार पहुँच, यातायात तथा सम्भावित लाभग्राहीको अध्ययन गरी केन्द्रको स्थान छनोट गरिनेछ।

२. कुन-कुन जडीबुटी प्रशोधन गर्ने भन्ने प्रजाति तथा उत्पादन सम्भाव्यता निर्धारण गरिनेछ।

३. स्थानीय तहसँग समन्वय गरी जग्गा, भवन तथा आवश्यक पूर्वाधारको व्यवस्था गरिनेछ।

४. आवश्यकताअनुसार संकलन कक्ष, प्रशोधन कक्ष, सुकाउने/ग्रेडिङ गर्ने स्थान, भण्डारण तथा अन्य संरचना निर्माण गरिनेछ।

५. आवश्यक मेसिनरी तथा उपकरण प्रचलित सार्वजनिक खरिद प्रक्रियाबाट खरिद गरिनेछ।

६. केन्द्र सञ्चालनका लागि स्थानीय सहकारी, उत्पादक समूह, उद्यमी वा अन्य उपयुक्त संस्थागत संरचना पहिचान गरिनेछ।

७. प्रशोधन, गुणस्तर नियन्त्रण, प्याकेजिङ तथा बजार व्यवस्थापनसम्बन्धी तालिम सञ्चालन गरिनेछ।

## अपेक्षित उपलब्धि

स्थानीय स्तरमा जडीबुटी संकलन तथा प्रशोधन केन्द्र स्थापना भई मूल्य अभिवृद्धि, रोजगारी तथा बजार पहुँचमा सुधार हुनेछ।

## जनशक्ति व्यवस्थापन

डिभिजन/सब-डिभिजन वन कार्यालय, स्थानीय तह, जडीबुटी तथा प्रशोधन प्राविधिक, सिभिल/इलेक्ट्रो-मेकानिकल प्राविधिक, उत्पादक तथा उद्यमी परिचालन गरिनेछ। आवश्यकता अनुसार जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको सहयोग लिन सकिनेछ।

## बजेट व्यवस्थापन



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

भौतिक संरचना निर्माण, मेसिनरी तथा उपकरण खरिद, ढुवानी, जडान, परीक्षण, प्राविधिक सेवा तथा क्षमता विकास लगायतका स्वीकृत क्रियाकलापमा प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानुन बमोजिम स्वीकृत बजेटको सीमाभित्र रही खर्च गरिनेछ। स्थानीय तहसँग सम्भव भएसम्म लागत साझेदारी गरिनेछ।

## जिम्मेवार निकाय

सम्बन्धित डिभिजन वन कार्यालय, सम्बन्धित स्थानीय तह, सम्बन्धित वनस्पति अनुसन्धान केन्द्र, सामुदायिक/कबुलियती वन उपभोक्ता समूह, लाभग्राही किसान तथा प्रदेशस्तरीय वन/सम्बन्धित निकायले आवश्यक सहयोग गर्नेछन्। वनस्पति विभाग तथा यस अन्तर्गतका निकाय एवं जडीबुटी उत्पादन तथा प्रशोधन केन्द्र तथा यस अन्तर्गतको निकायसँग समन्वय तथा सहकार्य गरन सकिनेछ। प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय तथा प्रदेश वन निर्देशनालयले आवश्यक समन्वय गर्नेछ।

## **९. जडीबुटी हट्स्पट क्षेत्र संरक्षण**

## पृष्ठभूमि

विशिष्ट जैविक तथा पारिस्थितिक अवस्थाका कारण केही क्षेत्रमा जडीबुटीको प्राकृतिक विविधता तथा घनत्व बढी हुने गर्दछ। यस्ता Hotspot क्षेत्र जैविक स्रोत तथा स्थानीय जीविकोपार्जनका दृष्टिले महत्वपूर्ण हुने भएकाले विशेष संरक्षण, पुनरुत्पादन, व्यवस्थापन तथा वैज्ञानिक उपयोग आवश्यक छ।

## उद्देश्य

- जडीबुटी हट्स्पट क्षेत्र पहिचान तथा संरक्षण गर्ने।
- प्राकृतिक जडीबुटीको पुनरुत्पादन तथा वासस्थान संरक्षण गर्ने।
- अव्यवस्थित संकलन तथा चरिचरण नियन्त्रण गर्ने।
- संरक्षण र दिगो उपयोगबीच सन्तुलन कायम गर्ने।

## कार्यान्वयन विधि

- हट्स्पट क्षेत्रको पहिचान, नक्साङ्कन तथा प्रमुख जडीबुटी/वनस्पतिको प्रजातिगत सूची तयार गरिनेछ।
- संरक्षणका लागि संवेदनशील तथा प्राथमिकताका क्षेत्र निर्धारण गरी आवश्यकताअनुसार घेराबार गरिनेछ।
- वन हेरालु परिचालन गरी नियमित गस्ती तथा संरक्षणको व्यवस्था गरिनेछ।
- झाडी सफाइ, गोडमेल, लहरा कटान तथा आवश्यक वन व्यवस्थापन कार्य गरी प्राकृतिक पुनरुत्पादन संरक्षण गरिनेछ।

- अनियन्त्रित चरिचरण तथा अन्य मानवीय गतिविधि नियन्त्रणका लागि आवश्यक उपाय अवलम्बन गरिनेछ।
- वन डढेलोको जोखिम भएका क्षेत्रमा अग्नि नियन्त्रण तथा अग्निरेखा व्यवस्थापन गरिनेछ।
- संरक्षण क्षेत्रको पहिचान र जनचेतना अभिवृद्धिका लागि सूचना बोर्ड तथा आवश्यक संकेतक राखिनेछ।
- प्रजातिको वृद्धि, पुनरुत्पादन तथा संरक्षण अवस्थाको अध्ययनका लागि आवश्यकताअनुसार Control Plot स्थापना गरिनेछ।
- स्थानीय समुदाय तथा वन उपभोक्ता समूहलाई जडीबुटी संरक्षण, दिगो संकलन तथा उपयोगसम्बन्धी अभिमुखीकरण गरिनेछ।
- कार्यक्रमको प्रभावकारिता तथा संरक्षण अवस्थाको नियमित जैविक र क्षेत्रगत अनुगमन गरी आवश्यक सुधारात्मक कार्य गरिनेछ।

## अपेक्षित उपलब्धि

महत्वपूर्ण जडीबुटी हट्स्पट क्षेत्रको प्राकृतिक अवस्था, प्रजाति विविधता तथा पुनरुत्पादनमा सुधार भएको हुनेछ।

## जनशक्ति व्यवस्थापन

डिभिजन तथा सव-डिभिजन वन कार्यालयका वन प्राविधिक, जडीबुटीसम्बन्धी प्राविधिक, स्थानीय तहका प्राविधिक, वन हेरालु, वन उपभोक्ता समूह तथा लाभग्राही किसान परिचालन गरिनेछ। आवश्यकता अनुसार वनस्पति विज्ञ, वनस्पति अनुसन्धान केन्द्रका प्राविधिक तथा अन्य विषयगत प्राविधिकको सहयोग लिन सकिनेछ।

## बजेट व्यवस्थापन

नक्साङ्कन, संरक्षण योजना, घेराबार, वन हेरालु, सूचना बोर्ड, Control Plot, झाडी सफाइ, अग्नि नियन्त्रण सामग्री तथा अनुगमन लगायतका स्वीकृत क्रियाकलापमा प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानुन बमोजिम स्वीकृत बजेटको सीमाभित्र रही खर्च गरिनेछ।

## जिम्मेवार निकाय

सम्बन्धित डिभिजन वन कार्यालय मुख्य जिम्मेवार निकाय रहनेछ। सम्बन्धित स्थानीय तह, सम्बन्धित वनस्पति अनुसन्धान केन्द्र, सामुदायिक/कबुलियती वन उपभोक्ता समूह, लाभग्राही किसान तथा प्रदेशस्तरीय वन/सम्बन्धित निकायले आवश्यक सहयोग गर्नेछन्। प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय तथा प्रदेश वन निर्देशनालयले आवश्यक समन्वय गर्नेछ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

**१०. जैविक/दुर्लभ प्रजातिका वनस्पति तथा जडीबुटी संरक्षण (लौठसल्ला, विजयसाल, सतिसाल लगायत अन्य) / सुनगाभा संरक्षण तथा व्यवस्थापन**

## पृष्ठभूमि

लौठसल्ला, विजयसाल, सतिसाल तथा सुनगाभा लगायतका दुर्लभ वा संकटापन्न वनस्पति प्रजाति जैविक विविधता तथा आनुवंशिक स्रोतका दृष्टिले महत्वपूर्ण छन्। वासस्थान विनाश, अव्यवस्थित संकलन तथा पुनरुत्पादनको कमीका कारण यस्ता प्रजातिको संरक्षण चुनौतीपूर्ण हुँदै गएको छ। संलग्न कार्यविधिमा क्षेत्र पहिचान, माउ रुख संरक्षण, बीउ सङ्कलन, नर्सरी उत्पादन, घेराबार तथा वृक्षारोपणसम्बन्धी व्यवस्था छ।

## उद्देश्य

- दुर्लभ तथा संकटापन्न प्रजातिको दीर्घकालीन संरक्षण गर्ने।
- प्राकृतिक पुनरुत्पादन तथा वासस्थान संरक्षण गर्ने।
- गुणस्तरीय बीउ तथा बिरुवा उत्पादन गर्ने।
- संरक्षणमा स्थानीय समुदायको सहभागिता बढाउने।

## कार्यान्वयन विधि

- प्रजातिको क्षेत्र पहिचान, सूचीकरण तथा नक्साङ्कन गरिनेछ।
- प्रजातिका माउ रुख पहिचान गरी संरक्षण गरिनेछ।
- बीउ तथा अन्य प्रजनन सामग्री सङ्कलन गरी नर्सरीमा बिरुवा उत्पादन गरिनेछ।
- प्राकृतिक क्षेत्रमा आवश्यकताअनुसार झाडी सफाइ, गोडमेल तथा लहरा कटान गरिनेछ।
- पुनरुत्पादन संरक्षणका लागि आवश्यकताअनुसार घेराबार तथा अन्य संरक्षणका उपाय अवलम्बन गरिनेछ।
- उत्पादन भएका बिरुवा उपयुक्त प्राकृतिक क्षेत्र, सार्वजनिक जग्गा तथा संरक्षण क्षेत्रहरूमा रोपण गरिनेछ।
- सामुदायिक वन समूह तथा स्थानीय समुदायसँग सहकार्य गरी प्रजातिको दीर्घकालीन संरक्षण तथा व्यवस्थापन योजना लागू गरिनेछ।

## अपेक्षित उपलब्धि

दुर्लभ वनस्पतिको प्राकृतिक वासस्थान संरक्षण, पुनरुत्पादन वृद्धि, गुणस्तरीय बिरुवा उत्पादन तथा क्षेत्र विस्तार भएको हुनेछ।

## जनशक्ति व्यवस्थापन



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

डिभिजन तथा सव-डिभिजन वन कार्यालयका वन प्राविधिक, जडीबुटीसम्बन्धी प्राविधिक, नर्सरी प्राविधिक, स्थानीय तहका प्राविधिक, वन उपभोक्ता समूह तथा लाभग्राही किसान परिचालन गरिनेछ। आवश्यकता अनुसार वनस्पति विज्ञ, वनस्पति अनुसन्धान केन्द्रका प्राविधिक तथा अन्य विषयगत प्राविधिकको सहयोग लिन सकिनेछ।

**बजेट व्यवस्थापन**

सर्वेक्षण, नक्साङ्कन, बीउ सङ्कलन, नर्सरी, घेराबार, संरक्षण, वृक्षारोपण, सूचना बोर्ड, अनुगमन तथा अभिलेखीकरण लगायतका स्वीकृत क्रियाकलापमा प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानुन बमोजिम स्वीकृत बजेटको सीमाभित्र रही खर्च गरिनेछ।

**जिम्मेवार निकाय**

सम्बन्धित डिभिजन वन कार्यालय मुख्य जिम्मेवार निकाय रहनेछ। सम्बन्धित स्थानीय तह, सम्बन्धित वनस्पति अनुसन्धान केन्द्र, सामुदायिक/कबुलियती वन उपभोक्ता समूह, लाभग्राही किसान तथा प्रदेशस्तरीय वन/सम्बन्धित निकायले आवश्यक सहयोग गर्नेछन्। प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय तथा प्रदेश वन निर्देशनालयले आवश्यक समन्वय गर्नेछ।

## ११. विशेष जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको संरक्षण तथा खेती विस्तार (टिमुर, रिठ्ठा, तेजपात, सतुवा, जटामसि, कुरिलो लगायत)

**पृष्ठभूमि**

टिमुर, रिठ्ठा, तेजपात, सतुवा, जटामसी, कुरिलो लगायतका जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार औषधीय, खाद्य, सुगन्धित तथा आर्थिक दृष्टिले महत्वपूर्ण छन्। प्राकृतिक संरक्षणसँगै व्यावसायिक खेती विस्तार गर्दा उत्पादन, आयआर्जन तथा उद्यम विकासमा योगदान पुग्नेछ। यस क्रियाकलापमा प्राथमिकता प्राप्त प्रजातिको सम्भाव्यता अध्ययन, लाभग्राही छनोट, बिरुवा उपलब्धता, खेती व्यवस्थापन तथा बजारीकरणमा सहकार्यको कार्य गर्न सकिनेछ।

**उद्देश्य**

- प्राथमिकताप्राप्त जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको संरक्षण गर्ने।
- निजी तथा सामुदायिक क्षेत्रमा खेती विस्तार गर्ने।
- स्थानीय आयआर्जन तथा उद्यमशीलता बढाउने।
- उत्पादन तथा बजारीकरण प्रणाली विकास गर्ने।

**कार्यान्वयन विधि**

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

- स्थानीय सम्भाव्यता, हावापानी, माटो तथा बजार मागको अध्ययन गरी उपयुक्त प्रजाति र खेती क्षेत्र छनोट गरिनेछ।
- किसान, कृषक समूह तथा वन उपभोक्ता समूहबाट प्रस्ताव आह्वान गरी स्वीकृत मापदण्डका आधारमा लाभग्राही छनोट गरिनेछ।
- छनोट भएका लाभग्राहीलाई गुणस्तरीय बिरुवा तथा आवश्यक प्रजनन सामग्री उपलब्ध गराई खेती विस्तारमा सहयोग गरिनेछ।
- आवश्यकताअनुसार गोडमेल, सिँचाइ, घेराबार तथा अन्य संरक्षणका लागि प्राविधिक तथा आवश्यक सहयोग प्रदान गरिनेछ।
- लाभग्राही किसान तथा समूहलाई प्रजातिको खेती प्रविधि, संरक्षण, उत्पादन तथा व्यवस्थापनसम्बन्धी प्राविधिक तालिम प्रदान गरिनेछ।
- उत्पादित जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको संकलन, भण्डारण तथा गुणस्तर कायम गर्न आवश्यक प्राविधिक सहजीकरण गरिनेछ।
- उत्पादित वस्तुको बजारीकरणका लागि सहकारी, स्थानीय तह तथा निजी क्षेत्रसँग समन्वय गरी बजारसँग आबद्ध गरिनेछ।

## अपेक्षित उपलब्धि

जडीबुटी खेतीको क्षेत्रफल तथा उत्पादन वृद्धि, किसानको आयआर्जन वृद्धि र जडीबुटीमा आधारित उद्यम विकासको आधार तयार हुनेछ।

## जनशक्ति व्यवस्थापन

डिभिजन तथा सव-डिभिजन वन कार्यालयका वन प्राविधिक, जडीबुटीसम्बन्धी प्राविधिक, स्थानीय तहका प्राविधिक, वन उपभोक्ता समूह, लाभग्राही किसान, किसान तथा कृषक समूह परिचालन गरिनेछ। आवश्यकता अनुसार वनस्पति विज्ञ, वनस्पति अनुसन्धान केन्द्रका प्राविधिक तथा अन्य विषयगत प्राविधिकको सहयोग लिन सकिनेछ।

## बजेट व्यवस्थापन

बिरुवा/प्रजनन सामग्री, ढुवानी, रोपण, संरक्षण, सिँचाइ, तालिम, प्राविधिक सेवा, अनुगमन तथा बजार सहजीकरण लगायतका स्वीकृत क्रियाकलापमा प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानुन बमोजिम स्वीकृत बजेटको सीमाभित्र रही खर्च गरिनेछ।

## जिम्मेवार निकाय



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सम्बन्धित डिभिजन वन कार्यालय मुख्य जिम्मेवार निकाय रहनेछ। सम्बन्धित स्थानीय तह, सम्बन्धित वनस्पति अनुसन्धान केन्द्र, सामुदायिक/कबुलियती वन उपभोक्ता समूह, लाभग्राही किसान तथा कृषक समूह, तथा प्रदेशस्तरीय वन/सम्बन्धित निकायले आवश्यक सहयोग गर्नेछन्। प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय तथा प्रदेश वन निर्देशनालयले आवश्यक समन्वय गर्नेछ।

**१२. जटामसी व्यवस्थापन कार्यक्रम (हुम्ला/जुम्ला)**

पृष्ठभूमि

जटामसी उच्च पहाडी तथा हिमाली क्षेत्रमा पाइने महत्वपूर्ण औषधीय जडीबुटी हो। प्राकृतिक स्रोतमा अत्यधिक निर्भरता, अव्यवस्थित संकलन तथा वासस्थानमा आएको परिवर्तनका कारण यसको दिगो व्यवस्थापन आवश्यक छ। प्राकृतिक संरक्षणसँगै वैज्ञानिक खेती, पुनरुत्पादन तथा मूल्य अभिवृद्धि गर्न सके स्थानीय समुदायको आयआर्जनमा समेत योगदान पुग्न सक्छ।

उद्देश्य

- जटामसीको प्राकृतिक स्रोत तथा वासस्थान संरक्षण गर्ने।
- वैज्ञानिक तथा दिगो संकलन प्रणाली विकास गर्ने।
- उपयुक्त क्षेत्रमा जटामसी खेती/पुनरुत्पादन विस्तार गर्ने।
- स्थानीय समुदायको आयआर्जन बढाउने।

कार्यान्वयन विधि

- जटामसी पाइने सम्भावित क्षेत्रको सर्वेक्षण गरी स्रोतको अवस्था, उपलब्धता तथा वितरणसम्बन्धी अभिलेख तयार गरिनेछ।
- जटामसी संकलनका लागि उपयुक्त क्षेत्र र संरक्षण गर्नुपर्ने क्षेत्र पहिचान गरी छुट्टाछुट्टै व्यवस्थापन गरिनेछ।
- प्राकृतिक पुनरुत्पादन संरक्षण, चरिचरण नियन्त्रण तथा जटामसीको प्राकृतिक वासस्थान व्यवस्थापनका आवश्यक कार्य सञ्चालन गरिनेछ।
- सम्भावनायुक्त निजी तथा सामुदायिक क्षेत्रमा गुणस्तरीय रोपण सामग्री उपलब्ध गराई जटामसीको खेती विस्तार गरिनेछ।
- जटामसीको दिगो संकलन, प्राथमिक प्रशोधन, भण्डारण तथा संरक्षणसम्बन्धी प्राविधिक तालिम संकलनकर्ता तथा किसानलाई प्रदान गरिनेछ।
- जटामसीको स्रोत संरक्षण तथा खेती विस्तारको अवस्थाको नियमित अनुगमन गरी आवश्यक प्राविधिक सहजीकरण गरिनेछ।
- NDF र जटामसी संरक्षण योजना (२०८१-२०९०) मा व्यवस्था भएका क्रियाकलापहरू संचालन गर्न सकिनेछ।

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

कृषि, वन तथा पर्यावरण मन्त्रालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

अपेक्षित उपलब्धि

जटामसीको प्राकृतिक स्रोत संरक्षण, उत्पादन तथा खेती क्षेत्र विस्तार, दिगो संकलन तथा स्थानीय आयआर्जनमा वृद्धि हुनेछ।

जनशक्ति व्यवस्थापन

डिभिजन तथा सब-डिभिजन वन कार्यालयका वन प्राविधिक, जडीबुटीसम्बन्धी प्राविधिक, स्थानीय तहका प्राविधिक, वन उपभोक्ता समूह तथा लाभग्राही किसान परिचालन गरिनेछ। आवश्यकता अनुसार वनस्पति विज्ञ, वनस्पति अनुसन्धान केन्द्रका प्राविधिक तथा अन्य विषयगत प्राविधिकको सहयोग लिन सकिनेछ।

बजेट व्यवस्थापन

सर्वेक्षण, नक्साङ्कन, संरक्षण, रोपण सामग्री, खेती विस्तार, तालिम, अनुगमन तथा आवश्यक संरक्षण संरचना लगायतका स्वीकृत क्रियाकलापमा प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानुन बमोजिम स्वीकृत बजेटको सीमाभित्र रही खर्च गरिनेछ।

जिम्मेवार निकाय

सम्बन्धित डिभिजन वन कार्यालय मुख्य जिम्मेवार निकाय रहनेछ। सम्बन्धित स्थानीय तह, सम्बन्धित वनस्पति अनुसन्धान केन्द्र, सामुदायिक/कबुलियती वन उपभोक्ता समूह, लाभग्राही किसान तथा प्रदेशस्तरीय वन/सम्बन्धित निकायले आवश्यक सहयोग गर्नेछन्। प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय तथा प्रदेश वन निर्देशनालयले आवश्यक समन्वय गर्नेछ।

**१३. जैतुन खेती विस्तार**

पृष्ठभूमि

जैतुन सुख्खा तथा पहाडी क्षेत्रमा समेत सम्भावना भएको बहुवर्षीय आयमूलक प्रजाति हो। उपयुक्त क्षेत्रको पहिचान गरी गुणस्तरीय बिरुवा, प्रविधि तथा व्यवस्थापन सहयोग उपलब्ध गराएमा कृषि-वन प्रणालीमार्फत स्थानीय आयआर्जन र जमिनको दिगो उपयोगमा योगदान पुग्न सक्छ।

उद्देश्य

- उपयुक्त क्षेत्रमा जैतुन खेती विस्तार गर्ने।
- गुणस्तरीय उत्पादन तथा उत्पादकत्व बढाउने।
- किसानको दीर्घकालीन आयआर्जनको आधार तयार गर्ने।
- कृषि—वन प्रणालीलाई प्रवर्द्धन गर्ने।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## कार्यान्वयन विधि

- हावापानी, उचाइ, माटोको अवस्था तथा बजार सम्भाव्यता अध्ययन गरी जैतुन खेतीका लागि उपयुक्त क्षेत्र छनोट गरिनेछ।
- गुणस्तरीय जैतुनका बिरुवा उत्पादन वा खरिद गरी छनोट भएका किसान तथा लाभग्राहीलाई उपलब्ध गराइनेछ।
- रोपणपूर्व खाडल तयारी, माटो व्यवस्थापन तथा आवश्यक मलखादको प्रयोगसम्बन्धी प्राविधिक सहयोग प्रदान गरिनेछ।
- जैतुनका बिरुवा रोपण गरी आवश्यकताअनुसार सिँचाइ, गोडमेल, घेराबार तथा अन्य संरक्षणका उपाय अवलम्बन गरिनेछ।
- किसानलाई जैतुन खेती व्यवस्थापन, रोग तथा कीरा व्यवस्थापन, उत्पादन तथा बाली संरक्षणसम्बन्धी प्राविधिक तालिम प्रदान गरिनेछ।
- जैतुन उत्पादनको बजार सम्भाव्यता पहिचान गरी संकलन, भण्डारण तथा प्रारम्भिक प्रशोधनका लागि आवश्यक सहजीकरण गरिनेछ।
- उत्पादित जैतुन तथा त्यसबाट प्राप्त हुने उत्पादनको बजारीकरण तथा प्रशोधन उद्योगसँगको सम्बन्ध विकास गर्न स्थानीय तह, सहकारी तथा निजी क्षेत्रसँग समन्वय गरिनेछ।

## अपेक्षित उपलब्धि

उपयुक्त क्षेत्रमा जैतुन खेती विस्तार, उत्पादन वृद्धि तथा किसानको दीर्घकालीन आयआर्जनको आधार तयार हुनेछ।

## जनशक्ति व्यवस्थापन

डिभिजन तथा सव-डिभिजन वन कार्यालयका वन प्राविधिक, जडीबुटीसम्बन्धी प्राविधिक, स्थानीय तहका प्राविधिक, वन उपभोक्ता समूह तथा लाभग्राही किसान परिचालन गरिनेछ। आवश्यकता अनुसार वनस्पति विज्ञ, वनस्पति अनुसन्धान केन्द्रका प्राविधिक तथा अन्य विषयगत प्राविधिकको सहयोग लिन सकिनेछ।

## बजेट व्यवस्थापन

बिरुवा, ढुवानी, रोपण, मलखाद, सिँचाइ, संरक्षण, तालिम तथा अनुगमन लगायतका स्वीकृत क्रियाकलापमा प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानुन बमोजिम स्वीकृत बजेटको सीमाभित्र रही खर्च गरिनेछ।

## जिम्मेवार निकाय



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

सम्बन्धित डिभिजन वन कार्यालय मुख्य जिम्मेवार निकाय रहनेछ। सम्बन्धित स्थानीय तह, सम्बन्धित वनस्पति अनुसन्धान केन्द्र, सामुदायिक/कबुलियती वन उपभोक्ता समूह, लाभग्राही किसान एवं कृषक समूह तथा प्रदेशस्तरीय वन/सम्बन्धित निकायले आवश्यक सहयोग गर्नेछन्। प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय तथा प्रदेश वन निर्देशनालयले आवश्यक समन्वय गर्नेछ।

**१४. सुपारी वृक्षारोपण खेती विस्तार**

पृष्ठभूमि

सुपारी उष्ण तथा उपोष्ण क्षेत्रमा उत्पादन हुने बहुवर्षीय आयमूलक प्रजाति हो। उपयुक्त क्षेत्रमा यसको वृक्षरोपण तथा व्यवस्थित खेती विस्तारले स्थानीय रोजगारी तथा आयआर्जनमा योगदान पुऱ्याउन सक्छ।

उद्देश्य

- उपयुक्त क्षेत्रमा सुपारी वृक्षरोपण तथा खेती विस्तार गर्ने।
- गुणस्तरीय बिरुवा प्रयोग तथा वैज्ञानिक खेती प्रविधि प्रवर्द्धन गर्ने।
- स्थानीय किसानको आयआर्जन वृद्धि गर्ने।

कार्यान्वयन विधि

- उपयुक्त हावापानी, उचाइ, माटो तथा पानीको उपलब्धता भएका क्षेत्र पहिचान गरी खेतीका लागि उपयुक्त किसान तथा समूह छनोट गरिनेछ।
- गुणस्तरीय बिरुवा उपलब्ध गराई प्राविधिक सिफारिसअनुसार उपयुक्त दूरी कायम गरी रोपण गरिनेछ।
- रोपणपूर्व खाडल तयारी, माटो व्यवस्थापन तथा आवश्यक मलखादको प्रयोग गरिनेछ।
- आवश्यकताअनुसार सिँचाइ, घेराबार, गोडमेल तथा बिरुवाको प्रारम्भिक संरक्षणको व्यवस्था गरिनेछ।
- किसान तथा समूहलाई खेती व्यवस्थापन, रोग तथा कीरा नियन्त्रण र उत्पादन वृद्धि सम्बन्धी प्राविधिक सेवा तथा सहजीकरण प्रदान गरिनेछ।
- उत्पादित उपजको संकलन, भण्डारण तथा उत्पादनपछिको व्यवस्थापनसम्बन्धी आवश्यक प्राविधिक जानकारी तथा सहयोग उपलब्ध गराइनेछ।

अपेक्षित उपलब्धि

सुपारी खेतीको क्षेत्रफल तथा उत्पादन वृद्धि भई किसानको आयआर्जनमा सुधार हुनेछ।

जनशक्ति व्यवस्थापन



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

डिभिजन तथा सव-डिभिजन वन कार्यालयका वन प्राविधिक, जडीबुटीसम्बन्धी प्राविधिक, स्थानीय तहका प्राविधिक, वन उपभोक्ता समूह तथा लाभग्राही किसान तथा कृषक समूह परिचालन गरिनेछ। आवश्यकता अनुसार वनस्पति विज्ञ, वनस्पति अनुसन्धान केन्द्रका प्राविधिक तथा अन्य विषयगत प्राविधिकको सहयोग लिन सकिनेछ।

## बजेट व्यवस्थापन

बिरुवा, ढुवानी, रोपण, मलखाद, सिँचाइ, संरक्षण, तालिम तथा अनुगमन लगायतका स्वीकृत क्रियाकलापमा प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानुन बमोजिम स्वीकृत बजेटको सीमाभित्र रही खर्च गरिनेछ।

## जिम्मेवार निकाय

सम्बन्धित डिभिजन वन कार्यालय मुख्य जिम्मेवार निकाय रहनेछ। सम्बन्धित स्थानीय तह, सम्बन्धित वनस्पति अनुसन्धान केन्द्र, सामुदायिक/कबुलियती वन उपभोक्ता समूह, लाभग्राही किसान एवं कृषक समूह, प्रदेशस्तरीय वन/सम्बन्धित निकायले आवश्यक सहयोग गर्नेछन्। प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय तथा प्रदेश वन निर्देशनालयले आवश्यक समन्वय गर्नेछ।

**१५. टिमुर खेती प्रवर्द्धन कार्यक्रम / सुगन्धकोकिला खेती प्रवर्द्धन कार्यक्रम / ओखर खेती / श्रीखण्ड प्रवर्द्धन कार्यक्रम / लौठ सल्लो, बुद्धचित्त, टिमुर, आरु, किवि, हलुवा, अम्वा, सुन्तला, कागती, एभोकाडो खेती विस्तार**

## पृष्ठभूमि

यस कार्यक्रम समूह अन्तर्गत क्षेत्रविशेषमा औषधीय, फलफूल, गैरकाष्ठ वन पैदावार तथा आर्थिक रूपमा महत्वपूर्ण विभिन्न प्रजाति पर्दछन्। सबै प्रजातिको पारिस्थितिक आवश्यकता फरक भए पनि गुणस्तरीय रोपण सामग्री, क्षेत्र छनोट, खेती विस्तार, संरक्षण तथा बजारसँग जोड्ने कार्यविधि समान प्रकृतिको हुने भएकाले एकीकृत रूपमा कार्यान्वयन गर्न सकिन्छ।

## उद्देश्य

- क्षेत्रअनुकूल उच्च मूल्यका तथा औषधीय, फलफूल, गैरकाष्ठ वन पैदावार तथा आर्थिक रूपमा महत्वपूर्ण विभिन्न प्रजातिको खेती विस्तार गर्ने।
- किसानको आयआर्जन तथा रोजगारी बढाउने।
- स्थानीय प्रजाति तथा गैरकाष्ठ वन पैदावारको उत्पादन वृद्धि गर्ने।
- उत्पादनलाई बजार तथा उद्यमसँग जोड्ने।

## कार्यान्वयन विधि

- स्थानीय हावापानी, उचाइ, माटो, पानीको उपलब्धता तथा बजार सम्भाव्यता अध्ययन गरी सम्बन्धित प्रजाति तथा खेतीका लागि उपयुक्त क्षेत्र पहिचान गरिनेछ।
- इच्छुक किसान, कृषक समूह तथा वन उपभोक्ता समूहबाट प्रस्ताव आह्वान गरी स्वीकृत मापदण्डका आधारमा लाभग्राही छनोट गरिनेछ।
- डिभिजन वन कार्यालयको नर्सरी वा प्रमाणित निजी नर्सरीबाट गुणस्तरीय बिरुवा तथा आवश्यक प्रजनन सामग्रीको व्यवस्था गरी लाभग्राहीलाई उपलब्ध गराइनेछ।
- प्राविधिक सिफारिस अनुसार खाडल तयारी, उपयुक्त दूरी कायम गरी रोपण तथा आवश्यक मलखादको व्यवस्थापन गरिनेछ।
- आवश्यकताअनुसार सिँचाइ, तारबार, गोडमेल, रोग तथा कीरा व्यवस्थापन र प्रारम्भिक संरक्षणका लागि प्राविधिक सहयोग प्रदान गरिनेछ।
- किसान तथा समूहलाई सम्बन्धित प्रजातिको खेती प्रविधि, व्यवस्थापन, उत्पादन तथा उत्पादनपछिको व्यवस्थापनसम्बन्धी प्राविधिक सेवा तथा सहजीकरण उपलब्ध गराइनेछ।
- उत्पादित उपजको सामूहिक संकलन, ग्रेडिङ, भण्डारण तथा बजारीकरणका लागि सहकारी, स्थानीय तह तथा निजी क्षेत्रसँग समन्वय गरिनेछ।
- खेती विस्तार तथा उत्पादनको अवस्था, बिरुवाको जीवितदर र संरक्षण अवस्थाको नियमित अनुगमन गरी आवश्यक प्राविधिक सुधार तथा सहजीकरण गरिनेछ।

**अपेक्षित उपलब्धि**

उच्च मूल्यका प्रजातिको खेती विस्तार, उत्पादन वृद्धि, स्थानीय रोजगारी तथा किसानको आयआर्जनमा वृद्धि हुनेछ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन तथा सव-डिभिजन वन कार्यालयका वन प्राविधिक, जडीबुटीसम्बन्धी प्राविधिक, स्थानीय तहका प्राविधिक, वन उपभोक्ता समूह तथा लाभग्राही किसान परिचालन गरिनेछ। आवश्यकता अनुसार वनस्पति विज्ञ, वनस्पति अनुसन्धान केन्द्रका प्राविधिक तथा अन्य विषयगत प्राविधिकको सहयोग लिन सकिनेछ।

**बजेट व्यवस्थापन**

बिरुवा/प्रजनन सामग्री, ढुवानी, रोपण, सिँचाइ, तारबार, मलखाद, संरक्षण, तालिम तथा अनुगमन लगायतका स्वीकृत क्रियाकलापमा प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानुन बमोजिम स्वीकृत बजेटको सीमाभित्र रही खर्च गरिनेछ।

**जिम्मेवार निकाय**

कृषि, वन तथा पर्यावरण मन्त्रालय नेपाल सरकार सिंहदरबार, काठमाडौं

सम्बन्धित डिभिजन वन कार्यालय मुख्य जिम्मेवार निकाय रहनेछ। सम्बन्धित स्थानीय तह, सम्बन्धित वनस्पति अनुसन्धान केन्द्र, कृषिसँग सम्बन्धित निकाय, सामुदायिक/कबुलियती वन उपभोक्ता समूह, लाभग्राही किसान एवं कृषक समूह, तथा प्रदेशस्तरीय वन/सम्बन्धित निकायले आवश्यक सहयोग गर्नेछन्। प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय तथा प्रदेश वन निर्देशनालयले आवश्यक समन्वय गर्नेछ।

**१६. पाटन खर्क तथा चरन व्यवस्थापन**

<u>पृष्ठभूमि</u>

उच्च पहाडी तथा हिमाली क्षेत्रमा रहेका पाटन, खर्क तथा चरन क्षेत्र पशुपालन, जलाधार, जैविक विविधता तथा जडीबुटीका दृष्टिले महत्वपूर्ण छन्। अव्यवस्थित चरिचरण, अत्यधिक दोहन तथा जलवायु परिवर्तनका कारण यस्ता क्षेत्रको उत्पादन क्षमता तथा पारिस्थितिक सन्तुलनमा असर पर्न सक्ने भएकाले वैज्ञानिक व्यवस्थापन आवश्यक छ। संलग्न कार्यविधिमा पाटन/खर्कको नक्साङ्कन, घाँस व्यवस्थापन, Water Hole, Recharge Pond, मुहान संरक्षण तथा खर्क व्यवस्थापन समिति गठनसमेत उल्लेख छ।

<u>उद्देश्य</u>

- पाटन, खर्क तथा चरन क्षेत्रको दिगो व्यवस्थापन गर्ने।
- घाँस, डालेघाँस तथा गैरकाष्ठ वन पैदावारको उत्पादन बढाउने।
- चरन क्षेत्रको वहन क्षमता कायम गर्ने।
- पशुपालन तथा स्थानीय जीविकोपार्जनमा सहयोग गर्ने।

<u>कार्यान्वयन विधि</u>

- पाटन तथा खर्क क्षेत्रको पहिचान, नक्साङ्कन तथा विद्यमान अवस्था मूल्याङ्कन गरी प्राथमिकताका क्षेत्र निर्धारण गरिनेछ।
- सम्बन्धित क्षेत्रको घाँसेमैदान व्यवस्थापन योजना तयार गरी चरिचरणको समय, क्षेत्र तथा पशु सङ्ख्यालाई व्यवस्थित गरिनेछ।
- आवश्यकताअनुसार उन्नत तथा स्थानीय घाँस प्रजातिको रोपण, झाडी सफाइ तथा घाँसेमैदान सुधारका कार्य सञ्चालन गरिनेछ।
- पानीका मुहान संरक्षण तथा पशुचौपायाका लागि आवश्यकताअनुसार Water Hole तथा Recharge Pond निर्माण/व्यवस्थापन गरिनेछ।
- चरन क्षेत्रमा सुधारिएको गोठ तथा आवश्यक संरक्षण संरचना निर्माण गरी चरिचरण तथा पशुपालनलाई व्यवस्थित गरिनेछ।
- खर्क व्यवस्थापन समिति गठन गरी स्थानीय गोठालो, चौरीपालक तथा सम्बन्धित समुदायको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

- खर्क तथा पाटनको वनस्पति, पानीका स्रोत तथा चरन अवस्थाको नियमित अनुगमन गरी आवश्यक सुधारात्मक कार्य गरिनेछ।

**अपेक्षित उपलब्धि**

पाटन तथा चरन क्षेत्रको उत्पादन क्षमता र पारिस्थितिक अवस्था सुधार भई दिगो पशुपालन तथा जीविकोपार्जनमा सहयोग पुग्नेछ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन तथा सव-डिभिजन वन कार्यालयका वन प्राविधिक, पशुसेवा/कृषि सँग सम्बन्धित निकाय, चरन व्यवस्थापन समिति तथा स्थानीय समुदाय परिचालन, स्थानीय तहका प्राविधिक, वन उपभोक्ता समूह तथा लाभग्राही किसान परिचालन गरिनेछ। आवश्यकता अनुसार वनस्पति विज्ञ, वनस्पति अनुसन्धान केन्द्रका प्राविधिक तथा अन्य विषयगत प्राविधिकको सहयोग लिन सकिनेछ।

**बजेट व्यवस्थापन**

नक्साङ्कन, योजना निर्माण, घाँस रोपण, Water Hole, Recharge Pond, मुहान संरक्षण, गोठ सुधार, झाडी सफाइ, डढेलो नियन्त्रण तथा अनुगमन लगायतका स्वीकृत क्रियाकलापमा प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानुन बमोजिम स्वीकृत बजेटको सीमाभित्र रही खर्च गरिनेछ।

**जिम्मेवार निकाय**

सम्बन्धित डिभिजन वन कार्यालय मुख्य जिम्मेवार निकाय रहनेछ। सम्बन्धित स्थानीय तह, सम्बन्धित वनस्पति अनुसन्धान केन्द्र, सामुदायिक/कबुलियती वन उपभोक्ता समूह, पशुसेवा/कृषि निकाय, खर्क व्यवस्थापन समिति लाभग्राही किसान तथा प्रदेशस्तरीय वन/सम्बन्धित निकायले आवश्यक सहयोग गर्नेछन्। प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय तथा प्रदेश वन निर्देशनालयले आवश्यक समन्वय गर्नेछ।

### १७. वन उद्यम सहयोग कार्यक्रम

**पृष्ठभूमि**

जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको उत्पादन बढे पनि प्रशोधन, मूल्य अभिवृद्धि, प्याकेजिङ तथा बजार व्यवस्थापन कमजोर हुँदा उत्पादकले अपेक्षित लाभ प्राप्त गर्न नसक्ने अवस्था रहन्छ। वनजन्य स्रोतमा आधारित साना तथा मझौला उद्यम विकासमार्फत स्थानीय स्रोतको मूल्य अभिवृद्धि र रोजगारी सिर्जना गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

## उद्देश्य

- जडीबुटी तथा गैरकाष्ठ वन पैदावारमा आधारित उद्यम प्रवर्द्धन गर्ने।
- स्थानीय उत्पादनको मूल्य अभिवृद्धि गर्ने।
- रोजगारी तथा स्थानीय आयआर्जन बढाउने।
- उत्पादनलाई बजारसँग जोड्ने।

## कार्यान्वयन विधि

- स्थानीय सम्भाव्यता, उपलब्ध स्रोत, बजार माग तथा उद्यमको सम्भावनाका आधारमा जडीबुटी तथा गैरकाष्ठ वन पैदावारमा आधारित सम्भावनायुक्त उद्यमको पहिचान गरिनेछ।
- इच्छुक उद्यमी, सहकारी, वन उपभोक्ता समूह तथा अन्य सम्बन्धित समूहबाट प्रस्ताव आह्वान गरी प्राविधिक तथा आर्थिक सम्भाव्यताका आधारमा लाभग्राही छनोट गरिनेछ।
- छनोट भएका उद्यमी तथा समूहलाई आवश्यकता र स्वीकृत कार्यक्रमअनुसार प्रशोधन, सुकाउने, ग्रेडिङ, प्याकेजिङ, भण्डारण तथा अन्य आवश्यक उपकरणमा सहयोग गर्न सकिनेछ।
- जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको गुणस्तर कायम, प्राथमिक प्रशोधन तथा सुरक्षित भण्डारणसम्बन्धी प्राविधिक सहजीकरण गरिनेछ।
- उद्यमी तथा समूहलाई व्यवसाय योजना तयार गर्ने, उत्पादनको गुणस्तर कायम गर्ने, ब्रान्डिङ तथा बजार व्यवस्थापनसम्बन्धी प्राविधिक सहयोग तथा परामर्श प्रदान गरिनेछ।
- उत्पादित वस्तुको बजारीकरण तथा मूल्य अभिवृद्धिका लागि स्थानीय तह, सहकारी, निजी क्षेत्र तथा सम्बन्धित बजार पक्षसँग आवश्यक समन्वय र सहजीकरण गरिनेछ।

## अपेक्षित उपलब्धि

स्थानीय जडीबुटी तथा गैरकाष्ठ वन पैदावारमा आधारित उद्यम स्थापना/सुदृढ भई रोजगारी तथा आयआर्जन बढेको हुनेछ।

## जनशक्ति व्यवस्थापन

डिभिजन तथा सब-डिभिजन वन कार्यालयका वन प्राविधिक, जडीबुटीसम्बन्धी प्राविधिक, स्थानीय तहका प्राविधिक, वन उपभोक्ता समूह तथा लाभग्राही किसान, वन तथा उद्यम विकास प्राविधिक, स्थानीय तह, उद्यमी, सहकारी तथा निजी क्षेत्र परिचालन गरिनेछ। आवश्यकता अनुसार वनस्पति विज्ञ, वनस्पति अनुसन्धान केन्द्रका प्राविधिक तथा अन्य विषयगत प्राविधिकको सहयोग लिन सकिनेछ।

## बजेट व्यवस्थापन

स्वीकृत मापदण्डअनुसार उपकरण, साना पूर्वाधार, तालिम, प्राविधिक परामर्श, बजार सहजीकरण तथा अनुगमन लगायतका स्वीकृत क्रियाकलापमा प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानुन बमोजिम स्वीकृत बजेटको सीमाभित्र रही खर्च गरिनेछ।

जिम्मेवार निकाय

सम्बन्धित डिभिजन वन कार्यालय, सम्बन्धित स्थानीय तह, उद्यमी/सहकारी तथा सम्बन्धित उद्योग/व्यवसाय प्रवर्द्धन निकाy, सम्बन्धित वनस्पति अनुसन्धान केन्द्र, सामुदायिक/कबुलियती वन उपभोक्ता समूह, लाभग्राही किसान तथा प्रदेशस्तरीय वन/सम्बन्धित निकायले आवश्यक सहयोग गर्नेछन्। प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय तथा प्रदेश वन निर्देशनालयले आवश्यक समन्वय गर्नेछ।

**१८. गैरकाष्ठ वन पैदावारको मूल्य अभिवृद्धि तालिम**

पृष्ठभूमि

जडीबुटी तथा गैरकाष्ठ वन पैदावारलाई कच्चा रूपमा बिक्री गर्दा उत्पादक तथा संकलकको आम्दानी सीमित हुन्छ। सफाइ, सुकाइ, ग्रेडिङ, प्रशोधन, प्याकेजिङ, भण्डारण तथा बजार व्यवस्थापनसम्बन्धी ज्ञान तथा सीप अभिवृद्धि गरी उत्पादनको मूल्य बढाउन तालिम आवश्यक छ।

उद्देश्य

- उत्पादक तथा संकलकको प्राविधिक क्षमता अभिवृद्धि गर्ने।
- गैरकाष्ठ वन पैदावारको मूल्य अभिवृद्धि गर्ने।
- गुणस्तर तथा बजार पहुँच सुधार गर्ने।
- स्थानीय उद्यमशीलता विकास गर्ने।

कार्यान्वयन विधि

- स्थानीय रूपमा उपलब्ध प्रमुख जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको पहिचान गरी तालिमका विषय तथा आवश्यकता निर्धारण गरिनेछ।
- उत्पादक, संकलक, महिला तथा युवा समूह, सहकारी र उद्यमीलाई सहभागी गराई सैद्धान्तिक तथा प्रयोगात्मक तालिम सञ्चालन गरिनेछ।
- जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको सुकाउने, ग्रेडिङ, प्रशोधन, प्याकेजिङ तथा भण्डारण सम्बन्धी सीप प्रदान गरिनेछ।
- उत्पादनको गुणस्तर कायम गर्ने, मूल्य अभिवृद्धि, बजार व्यवस्थापन तथा व्यवसाय योजना सम्बन्धी जानकारी तथा व्यावहारिक ज्ञान प्रदान गरिनेछ।

- आवश्यकताअनुसार नमुना उत्पादन तथा प्रदर्शन गरी सहभागीलाई व्यावहारिक अभ्यास गराइनेछ।
- तालिमपश्चात् सहभागीले सिकेका सीपलाई उत्पादन तथा उद्यममा प्रयोग गर्न आवश्यक प्राविधिक परामर्श तथा सहजीकरण गरिनेछ।

**अपेक्षित उपलब्धि**

उत्पादक तथा संकलकको सीप अभिवृद्धि भई गुणस्तरीय उत्पादन तथा मूल्य अभिवृद्धिमा सुधार हुनेछ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन तथा सव-डिभिजन वन कार्यालयका वन प्राविधिक, जडीबुटीसम्बन्धी प्राविधिक/विज्ञ, वन प्राविधिक, उद्यम विकास विज्ञ तथा अनुभवी व्यवसायी, स्थानीय तहका प्राविधिक, वन उपभोक्ता समूह तथा लाभग्राही किसान परिचालन गरिनेछ। आवश्यकता अनुसार वनस्पति विज्ञ, वनस्पति अनुसन्धान केन्द्रका प्राविधिक तथा अन्य विषयगत प्राविधिकको सहयोग लिन सकिनेछ।

**बजेट व्यवस्थापन**

तालिम प्रशिक्षक, सामग्री, प्रयोगात्मक सामग्री, सहभागी व्यवस्थापन, स्थल, प्रचार सामग्री तथा अनुगमन लगायतका स्वीकृत क्रियाकलापमा प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानुन बमोजिम स्वीकृत बजेटको सीमाभित्र रही खर्च गरिनेछ।

**जिम्मेवार निकाय**

सम्बन्धित डिभिजन वन कार्यालय मुख्य जिम्मेवार निकाय रहनेछ। सहकारी, उद्यमी तथा सम्बन्धित प्राविधिक संस्था सहकार्यकारी हुनेछन्। सम्बन्धित स्थानीय तह, सम्बन्धित वनस्पति अनुसन्धान केन्द्र, सामुदायिक/कबुलियती वन उपभोक्ता समूह, लाभग्राही किसान तथा प्रदेशस्तरीय वन/सम्बन्धित निकायले आवश्यक सहयोग गर्नेछन्। प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय तथा प्रदेश वन निर्देशनालयले आवश्यक समन्वय गर्नेछ।

**१९. जडीबुटी खेती विस्तार सम्बन्धी कृषकका लागि तालिम**

**पृष्ठभूमि**

जडीबुटी खेती विस्तारका लागि मात्र बिरुवा उपलब्ध गराउनु पर्याप्त नभई वैज्ञानिक खेती, रोपण दूरी, सिँचाइ, मलखाद, गोडमेल, रोग/कीरा व्यवस्थापन, संकलन तथा भण्डारणसम्बन्धी प्राविधिक ज्ञान आवश्यक हुन्छ। किसानको प्राविधिक क्षमता अभिवृद्धि गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

**उद्देश्य**

- किसानको जडीबुटी खेतीसम्बन्धी प्राविधिक ज्ञान बढाउने।
- उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने।
- गुणस्तरीय उत्पादन तथा दिगो संकलन प्रवर्द्धन गर्ने।

**कार्यान्वयन विधि**

- स्थानीय रूपमा खेती गरिने प्रजाति तथा कृषकको आवश्यकता पहिचान गरी तालिमका विषय छनोट गरिनेछ।
- बीउ तथा बिरुवा छनोट, नर्सरी व्यवस्थापन, जग्गा तयारी, रोपण, सिँचाइ, मलखाद तथा रोग-कीरा व्यवस्थापनसम्बन्धी प्राविधिक विषय समावेश गरिनेछ।
- जडीबुटी खेतीको संरक्षण, गोडमेल, संकलन तथा उत्पादन पछिको व्यवस्थापनसम्बन्धी प्रयोगात्मक तालिम सञ्चालन गरिनेछ।
- सम्भावनायुक्त क्षेत्रमा आवश्यकताअनुसार Demonstration Plot स्थापना गरी व्यावहारिक सिकाइको व्यवस्था गरिनेछ।
- तालिममा सहभागी कृषकलाई स्थानीय हावापानी तथा प्रजातिअनुसार खेती प्रविधि अपनाउन प्राविधिक परामर्श प्रदान गरिनेछ।
- तालिम सम्पन्न भएपछि सिकाइको प्रयोग तथा खेतीको अवस्थाबारे नियमित प्राविधिक Follow-up गरिने तथा प्रतिवेदन तयार गरिनेछ।

**अपेक्षित उपलब्धि**

किसानको प्राविधिक क्षमता वृद्धि भई जडीबुटी खेतीको उत्पादन तथा गुणस्तरमा सुधार हुनेछ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन तथा सब-डिभिजन वन कार्यालयका वन प्राविधिक, जडीबुटी सम्बन्धी प्राविधिक, कृषि प्राविधिक, अनुभवी कृषक, स्थानीय तहका प्राविधिक, वन उपभोक्ता समूह तथा लाभग्राही किसान परिचालन गरिनेछ। आवश्यकता अनुसार वनस्पति विज्ञ, वनस्पति अनुसन्धान केन्द्रका प्राविधिक तथा अन्य विषयगत प्राविधिकको सहयोग लिन सकिनेछ।

**बजेट व्यवस्थापन**



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

प्रशिक्षक, तालिम सामग्री, प्रयोगात्मक सामग्री, स्थल, सहभागी व्यवस्थापन, प्रचार सामग्री तथा अनुगमन लगायतका स्वीकृत क्रियाकलापमा प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानुन बमोजिम स्वीकृत बजेटको सीमाभित्र रही खर्च गरिनेछ।

जिम्मेवार निकाय

सम्बन्धित डिभिजन वन कार्यालय, सम्बन्धित कृषि/वन प्राविधिक निकाय तथा कृषक समूह, सम्बन्धित स्थानीय तह, सम्बन्धित वनस्पति अनुसन्धान केन्द्र, सामुदायिक/कबुलियती वन उपभोक्ता समूह, लाभग्राही किसान तथा प्रदेशस्तरीय वन/सम्बन्धित निकायले आवश्यक सहयोग गर्नेछन्। प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय तथा प्रदेश वन निर्देशनालयले आवश्यक समन्वय गर्नेछ।

**२०. जडीबुटी खेती विस्तार सम्बन्धी प्रचारप्रसार**

पृष्ठभूमि

जडीबुटीको सम्भावना, खेती प्रविधि, बजार, संरक्षण तथा सरकारी सहयोगसम्बन्धी जानकारी किसान तथा समुदायसम्म प्रभावकारी रूपमा पुग्न नसक्दा कार्यक्रमको अपेक्षित प्रभाव प्राप्त हुन नसक्ने अवस्था हुन्छ। सूचना तथा सञ्चारका विभिन्न माध्यम प्रयोग गरी जडीबुटी खेती तथा संरक्षणसम्बन्धी जनचेतना अभिवृद्धि गर्न आवश्यक छ।

उद्देश्य

- जडीबुटी खेतीको सम्भावना तथा प्रविधिबारे जानकारी विस्तार गर्ने।
- किसानलाई उपलब्ध सरकारी सहयोग तथा कार्यक्रमबारे जानकारी गराउने।
- दिगो संकलन तथा संरक्षणसम्बन्धी जनचेतना बढाउने।

कार्यान्वयन विधि

- जडीबुटी खेतीको सम्भावना, उपलब्ध प्रविधि तथा कार्यक्रम सम्बन्धी जानकारीलाई स्थानीय आवश्यकता र लक्षित समुदायअनुसार तयार गरिनेछ।
- स्थानीय एफ.एम., रेडियो, पत्रपत्रिका, सामाजिक सञ्जाल, सूचना बोर्ड, पुस्तिका, पर्चा तथा अन्य उपयुक्त सञ्चार माध्यमबाट प्रचारप्रसार गरिनेछ।
- आवश्यकता र पहुँचका आधारमा प्रचारप्रसार सामग्री स्थानीय भाषामा समेत तयार तथा प्रसारण गर्न सकिनेछ।
- सफल कृषक, नमुना खेती तथा स्थानीय स्तरमा अपनाइएका असल अभ्यासको अनुभवलाई प्रचारप्रसार गरी अन्य कृषकलाई प्रोत्साहित गरिनेछ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

- जडीबुटी खेती विस्तारका सम्भावनायुक्त क्षेत्र तथा लक्षित समुदायमा अभिमुखीकरण, अन्तरक्रिया तथा सार्वजनिक सूचना कार्यक्रम सञ्चालन गरिनेछ।
- कार्यक्रमको प्रभावकारिता तथा पहुँचको आवश्यकता अनुसार प्रचारप्रसारका माध्यम र सामग्रीलाई समयानुकूल परिमार्जन गरिनेछ।

अपेक्षित उपलब्धि

किसान तथा समुदायमा जडीबुटी खेती, संरक्षण, प्रविधि तथा बजारसम्बन्धी ज्ञान तथा रुचि बढेको हुनेछ।

जनशक्ति व्यवस्थापन

डिभिजन तथा सव-डिभिजन वन कार्यालयका वन प्राविधिक, सञ्चारकर्मी, विषयगत विज्ञ तथा किसान समूह जडीबुटीसम्बन्धी प्राविधिक, स्थानीय तहका प्राविधिक, वन उपभोक्ता समूह तथा लाभग्राही किसान परिचालन गरिनेछ। आवश्यकता अनुसार वनस्पति विज्ञ, वनस्पति अनुसन्धान केन्द्रका प्राविधिक तथा अन्य विषयगत प्राविधिकको सहयोग लिन सकिनेछ।

बजेट व्यवस्थापन

सूचना सामग्री, पर्चा/पुस्तिका, सूचना बोर्ड, रेडियो/एफ.एम. कार्यक्रम, अभिमुखीकरण, प्रचार सामग्री उत्पादन तथा प्रबसारण लगायतका स्वीकृत क्रियाकलापमा प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानुन बमोजिम स्वीकृत बजेटको सीमाभित्र रही खर्च गरिनेछ।

जिम्मेवार निकाय

सम्बन्धित डिभिजन वन कार्यालय मुख्य जिम्मेवार निकाय रहनेछ। सम्बन्धित स्थानीय तह, सम्बन्धित वनस्पति अनुसन्धान केन्द्र, सम्बन्धित सूचना/सञ्चार निकाय। सामुदायिक/कबुलियती वन उपभोक्ता समूह, लाभग्राही किसान तथा प्रदेशस्तरीय वन/सम्बन्धित निकायले आवश्यक सहयोग गर्नेछन्। प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय तथा प्रदेश वन निर्देशनालयले आवश्यक समन्वय गर्नेछ।

**२१. जडीबुटी उत्पादक, संकलक, खरिदकर्ता एवं सरोकारवाला बीच अन्तरक्रिया बैठक**

पृष्ठभूमि

जडीबुटी उत्पादन तथा संकलन र बजारबीच समन्वय कमजोर हुँदा उत्पादकले उचित मूल्य प्राप्त गर्न नसक्ने तथा खरिदकर्ताले नियमित तथा गुणस्तरीय कच्चा पदार्थ प्राप्त गर्न कठिनाइ हुने गर्दछ। उत्पादक, संकलक, व्यापारी, खरिदकर्ता, प्रशोधनकर्ता, सहकारी तथा सरकारी निकायबीच नियमित संवाद र समन्वय आवश्यक भएकाले यो कार्यक्रम सञ्चालन गरिनेछ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## उद्देश्य

- उत्पादन तथा बजारबीच समन्वय कायम गर्ने।
- उत्पादकलाई बजार तथा मूल्यसम्बन्धी जानकारी उपलब्ध गराउने।
- गुणस्तर तथा आपूर्ति प्रणाली सुधार गर्ने।
- जडीबुटीमा आधारित व्यवसायिक सम्बन्ध विस्तार गर्ने।

## कार्यान्वयन विधि

- जिल्ला तथा स्थानीय तहमा प्रमुख जडीबुटी तथा सम्बन्धित बजारको अवस्था पहिचान गरी सरोकारवालाको सूची तयार गरिनेछ।
- उत्पादक, संकलक, खरिदकर्ता, व्यापारी, प्रशोधनकर्ता, सहकारी, उद्यमी तथा स्थानीय तहका प्रतिनिधिको सहभागितामा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।
- उत्पादनको परिमाण, गुणस्तर, संकलन समय, मूल्य निर्धारण, बजार माग, प्रशोधन, बजारीकरण तथा प्रचलित कानुनी व्यवस्थाका विषयमा छलफल गरिनेछ।
- उत्पादन तथा बजारीकरणमा देखिएका समस्या, सम्भावना र आवश्यक सहयोगका विषयमा सरोकारवालाबाट सुझाव तथा प्रतिबद्धता सङ्कलन गरिनेछ।
- बैठकबाट भएका निर्णय, सहकार्यका सम्भावित क्षेत्र तथा आवश्यक कार्ययोजनाको अभिलेख राखी सम्बन्धित निकायसँग समन्वय गरिनेछ।

## अपेक्षित उपलब्धि

उत्पादक तथा बजार पक्षबीच समन्वय वृद्धि, बजार पहुँच सुधार, गुणस्तरीय उत्पादन तथा उचित मूल्य प्राप्त गर्ने आधार तयार हुनेछ।

## जनशक्ति व्यवस्थापन

डिभिजन तथा सब-डिभिजन वन कार्यालयका वन प्राविधिक, जडीबुटीसम्बन्धी प्राविधिक, स्थानीय तहका प्राविधिक, उत्पादक/संकलक, व्यापारी तथा उद्यमी एवं वन उपभोक्ता समूह तथा लाभग्राही किसान परिचालन गरिनेछ। आवश्यकता अनुसार वनस्पति विज्ञ, वनस्पति अनुसन्धान केन्द्रका प्राविधिक तथा अन्य विषयगत प्राविधिकको सहयोग लिन सकिनेछ।

## बजेट व्यवस्थापन



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

बैठक स्थल, सूचना/निमन्त्रणा, सामग्री, सहभागी व्यवस्थापन, प्राविधिक प्रस्तुति तथा अभिलेखीकरण लगायतका स्वीकृत क्रियाकलापमा प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानुन बमोजिम स्वीकृत बजेटको सीमाभित्र रही खर्च गरिनेछ।

जिम्मेवार निकाय

सम्बन्धित डिभिजन वन कार्यालय मुख्य जिम्मेवार निकाय रहनेछ। सम्बन्धित स्थानीय तह, उत्पादक समूह, सहकारी, खरिदकर्ता तथा निजी क्षेत्र सहकार्यकारी हुनेछन्। सम्बन्धित वनस्पति अनुसन्धान केन्द्र, सामुदायिक/कबुलियती वन उपभोक्ता समूह, लाभग्राही किसान तथा प्रदेशस्तरीय वन/सम्बन्धित निकायले आवश्यक सहयोग गर्नेछन्। प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय तथा प्रदेश वन निर्देशनालयले आवश्यक समन्वय गर्नेछ।

**२२. कागज उत्पादन उद्योग स्थापना तथा प्रवर्धन**

पृष्ठभूमि

नेपालमा लोक्ता, अर्गेली लगायतका गैरकाष्ठ वन पैदावारबाट हस्त निर्मित तथा परम्परागत कागज उत्पादनको सम्भावना रहेको छ। स्थानीय कच्चा पदार्थको दिगो उपयोग, मूल्य अभिवृद्धि, स्थानीय रोजगारी तथा उद्यम विकासका लागि कागज उत्पादनमा आधारित साना तथा मझौला उद्योग प्रवर्द्धन गर्न सकिन्छ।

उद्देश्य

- स्थानीय गैरकाष्ठ वन पैदावारको मूल्य अभिवृद्धि गर्ने।
- कागज उत्पादनमा आधारित स्थानीय उद्यम स्थापना तथा सुदृढीकरण गर्ने।
- रोजगारी तथा आयआर्जन वृद्धि गर्ने।
- कच्चा पदार्थको दिगो उत्पादन तथा आपूर्ति सुनिश्चित गर्ने।

कार्यान्वयन विधि

- कागज उत्पादनका लागि आवश्यक कच्चा पदार्थको उपलब्धता, दिगो संकलन क्षमता, बजार, यातायात तथा अन्य पूर्वाधारको सम्भाव्यता अध्ययन गरिनेछ।
- स्थानीय उद्यमी, सहकारी तथा वन उपभोक्ता समूहको पहिचान गरी प्रस्तावका आधारमा उपयुक्त लाभग्राही छनोट गरिनेछ।
- उद्योग सञ्चालनका लागि आवश्यक व्यवसायिक योजना, प्राविधिक योजना तथा कच्चा पदार्थ आपूर्ति योजना तयार गरिनेछ।
- आवश्यकताअनुसार पल्पिङ, कागज निर्माण, सुकाउने, कटिङ, प्याकेजिङ तथा अन्य आवश्यक उपकरण र प्रविधिमा सहयोग गरिनेछ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

- कच्चा पदार्थको दिगो संकलन, पुनरुत्पादन तथा नियमित आपूर्ति सुनिश्चित गर्न सम्बन्धित वन समूह तथा समुदायसँग समन्वय गरिनेछ।
- उत्पादनको गुणस्तर सुधार, ब्रान्डिङ, प्याकेजिङ तथा बजार प्रवर्द्धनका लागि प्राविधिक तथा व्यवसायिक सहयोग उपलब्ध गराइनेछ।
- सम्बन्धित स्थानीय तह, उद्योग/व्यवसाय प्रवर्द्धन निकाय तथा निजी क्षेत्रसँग समन्वय गरी उद्योगको दिगो सञ्चालन तथा बजारीकरणमा सहजीकरण गरिनेछ।

## अपेक्षित उपलब्धि

स्थानीय कच्चा पदार्थमा आधारित कागज उद्योग स्थापना/सुदृढ भई मूल्य अभिवृद्धि, रोजगारी तथा स्थानीय आयआर्जनमा वृद्धि हुनेछ।

## जनशक्ति व्यवस्थापन

डिभिजन तथा सव-डिभिजन वन कार्यालयका वन प्राविधिक, जडीबुटीसम्बन्धी प्राविधिक, स्थानीय तहका प्राविधिक, वन उपभोक्ता समूह तथा लाभग्राही किसान परिचालन गरिनेछ। आवश्यकता अनुसार वनस्पति विज्ञ, वनस्पति अनुसन्धान केन्द्रका प्राविधिक तथा अन्य विषयगत प्राविधिकको सहयोग लिन सकिनेछ। उद्यम विकास प्राविधिक, स्थानीय उद्यमी, सहकारी तथा आवश्यकताअनुसार मेसिनरी/प्राविधिक विज्ञ परिचालन गरिनेछ।

## बजेट व्यवस्थापन

सम्भाव्यता अध्ययन, साना पूर्वाधार, उपकरण/मेसिनरी, प्राविधिक सेवा, तालिम तथा उद्यम प्रवर्द्धन लगायतका स्वीकृत क्रियाकलापमा प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानुन बमोजिम स्वीकृत बजेटको सीमाभित्र रही खर्च गरिनेछ। निजी/स्थानीय स्रोतसँग लागत साझेदारी गर्न सकिनेछ।

## जिम्मेवार निकाय

सम्बन्धित डिभिजन वन कार्यालय मुख्य जिम्मेवार निकाय रहनेछ। सम्बन्धित स्थानीय तह, सम्बन्धित वनस्पति अनुसन्धान केन्द्र, सामुदायिक/कबुलियती वन उपभोक्ता समूह, उद्यमी/सहकारी तथा सम्बन्धित उद्योग प्रवर्द्धन निकाय, लाभग्राही किसान तथा प्रदेशस्तरीय वन/सम्बन्धित निकायले आवश्यक सहयोग गर्नेछन्। प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय तथा प्रदेश वन निर्देशनालयले आवश्यक समन्वय गर्नेछ।

**२३. कालिका भगवती मन्दिर सौन्दरीकरण, विभिन्न प्रजातिका वनस्पती तथा नर्सरी व्यवस्थापन, दिक्तेल रुपाकोट मझुवागढी न.पा.**

## पृष्ठभूमि

धार्मिक तथा सांस्कृतिक स्थलहरू स्थानीय जैविक विविधता, पर्यटन तथा वातावरण संरक्षणसँग जोड्न सकिने महत्वपूर्ण सार्वजनिक स्थल हुन्। मन्दिर परिसर तथा आसपासका क्षेत्रलाई विभिन्न स्थानीय तथा सौन्दर्यपरक वनस्पति, नर्सरी तथा हरियाली व्यवस्थापनसँग जोड्दा धार्मिक पर्यटनसँगै वातावरणीय संरक्षण तथा जनचेतना अभिवृद्धि गर्न सकिन्छ।

## उद्देश्य

- मन्दिर परिसरको हरियाली तथा सौन्दर्य अभिवृद्धि गर्ने।
- स्थानीय तथा उपयुक्त वनस्पति प्रजातिको संरक्षण तथा प्रवर्द्धन गर्ने।
- नर्सरी स्थापना/व्यवस्थापनमार्फत बिरुवा उत्पादन तथा उपलब्धता बढाउने।
- धार्मिक पर्यटन तथा वातावरण संरक्षणलाई एकीकृत रूपमा प्रवर्द्धन गर्ने।

## कार्यान्वयन विधि

- मन्दिर परिसरको स्थलगत निरीक्षण गरी उपलब्ध क्षेत्र, माटो, पानी तथा भू-बनोटको मूल्याङ्कन गरिनेछ।
- स्थानीय, रैथाने, बहुवर्षीय, औषधीय तथा सौन्दर्यपरक वनस्पति प्रजातिको छनोट गरिनेछ।
- आवश्यकताअनुसार नर्सरी बेड, पोलिब्याग, सिँचाइ, छायाँ संरचना तथा अन्य आधारभूत नर्सरी पूर्वाधार तयार गरिनेछ।
- बिरुवा उत्पादन गरी उपयुक्त स्थानमा वृक्षारोपण तथा हरियाली विकास गरिनेछ।
- मन्दिर परिसरमा फूलबारी, हरित क्षेत्र, विश्रामस्थल, सूचना बोर्ड तथा आवश्यक सौन्दर्यीकरणका कार्य सञ्चालन गर्न सकिनेछ।
- रोपिएका बिरुवाको संरक्षण, सिँचाइ, गोडमेल तथा नियमित स्याहारको जिम्मेवारी मन्दिर व्यवस्थापन समिति/सम्बन्धित स्थानीय संस्थासँग समन्वय गरी निर्धारण गरिनेछ।
- उत्पादित अतिरिक्त बिरुवा स्थानीय सार्वजनिक स्थल तथा संरक्षण कार्यक्रमका लागि प्रयोग गर्न सकिनेछ।
- स्थानीय पालिका सँग समन्वय र सहकार्य गर्ने।

## अपेक्षित उपलब्धि

- मन्दिर परिसर व्यवस्थित तथा हरित बनेको हुनेछ।
- स्थानीय तथा उपयोगी वनस्पति प्रजातिको संरक्षण तथा प्रवर्द्धन भएको हुनेछ।
- नर्सरीबाट गुणस्तरीय बिरुवा उत्पादन भएको हुनेछ।
- धार्मिक पर्यटन तथा वातावरणीय सौन्दर्यमा वृद्धि भएको हुनेछ।

## जनशक्ति व्यवस्थापन

डिभिजन वन कार्यालयका वन/नर्सरी प्राविधिक, स्थानीय तहका प्राविधिक, मन्दिर व्यवस्थापन समिति तथा स्थानीय समुदाय परिचालन गरिनेछ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## बजेट व्यवस्थापन

नर्सरी सामग्री, बिरुवा/बीउ, माटो/मल, सिँचाइ, खाल्डो, रोपण, संरक्षण, हरियाली विकास, सूचना बोर्ड तथा आवश्यक सौन्दर्यीकरण लगायतका स्वीकृत क्रियाकलापमा प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानुन बमोजिम स्वीकृत बजेटको सीमाभित्र रही खर्च गरिनेछ।

## जिम्मेवार निकाय

सम्बन्धित डिभिजन वन कार्यालय मुख्य प्राविधिक जिम्मेवार निकाय रहनेछ। सम्बन्धित नगरपालिका, मन्दिर व्यवस्थापन समिति तथा स्थानीय समुदायको समन्वय र सहभागिता रहनेछ। प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय तथा प्रदेश वन निर्देशनालयले आवश्यक समन्वय गर्नेछ।

### २४. उच्च मूल्यका गैरकाष्ठ वन पैदावारको विरुवा उत्पादन, वृक्षरोपण तथा विस्तार

## पृष्ठभूमि

उच्च मूल्यका गैरकाष्ठ वन पैदावार (NTFP) अन्तर्गत पर्ने विभिन्न औषधिजन्य, सुगन्धित, खाद्य तथा आर्थिक महत्वका वनस्पतिहरूको उत्पादन तथा व्यावसायिक उपयोगबाट स्थानीय समुदायको आयआर्जन, रोजगारी तथा जीविकोपार्जनमा योगदान पुऱ्याउन सकिन्छ। यस्ता प्रजातिको प्राकृतिक स्रोतमा मात्र निर्भरता रहँदा स्रोतमा दबाब बढ्न सक्ने भएकाले उपयुक्त क्षेत्र तथा निजी/सामुदायिक जग्गामा योजनाबद्ध रूपमा बिरुवा उत्पादन, वृक्षरोपण तथा खेती विस्तार गर्नु आवश्यक हुन्छ। त्यसैले स्थानीय सम्भाव्यता, बजार माग, वातावरणीय उपयुक्तता तथा आर्थिक प्रतिफलका आधारमा उच्च मूल्यका गैरकाष्ठ वन पैदावारको उत्पादन तथा विस्तार कार्यक्रम सञ्चालन गरिनेछ।

## उद्देश्य

- उच्च मूल्यका गैरकाष्ठ वन पैदावारका गुणस्तरीय बिरुवा तथा रोपण सामग्री उत्पादन गर्ने।
- आर्थिक तथा बजार सम्भावना भएका गैरकाष्ठ वन पैदावारको खेती तथा वृक्षरोपण विस्तार गर्ने।
- प्राकृतिक वनमा रहेका महत्वपूर्ण गैरकाष्ठ वन पैदावारमाथिको संकलनजन्य दबाब न्यूनीकरण गर्ने।
- कृषक, सामुदायिक वन तथा स्थानीय समुदायको आयआर्जन र रोजगारीमा योगदान पुऱ्याउने।
- स्थानीय तथा सम्भावित व्यावसायिक प्रजातिको संरक्षण, उत्पादन तथा दिगो उपयोग प्रवर्द्धन गर्ने।

## कार्यान्वयन विधि



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

कृषि, वन तथा पर्यावरण मन्त्रालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

- जिल्लाको भौगोलिक अवस्था, हावापानी, माटोको अवस्था, स्थानीय स्रोत, बजार माग, उत्पादन सम्भाव्यता तथा कृषकको रुचिका आधारमा उच्च मूल्यका गैरकाष्ठ वन पैदावारका प्राथमिक प्रजाति पहिचान गरिनेछ।
- सम्भावित प्रजातिका लागि उपयुक्त बीउ, फल, कलमी, कटिङ, गाना, जरा तथा अन्य प्रजनन सामग्रीको पहिचान तथा सङ्कलन गरिनेछ।
- आवश्यकताअनुसार सरकारी तथा निजी नर्सरीमा प्राविधिक मापदण्डअनुसार गुणस्तरीय बिरुवा उत्पादन गरिनेछ।
- निजी जग्गा, सामुदायिक वन, कबुलियती वन तथा कार्यक्रमबाट स्वीकृत अन्य उपयुक्त क्षेत्रमा प्रजातिको प्रकृति र उद्देश्यअनुसार वृक्षरोपण तथा खेती विस्तार गरिनेछ।
- वृक्षरोपण तथा खेती विस्तारका लागि क्षेत्र छनोट गर्दा जग्गाको स्वामित्व/भोगाधिकार, वातावरणीय उपयुक्तता, पानीको उपलब्धता, बजार पहुँच तथा लाभग्राहीको दीर्घकालीन प्रतिबद्धतालाई ध्यान दिइनेछ।
- रोपणपूर्व जग्गा तयारी, खाडल निर्माण तथा आवश्यक जैविक मलखादको व्यवस्था गरिनेछ। प्रजातिको आवश्यकता तथा स्थानीय अवस्था अनुसार उपयुक्त दूरी कायम गरी बिरुवा रोपण गरिनेछ।
- आवश्यकताअनुसार घेराबार, सिँचाइ, गोडमेल, मलखाद, पुनःरोपण तथा अन्य संरक्षण व्यवस्थापन गरिनेछ।
- उच्च मूल्यका गैरकाष्ठ वन पैदावारको उत्पादनलाई केवल बिरुवा रोपणमा सीमित नराखी उत्पादन, संकलन, प्राथमिक प्रशोधन तथा बजारसँग जोड्ने सम्भावनालाई समेत ध्यान दिइनेछ।
- लाभग्राही कृषक तथा वन उपभोक्ता समूहलाई प्रजातिको खेती प्रविधि, संरक्षण, दिगो संकलन, प्राथमिक प्रशोधन तथा बजारसम्बन्धी आवश्यक प्राविधिक जानकारी उपलब्ध गराइनेछ।
- रोपण तथा खेती विस्तारपछि बिरुवाको वृद्धि, उत्पादन अवस्था तथा लाभग्राहीको सहभागिताको नियमित अनुगमन गरिनेछ।
- उत्पादनको अवस्था, प्रजाति, रोपण क्षेत्रफल, लाभग्राही तथा उपलब्धिका सम्बन्धमा आवश्यक अभिलेख राखी प्रगति प्रतिवेदन तयार गरिनेछ।

**अपेक्षित उपलब्धि**

- उच्च मूल्यका गैरकाष्ठ वन पैदावारका गुणस्तरीय बिरुवाको उपलब्धता वृद्धि भएको हुनेछ।
- आर्थिक तथा बजार सम्भावना भएका गैरकाष्ठ वन पैदावारको खेती तथा वृक्षरोपण क्षेत्र विस्तार भएको हुनेछ।
- गैरकाष्ठ वन पैदावारको उत्पादन तथा स्थानीय उपलब्धता वृद्धि भएको हुनेछ।
- प्राकृतिक स्रोतबाट अनियन्त्रित तथा अत्यधिक संकलन गर्ने दबाब न्यूनीकरण गर्न सहयोग पुगेको हुनेछ।
- कृषक तथा सामुदायिक वन उपभोक्ताको आयआर्जन तथा रोजगारीमा योगदान पुगेको हुनेछ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

- उच्च मूल्यका गैरकाष्ठ वन पैदावारको संरक्षण, उत्पादन तथा दिगो उपयोगमा सुधार भएको हुनेछ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन तथा सव-डिभिजन वन कार्यालयका वन प्राविधिक, जडीबुटीसम्बन्धी प्राविधिक, स्थानीय तहका प्राविधिक, वन उपभोक्ता समूह तथा लाभग्राही किसान परिचालन गरिनेछ। आवश्यकता अनुसार वनस्पति विज्ञ, वनस्पति अनुसन्धान केन्द्रका प्राविधिक तथा अन्य विषयगत प्राविधिकको सहयोग लिन सकिनेछ।

**बजेट व्यवस्थापन**

गुणस्तरीय बीउ तथा प्रजनन सामग्री सङ्कलन/खरिद, नर्सरी व्यवस्थापन, बिरुवा उत्पादन तथा खरिद, पोलिब्याग तथा अन्य नर्सरी सामग्री, माटो तथा मलखाद, जग्गा तयारी, बिरुवा ढुवानी तथा रोपण, घेराबार, सिँचाइ, संरक्षण, प्राविधिक सेवा, क्षमता विकास, अनुगमन तथा अभिलेखीकरण लगायत स्वीकृत कार्यमा प्रचलित आर्थिक कार्यविधि तथा सार्वजनिक खरिदसम्बन्धी कानुनबमोजिम स्वीकृत बजेटको सीमाभित्र रही खर्च गरिनेछ।

**जिम्मेवार निकाय**

सम्बन्धित डिभिजन वन कार्यालय मुख्य जिम्मेवार निकाय रहनेछ। सम्बन्धित स्थानीय तह, सम्बन्धित वनस्पति अनुसन्धान केन्द्र, सामुदायिक/कबुलियती वन उपभोक्ता समूह, नर्सरी लाभग्राही किसान तथा प्रदेशस्तरीय वन/सम्बन्धित निकायले आवश्यक सहयोग गर्नेछन्। प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय तथा प्रदेश वन निर्देशनालयले आवश्यक समन्वय गर्नेछ ।

# ख. वातावरण विभाग (बजेट उपशीर्षक नम्बर - ३१२१००११)

### १. हरित पार्क निर्माण / हरियाली पार्क निर्माण / पार्क निर्माण तथा हरियाली प्रवर्द्धन / पार्क स्तरोन्नती तथा व्यवस्थापन

**पृष्ठभूमि**

तीव्र सहरीकरण, जनसंख्या वृद्धि, अव्यवस्थित पूर्वाधार विकास तथा सार्वजनिक खुला क्षेत्रको अतिक्रमणका कारण शहरी तथा अर्धशहरी क्षेत्रमा हरित क्षेत्र क्रमशः घट्दै गएको छ। हरित पार्कले वायु प्रदूषण न्यूनीकरण, स्थानीय तापक्रम नियन्त्रण, जैविक विविधता संरक्षण, मनोरञ्जन, वातावरणीय शिक्षा तथा सार्वजनिक स्थलको सौन्दर्यीकरणमा महत्वपूर्ण योगदान पुऱ्याउँछ। साथै, विद्यमान पार्कहरूको उचित संरक्षण, स्तरोन्नती तथा व्यवस्थापन हुन नसक्दा निर्माण गरिएका संरचना र हरियालीको दिगोपनामा समस्या देखिन सक्ने भएकाले नयाँ हरित पार्क निर्माणसँगै विद्यमान पार्कको स्तरोन्नती तथा व्यवस्थापनलाई समेत प्राथमिकता दिन आवश्यक छ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

यस कार्यक्रमअन्तर्गत स्थानीय आवश्यकता, उपलब्ध सरकारी तथा सार्वजनिक जग्गा, वातावरणीय संवेदनशीलता र स्थानीय समुदायको मागका आधारमा हरित पार्क निर्माण, विद्यमान पार्कको स्तरोन्नती, हरियाली प्रवर्द्धन तथा आवश्यक वातावरणमैत्री पूर्वाधार निर्माण गरिनेछ।

## उद्देश्य

- शहरी तथा अर्धशहरी क्षेत्रमा हरित क्षेत्र विस्तार गर्ने।
- सार्वजनिक खुला तथा उपयुक्त जग्गाको वातावरणमैत्री उपयोग गर्ने।
- वायु प्रदूषण, धुलो तथा स्थानीय तापक्रम न्यूनीकरणमा योगदान पुर्‍याउने।
- सार्वजनिक स्थलको सौन्दर्यीकरण तथा नागरिकलाई स्वच्छ वातावरण उपलब्ध गराउने।
- जैविक विविधता तथा रैथाने वनस्पति संरक्षणलाई पार्क विकाससँग जोड्ने।
- निर्माण भएका पार्कको दीगो संरक्षण तथा व्यवस्थापन प्रणाली विकास गर्ने।

## कार्यान्वयन विधि

१. सम्बन्धित स्थानीय तह तथा सरोकारवाला निकायसँग समन्वय गरी पार्क निर्माण वा स्तरोन्नतीका लागि उपयुक्त स्थान छनोट गरिनेछ।

२. स्थान छनोट गर्दा जग्गाको स्वामित्व, उपयोगको अवस्था, पहुँच, वातावरणीय संवेदनशीलता, पानीको उपलब्धता, स्थानीय आवश्यकता तथा दीगो व्यवस्थापनको सम्भावनालाई ध्यान दिइनेछ।

३. पार्क निर्माणपूर्व आवश्यकताअनुसार स्थलगत सर्वेक्षण, नक्साङ्कन, ले-आउट, डिजाइन तथा लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ।

४. पार्कमा स्थानीय तथा रैथाने प्रजातिका वृक्ष, बहुवर्षीय फूल, झाडी, घाँस तथा सौन्दर्यपरक वनस्पति रोपण गरिनेछ।

५. आवश्यकताअनुसार पदमार्ग, विश्रामस्थल, सूचना बोर्ड, फोहोर व्यवस्थापन संरचना, खानेपानी, तारबार, Tree Guard तथा अन्य साना वातावरणमैत्री पूर्वाधार निर्माण गर्न सकिनेछ।

६. पार्कको मूल उद्देश्यलाई असर नपर्ने गरी वातावरणीय शिक्षा, जैविक विविधता प्रदर्शन तथा स्थानीय प्राकृतिक सम्पदासम्बन्धी जानकारी दिने संरचना राख्न सकिनेछ।

७. विद्यमान पार्कको हकमा आवश्यकताअनुसार जीर्ण संरचना मर्मत, हरियाली पुनर्स्थापना, वृक्षारोपण, पदमार्ग सुधार, सरसफाइ तथा अन्य स्तरोन्नती कार्य गरिनेछ।

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

८. पार्क निर्माण सम्पन्न भएपछि स्थानीय तह, व्यवस्थापन समिति वा सम्बन्धित संस्थासँग समन्वय गरी नियमित संरक्षण, सरसफाइ, सिँचाइ, गोडमेल तथा मर्मतसम्भारको व्यवस्था गरिनेछ।

९. निर्माण कार्यको गुणस्तर तथा स्तरोन्नती तथा जैविक पाटोको दिगोपना सम्बन्धित निकायबाट नियमित अनुगमन गरिनेछ।

## अपेक्षित उपलब्धि

- व्यवस्थित तथा वातावरणमैत्री हरित पार्क निर्माण/स्तरोन्नती भएको हुनेछ।
- शहरी तथा अर्धशहरी क्षेत्रमा हरित क्षेत्र विस्तार भएको हुनेछ।
- सार्वजनिक स्थलको सौन्दर्य तथा वातावरणीय गुणस्तरमा सुधार भएको हुनेछ।
- स्थानीय समुदायलाई स्वच्छ, सुरक्षित तथा मनोरञ्जनात्मक खुला स्थान उपलब्ध भएको हुनेछ।
- जैविक विविधता तथा रैथाने वनस्पति संरक्षणमा योगदान पुगेको हुनेछ।

## जनशक्ति व्यवस्थापन

सम्बन्धित वातावरण/वन कार्यालयका प्राविधिक कर्मचारी, स्थानीय तहका प्राविधिक कर्मचारी, आवश्यकताअनुसार परामर्शदाता, निर्माण तथा वृक्षारोपणमा संलग्न प्राविधिक/श्रमिक, व्यवस्थापन समिति तथा स्थानीय समुदाय परिचालन गरिनेछ।

## बजेट व्यवस्थापन

स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको सीमाभित्र रही स्थलगत सर्वेक्षण, डिजाइन तथा लागत अनुमान, निर्माण सामग्री, श्रम, बिरुवा तथा रोपण सामग्री, तारबार, Tree Guard, पदमार्ग, सूचना बोर्ड, पानी व्यवस्थापन, सरसफाइ, मर्मतसम्भार, अनुगमन तथा प्रतिवेदन तयारीलगायत स्वीकृत कार्यमा प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानुनबमोजिम खर्च गरिनेछ।

## जिम्मेवार निकाय

- वातावरण सम्बन्धी जिम्मेवार कार्यालय
- सम्बन्धित स्थानीय तह तथा स्थानिय तहको वातावरण हेर्ने इकाई
- सम्बन्धित डिभिजन वन कार्यालय तथा तथा भू-तथा जलाधार व्यवस्थापन कार्यालय
- सम्बन्धित व्यवस्थापन समिति/स्थानीय समुदाय
- अन्य सम्बन्धित सरोकारवाला निकाय



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

- प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय

**२. विशिष्ट स्थान तथा धार्मिक/सांस्कृतिक स्थलमा पार्क निर्माण तथा सौन्दर्यीकरण / मन्दिर परिसरमा पार्क निर्माण तथा व्यवस्थापन / धार्मिक तथा सांस्कृतिक स्थलको वातावरण संरक्षण तथा पूर्वाधार निर्माण**

<u>पृष्ठभूमि</u>

धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक स्थलहरू स्थानीय पहिचान, सामाजिक एकता, पर्यटन तथा वातावरणीय दृष्टिले महत्वपूर्ण छन्। यस्ता स्थलमा अव्यवस्थित फोहोर, हरियालीको कमी, कमजोर व्यवस्थापन तथा आधारभूत पूर्वाधारको अभावले वातावरणीय तथा सौन्दर्यात्मक अवस्था कमजोर हुन सक्छ। धार्मिक तथा सांस्कृतिक महत्वलाई कायम राख्दै वातावरणमैत्री पार्क, हरियाली तथा आवश्यक साना पूर्वाधार विकास गर्नाले स्थलको संरक्षण, सौन्दर्यीकरण तथा उपयोग दुवैमा सुधार गर्न सकिन्छ।

<u>उद्देश्य</u>

- धार्मिक तथा सांस्कृतिक स्थलको वातावरणीय अवस्था सुधार गर्ने।
- स्थलको प्राकृतिक तथा सांस्कृतिक सौन्दर्य संरक्षण गर्ने।
- हरियाली तथा सार्वजनिक खुला क्षेत्र विकास गर्ने।
- स्थानीय तथा बाह्य आगन्तुकका लागि स्वच्छ र व्यवस्थित वातावरण सिर्जना गर्ने।
- धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षणलाई वातावरण संरक्षणसँग जोड्ने।

<u>कार्यान्वयन विधि</u>

१. सम्बन्धित स्थानीय तह, धार्मिक/सांस्कृतिक संस्था तथा सरोकारवालासँग समन्वय गरी स्थानको आवश्यकता पहिचान गरिनेछ।

२. स्थलको धार्मिक, सांस्कृतिक तथा पुरातात्त्विक संवेदनशीलता कायम राखी पार्क, हरियाली तथा पूर्वाधारको डिजाइन तयार गरिनेछ।

३. स्थलको मौलिक स्वरूपमा असर नपर्ने गरी वृक्षारोपण, फूलबारी, घाँस, विश्रामस्थल, पदमार्ग, सूचना बोर्ड तथा फोहोर व्यवस्थापन संरचना निर्माण गरिनेछ।

४. आवश्यकताअनुसार पानी व्यवस्थापन, बस्ने स्थान, तारबार तथा अन्य साना वातावरणमैत्री संरचना निर्माण गर्न सकिनेछ।

५. स्थानीय तथा धार्मिक महत्वका वनस्पति संरक्षणलाई प्राथमिकता दिइनेछ।



डा. राजेन्द्र प्रसाद मि...
सचिव

६. निर्माणपछि सम्बन्धित धार्मिक/सांस्कृतिक संस्था तथा स्थानीय तहको सहकार्यमा संरक्षण तथा सरसफाइको व्यवस्था गरिनेछ।

## अपेक्षित उपलब्धि

- धार्मिक तथा सांस्कृतिक स्थलको वातावरणीय तथा सौन्दर्यात्मक अवस्था सुधार भएको हुनेछ।
- हरियाली तथा सार्वजनिक खुला क्षेत्र विस्तार भएको हुनेछ।
- आगन्तुकका लागि व्यवस्थित तथा स्वच्छ वातावरण सिर्जना भएको हुनेछ।
- स्थानीय सांस्कृतिक पहिचान तथा प्राकृतिक सम्पदाको संरक्षणमा योगदान पुगेको हुनेछ।

## जनशक्ति व्यवस्थापन

सम्बन्धित कार्यालयका प्राविधिक कर्मचारी, स्थानीय तह, धार्मिक/सांस्कृतिक संस्था, निर्माण प्राविधिक, श्रमिक तथा स्थानीय समुदाय परिचालन गरिनेछ।

## बजेट व्यवस्थापन

स्वीकृत बजेटबाट डिजाइन, निर्माण सामग्री, श्रम, वृक्षारोपण, सरसफाइ, साना पूर्वाधार, सूचना बोर्ड, संरक्षण संरचना, मर्मतसम्भार, अनुगमन तथा प्रतिवेदनमा खर्च गरिनेछ। खर्च प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानुनबमोजिम बजेट सीमाभित्र रहेर गरिनेछ।

## जिम्मेवार निकाय

- वातावरण सम्बन्धी जिम्मेवार कार्यालय
- सम्बन्धित स्थानीय तह तथा स्थानिय तहको वातावरण हेर्ने इकाई
- सम्बन्धित डिभिजन वन कार्यालय तथा तथा भू-तथा जलाधार व्यवस्थापन कार्यालय
- सम्बन्धित व्यवस्थापन समिति/स्थानीय समुदाय
- अन्य सम्बन्धित सरोकारवाला निकाय
- प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय

### ३. सरकारी खाली जग्गामा हरियाली पार्क निर्माण / डिभिजन तथा सव–डिभिजन वन कार्यालय परिसरमा हरित पार्क निर्माण

## पृष्ठभूमि

सहरीकरण, जनसंख्या वृद्धि तथा पूर्वाधार विकासका कारण सार्वजनिक खुला तथा हरियाली क्षेत्रहरू क्रमशः घट्दै गएका छन्। हरियाली पार्कले वातावरणीय सन्तुलन कायम गर्नुका साथै वायु प्रदूषण न्यूनीकरण, जैविक विविधता संरक्षण, मनोरञ्जन, पर्यावरणीय शिक्षा तथा समुदायको स्वास्थ्य प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउँछ



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सरकारी स्वामित्वमा रहेका खाली तथा उपयोगविहीन जग्गा वातावरणीय दृष्टिले महत्वपूर्ण हरित क्षेत्रका रूपमा विकास गर्न सकिन्छ। विशेषगरी डिभिजन तथा सव–डिभिजन वन कार्यालय परिसरलाई हरित तथा नमुना वातावरणमैत्री परिसरका रूपमा विकास गर्दा कार्यालय सौन्दर्यीकरणसँगै वन तथा वातावरणसम्बन्धी जनचेतना अभिवृद्धि गर्न समेत सहयोग पुग्छ। संलग्न कार्यविधिमा पनि सरकारी खाली जग्गाको सदुपयोग गरी हरियाली पार्क निर्माण गर्ने कार्यलाई वातावरण विभागअन्तर्गत राखिएको छ।

## उद्देश्य

- सरकारी खाली जग्गाको वातावरणमैत्री उपयोग गर्ने।
- सरकारी कार्यालय परिसरलाई हरित तथा नमुना वातावरणमैत्री क्षेत्रका रूपमा विकास गर्ने।
- शहरी तथा अर्धशहरी क्षेत्रमा हरित क्षेत्र विस्तार गर्ने।
- रैथाने तथा बहुवर्षीय वनस्पति संरक्षण गर्ने।

## कार्यान्वयन विधि

१. सम्बन्धित सरकारी निकाय तथा स्थानीय तहसँग समन्वय गरी जग्गाको स्वामित्व तथा उपयोग अवस्था यकिन गरिनेछ।

२. स्थलको प्राविधिक सर्वेक्षण गरी हरित पार्क/हरित परिसरको ले-आउट तयार गरिनेछ।

३. स्थानअनुकूल रैथाने तथा बहुवर्षीय वृक्ष तथा वनस्पति छनोट गरी रोपण गरिनेछ।

४. कार्यालय परिसरको प्रकृति हेरी फूलबारी, घाँस क्षेत्र, वृक्ष समूह, पदमार्ग, विश्रामस्थल, सूचना बोर्ड तथा फोहोर व्यवस्थापन संरचना निर्माण गर्न सकिनेछ।

५. पार्कमा आवश्यकताअनुसार दुबो रोपण, पदमार्ग निर्माण, विश्रामस्थल (Bench), गोलघर, सूचना बोर्ड, प्रकाश व्यवस्था, फोहोर व्यवस्थापन तथा अन्य आवश्यक पूर्वाधार निर्माण गर्न सकिनेछ।

६. वातावरणीय शिक्षा तथा जैविक विविधताको प्रवर्द्धनका लागि वन्यजन्तु, वनस्पति तथा अन्य प्राकृतिक सम्पदासँग सम्बन्धित शैक्षिक तथा सौन्दर्यपरक संरचना निर्माण गर्न सकिनेछ।

७. पार्कको संरक्षण, सरसफाइ तथा नियमित मर्मतसम्भार सम्बन्धित कार्यालय/निकाय तथा स्थानीय तह वा व्यवस्थापन समितिको सहकार्यमा सञ्चालन गरिनेछ।

## अपेक्षित उपलब्धि

- सरकारी खाली जग्गा हरित क्षेत्रमा परिणत भएको हुनेछ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

- सम्बन्धित कार्यालय परिसरको वातावरणीय तथा सौन्दर्यात्मक अवस्था सुधार भएको हुनेछ।
- रैथाने वनस्पति संरक्षण तथा वातावरणीय शिक्षा प्रवर्द्धन भएको हुनेछ।

जनशक्ति व्यवस्थापन

सम्बन्धित कार्यालयका (डिभिजन तथा सब-डिभिजन कार्यालय तथा अन्य) प्राविधिक कर्मचारी, स्थानीय तह तथा सम्बन्धित वातावरण कार्यालय/इकाईका प्राविधिक कर्मचारी तथा स्थानीय समुदाय परिचालन गरिनेछ।

बजेट व्यवस्थापन

बजेटबाट स्थल विकास, बिरुवा, रोपण, Tree Guard, तारबार, पदमार्ग, सूचना बोर्ड, सिँचाइ, सरसफाइ तथा आवश्यक साना पूर्वाधार जस्ता स्वीकृत कार्यमा प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानुनबमोजिम स्वीकृत बजेट सीमाभित्र रहि खर्च गरिनेछ।

जिम्मेवार निकाय

- वातावरण सम्बन्धी जिम्मेवार कार्यालय
- सम्बन्धित स्थानीय तह तथा स्थानिय तहको वातावरण हेर्ने इकाई
- सम्बन्धित डिभिजन वन कार्यालय तथा तथा भू-तथा जलाधार व्यवस्थापन कार्यालय
- सम्बन्धित व्यवस्थापन समिति/स्थानीय समुदाय
- अन्य सम्बन्धित सरोकारवाला निकाय
- प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय

**४. शहरी हरियाली प्रवर्द्धन तथा सडक क्षेत्र वृक्षारोपण / स्थानीय तहको सहकार्यमा नगर हरियाली कार्यक्रम / शहरी वृक्षारोपणका लागि बहुवर्षे विरुवा उत्पादन**

पृष्ठभूमि

शहरीकरणका कारण सडक किनार, सार्वजनिक खुला क्षेत्र तथा नदी किनारमा हरियाली घट्दै जाँदा वायु प्रदूषण, धुलो, तापक्रम वृद्धि तथा शहरी वातावरणीय गुणस्तरमा ह्रास आउने गरेको छ। बहुवर्षीय तथा रैथाने बिरुवा उत्पादन गरेर शहरी क्षेत्रको उपयुक्त स्थानमा रोपण गरी दीगो हरित पूर्वाधार विकास गर्न आवश्यक छ। यस कृयाकलापमा स्थानीय तहसँगको सहकार्यमा सडक किनार, नदी किनार तथा सार्वजनिक खुला क्षेत्रमा वृक्षारोपण, Tree Guard तथा नियमित संरक्षणको व्यवस्था प्रस्तावित छ।

उद्देश्य

- नगर क्षेत्रमा हरियाली विस्तार गर्ने।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

- सडक तथा सार्वजनिक क्षेत्रको वातावरणीय गुणस्तर सुधार गर्ने।
- वायु प्रदूषण तथा शहरी तापक्रम न्यूनीकरणमा योगदान पुऱ्याउने।
- स्थानीय तहमा दीगो शहरी वृक्षारोपण प्रणाली विकास गर्ने।
- स्थानिय तहको वारावरण संरक्षण क्षमता अभिबृद्धि गर्ने।
- स्थानीय तथा बहुवर्षीय बिरुवाको उत्पादन र प्रयोग बढाउने।

**कार्यान्वयन विधि**

१. स्थानीय तहसँग समन्वय गरी सडक किनार, नदी किनार, सार्वजनिक खुला क्षेत्र तथा अन्य उपयुक्त स्थानको पहिचान गरिनेछ।

२. वृक्षारोपणका लागि सडकको चौडाइ, भूमिगत संरचना, विद्युत लाइन, पानी निकास, पैदलयात्री तथा सवारी सुरक्षालाई ध्यान दिइनेछ।

३. स्थानीय हावापानी तथा स्थानअनुकूल बहुवर्षीय रैथाने प्रजातिका बिरुवा उत्पादन गरिनेछ तथा आवश्यकता अनुसार खरिद गरिनेछ।

४. आवश्यकताअनुसार उपयुक्त आकारका स्वस्थ बिरुवा छनोट गरी रोपण गरिनेछ।

५. सडक किनार तथा सार्वजनिक स्थानमा बिरुवाको संरक्षण तथा आवश्यक सुरक्षा व्यवस्थाका लागि Tree Guard, तारबार वा अन्य सुरक्षा संरचना निर्माण गरिनेछ।

६. वृक्षारोपणको उपयुक्त मौसम निर्धारण गरी रोपण गरिनेछ।

७. स्थानीय तहको सहकार्यमा सिँचाइ, गोडमेल, मलजल, प्रतिस्थापन तथा संरक्षणको व्यवस्था गरिनेछ।

८. बिरुवाको Survival दर अभिलेख राखी नियमित अनुगमन गरिनेछ।

**अपेक्षित उपलब्धि**

- नगर क्षेत्रमा हरियाली विस्तार भएको हुनेछ।
- सडक तथा सार्वजनिक स्थानको सौन्दर्य तथा वातावरणीय गुणस्तर सुधार भएको हुनेछ।
- स्वस्थ तथा बहुवर्षीय वृक्षको संख्या वृद्धि भएको हुनेछ।
- स्थानीय तहको शहरी हरित व्यवस्थापन क्षमता अभिवृद्धि भएको हुनेछ।

**जनशक्ति व्यवस्थापन**



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सम्बन्धित वातावरण/वन कार्यालयका प्राविधिक कर्मचारी, स्थानीय तहका प्राविधिक कर्मचारी, नर्सरी प्राविधिक, स्थानीय समुदाय तथा आवश्यक श्रमिक परिचालन गरिनेछ।

## बजेट व्यवस्थापन

नर्सरी स्थापना/सञ्चालन, बिरुवा उत्पादन/खरिद, माटो तयारी, वृक्षारोपण, Tree Guard, तारबार, सिँचाइ, गोडमेल, मलखाद, प्रतिस्थापन, अनुगमन तथा अभिलेखीकरणमा स्वीकृत बजेट खर्च गरिनेछ।

## जिम्मेवार निकाय

- वातावरण सम्बन्धी जिम्मेवार कार्यालय
- डिभिजन वन कार्यालय
- सम्बन्धित स्थानीय तह
- स्थानीय समुदाय/सामुदायिक संस्था

### ५. शहरी वृक्षारोपणका लागि Hi-Tech Nursery सञ्चालन तथा व्यवस्थापन

## पृष्ठभूमि

शहरी वृक्षारोपण कार्यक्रमको प्रभावकारिता गुणस्तरीय, स्वस्थ तथा स्थानअनुकूल बिरुवाको नियमित उपलब्धतामा निर्भर हुन्छ। सामान्य नर्सरीबाट पर्याप्त संख्यामा गुणस्तरीय बहुवर्षीय बिरुवा उत्पादन गर्न कठिन हुने अवस्थामा Hi-Tech Nursery को प्रयोग गरी गुणस्तरीय बिरुवा उत्पादन तथा व्यवस्थापन गर्न सकिन्छ।

## उद्देश्य

- शहरी वृक्षारोपणका लागि गुणस्तरीय बिरुवा उत्पादन गर्ने।
- बहुवर्षीय तथा रैथाने प्रजातिको बिरुवा उत्पादन क्षमता बढाउने।
- बिरुवाको Survival Rate वृद्धि गर्ने।
- शहरी हरियाली कार्यक्रमका लागि नियमित बिरुवा आपूर्ति सुनिश्चित गर्ने।

## कार्यान्वयन विधि

१. उपलब्ध Hi-Tech Nursery को प्राविधिक तथा भौतिक अवस्थाको मूल्याङ्कन गरिनेछ।

२. आवश्यकताअनुसार संरचना मर्मत, सिंचाइ, नर्सरी बेड, ट्रे, पोलिब्याग, माटो/मिडिया (Substrate), बीउ तथा अन्य सामग्री व्यवस्थापन गरिनेछ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

३. शहरी क्षेत्रका लागि उपयुक्त रैथाने, बहुवर्षीय, छायाँ दिने तथा सौन्दर्यपरक प्रजाति छनोट गरिनेछ।

४. बीउ/कलमी/कटिङबाट वैज्ञानिक नर्सरी प्रविधिअनुसार बिरुवा उत्पादन गरिनेछ।

५. बिरुवामा नियमित पानी, पोषण, रोगकीरा व्यवस्थापन तथा हार्डेनिङ गरिनेछ।

६. उत्पादन भएका बिरुवाको प्रजाति, संख्या, उत्पादन मिति तथा वितरण विवरण अभिलेख राखिनेछ।

७. शहरी वृक्षारोपण कार्यक्रम तथा सम्बन्धित स्थानीय तहलाई प्राथमिकताका आधारमा बिरुवा उपलब्ध गराइनेछ।

**अपेक्षित उपलब्धि**

- Hi-Tech Nursery नियमित तथा प्रभावकारी रूपमा सञ्चालन भएको हुनेछ।
- शहरी वृक्षारोपणका लागि गुणस्तरीय बिरुवा उपलब्ध भएको हुनेछ।
- बिरुवा उत्पादन तथा उपयोगमा स्थानीय क्षमता अभिवृद्धि भएको हुनेछ।

**जनशक्ति व्यवस्थापन**

नर्सरी प्राविधिक, नर्सरी नाइके, सम्बन्धित वातावरण/वन कार्यालयका कर्मचारी, दक्ष तथा अर्धदक्ष श्रमिक परिचालन गरिनेछ।

**बजेट व्यवस्थापन**

नर्सरी मर्मत, बीउ/कटिङ, पोलिब्याग/ट्रे, माटो तथा मिडिया, सिंचाइ, मल, रोगकीरा व्यवस्थापन, श्रम, उपकरण, मर्मतसम्भार तथा बिरुवा व्यवस्थापनमा जस्ता स्वीकृत कार्यमा प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानुनबमोजिम खर्च गरिनेछ। स्वीकृत बजेट सीमाभित्र रहि खर्च गरिनेछ।

**जिम्मेवार निकाय**

- वातावरण सम्बन्धी जिम्मेवार कार्यालय
- नर्सरी व्यवस्थापन इकाइ
- सम्बन्धित स्थानीय तह तथा स्थानिय तहको वातावरण हेर्ने इकाई
- सम्बन्धित डिभिजन वन कार्यालय तथा तथा भू-तथा जलाधार व्यवस्थापन कार्यालय
- सम्बन्धित व्यवस्थापन समिति/स्थानीय समुदाय
- अन्य सम्बन्धित सरोकारवाला निकाय
- प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

## ६. वृक्षारोपण तथा चौतारा/मुहान संरक्षण / वर, पिपल, समी तथा लाकुरी रोपण तथा चौतारा व्यवस्थापन / मुहान संरक्षण तथा वृक्षारोपण

### पृष्ठभूमि

चौतारा, पानीका मुहान तथा परम्परागत सार्वजनिक स्थलहरू स्थानीय वातावरण, जैविक विविधता तथा सामाजिक-सांस्कृतिक जीवनसँग जोडिएका छन्। वर, पिपल, समी, लाकुरीलगायतका वृक्षले छहारी, भू- संरक्षण, जैविक विविधता संरक्षण तथा स्थानीय सौन्दर्यमा योगदान पुऱ्याउँछन्। मुहान तथा चौतारा वरपरको हरियाली संरक्षण तथा पुनर्स्थापना गर्दा पानीका स्रोत र स्थानीय वातावरण दुवैको संरक्षणमा सहयोग पुग्छ।

### उद्देश्य

- पानीका मुहान तथा चौताराको संरक्षण गर्ने।
- स्थानीय तथा परम्परागत महत्वका वृक्ष प्रजातिको संरक्षण गर्ने।
- वृक्षारोपणमार्फत स्थानीय वातावरण सुधार गर्ने।
- चौतारा तथा मुहानलाई स्वच्छ, हरित तथा व्यवस्थित बनाउने।

### कार्यान्वयन विधि

१. संरक्षण आवश्यक भएका मुहान, चौतारा तथा सार्वजनिक स्थलको पहिचान गरिनेछ।

२. मुहानको आसपासको जलाधार तथा निकास अवस्थाको सामान्य मूल्याङ्कन गरिनेछ।

३. स्थानअनुकूल वर, पिपल, समी, लाकुरी तथा अन्य रैथाने प्रजाति छनोट गरी रोपण गरिनेछ।

४. मुहानमा फोहोर तथा प्रदूषण प्रवेश रोक्न आवश्यक संरक्षण संरचना निर्माण गरिनेछ।

५. चौतारा जीर्ण अवस्थामा भए मर्मत तथा आवश्यकताअनुसार पुनर्निर्माण गरिनेछ।

६. वृक्षको संरक्षणका लागि Tree Guard/तारबार तथा सिँचाइको व्यवस्था गरिनेछ।

७. स्थानीय समुदायको सहभागितामा नियमित संरक्षण तथा सरसफाइ गरिनेछ।

### अपेक्षित उपलब्धि

- मुहान तथा चौतारा संरक्षण भएको हुनेछ।
- स्थानीय तथा धार्मिक/सांस्कृतिक महत्वका वृक्षको संरक्षण भएको हुनेछ।
- हरियाली तथा सार्वजनिक स्थलको वातावरणीय अवस्था सुधार भएको हुनेछ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## जनशक्ति व्यवस्थापन

सम्बन्धित कार्यालयका प्राविधिक कर्मचारी, स्थानीय तह, स्थानीय समुदाय तथा आवश्यक श्रमिक परिचालन गरिनेछ।

## बजेट व्यवस्थापन

बिरुवा, रोपण, संरक्षण संरचना, चौतारा मर्मत, सरसफाइ, सिँचाइ तथा अनुगमनमा स्वीकृत कार्यमा प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानुनबमोजिम स्वीकृत बजेट सीमाभित्र रहि खर्च गरिनेछ।

## जिम्मेवार निकाय

- वातावरण सम्बन्धी जिम्मेवार कार्यालय
- सम्बन्धित स्थानीय तह तथा स्थानिय तहको वातावरण हेर्ने इकाई
- सम्बन्धित डिभिजन वन कार्यालय तथा तथा भू-तथा जलाधार व्यवस्थापन कार्यालय
- सम्बन्धित व्यवस्थापन समिति/स्थानीय समुदाय
- अन्य सम्बन्धित सरोकारवाला निकाय
- प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय

### ७. सिमसार क्षेत्र संरक्षण, सौन्दर्यीकरण तथा हरित पार्क निर्माण

## पृष्ठभूमि

ताल तथा सिमसार क्षेत्र जैविक विविधता, जलचरको बासस्थान, जलस्रोत संरक्षण, स्थानीय जलवायु सन्तुलन तथा पर्यटनका दृष्टिले महत्वपूर्ण छन्। फोहोर, प्लास्टिक, मिचाहा प्रजाति, अतिक्रमण तथा अव्यवस्थित उपयोगका कारण यस्ता क्षेत्रको पारिस्थितिक अवस्था कमजोर हुँदै जान सक्छ। ताल तथा सिमसारको सरसफाइ, मिचाहा प्रजाति नियन्त्रण, मुहान संरक्षण, किनार व्यवस्थापन तथा स्थानीय सहभागिताबाट सिमसार संरक्षण तथा सौन्दर्यीकरण गरी सार्वजनिक स्थललाई हरित पार्कका रूपमा विकास गर्न सकिएमा वातावरणीय शिक्षा, प्रजाति संरक्षण तथा स्थानीय सौन्दर्यीकरणमा संयुक्त लाभ प्राप्त गर्न सकिन्छ।

## उद्देश्य

- ताल तथा सिमसार क्षेत्रको संरक्षण र स्वच्छता कायम गर्ने।
- जलचर तथा जैविक विविधताको बासस्थान संरक्षण गर्ने।
- प्लास्टिक तथा अन्य फोहोरको प्रदूषण न्यूनीकरण गर्ने।
- मिचाहा प्रजाति नियन्त्रण गर्ने।
- सिमसार क्षेत्रको वातावरणमैत्री सौन्दर्यीकरण गर्ने।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

* हरित क्षेत्र विस्तार गर्ने।

कृषि, वन तथा पर्यावरण मन्त्रालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

**कार्यान्वयन विधि**

१. ताल/सिमसारको वर्तमान अवस्था, प्रदूषण, फोहोर, मिचाहा प्रजाति तथा किनारको अवस्थाको प्रारम्भिक मूल्याङ्कन गरिनेछ।

२. संरक्षण तथा व्यवस्थापनका लागि कार्ययोजना तयार गरिनेछ।

३. प्लास्टिक तथा अन्य फोहोर संकलन गरी उचित व्यवस्थापन गरिनेछ।

४. जलकुम्भी तथा अन्य मिचाहा प्रजातिको आवश्यकताअनुसार नियन्त्रण तथा व्यवस्थापन गरिनेछ।

५. प्राकृतिक मुहान, पानीको निकास तथा जलप्रवाहको संरक्षण गरिनेछ।

६. ताल तथा सिमसार क्षेत्रको किनारमा स्थानअनुकूल वृक्ष तथा घाँस रोपण गरी भूक्षय तथा किनार क्षति न्यूनीकरण गरिनेछ।

७. प्रजाति परिचय बोर्ड तथा वातावरणीय शिक्षा सामग्री राख्न सकिनेछ। आवश्यकताअनुसार डस्टबिन, सूचना बोर्ड, पैदलमार्ग, विश्रामस्थल तथा अन्य वातावरणमैत्री संरचना निर्माण गर्न सकिनेछ।

८. स्थानीय समुदाय, विद्यालय तथा स्थानीय तहको सहभागितामा सरसफाइ तथा संरक्षण अभियान सञ्चालन गरिनेछ।

९. ताल तथा सिमसार क्षेत्रको सम्बन्धित निकाबाट वातावरणीय अवस्था र कार्यक्रमको प्रभाव नियमित अनुगमन गरिनेछ।

**अपेक्षित उपलब्धि**

* ताल तथा सिमसार क्षेत्रको स्वच्छता सुधार भएको हुनेछ।
* प्लास्टिक तथा अन्य फोहोरमा कमी आएको हुनेछ।
* मिचाहा प्रजातिको प्रभाव न्यूनीकरण भएको हुनेछ।
* जलचर तथा जैविक विविधताको बासस्थान संरक्षण भएको हुनेछ।
* स्थानीय समुदायको सहभागितामा सिमसार व्यवस्थापन प्रणाली सुदृढ भएको हुनेछ।

**जनशक्ति व्यवस्थापन**



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

वन/वातावरण कार्यालयका प्राविधिक कर्मचारी, स्थानीय तह, ताल व्यवस्थापन समिति/उपभोक्ता समिति, स्थानीय समुदाय तथा आवश्यकताअनुसार जलाधार/वातावरण विज्ञ परिचालन गरिनेछ।

**बजेट व्यवस्थापन**

सरसफाइ, फोहोर संकलन, मिचाहा प्रजाति व्यवस्थापन, वृक्षारोपण, किनार संरक्षण, डस्टबिन, सूचना बोर्ड, आवश्यक साना संरचना, अनुगमन तथा प्रतिवेदन तयारी जस्ता स्वीकृत कार्यमा प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानुनबमोजिम स्वीकृत बजेट सीमाभित्र रहि खर्च गरिनेछ।

**जिम्मेवार निकाय**

- वातावरण सम्बन्धी जिम्मेवार कार्यालय
- सम्बन्धित स्थानीय तह तथा स्थानिय तहको वातावरण हेर्ने इकाई
- सम्बन्धित डिभिजन वन कार्यालय तथा तथा भू-तथा जलाधार व्यवस्थापन कार्यालय
- सम्बन्धित व्यवस्थापन समिति/स्थानीय समुदाय
- ताल/सिमसार व्यवस्थापन समिति
- अन्य सम्बन्धित सरोकारवाला निकाय
- प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय

## ८. जैविक विविधता संरक्षण तथा हरित पार्क निर्माण

**पृष्ठभूमि**

स्थानीय जैविक विविधताको संरक्षणसँगै सार्वजनिक स्थललाई हरित पार्कका रूपमा विकास गर्न सकिएमा वातावरणीय शिक्षा, प्रजाति संरक्षण तथा स्थानीय सौन्दर्यीकरणमा संयुक्त लाभ प्राप्त गर्न सकिन्छ। यस प्रकारका पार्कमा स्थानीय तथा रैथाने वनस्पतिको संरक्षण र प्रदर्शनलाई प्राथमिकता दिन सकिन्छ।

**उद्देश्य**

- स्थानीय जैविक विविधताको संरक्षण गर्ने।
- जैविक विविधता र हरित पूर्वाधारबीच समन्वय गर्ने।
- स्थानीय वनस्पति तथा प्रजातिको संरक्षण तथा परिचय गराउने।
- वातावरणीय शिक्षा तथा जनचेतना अभिवृद्धि गर्ने।

**कार्यान्वयन विधि**

१. जैविक विविधताको दृष्टिले उपयुक्त स्थान पहिचान गरिनेछ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

२. विद्यमान वनस्पति तथा जैविक विविधताको प्रारम्भिक अभिलेख तयार गरिनेछ।

३. रैथाने तथा स्थानीय महत्वका प्रजाति संरक्षण गरी आवश्यक थप प्रजाति रोपण गरिनेछ।

४. पार्कमा प्रजाति परिचय बोर्ड तथा वातावरणीय शिक्षा सामग्री राख्न सकिनेछ।

५. प्राकृतिक संरचना जोगाउँदै आवश्यक पदमार्ग, विश्रामस्थल तथा अन्य साना संरचना निर्माण गरिनेछ।

६. स्थानीय समुदायको सहभागितामा सम्बन्धित निकायले पार्क संरक्षण तथा अनुगमन गरिनेछ।

## अपेक्षित उपलब्धि

- जैविक विविधता संरक्षणका लागि नमुना हरित क्षेत्र विकास भएको हुनेछ।
- रैथाने वनस्पतिको संरक्षण तथा परिचय भएको हुनेछ।
- वातावरणीय शिक्षा तथा जनचेतना अभिवृद्धि भएको हुनेछ।

## जनशक्ति व्यवस्थापन

वातावरण/वन प्राविधिक, स्थानीय तह, वनस्पति/जैविक विविधता विज्ञ तथा स्थानीय समुदाय परिचालन गरिनेछ।

## बजेट व्यवस्थापन

बिरुवा, संरक्षण, पार्क विकास, सूचना बोर्ड, पदमार्ग, सरसफाइ, अनुगमन तथा आवश्यक संरचना लगायत स्वीकृत कार्यमा प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानुनबमोजिम बजेटको सीमाभित्र रही खर्च गरिनेछ ।

## जिम्मेवार निकाय

- वातावरण सम्बन्धी जिम्मेवार कार्यालय
- सम्बन्धित स्थानीय तह तथा स्थानिय तहको वातावरण हेर्ने इकाई
- सम्वन्धित डिभिजन वन कार्यालय तथा तथा भू-तथा जलाधार व्यवस्थापन कार्यालय
- सम्बन्धित व्यवस्थापन समिति/स्थानीय समुदाय
- अन्य सम्बन्धित सरोकारवाला निकाय
- प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय
- जैविक विविधता/हरित पार्क व्यवस्थापन समिति

**९. जिल्ला स्थित सब-डिभिजन स्तरमा रैथाने/लोपोन्मुख बिरुवाहरु संरक्षणको लागि बोटानिकल गार्डेन निर्माण**



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

कृषि, वन तथा पर्यावरण मन्त्रालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

## पृष्ठभूमि

नेपालका विभिन्न भौगोलिक क्षेत्रमा पाइने रैथाने तथा लोपोन्मुख वनस्पति प्रजातिहरू प्राकृतिक तथा मानवीय कारणबाट जोखिममा छन्। सब-डिभिजन स्तरमा बोटानिकल गार्डेन विकास गर्दा स्थानीय प्रजातिको संरक्षण, अध्ययन, प्रदर्शन, बीउ तथा वनस्पति स्रोत संरक्षण र वातावरणीय शिक्षाका लागि स्थायी आधार तयार गर्न सकिन्छ।

## उद्देश्य

- रैथाने तथा लोपोन्मुख वनस्पतिको संरक्षण गर्ने।
- स्थानीय वनस्पति प्रजातिको अभिलेखीकरण तथा प्रदर्शन गर्ने।
- बिरुवा तथा बीउ संरक्षणका लागि जीवित संग्रह स्थापना गर्ने।
- विद्यार्थी तथा समुदायका लागि वनस्पति अध्ययन केन्द्रको रूपमा विकास गर्ने।

## कार्यान्वयन विधि

१. उपयुक्त सरकारी/सार्वजनिक जग्गा छनोट गरिनेछ।

२. स्थानीय क्षेत्रमा पाइने रैथाने, दुर्लभ तथा लोपोन्मुख वनस्पतिको प्रारम्भिक सूची तयार गरिनेछ।

३. गार्डेनको ले-आउट तथा प्राविधिक डिजाइन तयार गरिनेछ।

४. प्रजातिअनुसार उपयुक्त क्षेत्र छुट्याई बिरुवा रोपण तथा संरक्षण गरिनेछ।

५. प्रत्येक महत्वपूर्ण प्रजातिका लागि परिचय बोर्ड राखिनेछ।

६. आवश्यकताअनुसार नर्सरी/प्रोपागेसन क्षेत्र स्थापना गरी थप बिरुवा उत्पादन गरिनेछ।

७. गार्डेनलाई शैक्षिक भ्रमण तथा वातावरणीय सचेतनाका लागि प्रयोग गर्न सकिनेछ।

८. प्रजातिको जीवित अवस्था तथा संरक्षण प्रभावको नियमित अभिलेख राखिनेछ।

## अपेक्षित उपलब्धि

- रैथाने तथा लोपोन्मुख वनस्पतिको जीवित संरक्षण केन्द्र स्थापना भएको हुनेछ।
- स्थानीय वनस्पति प्रजातिको अभिलेख तथा प्रदर्शन भएको हुनेछ।
- वातावरणीय शिक्षा तथा अनुसन्धानका लागि आधार तयार भएको हुनेछ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

कृषि, वन तथा पर्यावरण मन्त्रालय
नेपाल सरकार
सिंहदरवार, काठमाडौं

जनशक्ति व्यवस्थापन

वनस्पति/वन प्राविधिक, नर्सरी प्राविधिक, सम्बन्धित कार्यालयका कर्मचारी, स्थानीय समुदाय तथा आवश्यकताअनुसार विषयगत विज्ञ परिचालन गरिनेछ।

बजेट व्यवस्थापन

स्थल विकास, नर्सरी, बिरुवा, सूचना बोर्ड, संरक्षण, सिंचाइ, सरसफाइ, श्रम तथा अनुगमन लगायतका स्वीकृत कार्यमा प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानुनबमोजिम बजेटको सीमाभित्र रही खर्च गरिनेछ ।

जिम्मेवार निकाय

- वातावरण सम्बन्धी जिम्मेवार कार्यालय
- सम्बन्धित स्थानीय तह तथा स्थानिय तहको वातावरण हेर्ने इकाई
- सम्बन्धित डिभिजन वन कार्यालय
- सम्बन्धित व्यवस्थापन समिति/स्थानीय समुदाय
- अन्य सम्बन्धित सरोकारवाला निकाय
- प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय
- विषयगत विज्ञ/शैक्षिक संस्था

**१०. पहिरो नियन्त्रण गर्दै बाँस रोपण सहित हरियाली प्रवर्द्धन / पहिरो नियन्त्रण तथा हरियाली प्रवर्द्धनका लागि बाँस रोपण**

पृष्ठभूमि

पहिरो तथा भूक्षय प्रभावित क्षेत्रमा संरचनात्मक उपायसँगै उपयुक्त वनस्पति प्रयोग गरी भू-संरक्षण गर्न सकिन्छ। बाँसको जरा प्रणाली तथा तीव्र वृद्धि क्षमताका कारण उपयुक्त स्थानमा बाँस रोपणले माटो बाँध्ने, भू-क्षय स्थिरीकरण गर्ने तथा हरियाली विस्तार गर्ने कार्यमा सहयोग पुऱ्याउन सक्छ। यसलाई आवश्यकताअनुसार अन्य जैविक तथा इन्जिनियरिङ उपायसँग समन्वय गरी कार्यान्वयन गरिनेछ।

उद्देश्य

- पहिरो तथा भूक्षय प्रभावित क्षेत्रको स्थिरीकरण गर्ने।
- बाँस तथा अन्य उपयुक्त वनस्पतिबाट हरियाली विस्तार गर्ने।
- जैविक भू-संरक्षण प्रविधिको प्रयोग बढाउने।
- स्थानीय रूपमा उपलब्ध वनस्पतिको उपयोग गर्ने।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

## कार्यान्वयन विधि

कृषि, वन तथा पर्यावरण मन्त्रालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

१. पहिरो/भूक्षय प्रभावित क्षेत्रको प्राविधिक सर्वेक्षण गरिनेछ।

२. ढलान, माटो, पानीको बहाव तथा जोखिमको अवस्था हेरी बाँस रोपणका लागि उपयुक्त क्षेत्र निर्धारण गरिनेछ।

३. आवश्यकताअनुसार नाली, चेकड्याम, तारजाली वा अन्य संरचनासँग बाँस रोपणलाई समन्वय गरिनेछ।

४. स्वस्थ तथा स्थानीय रूपमा उपयुक्त बाँसका बिरुवा/कटिङ प्रयोग गरिनेछ।

५. रोपणपछि सिँचाइ, गोडमेल तथा संरक्षणको व्यवस्था गरिनेछ।

६. बाँससँगै अन्य घाँस तथा भू-संरक्षणका लागि उपयुक्त वनस्पति रोपण गर्न सकिनेछ।

## अपेक्षित उपलब्धि

- पहिरो तथा भूक्षयको जोखिम न्यूनीकरणमा योगदान पुगेको हुनेछ।
- प्रभावित क्षेत्र हरियालीयुक्त भएको हुनेछ।
- जैविक भू-संरक्षण प्रविधिको प्रयोग बढेको हुनेछ।

## जनशक्ति व्यवस्थापन

भू संरक्षण, वातावरण तथा वन प्राविधिक, स्थानीय तह, स्थानीय समुदाय तथा श्रमिक परिचालन गरिनेछ।

## बजेट व्यवस्थापन

प्राविधिक सर्वेक्षण, बाँस/बिरुवा, रोपण, संरक्षण, आवश्यक जैविक तथा संरचनात्मक उपाय, श्रम, अनुगमन तथा मर्मतसम्भार लगायतका स्वीकृत कार्यमा प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानुनबमोजिम बजेटको सीमाभित्र रही खर्च गरिनेछ ।

## जिम्मेवार निकाय

- वातावरण सम्बन्धी जिम्मेवार कार्यालय
- सम्बन्धित स्थानीय तह तथा स्थानिय तहको वातावरण हेर्ने इकाई
- सम्बन्धित डिभिजन वन कार्यालय तथा तथा भू-तथा जलाधार व्यवस्थापन कार्यालय
- सम्बन्धित व्यवस्थापन/उपभोक्ता समिति/स्थानीय समुदाय
- अन्य सम्बन्धित सरोकारवाला निकाय



डा. राजेन्द्र प्रसाद मि
सचिव

- प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय

**११. बाँस पार्क निर्माण, दिक्तेल रुपाकोट मझुवागढी न.पा.**

नेपाल सरकार
वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## पृष्ठभूमि

बाँस बहुउपयोगी वनस्पति हुनुका साथै भू-संरक्षण, हरियाली प्रवर्द्धन, स्थानीय उद्यम, निर्माण सामग्री देखी वातावरणीय शिक्षा लगायतका विविध क्षेत्रमा उपयोगी छ। उपयुक्त स्थानमा बाँस पार्क स्थापना गर्दा बाँसका विभिन्न प्रजातिको संरक्षण तथा प्रदर्शनसँगै स्थानीय समुदायमा, तथा अन्तरिक एवं बाह्य पर्यटकहरुमा यसको बहुउपयोग र उद्यमसम्बन्धी जानकारी प्रवर्द्धन गर्न सकिन्छ।

## उद्देश्य

- बाँसका प्रजातिको संरक्षण तथा प्रदर्शन गर्ने।
- बाँसको वातावरणीय तथा आर्थिक महत्वबारे जनचेतना बढाउने।
- हरियाली तथा सार्वजनिक खुला क्षेत्र विकास गर्ने।
- स्थानीय बाँसमा आधारित उद्यमको सम्भावना प्रवर्द्धन गर्ने।

## कार्यान्वयन विधि

१. उपयुक्त सार्वजनिक/सरकारी जग्गा छनोट गरिनेछ(स्थानीय पालिकाको लगत र स्वकार्य मा

२. स्थानीय तथा उपयुक्त बाँस प्रजाति पहिचान गरी रोपण योजना तयार गरिनेछ।

३. प्रजातिअनुसार क्षेत्र विभाजन गरी बाँस रोपण गरिनेछ।

४. आवश्यकताअनुसार पदमार्ग, सूचना बोर्ड, विश्रामस्थल तथा साना वातावरणमैत्री संरचना निर्माण गरिनेछ।

५. बाँसको उपयोग, संरक्षण तथा व्यवस्थापनसम्बन्धी जानकारी दिने सामग्री राख्न सकिनेछ।

६. पार्कको नियमित सिंचाइ, गोडमेल, संरक्षण तथा व्यवस्थापनको व्यवस्था गरिनेछ।

6. पार्कका लागि अन्य आवश्यक बार बन्देज, पर्खाल तथा साधारण प्रवेशद्वार निर्माण गरिनेछ।

## अपेक्षित उपलब्धि

- बाँस पार्क स्थापना भएको हुनेछ।
- बाँसका विभिन्न प्रजातिको संरक्षण तथा प्रदर्शन भएको हुनेछ।
- स्थानीय स्तरमा बाँसको वातावरणीय तथा उद्यमशील महत्वबारे ज्ञान वृद्धि भएको हुनेछ।



डा. राजेन्द्र प्रसाद ...
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

<u>जनशक्ति व्यवस्थापन</u>

वन/वनस्पति प्राविधिक, स्थानीय तहका रैथाने ज्ञान भएका व्यक्ति तथा विज्ञ, बाँससम्बन्धी जानकार व्यक्ति, श्रमिक तथा स्थानीय समुदाय परिचालन गरिनेछ।

<u>बजेट व्यवस्थापन</u>

बाँसका बिरुवा उत्पादन तथा रोपण, पदमार्ग, सूचना बोर्ड, संरक्षण, सिंचाइ तथा मर्मतसम्भार लगायतका स्वीकृत कार्यमा प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानुनबमोजिम बजेटको सीमाभित्र रही खर्च गरिनेछ ।

<u>जिम्मेवार निकाय</u>

- वातावरण सम्बन्धी जिम्मेवार कार्यालय
- सम्बन्धित स्थानीय तह तथा स्थानिय तहको वातावरण हेर्ने इकाई
- सम्बन्धित डिभिजन वन कार्यालय तथा तथा भू-तथा जलाधार व्यवस्थापन कार्यालय
- सम्बन्धित व्यवस्थापन/ उपभोक्ता समिति/सम्बन्धित स्थानीय समुदाय
- अन्य सम्बन्धित सरोकारवाला निकाय
- सम्बन्धित प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय
- दित्केल रुपाकोट मझुवागढी नगरपालिका

**१२. प्लाष्टिक प्रदूषण नियन्त्रण कार्यक्रम / प्लाष्टिकजन्य फोहोर व्यवस्थापन कार्यक्रम**

<u>पृष्ठभूमि</u>

एकपटक प्रयोग हुने प्लास्टिकजन्य सामग्रीको अत्यधिक प्रयोगका कारण वातावरण प्रदूषण, जलाधार तथा नदी प्रणालीमा अवरोध, जैविक विविधतामा नकारात्मक प्रभाव तथा मानव स्वास्थ्यमा समेत जोखिम बढ्दै गएको छ। प्लास्टिकको प्रयोग न्यूनीकरण, पुनःप्रयोग (Reuse), प्रयोग घटाउने (Reduce) तथा पुनर्चक्रण (Recycle) को अवधारणालाई प्रवर्द्धन गर्दै वातावरणमैत्री वैकल्पिक सामग्रीको प्रयोगलाई प्रोत्साहन गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ।

<u>उद्देश्य</u>

- प्लास्टिकजन्य फोहोर न्यूनीकरण तथा व्यवस्थापन गर्ने।
- Reduce, Reuse तथा Recycle को अभ्यास प्रवर्द्धन गर्ने।
- प्लास्टिकको वातावरणमैत्री विकल्पको प्रयोग बढाउने।
- प्लास्टिक प्रदूषण नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने।



डा. राजेन्द्र प्रसाद
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## कार्यान्वयन विधि

१. स्थानीय तह तथा सरोकारवालासँग समन्वय गरी प्लास्टिक प्रदूषण बढी देखिएका क्षेत्र पहिचान गरिनेछ।

२. विद्यालय, बजार, समुदाय तथा सार्वजनिक स्थलमा प्लास्टिक न्यूनीकरणसम्बन्धी अभिमुखीकरण तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

३. सरसफाइ अभियान सञ्चालन गरी संकलित प्लास्टिकलाई सम्भव भएसम्म छुट्याई पुनःप्रयोग/पुनर्चक्रणका लागि पठाइनेछ।

४. स्थानिय स्रोतमा आधारित वातावरणमैत्री झोला (जस्तैः कपडा, जुट, अल्लो आदि) लगायतका वातावरणमैत्री विकल्पको उत्पादन तथा प्रयोग प्रवर्द्धन गर्न सकिनेछ।

५. आवश्यकताअनुसार डस्टबिन तथा फोहोर वर्गीकरणसम्बन्धी सामग्री वितरण गर्न सकिनेछ।

६. प्लास्टिक नियन्त्रणसम्बन्धी प्रचारप्रसार सामग्री तयार तथा वितरण गरिनेछ।

७. कार्यक्रमको प्रभावकारिता नियमित रूपमा अनुगमन तथा मूल्याङ्कन गरिनेछ।

## अपेक्षित उपलब्धि

- प्लास्टिकजन्य फोहोरमा कमी आएको हुनेछ।
- प्लास्टिकको उचित संकलन तथा व्यवस्थापनमा सुधार भएको हुनेछ।
- वातावरणमैत्री वैकल्पिक सामग्रीको प्रयोग बढेको हुनेछ।
- समुदायमा प्लास्टिक प्रदूषणसम्बन्धी चेतना अभिवृद्धि भएको हुनेछ।

## जनशक्ति व्यवस्थापन

सम्बन्धित कार्यालय, स्थानीय तह, विद्यालय, सामुदायिक संस्था, स्वयंसेवक तथा स्थानीय समुदाय परिचालन गरिनेछ।

## बजेट व्यवस्थापन

अभिमुखीकरण, प्रचार सामग्री, वातावरणमैत्री झोला, डस्टबिन, पञ्जा, मास्क, सरसफाइ सामग्री, संकलन/व्यवस्थापन तथा अनुगमन लगायतका स्वीकृत कार्यमा प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानुनबमोजिम बजेटको सीमाभित्र रही खर्च गरिनेछ ।

## जिम्मेवार निकाय



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

- वातावरण सँग सम्बन्धित निकाय तथा स्थानिय तहको ईकाई
- डिभिजन तथा सब-डिभिजन वन कार्यालय
- सम्बन्धित स्थानीय तह
- विद्यालय तथा सामुदायिक संस्था
- स्थानीय समुदाय तथा अन्य सरोकारवाला

**१३. फोहोर व्यवस्थापन कार्यक्रम (Reduce-Reuse-Recycle समेत)**

<u>पृष्ठभूमि</u>

अव्यवस्थित फोहोर उत्पादन, व्यवस्थापनमा कमजोरिका कारण शहरी तथा ग्रामीण क्षेत्रको वातावरणीय गुणस्तरमा नकारात्मक असर पर्न सक्छ। फोहोरलाई स्रोतमा नै वर्गीकरण गरी Reduce, Reuse तथा Recycle को अवधारणाअनुसार व्यवस्थापन गर्न सकेमा फोहोरको मात्रा घटाउनुका साथै पुनःप्रयोग तथा पुनर्चक्रणमार्फत स्रोतको संरक्षण गर्न सकिन्छ।

<u>उद्देश्य</u>

- फोहोरको उत्पादन तथा अव्यवस्थित विसर्जन न्यूनीकरण गर्ने।
- स्रोतमा फोहोर वर्गीकरणको अभ्यास विकास गर्ने।
- पुनःप्रयोग तथा पुनर्चक्रण प्रवर्द्धन गर्ने।
- स्थानीय तहको फोहोर व्यवस्थापन प्रणालीमा सहयोग पुऱ्याउने।

<u>कार्यान्वयन विधि</u>

१. सम्बन्धित स्थानीय तहसँग समन्वय गरी फोहोर व्यवस्थापनको अवस्था पहिचान गरिनेछ।

२. फोहोरलाई जैविक, पुनर्चक्रणयोग्य तथा अन्य फोहोरमा वर्गीकरण गर्ने अभ्यास प्रवर्द्धन गरिनेछ।

३. विद्यालय, बजार तथा समुदायमा Reduce-Reuse-Recycle सम्बन्धी अभिमुखीकरण गरिनेछ।

४. जैविक फोहोरबाट कम्पोष्ट तथा पुनर्चक्रणयोग्य फोहोरलाई सम्बन्धित संकलन/पुनर्चक्रण प्रणालीमा पठाउन प्रोत्साहन गरिनेछ।

५. आवश्यकताअनुसार डस्टबिन तथा फोहोर वर्गीकरणसम्बन्धी सामग्री सहयोग गर्न सकिनेछ।

६. फोहोर व्यवस्थापनको नियमित अनुगमन तथा मूल्याङ्कन गरिनेछ।

<u>अपेक्षित उपलब्धि</u>



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरवार, काठमाडौं

- फोहोरको स्रोतमा वर्गीकरणको अभ्यास बढेको हुनेछ।
- पुनःप्रयोग तथा पुनर्चक्रणमा वृद्धि भएको हुनेछ।
- सार्वजनिक स्थलमा फोहोर व्यवस्थापन सुधार भएको हुनेछ।
- स्थानीय तहको वातावरणीय व्यवस्थापनमा योगदान पुगेको हुनेछ।

जनशक्ति व्यवस्थापन

स्थानीय तहका कर्मचारी, सम्बन्धित वातावरण कार्यालयका/इकाईका कर्मचारी, विद्यालय, सामुदायिक संस्था तथा स्वयंसेवक परिचालन गरिनेछ।

बजेट व्यवस्थापन

डस्टबिन, वर्गीकरण सामग्री, प्रचारप्रसार, अभिमुखीकरण, सरसफाइ सामग्री, संकलन तथा अनुगमन लगायतका स्वीकृत कार्यमा प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानुनबमोजिम बजेटको सीमाभित्र रही खर्च गरिनेछ ।

जिम्मेवार निकाय

- विद्यालय/सामुदायिक संस्था
- वातावरण सम्बन्धी जिम्मेवार कार्यालय
- सम्बन्धित स्थानीय तह तथा स्थानिय तहको वातावरण हेर्ने इकाई
- सम्बन्धित व्यवस्थापन/ उपभोक्ता समिति/सम्बन्धित स्थानीय समुदाय
- अन्य सम्बन्धित सरोकारवाला निकाय
- प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय

**१४. नगर क्षेत्र एवं विद्यालयमा डस्टबिन वितरण कार्यक्रम**

पृष्ठभूमि

सार्वजनिक स्थल, बजार तथा विद्यालय क्षेत्रमा फोहोर व्यवस्थापनका लागि पर्याप्त डस्टबिन तथा फोहोर वर्गीकरण प्रणालीको अभावले सार्वजनिक स्थानमा फोहोर छरिने तथा समस्या देखिन्छ। विद्यालय तथा नगर क्षेत्रमा उपयुक्त स्थानमा डस्टबिन स्थापना गरी फोहोरलाई स्रोतमा नै वर्गीकरण गर्ने अभ्यास विकास गर्न सकिन्छ।

उद्देश्य

- सार्वजनिक स्थानमा फोहोर छरिनबाट रोक्ने।
- विद्यालय तथा नगर क्षेत्रमा फोहोर व्यवस्थापन सुधार गर्ने।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

- फोहोर वर्गीकरणको अभ्यास प्रवर्द्धन गर्ने।
- स्वच्छ सार्वजनिक वातावरण निर्माणमा सहयोग गर्ने।

**कार्यान्वयन विधि**

१. स्थानीय तह तथा विद्यालयसँग समन्वय गरी डस्टबिन आवश्यक पर्ने स्थानको पहिचान गरिनेछ।

२. फोहोरको प्रकृति र स्थानअनुसार उपयुक्त क्षमताका डस्टबिन छनोट गरिनेछ।

३. सम्भव भएसम्म जैविक तथा पुनर्चक्रणयोग्य फोहोर छुट्याउने गरी डस्टबिनको व्यवस्था गरिनेछ।

४. डस्टबिन प्रयोग, फोहोर वर्गीकरण तथा निश्चित समयमा खाली गर्ने प्रक्रियाबारे विद्यालय तथा समुदायलाई जानकारी दिइनेछ।

५. डस्टबिनको नियमित प्रयोग तथा व्यवस्थापनको जिम्मेवारी सम्बन्धित स्थानीय तह/विद्यालयलाई हस्तान्तरण गरिनेछ।

**अपेक्षित उपलब्धि**

- सार्वजनिक तथा विद्यालय क्षेत्रमा फोहोर छरिने समस्या न्यूनीकरण भएको हुनेछ।
- फोहोर वर्गीकरणको अभ्यास विकास भएको हुनेछ।
- स्वच्छ तथा व्यवस्थित सार्वजनिक वातावरण निर्माणमा सहयोग पुगेको हुनेछ।

**जनशक्ति व्यवस्थापन**

स्थानीय तह, ट०ल सुधार समित, विद्यालय, वातावरण सँग सम्बन्धित कार्यालय/इकाई तथा विद्यालय वातावरण क्लब/स्थानीय स्वयंसेवक परिचालन गरिनेछ।

**बजेट व्यवस्थापन**

डस्टबिन खरिद तथा वितरण, सूचना सामग्री, ढुवानी, अभिमुखीकरण तथा अनुगमन लगायतका स्वीकृत कार्यमा प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानुनबमोजिम बजेटको सीमाभित्र रही खर्च गरिनेछ ।

**जिम्मेवार निकाय**

- वातावरण सम्बन्धी जिम्मेवार कार्यालय
- विद्यालय तथा शैक्षिक संस्था

- सम्बन्धित स्थानीय तह तथा स्थानिय तहको वातावरण हेर्ने इकाई
- सम्बन्धित व्यवस्थापन/उपभोक्ता समिति / सम्बन्धित स्थानीय समुदाय
- अन्य सम्बन्धित सरोकारवाला निकाय
- प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय

**१५. नदी तथा जलस्रोत प्रदूषण नियन्त्रण**

पृष्ठभूमि

नदी, खोला, ताल तथा अन्य जलस्रोतमा घरेलु तथा संस्थागत फोहोर, ढल, प्लाष्टिकजन्य पदार्थ, ठोस फोहोर तथा अन्य प्रदूषक पदार्थ मिसिंदा जलगुणस्तरमा ह्रास आउनुका साथै जलीय पारिस्थितिक प्रणाली, जैविक विविधता, मानव स्वास्थ्य तथा जलस्रोतको उपयोगमा प्रतिकूल असर पर्न सक्छ। विशेषगरी शहरी तथा बजार क्षेत्रबाट निस्कने फोहोर तथा ढलको उचित व्यवस्थापन नहुँदा नदी तथा जलस्रोत प्रदूषणको समस्या बढ्न सक्ने भएकाले प्रदूषणका स्रोतको पहिचान, फोहोर व्यवस्थापन, सरसफाइ, जनचेतना तथा सम्बन्धित निकायसँगको समन्वयमार्फत नदी तथा जलस्रोतको प्रदूषण न्यूनीकरण गर्न आवश्यक हुन्छ। यस कृयाकलाप अन्तर्गत प्रदूषण बढी देखिएका नदी तथा जलस्रोत क्षेत्रको पहिचान गरी स्थानीय तह, सम्बन्धित कार्यालय, समुदाय तथा अन्य सरोकारवालाको समन्वयमा प्रदूषण नियन्त्रण तथा रोकथामका क्रियाकलाप सञ्चालन गरिनेछ।

उद्देश्य

- नदी, खोला तथा अन्य जलस्रोतमा हुने प्रदूषण न्यूनीकरण तथा नियन्त्रण गर्ने।
- नदी तथा जलस्रोतमा फोहोर, प्लाष्टिक, ढल तथा अन्य प्रदूषक पदार्थ पुग्ने क्रमलाई न्यूनीकरण गर्ने।
- प्रदूषणका प्रमुख स्रोत तथा संवेदनशील क्षेत्रको पहिचान गरी नियन्त्रणका उपाय अवलम्बन गर्ने।
- जलस्रोतको वातावरणीय गुणस्तर तथा स्वच्छता कायम गर्न सहयोग गर्ने।
- स्थानीय समुदाय तथा सरोकारवालामा जलस्रोत संरक्षण तथा प्रदूषण नियन्त्रणसम्बन्धी व्यवहारगत सचेतना अभिवृद्धि गर्ने।

कार्यान्वयन विधि

१. प्रदूषणको अवस्था, फोहोरको मात्रा तथा प्रदूषणको सम्भावित स्रोतका आधारमा नदी, खोला, ताल तथा अन्य जलस्रोतका प्राथमिकता प्राप्त क्षेत्र पहिचान गरिनेछ।

२. सम्बन्धित स्थानीय तह, जलस्रोतसँग सम्बन्धित कार्यालय, समुदाय तथा अन्य सरोकारवालासँग समन्वय गरी प्रदूषणका प्रमुख स्रोत तथा नियन्त्रण गर्नुपर्ने क्षेत्रको प्रारम्भिक पहिचान गरिनेछ।

३. नदी तथा जलस्रोतमा प्रत्यक्ष रूपमा फालिने ठोस फोहोर, प्लाष्टिक तथा अन्य प्रदूषक पदार्थ हटाउन सरसफाइ तथा फोहोर संकलन अभियान सञ्चालन गरिनेछ।

४. संकलित फोहोरलाई प्रचलित फोहोर व्यवस्थापन प्रणालीअनुसार वर्गीकरण, पुनःप्रयोग, पुनर्चक्रण तथा सुरक्षित व्यवस्थापन गर्न सम्बन्धित स्थानीय तहसँग समन्वय गरिनेछ।

५. नदी तथा जलस्रोतमा फोहोर तथा प्रदूषक पदार्थ मिसिन नदिन स्थानीय तह तथा सम्बन्धित सरोकारवालासँग समन्वय गरी आवश्यक सूचना, चेतनामूलक सामग्री तथा व्यवहार परिवर्तनसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

६. प्रदूषण नियन्त्रणका लागि आवश्यकताअनुसार सूचना बोर्ड, चेतनामूलक सन्देश तथा अन्य वातावरणीय सूचना सामग्रीको व्यवस्था गरिनेछ।

७. कार्यक्रम सञ्चालन गर्दा स्थानीय समुदाय, विद्यालय, युवा समूह, सामुदायिक संस्था तथा स्वयंसेवकलाई सम्भव भएसम्म सहभागी गराइनेछ।

८. आवश्यकताअनुसार सम्बन्धित निकायको समन्वयमा जलस्रोतको अवस्था तथा प्रदूषण नियन्त्रणका लागि गरिएका कार्यको अभिलेख राखिनेछ।

९. कार्यक्रम सम्पन्न भएपछि प्रदूषणको अवस्था, सरसफाइको प्रभावकारिता तथा फोहोर व्यवस्थापनको अवस्थाको अनुगमन गरी आवश्यक सुधारात्मक कार्यका लागि सुझाव तयार गरिनेछ।

१०. नदी तथा जलस्रोत प्रदूषण नियन्त्रणका लागि स्थानीय तह तथा सम्बन्धित सरोकारवाला निकायबाट सञ्चालन भइरहेका कार्यक्रमसँग दोहोरोपन नहुने गरी कार्यक्रम सञ्चालन गरिनेछ।

## अपेक्षित उपलब्धि

- छनौट गरिएका नदी तथा जलस्रोत क्षेत्रमा फोहोर तथा प्रदूषणको अवस्था न्यूनीकरण भएको हुनेछ।
- नदी तथा जलस्रोतमा प्रत्यक्ष रूपमा फोहोर तथा प्लाष्टिक फाल्ने प्रवृत्तिमा कमी ल्याउन सहयोग पुगेको हुनेछ।
- नदी तथा जलस्रोतको सरसफाइ तथा स्वच्छता कायम गर्न सहयोग पुगेको हुनेछ।
- प्रदूषणका स्रोत तथा संवेदनशील क्षेत्रको पहिचान तथा अभिलेखीकरण भएको हुनेछ।
- स्थानीय समुदाय तथा सरोकारवालामा जलस्रोत संरक्षण तथा प्रदूषण नियन्त्रणसम्बन्धी सचेतना अभिवृद्धि भएको हुनेछ।

## जनशक्ति व्यवस्थापन

कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित वातावरण/वन प्राविधिक, स्थानीय तहका सम्बन्धित कर्मचारी, समुदाय तथा सरोकारवाला संस्था परिचालन गरिनेछ। सरसफाइ तथा जनचेतनामूलक गतिविधिमा स्थानीय समुदाय, विद्यालय, युवा समूह तथा स्वयंसेवकलाई आवश्यकताअनुसार सहभागी गराइनेछ। प्राविधिक रूपमा आवश्यक देखिएमा सम्बन्धित विषयका विज्ञ तथा अन्य सरकारी निकायको प्राविधिक सहयोग लिइनेछ।

## बजेट व्यवस्थापन

कार्यक्रमका लागि स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटबाट आवश्यक बजेट व्यवस्था गरिनेछ। सरसफाइ तथा फोहोर संकलन, फोहोर व्यवस्थापन, सूचना तथा प्रचारप्रसार सामग्री, डस्टबिन, सूचना बोर्ड, जनचेतना, अनुगमन तथा अन्य स्वीकृत गतिविधिमा प्रचलित आर्थिक कार्यविधि तथा सार्वजनिक खरिदसम्बन्धी कानुनबमोजिम स्वीकृत बजेटको सीमाभित्र रही खर्च गरिनेछ।

## जिम्मेवार निकाय

- वातावरण सम्बन्धी जिम्मेवार कार्यालय
- सम्बन्धित स्थानीय तह तथा स्थानिय तहको वातावरण हेर्ने इकाई
- सम्बन्धित डिभिजन वन कार्यालय तथा तथा भू-तथा जलाधार व्यवस्थापन कार्यालय
- सम्बन्धित व्यवस्थापन/ उपभोक्ता समिति/सम्बन्धित स्थानीय समुदाय
- अन्य सम्बन्धित सरोकारवाला निकाय
- प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय

### १६. वातावरण संरक्षण सचेतना कार्यक्रम / विश्व वातावरण दिवस तथा जनचेतना जागरण कार्यक्रम

## पृष्ठभूमि

वातावरण संरक्षणका लागि कानुनी तथा संस्थागत व्यवस्था मात्र पर्याप्त हुँदैन। नागरिक, विद्यार्थी, स्थानीय समुदाय तथा सरोकारवालामा वातावरण संरक्षणसम्बन्धी ज्ञान, व्यवहार तथा जिम्मेवारी विकास आवश्यक हुन्छ। यस कृयाकलापमा सम्बन्धित कार्यालय एवं विद्यालय, कलेज तथा समुदायमा अभिमुखीकरण, सूचना, शिक्षा तथा सञ्चार सामग्री (IEC Material), वृक्षारोपण, र्‍याली, सरसफाइ तथा वातावरण दिवसका कार्यक्रमलाई वातावरणीय सचेतनाका प्रमुख माध्यमका रूपमा राखिएको छ।

## उद्देश्य

- वातावरण संरक्षणसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने।
- वातावरणीय शिक्षा तथा वातावरणमैत्री व्यवहार विकास गर्ने।
- विद्यालय तथा समुदायको सहभागिता बढाउने।
- विश्व वातावरण दिवसलगायत उपयुक्त अवसरलाई वातावरणीय अभियानका रूपमा उपयोग गर्ने।

## कार्यान्वयन विधि

१. लक्षित समुदाय तथा वातावरणीय समस्या पहिचान गरी कार्यक्रमको विषयवस्तु निर्धारण गरिनेछ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

२. पोस्टर, पम्प्लेट, ब्रोसर, होर्डिङ बोर्ड, सामाजिक सन्देश तथा अन्य IEC सामग्री तयार/प्रयोग गरिनेछ।

३. विद्यालय, कलेज, समुदाय तथा स्थानीय तहमा अभिमुखीकरण, अन्तरक्रिया, गोष्ठी, सरसफाई कार्यक्रम तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

४. विश्व वातावरण दिवस तथा अन्य उपयुक्त अवसरमा वृक्षारोपण, सरसफाइ, ऱ्याली, वक्तृत्व/चित्रकला/निबन्धजस्ता वातावरणीय गतिविधि सञ्चालन गर्न सकिनेछ।

५. ताल, नदी, सार्वजनिक स्थल तथा अन्य क्षेत्रमा रहेका प्लास्टिकजन्य फोहोर तथा मिचाहा प्रजातिको व्यवस्थापन तथा सरसफाइ गरिनेछ।

६. वातावरणमैत्री झोला, डस्टबिन, प्रचारप्रसार सामग्री तथा अन्य आवश्यक सामग्री खरिद तथा वितरण गर्न सकिनेछ।

७. स्थानीय तह, विद्यालय, सामुदायिक संस्था तथा सञ्चारमाध्यमसँग समन्वय गरिनेछ।

८. कार्यक्रमको पहुँच, प्रभावकारीताबारे मूल्याङ्कन तथा आवश्यकता अनुसार अनुगमन तथा प्रतिवेदन तयार गरिनेछ।

**अपेक्षित उपलब्धि**

- वातावरण संरक्षणसम्बन्धी जनचेतना अभिवृद्धि भएको हुनेछ।
- विद्यालय तथा समुदायको सहभागिता बढेको हुनेछ।
- वातावरणीय शिक्षा एवं वातावरणमैत्री व्यवहारको विकास भएको हुनेछ।
- स्थानीय समुदायको सहभागितामा सरसफाइ अभियान सुदृढ भएको हुनेछ।
- वातावरणीय प्रदूषण न्यूनीकरणमा सकारात्मक योगदान पुगेको हुनेछ।
- स्थानीय स्तरमा वातावरण संरक्षण अभियान सुदृढ भएको हुनेछ।

**जनशक्ति व्यवस्थापन**

सम्बन्धित कार्यालयका कर्मचारी, वातावरण विज्ञ, शिक्षक, स्थानीय तहका प्रतिनिधि, सामुदायिक संस्था, अन्य सरोकारवाला तथा स्वयंसेवक परिचालन गरिनेछ।

**बजेट व्यवस्थापन**

कार्यक्रम सञ्चालनका लागि स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटबाट आवश्यक बजेट व्यवस्था गरी IEC सामग्री, अभिमुखीकरण/गोष्ठी, प्रचारप्रसार, ऱ्याली, वृक्षारोपण, सरसफाइ, वातावरणमैत्री झोला, डस्टबिन, पञ्जा, मास्क,



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

प्राथमिक उपचार तथा अन्य आवश्यक सामग्री, ब्यानर/होर्डिङ बोर्ड, खाजा तथा अन्य स्वीकृत गतिविधिमा प्रचलित आर्थिक कार्यविधि तथा सार्वजनिक खरिदसम्बन्धी कानुनबमोजिम खर्च गरिनेछ।

जिम्मेवार निकाय

- वातावरण सम्बन्धी जिम्मेवार कार्यालय
- डिभिजन तथा सब-डिभिजन वन कार्यालय
- सम्बन्धित स्थानीय तह
- विद्यालय तथा शैक्षिक संस्था
- सामुदायिक संस्था तथा अन्य सरोकारवाला

**१७. स्थानीय तहमा जलवायु परिवर्तन, वातावरण तथा विकास सम्बन्धी समन्वय गोष्ठी**

पृष्ठभूमि

स्थानीय तहमा विकास निर्माण, वातावरण संरक्षण तथा जलवायु परिवर्तनका विषयहरू एकअर्कासँग प्रत्यक्ष सम्बन्धित छन्। स्थानीय योजना तथा विकास कार्यक्रम वातावरणीय जोखिम, जलवायुजन्य प्रभाव तथा स्थानीय प्राकृतिक स्रोतको अवस्थालाई ध्यानमा राखेर सञ्चालन गर्न आवश्यक हुन्छ। यसका लागि स्थानीय तह, प्रदेश/संघीय कार्यालय तथा अन्य सरोकारवालाबीच समन्वय र ज्ञान आदानप्रदान आवश्यक हुन्छ।

उद्देश्य

- स्थानीय तहमा जलवायु परिवर्तन तथा वातावरणीय विषयको समझ अभिवृद्धि गर्ने।
- विकास आयोजना र वातावरण संरक्षणबीच समन्वय बढाउने।
- स्थानीय वातावरणीय समस्या तथा प्राथमिकता पहिचान गर्ने।
- वातावरण तथा जलवायु सम्बन्धी कार्यक्रमबीच समन्वय सुदृढ गर्ने।

कार्यान्वयन विधि

१. सम्बन्धित स्थानीय तहको वातावरणीय तथा जलवायु सम्बन्धी प्राथमिकता पहिचान गरिनेछ।

२. स्थानीय तहका जनप्रतिनिधि, प्राविधिक कर्मचारी, सम्बन्धित कार्यालय तथा सरोकारवालाको सहभागितामा गोष्ठी सञ्चालन गरिनेछ।

३. स्थानीय वातावरणीय समस्या, जलवायु जोखिम, हरित विकास, फोहोर व्यवस्थापन तथा प्राकृतिक स्रोत संरक्षणका विषयमा प्रस्तुति तथा छलफल गरिनेछ।



डा. राजेन्द्र प्रसाद मि
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

४. स्थानीय तहले सञ्चालन गर्न सक्ने प्राथमिक कार्यक्रम पहिचान गरिनेछ।

५. गोष्ठीबाट प्राप्त सुझाव तथा प्राथमिकता अभिलेख गरी आवश्यकताअनुसार सम्बन्धित निकायमा पठाइनेछ।

**अपेक्षित उपलब्धि**

- स्थानीय तहको वातावरण तथा जलवायु सम्बन्धी क्षमता वृद्धि भएको हुनेछ।
- वातावरणीय विषय स्थानीय विकास योजनामा समेट्न सहयोग पुगेको हुनेछ।
- संघ, प्रदेश तथा स्थानीय तहबीच समन्वय सुधार भएको हुनेछ।

**जनशक्ति व्यवस्थापन**

वातावरण सँग सम्बन्धित कार्यालयका प्राविधिक कर्मचारी, डिभिजन वन कार्यालयका कर्मचारी, स्थानीय तहका प्रतिनिधि, विषयगत विज्ञ तथा सम्बन्धित सरकारी निकायका कर्मचारी परिचालन गरिनेछ।

**बजेट व्यवस्थापन**

गोष्ठी स्थल, सामग्री, सूचना/प्रस्तुति, यातायात, खाजा/खाना, मसलन्द, आवश्यक प्राविधिक सहयोग तथा प्रतिवेदनमा लगायतका स्वीकृत कार्यमा प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानुनबमोजिम स्विकृत बजेटको सीमाभित्र रही खर्च गरिनेछ ।

**जिम्मेवार निकाय**

- वातावरण सम्बन्धी जिम्मेवार कार्यालय
- सम्बन्धित स्थानीय तह तथा स्थानिय तहको वातावरण हेर्ने इकाई
- सम्बन्धित डिभिजन वन कार्यालय तथा तथा भू-तथा जलाधार व्यवस्थापन कार्यालय
- सम्बन्धित व्यवस्थापन/ उपभोक्ता समिति/सम्बन्धित स्थानीय समुदाय
- सम्बन्धित विषयगत सरकारी निकाय
- विषयगत विज्ञ
- अन्य सम्बन्धित सरोकारवाला निकाय
- प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय

## १८. वातावरणीय प्रभाव मूल्यांकन अनुगमन, सहजीकरण तथा प्रतिवेदन तयारी / EIA, IEE भएका आयोजनाहरुको वातावरणीय परीक्षण

**पृष्ठभूमि**



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

विकास आयोजना तथा पूर्वाधार निर्माण कार्यबाट वातावरणमा पर्न सक्ने सम्भावित प्रभावहरूको न्यूनीकरण तथा वातावरणीय व्यवस्थापन योजना प्रभावकारी रूपमा कार्यान्वयन गर्न वातावरणीय प्रभाव मूल्याङ्कन (EIA), प्रारम्भिक वातावरणीय परीक्षण (IEE) तथा अन्य वातावरणीय अध्ययन प्रतिवेदनहरूको नियमित अनुगमन आवश्यक हुन्छ। स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनको कार्यान्वयन अवस्था मूल्याङ्कन, आवश्यक प्राविधिक सहजीकरण तथा सुधारात्मक सुझाव उपलब्ध गराई वातावरणीय सुशासनलाई प्रभावकारी बनाउन यो कार्यक्रम सञ्चालन गरिनेछ।

## उद्देश्य

- स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनको कार्यान्वयन अवस्था अनुगमन गर्ने।
- वातावरणीय व्यवस्थापन योजना तथा न्यूनीकरण उपायको पालना मूल्याङ्कन गर्ने।
- आयोजना तथा सम्बन्धित निकायलाई आवश्यक प्राविधिक सहजीकरण प्रदान गर्ने।
- वातावरणीय सुशासन तथा कानुनी व्यवस्थाको कार्यान्वयनमा सहयोग गर्ने।
- अनुगमन तथा परीक्षणको व्यवस्थित अभिलेख तयार गर्ने।

## कार्यान्वयन विधि

१. अनुगमन गर्नुपर्ने EIA/IEE तथा अन्य वातावरणीय अध्ययन भएका आयोजनाको सूची तयार गरिनेछ।

२. मन्त्रालयमा पेश भएका स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन, वातावरणीय व्यवस्थापन योजना, स्वीकृति शर्त तथा सम्बन्धित कागजातको विषयगत विज्ञसहित प्राविधिक समितिबाट अध्ययन गरिनेछ।

३. आयोजना प्रकृति, जोखिम तथा वातावरणीय संवेदनशीलताको आधारमा अनुगमन प्राथमिकता निर्धारण गरिनेछ।

४. आवश्यकता अनुसार विषयगत विज्ञ तथा प्राविधिक समितिसहित स्थलगत अनुगमन तथा निरीक्षण गरिनेछ।

५. अनुगमनका क्रममा वातावरणीय व्यवस्थापन योजना, प्रदूषण नियन्त्रण, फोहोर व्यवस्थापन, जैविक विविधता संरक्षण, पुनर्स्थापना तथा स्वीकृत शर्तहरूको पालना अवस्था परीक्षण गरिनेछ।

६. अनुगमनबाट देखिएका कमी कमजोरी तथा सुधार गर्नुपर्ने विषय स्पष्ट रूपमा अभिलेख गरिनेछ।

७. सम्बन्धित आयोजना/निकायलाई आवश्यक सुधारात्मक सुझाव तथा सहजीकरण उपलब्ध गराइनेछ।

८. आवश्यकता अनुसार पुनःअनुगमन गरी सुधारात्मक कार्यको अवस्था मूल्याङ्कन गरिनेछ।

९. सम्पूर्ण अनुगमन तथा परीक्षणको प्रतिवेदन तयार गरी अभिलेखीकरण गरिनेछ र विस्तृत प्रतिवेदन तयार गरिनेछ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

<u>अपेक्षित उपलब्धि</u>

- वातावरणीय अध्ययन प्रतिवेदनको कार्यान्वयन प्रभावकारी भएको हुनेछ।
- वातावरणीय न्यूनीकरण उपायको पालना सुधार भएको हुनेछ।
- वातावरणीय अनुगमन तथा नियमन प्रणाली सुदृढ भएको हुनेछ।
- आयोजना सञ्चालनमा वातावरणीय जोखिम न्यूनीकरण भएको हुनेछ।
- वातावरणीय अभिलेख तथा प्रतिवेदन प्रणाली व्यवस्थित भएको हुनेछ।

<u>जनशक्ति व्यवस्थापन</u>

मन्त्रालय/सम्बन्धित कार्यालयका प्राविधिक कर्मचारी, विषयगत विज्ञ, प्राविधिक समिति तथा आवश्यक प्रशासनिक जनशक्ति परिचालन गरिनेछ। संलग्न कार्यविधिमा पनि प्राविधिक समिति तथा विषयगत विज्ञ परिचालनको व्यवस्था गरिएको छ।

<u>बजेट व्यवस्थापन</u>

स्थलगत अनुगमन, यातायात, इन्धन, बैठक, प्राविधिक छलफल, आवश्यक मसलन्द, सञ्चार, प्रतिवेदन तयारी लगायतका स्वीकृत कार्यमा प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानुनबमोजिम स्वीकृत बजेटको सीमाभित्र रही खर्च गरिनेछ ।

<u>जिम्मेवार निकाय</u>

- प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय
- सम्बन्धित प्राविधिक समिति
- वातावरण सम्बन्धी जिम्मेवार कार्यालय
- सम्बन्धित आयोजना/आयोजना कार्यान्वयन निकाय

**१९. वायु/पिउने पानी गुणस्तर मापन यन्त्र खरिद**

<u>पृष्ठभूमि</u>

वायु तथा पिउने पानीको गुणस्तर वातावरण तथा जनस्वास्थ्यसँग प्रत्यक्ष सम्बन्धित हुन्छ। वातावरणीय गुणस्तरको नियमित अनुगमन तथा आधारभूत तथ्याङ्क संकलन गर्न आवश्यक मापन उपकरण उपलब्ध हुनु आवश्यक छ। यस कार्यक्रमअन्तर्गत आवश्यकताअनुसार वायु तथा पिउने पानीको गुणस्तर मापनका लागि उपकरण खरिद गरी सम्बन्धित कार्यालयको प्राविधिक क्षमता अभिवृद्धि गरिनेछ।

<u>उद्देश्य</u>



डा. राजेन्द्र प्रसाद
सचिव

- वायु तथा पिउने पानीको गुणस्तर मापनका लागि आवश्यक उपकरण उपलब्ध गराउने।
- वातावरणीय गुणस्तरसम्बन्धी तथ्याङ्क संकलन गर्ने क्षमता विकास गर्ने।
- प्रदूषण तथा गुणस्तरसम्बन्धी निर्णयका लागि आधार तयार गर्ने।

कार्यान्वयन विधि

१. सम्बन्धित कार्यालयको आवश्यकता तथा उपलब्ध उपकरणको अवस्था मूल्याङ्कन गरिनेछ।

२. आवश्यक उपकरणको प्राविधिक स्पेसिफिकेसन तयार गरिनेछ।

३. प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानुनबमोजिम उपकरण खरिद गरिनेछ।

४. उपकरण प्राप्त भएपछि परीक्षण, जडान तथा सञ्चालन गरिनेछ।

५. उपकरण सञ्चालन गर्ने कर्मचारीलाई आवश्यकताअनुसार अभिमुखीकरण/प्रशिक्षण दिइनेछ।

६. निर्धारित स्थान तथा आवश्यकता अनुसार नियमित वायु तथा पिउने पानीको गुणस्तर मापन गरिनेछ, मापन तथ्याङ्क मिति, समय, स्थान तथा सम्बन्धित सूचकसहित व्यवस्थित रुपमा अभिलेख गरिनेछ।

७. उपकरणको नियमित क्यालिब्रेसन, मर्मत तथा सुरक्षित भण्डारण गरिनेछ ।

अपेक्षित उपलब्धि

- आवश्यक मापन उपकरण उपलब्ध भएको हुनेछ।
- वायु तथा पिउने पानी गुणस्तर मापन क्षमता वृद्धि भएको हुनेछ।
- वातावरणीय गुणस्तरसम्बन्धी तथ्याङ्क संकलन तथा अभिलेख प्रणाली सुदृढ भएको हुनेछ।

जनशक्ति व्यवस्थापन

सम्बन्धित प्राविधिक कर्मचारी परिचालन गरिनेछ। आवश्यकता अनुसार उपकरण आपूर्तिकर्ताबाट सञ्चालन तथा मर्मतसम्बन्धी प्रशिक्षण लिन सकिनेछ।

बजेट व्यवस्थापन

उपकरण खरिद, ढुवानी, जडान, परीक्षण, प्रशिक्षण, क्यालिब्रेसन तथा मर्मतसम्भार लगायतका स्वीकृत कार्यमा प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानुनबमोजिम स्वीकृत बजेटको सीमाभित्र रही खर्च गरिनेछ ।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## जिम्मेवार निकाय

- वातावरण सम्बन्धी जिम्मेवार कार्यालय
- सम्बन्धित स्थानीय तह तथा स्थानिय तहको वातावरण हेर्ने इकाई
- सम्बन्धित डिभिजन वन कार्यालय तथा तथा भू-तथा जलाधार व्यवस्थापन कार्यालय
- सम्बन्धित व्यवस्थापन/ उपभोक्ता समिति/सम्बन्धित स्थानीय समुदाय
- अन्य सम्बन्धित सरोकारवाला निकाय
- प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय
- सम्बन्धित प्राविधिक निकाय

## २०. वायु तथा ध्वनी प्रदूषण मापन सम्बन्धी उपकरण खरिद, सञ्चालन तथा व्यवस्थापन

### पृष्ठभूमि

सहरीकरण, औद्योगिकीकरण, सवारी साधनको वृद्धि तथा अन्य मानव गतिविधिका कारण वायु तथा ध्वनी प्रदूषण बढ्दै गएको छ। वातावरणीय गुणस्तरको नियमित अनुगमन, प्रदूषणको स्तर मापन तथा वैज्ञानिक तथ्याङ्कका आधारमा नीति तथा कार्यक्रम तर्जुमा गर्न आधुनिक मापन उपकरणको आवश्यकता पर्दछ। वायु तथा ध्वनी प्रदूषणको नियमित अनुगमन प्रणाली स्थापना तथा सुदृढीकरण गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

### उद्देश्य

- वायु तथा ध्वनी प्रदूषणको वैज्ञानिक मापन तथा अनुगमन गर्ने।
- वातावरणीय गुणस्तरसम्बन्धी तथ्याङ्क सङ्कलन तथा अभिलेखीकरण गर्ने।
- वातावरणीय नीति निर्माण तथा निर्णय प्रक्रियाका लागि विश्वसनीय आधार तयार गर्ने।
- प्रदूषण नियन्त्रण कार्यक्रमलाई प्रभावकारी बनाउने।

### कार्यान्वयन विधि

१. आवश्यक उपकरण तथा मापन स्थानको पहिचान गरिनेछ।

२. प्रचलित सार्वजनिक खरिद ऐन , नियमावली तथा प्रचलित कानुनबमोजिम उपकरण खरिद गरिनेछ।

३. खरिद गरिएका उपकरण परीक्षण, जडान तथा आवश्यक क्यालिब्रेसन गरिनेछ।

४. निर्धारित स्थान तथा आवश्यकता अनुसार नियमित वायु तथा ध्वनी प्रदूषण मापन गरिनेछ।

५. मापन तथ्याङ्क मिति, समय, स्थान तथा सम्बन्धित सूचकसहित अभिलेख गरिनेछ।



डा. राजेन्द्र प्रसाद
सचिव

६. उपकरणको नियमित मर्मत तथा सुरक्षित व्यवस्थापन गरिनेछ।

७. प्राप्त तथ्याङ्क विश्लेषण गरी आवश्यकताअनुसार प्रतिवेदन तयार गरे तथा वातावरणीय नीति तथा कार्यक्रम निर्माणमा उपयोग गरिनेछ ।

**अपेक्षित उपलब्धि**

- वायु तथा ध्वनी प्रदूषण मापनका लागि आवश्यक उपकरण उपलब्ध भएका हुनेछन्।
- वातावरणीय गुणस्तरसम्बन्धी विश्वसनीय तथ्याङ्क सङ्कलन भएको हुनेछ।
- प्रदूषणको नियमित अनुगमन प्रणाली सुदृढ भएको हुनेछ।
- वातावरणीय व्यवस्थापन तथा नीति निर्माणमा वैज्ञानिक आधार उपलब्ध भएको हुनेछ।

**जनशक्ति व्यवस्थापन**

प्राविधिक कर्मचारी परिचालन गरिनेछ तथा आवश्यकता अनुसार उपकरण आपूर्तिकर्ताबाट उपकरणको सञ्चालन तथा मर्मतसम्भार सम्बन्धि प्राविधिक प्रशिक्षण लिन सकिनेछ।

**बजेट व्यवस्थापन**

उपकरण खरिद, ढुवानी, जडान, क्यालिब्रेसन, सञ्चालन, मर्मतसम्भार, अभिलेखीकरण तथा प्रतिवेदन लगायतका स्वीकृत कार्यमा प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानुनबमोजिम स्वीकृत बजेटको सीमाभित्र रही खर्च गरिनेछ ।

**जिम्मेवार निकाय**

- वातावरण सम्बन्धी जिम्मेवार कार्यालय
- प्रदेशको वन तथा वातावरण हेर्ने मन्त्रालय
- सम्बन्धित प्राविधिक निकाय

## २१. विद्यालय तथा शैक्षिक संस्थामा हरियाली प्रवर्द्धन / स्कुल वन बगैचा कार्यक्रम / बगैचा निर्माण तथा व्यवस्थापन

**पृष्ठभूमि**

विद्यालय तथा शैक्षिक संस्था वातावरणीय शिक्षा तथा व्यवहार परिवर्तनका लागि प्रभावकारी माध्यम हुन्। विद्यालय परिसरमा हरियाली, बगैचा तथा स्थानीय वनस्पति विकास गर्दा विद्यार्थीलाई व्यवहारिक वातावरणीय शिक्षा प्रदान गर्नुका साथै विद्यालयको वातावरण स्वच्छ तथा आकर्षक बनाउन सकिन्छ।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौँ

**उद्देश्य**

- विद्यालय परिसरमा हरियाली विस्तार गर्ने।
- विद्यार्थीमा वातावरण संरक्षणसम्बन्धी व्यवहारिक ज्ञान विकास गर्ने।
- रैथाने तथा बहुवर्षीय वनस्पतिको संरक्षण गर्ने।
- विद्यालयलाई नमुना हरित परिसरका रूपमा विकास गर्ने।

**कार्यान्वयन विधि**

१. विद्यालयसँग समन्वय गरी उपलब्ध जग्गा तथा आवश्यकताको मूल्याङ्कन गरिनेछ।

२. विद्यालयको वातावरणअनुकूल वृक्ष, फूल, फलफूल, औषधीय तथा अन्य उपयोगी वनस्पति छनोट गरिनेछ।

३. बगैचा/स्कुल वनको ले-आउट तयार गरी वृक्षारोपण तथा बगैचा विकास गरिनेछ।

४. विद्यार्थी तथा शिक्षकको सहभागितामा वृक्षारोपण तथा संरक्षण गतिविधि सञ्चालन गरिनेछ।

५. आवश्यकताअनुसार Tree Guard, तारबार, सिँचाइ तथा अन्य साना संरचना निर्माण गरिनेछ।

६. विद्यालयले नियमित गोडमेल, सिँचाइ तथा संरक्षण गर्ने व्यवस्था मिलाउनेछ।

७. बगैचालाई वातावरणीय शिक्षा तथा विद्यार्थीको प्रयोगात्मक सिकाइसँग जोडिनेछ।

**अपेक्षित उपलब्धि**

- विद्यालय परिसरमा हरियाली विस्तार भएको हुनेछ।
- विद्यार्थीमा वातावरण संरक्षणसम्बन्धी व्यवहारिक ज्ञान बढेको हुनेछ।
- विद्यालय नमुना हरित परिसरका रूपमा विकास भएको हुनेछ।

**जनशक्ति व्यवस्थापन**

सम्बन्धित कार्यालयका कर्मचारी, विद्यालयका शिक्षक/विद्यार्थी, स्थानीय तह तथा स्थानीय समुदाय परिचालन गरिनेछ।

**बजेट व्यवस्थापन**



डा. राजेन्द्र प्रसाद
सचिव

बिरुवा, माटो/मल, रोपण, Tree Guard, तारबार, सिँचाइ, बगैचा व्यवस्थापन, सूचना सामग्री तथा अनुगमन लगायतका स्वीकृत कार्यमा प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानुनबमोजिम स्वीकृत बजेटको सीमाभित्र रही खर्च गरिनेछ ।

<u>जिम्मेवार निकाय</u>

- विद्यालय/शैक्षिक संस्था
- वातावरण सम्बन्धी जिम्मेवार कार्यालय
- सम्बन्धित स्थानीय तह तथा स्थानिय तहको वातावरण हेर्ने इकाई
- सम्बन्धित डिभिजन वन कार्यालय तथा तथा भू-तथा जलाधार व्यवस्थापन कार्यालय
- सम्बन्धित व्यवस्थापन/ उपभोक्ता समिति/सम्बन्धित स्थानीय समुदाय
- अन्य सम्बन्धित सरोकारवाला निकाय
- प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय

**२२. जैविक मल उत्पादन, स्थापना तथा सञ्चालन सहयोग**

<u>पृष्ठभूमि</u>

जैविक तथा हरित फोहोरको उचित व्यवस्थापन गरी जैविक मल उत्पादन गर्न सकेमा फोहोर व्यवस्थापन तथा वातावरण संरक्षण दुवैमा योगदान पुग्न सक्छ। जैविक मल उत्पादनले जैविक फोहोरको पुनःप्रयोग बढाउनुका साथै माटोको स्वास्थ्य सुधार तथा रासायनिक मलमाथिको निर्भरता घटाउन सहयोग गर्न सक्छ।

<u>उद्देश्य</u>

- जैविक फोहोरलाई स्रोतका रूपमा उपयोग गर्ने।
- जैविक मल उत्पादन तथा प्रयोग प्रवर्द्धन गर्ने।
- फोहोर व्यवस्थापनलाई वातावरणमैत्री बनाउने।
- स्थानीय तह/समुदायमा जैविक मल उत्पादन क्षमता विकास गर्ने।

<u>कार्यान्वयन विधि</u>

१. जैविक फोहोर उपलब्ध हुने उपयुक्त स्थान पहिचान गरिनेछ।

२. आवश्यकताअनुसार कम्पोष्ट/जैविक मल उत्पादन संरचना स्थापना गरिनेछ।

३. जैविक तथा अजैविक फोहोर छुट्याउने व्यवस्था गरिनेछ।

४. पातपतिङ्गर, घाँस, कृषि तथा अन्य जैविक अवशेष प्रयोग गरी कम्पोष्ट उत्पादन गरिनेछ।

५. उत्पादन प्रक्रियामा आवश्यक प्राविधिक परामर्श तथा अभिमुखीकरण प्रदान गरिनेछ।

६. तयार भएको मलको उचित भण्डारण तथा उपयोग/वितरणको व्यवस्था गरिनेछ।

## अपेक्षित उपलब्धि

- जैविक फोहोरको उपयोग तथा व्यवस्थापनमा सुधार भएको हुनेछ।
- स्थानीय स्तरमा जैविक मल उत्पादन भएको हुनेछ।
- फोहोरको वातावरणीय असर न्यूनीकरण भएको हुनेछ।

## जनशक्ति व्यवस्थापन

सम्बन्धित कार्यालय, स्थानीय तह, कृषक/समुदाय तथा आवश्यक प्राविधिक जनशक्ति परिचालन गरिनेछ।

## बजेट व्यवस्थापन

संरचना स्थापना, उपकरण/सामग्री, जैविक मल उत्पादन, प्राविधिक प्रशिक्षण, ढुवानी, सञ्चालन तथा अनुगमन लगायतका स्वीकृत कार्यमा प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानुनबमोजिम स्वीकृत बजेटको सीमाभित्र रही खर्च गरिनेछ ।

## जिम्मेवार निकाय

- वातावरण सम्बन्धी जिम्मेवार कार्यालय
- सम्बन्धित स्थानीय तह तथा स्थानिय तहको वातावरण हेर्ने इकाई
- सम्बन्धित डिभिजन वन कार्यालय तथा तथा भू-तथा जलाधार व्यवस्थापन कार्यालय
- सम्बन्धित व्यवस्थापन/ उपभोक्ता समिति/सम्बन्धित स्थानीय समुदाय
- अन्य सम्बन्धित सरोकारवाला निकाय
- प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय

## २३. प्रजाति विशेष जडीबुटी प्रवर्द्धन तथा उद्यम विकास कार्यक्रम

## पृष्ठभूमि

स्थानीय रूपमा उपलब्ध तथा वातावरणीय/आर्थिक महत्व भएका जडीबुटी प्रजातिको संरक्षणसँगै उत्पादन, प्रशोधन तथा उद्यम विकास गर्न सकेमा जैविक विविधता संरक्षण र स्थानीय आयआर्जन दुवैमा योगदान पुग्न



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

सक्छ, यस्ता कृयाकलापलाई स्थानीय परिस्थिति र उपलब्ध प्रजातिको आधारमा संरक्षण तथा उद्यम विकाससँग जोडेर सञ्चालन गर्न आवश्यक छ।

उद्देश्य

- प्रजाति विशेष जडीबुटीको संरक्षण तथा प्रवर्द्धन गर्ने।
- जडीबुटीमा आधारित स्थानीय उद्यमको विकासमा सहयोग गर्ने।
- स्थानीय समुदायको आयआर्जन तथा रोजगारीमा योगदान पुर्‍याउने।
- संरक्षण र उपयोगबीच सन्तुलन कायम गर्ने।

कार्यान्वयन विधि

१. स्थानीय रूपमा महत्वपूर्ण तथा सम्भावनायुक्त जडीबुटी प्रजाति पहिचान गरिनेछ।

२. प्राकृतिक स्रोतमा रहेका प्रजातिको संरक्षण अवस्था मूल्याङ्कन गरिनेछ।

३. उपयुक्त स्थानमा नर्सरी, खेती, रोपण तथा संरक्षण गतिविधि सञ्चालन गरिनेछ।

४. उत्पादन, संकलन, प्राथमिक प्रशोधन तथा मूल्य अभिवृद्धिका सम्भावना पहिचान गरिनेछ।

५. इच्छुक कृषक/समुदाय/उद्यमीलाई आवश्यक प्राविधिक अभिमुखीकरण प्रदान गरिनेछ।

६. संरक्षणमा असर नपर्ने गरी उद्यम विकासका लागि आवश्यक उपकरण वा प्राविधिक सहयोग उपलब्ध गराउन सकिनेछ।

७. उत्पादन तथा उद्यमको नियमित अनुगमन गरी संरक्षण तथा आर्थिक प्रभाव मूल्याङ्कन गरिनेछ।

अपेक्षित उपलब्धि

- लक्षित जडीबुटी प्रजातिको संरक्षण तथा उत्पादन वृद्धि भएको हुनेछ।
- स्थानीय जडीबुटीमा आधारित उद्यम विकास भएको हुनेछ।
- स्थानीय समुदायको आयआर्जन तथा रोजगारीमा योगदान पुगेको हुनेछ।

जनशक्ति व्यवस्थापन

वन प्राविधिक, वनस्पति प्राविधीक, जडीबुटीसम्बन्धी विज्ञ, स्थानीय समुदाय, कृषक तथा उद्यमी परिचालन गरिनेछ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

## बजेट व्यवस्थापन

नर्सरी/खेती, बिरुवा, प्राविधिक प्रशिक्षण, संरक्षण, प्राथमिक प्रशोधन, आवश्यक उपकरण, उद्यम सहयोग तथा अनुगमन लगायतका स्वीकृत कार्यमा प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानुनबमोजिम स्वीकृत बजेटको सीमाभित्र रही खर्च गरिनेछ ।

## जिम्मेवार निकाय

- जडीबुटी कृषक/समुदाय
- सम्बन्धित उद्यमी तथा प्राविधिक निकाय
- वातावरण सम्बन्धी जिम्मेवार कार्यालय
- सम्बन्धित स्थानीय तह तथा स्थानिय तहको वातावरण हेर्ने इकाई
- सम्बन्धित डिभिजन वन कार्यालय तथा तथा भू-तथा जलाधार व्यवस्थापन कार्यालय
- सम्बन्धित व्यवस्थापन/ उपभोक्ता समिति/सम्बन्धित स्थानीय समुदाय
- अन्य सम्बन्धित सरोकारवाला निकाय
- प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय

### २४. मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि फ्रुट फरेस्ट कार्यक्रम

## पृष्ठभूमि

मानव तथा वन्यजन्तुबीचको द्वन्द्व विशेषगरी वन क्षेत्रसँग जोडिएका बस्ती तथा कृषि क्षेत्रमा वन्यजन्तुबाट हुने क्षतिको कारण उत्पन्न हुने गर्दछ। बस्ती तथा वन्यजन्तुबीचको संक्रमण क्षेत्रमा स्थानीय हावापानी अनुकूल फलफूल तथा बहुउपयोगी वनस्पति रोपण गरी वन्यजन्तुका लागि वैकल्पिक आहार स्रोत विकास गर्न सकिएमा केही क्षेत्रमा द्वन्द्व न्यूनीकरणमा सहयोग पुग्न सक्छ।

## उद्देश्य

- मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणमा सहयोग पुऱ्याउने।
- वन्यजन्तुका लागि सम्भावित वैकल्पिक आहार स्रोत विकास गर्ने।
- वन क्षेत्र तथा बस्तीबीचको संक्रमण क्षेत्रमा हरियाली विस्तार गर्ने।
- स्थानीय समुदायको सहभागितामा द्वन्द्व व्यवस्थापनका उपाय विकास गर्ने।

## कार्यान्वयन विधि

१. मानव-वन्यजन्तु द्वन्द्व बढी हुने क्षेत्र तथा वन्यजन्तुको आवागमन क्षेत्र पहिचान गरिनेछ।

२. स्थानीय वन्यजन्तुको आहार तथा स्थानीय हावापानीअनुकूल फलफूल/बहुउपयोगी प्रजाति छनोट गरिनेछ।

३. उपयुक्त सार्वजनिक/सामुदायिक/सरकारी जग्गामा फ्रुट फरेस्ट विकास गरिनेछ।

४. आवश्यकताअनुसार फलफूलका बिरुवा रोपण, तारबार तथा संरक्षण संरचना निर्माण गरिनेछ।

५. स्थानीय समुदायलाई रोपण तथा संरक्षणमा सहभागी गराइनेछ।

६. वन्यजन्तुको आवागमन तथा द्वन्द्व घटनाको अवस्था कार्यक्रमपूर्व तथा कार्यक्रमपछि अभिलेख गरिनेछ।

७. कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन गरी आवश्यकताअनुसार थप व्यवस्थापन गरिनेछ।

## अपेक्षित उपलब्धि

- द्वन्द्व प्रभावित क्षेत्रमा वैकल्पिक आहार स्रोत विकास भएको हुनेछ।
- मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणमा योगदान पुगेको हुनेछ।
- वन तथा बस्तीबीचको क्षेत्रमा हरियाली विस्तार भएको हुनेछ।
- स्थानीय समुदायको द्वन्द्व व्यवस्थापनमा सहभागिता बढेको हुनेछ।

## जनशक्ति व्यवस्थापन

डिभिजन वन कार्यालय/सम्बन्धित वातावरण कार्यालयका प्राविधिक कर्मचारी, वन्यजन्तु प्राविधिक, स्थानीय तह, स्थानीय समुदाय तथा आवश्यकताअनुसार विषयगत विज्ञ परिचालन गरिनेछ।

## बजेट व्यवस्थापन

फलफूल तथा बहुउपयोगी बिरुवा, रोपण, तारबार/संरक्षण, सिँचाइ, गोडमेल, अनुगमन तथा कार्यक्रम प्रभाव मूल्याङ्कन लगायतका स्वीकृत कार्यमा प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानुनबमोजिम स्वीकृत बजेटको सीमाभित्र रही खर्च गरिनेछ ।

## जिम्मेवार निकाय

- सम्बन्धित वन्यजन्तु प्राविधिक निकाय
- वातावरण सम्बन्धी कार्यालय
- सम्बन्धित स्थानीय तह तथा स्थानिय तहको वातावरण हेर्ने इकाई
- सम्बन्धित डिभिजन वन कार्यालय तथा तथा भू-तथा जलाधार व्यवस्थापन कार्यालय
- सम्बन्धित व्यवस्थापन/ उपभोक्ता समिति/सम्बन्धित स्थानीय समुदाय

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

कृषि, वन तथा पर्यावरण मन्त्रालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

- अन्य सम्बन्धित सरोकारवाला निकाय
- प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय

**२५. पोखरी निर्माण तथा जलस्रोत संरक्षण / सूर्यकुण्ड जलाशय निर्माण**

**पृष्ठभूमि**

जलस्रोत संरक्षण, वर्षाको पानी संकलन तथा स्थानीय पारिस्थितिक प्रणालीको संरक्षणका लागि पोखरी तथा साना जलाशय उपयोगी हुन सक्छन्। विशेषगरी पानीको पुनर्भरण, स्थानीय जैविक विविधता तथा हरियाली प्रवर्द्धनसँग जोडेर यस्ता संरचना विकास गर्न सकिन्छ।

**उद्देश्य**

- वर्षाको पानी संकलन तथा संरक्षण गर्ने।
- स्थानीय जलस्रोत तथा पानीको उपलब्धता सुदृढ गर्ने।
- जल पुनर्भरणमा सहयोग पुऱ्याउने।
- जलाशय/पोखरीसँग सम्बन्धित स्थानीय जैविक विविधता संरक्षण गर्ने।
- जलस्रोत संरक्षणलाई वातावरणीय व्यवस्थापनसँग जोड्ने।

**कार्यान्वयन विधि**

१. जलाशय/पोखरी निर्माणका लागि उपयुक्त स्थानको प्राविधिक सर्वेक्षण गरिनेछ।

२. भू-आकृति, पानीको स्रोत, जलनिकास, माटोको अवस्था तथा सम्भावित वातावरणीय प्रभावको अध्ययन गरिनेछ।

३. आवश्यकताअनुसार डिजाइन, लागत अनुमान तथा प्राविधिक स्वीकृति प्राप्त गरी निर्माण कार्य अघि बढाइनेछ।

४. जलाशय/पोखरी निर्माण गर्दा प्राकृतिक जलप्रवाह तथा वरपरको वातावरणमा अनावश्यक असर नपर्ने व्यवस्था गरिनेछ।

५. आवश्यकताअनुसार जलाशयको वरिपरि घाँस, रैथाने तथा भू-संरक्षणका लागि वनस्पति रोपण गरिनेछ।

६. पानीको स्रोत तथा जलाशयमा फोहोर तथा प्रदूषण हुन नदिन सूचना तथा संरक्षण व्यवस्था मिलाइनेछ।

७. निर्माण सम्पन्न भएपछि नियमित मर्मतसम्भार तथा संरचनाको सुरक्षा सम्बन्धित निकाय/स्थानीय व्यवस्थापन समितिमार्फत गरिनेछ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

८. जलाशयको पानीको अवस्था, संरचनाको स्थायित्व तथा वातावरणीय प्रभाव नियमित अनुगमन गरिनेछ।

**अपेक्षित उपलब्धि**

- जलाशय/पोखरी निर्माण तथा सञ्चालन भएको हुनेछ।
- वर्षाको पानी संकलन तथा संरक्षण भएको हुनेछ।
- स्थानीय जलस्रोत तथा पुनर्भरणमा सहयोग पुगेको हुनेछ।
- जलाशय वरपरको हरियाली तथा जैविक विविधता संरक्षणमा योगदान पुगेको हुनेछ।
- स्थानीय समुदायका लागि जलस्रोत संरक्षणको नमुना विकास भएको हुनेछ।

**जनशक्ति व्यवस्थापन**

सम्बन्धित वातावरण/वन कार्यालयका प्राविधिक कर्मचारी, आवश्यकताअनुसार जलाधार/सिभिल प्राविधिक, स्थानीय तह, निर्माण श्रमिक तथा स्थानीय समुदाय परिचालन गरिनेछ।

**बजेट व्यवस्थापन**

स्थलगत सर्वेक्षण, डिजाइन तथा लागत अनुमान, निर्माण सामग्री, श्रम, ढुवानी, जलाशय निर्माण, संरक्षण, वृक्षारोपण, मर्मतसम्भार, अनुगमन तथा प्रतिवेदन लगायतका स्वीकृत कार्यमा प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानुनबमोजिम स्वीकृत बजेटको सीमाभित्र रही खर्च गरिनेछ।

**जिम्मेवार निकाय**

- वातावरण सम्बन्धी जिम्मेवार कार्यालय
- सम्बन्धित स्थानीय तह
- सम्बन्धित डिभिजन वन कार्यालय तथा तथा भू-तथा जलाधार व्यवस्थापन कार्यालय
- आवश्यकताअनुसार सम्बन्धित प्राविधिक निकाय
- स्थानीय समुदाय/व्यवस्थापन समिति

**२६. प्रमुख तालहरूको स्वच्छता प्रवर्द्धन कार्यक्रम (कैलाली र कञ्चनपुर)**

**पृष्ठभूमि**

ताल तथा सीमसार क्षेत्रहरू जैविक विविधता संरक्षण, जलचरको बासस्थान, जलस्रोत संरक्षण, पर्यटन विकास तथा स्थानीय वातावरणीय सन्तुलनका लागि अत्यन्त महत्वपूर्ण प्राकृतिक सम्पदा हुन्। प्रदूषण, मिचाहा प्रजातिको विस्तार, फोहोरमैला व्यवस्थापनको अभाव तथा प्राकृतिक मुहानको क्षयीकरणका कारण तालहरूको पारिस्थितिक



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

अवस्था प्रभावित हुँदै गएको छ। प्रमुख तालहरूको स्वच्छता, संरक्षण तथा दिगो व्यवस्थापनका लागि यो कार्यक्रम सञ्चालन गरिनेछ।

## उद्देश्य

- ताल तथा सीमसार क्षेत्रको स्वच्छता तथा संरक्षण गर्ने।
- प्रदूषण तथा मिचाहा प्रजाति नियन्त्रण गर्ने।
- जलचर तथा जैविक विविधताको बासस्थान संरक्षण गर्ने।
- स्थानीय समुदायमा ताल संरक्षणसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने।

## कार्यान्वयन विधि

१. सम्बन्धित कार्यालय तथा डिभिजन वन कार्यालयले प्रमुख तालहरूको अवस्था मूल्याङ्कन गरी वार्षिक कार्ययोजना तयार गर्ने।

२. ताल क्षेत्रमा प्लास्टिक तथा अन्य फोहोर संकलन, जलकुम्भी तथा अन्य मिचाहा प्रजातिको नियन्त्रण तथा व्यवस्थापन गरिनेछ।

३. तालका प्राकृतिक मुहान तथा जलस्रोत संरक्षण, किनार व्यवस्थापन तथा उपयुक्त वृक्षारोपण गरिनेछ।

४. आवश्यकताअनुसार डस्टबिन, सूचना बोर्ड तथा वातावरणीय सचेतनामूलक संरचना स्थापना गरिनेछ।

५. स्थानीय समुदाय, विद्यालय, उपभोक्ता समिति तथा स्थानीय तहसँगको सहकार्यमा सरसफाइ तथा जनचेतनामूलक अभियान सञ्चालन गरिनेछ।

६. तालको वातावरणीय अवस्था तथा कार्यक्रमको प्रभावकारिताको नियमित अनुगमन गरिनेछ।

## अपेक्षित उपलब्धि

- प्रमुख तालहरूको स्वच्छता तथा वातावरणीय अवस्था सुधार भएको हुनेछ।
- मिचाहा प्रजातिको प्रभाव न्यूनीकरण भएको हुनेछ।
- जलचर तथा अन्य जैविक विविधताको बासस्थान संरक्षण भएको हुनेछ।
- स्थानीय समुदायको सहभागितामा ताल संरक्षण प्रणाली सुदृढ भएको हुनेछ।

## जनशक्ति व्यवस्थापन

कार्यक्रम सञ्चालनका लागि सम्बन्धित निकाय तथा डिभिजन वन कार्यालयका प्राविधिक कर्मचारी, स्थानीय तह, सामुदायिक संस्था, उपभोक्ता समिति तथा आवश्यकताअनुसार वातावरण तथा जलाधार विशेषज्ञ परिचालन गरिनेछन्।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

<u>बजेट व्यवस्थापन</u>

सरसफाइ, फोहोर संकलन, मिचाहा प्रजाति व्यवस्थापन, वृक्षारोपण, किनार संरक्षण, डस्टबिन, सूचना बोर्ड, जलचर तथा अन्य जैविक विविधता एवं तिनको बास्थान संरक्षण, आवश्यक साना संरचना, अनुगमन तथा प्रतिवेदन तयारी लगायतका स्वीकृत कार्यमा प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानुनबमोजिम स्वीकृत बजेटको सीमाभित्र रही खर्च गरिनेछ ।

<u>जिम्मेवार निकाय</u>

- डिभिजन वन कार्यालय
- सम्बन्धित स्थानीय तह एवं वातावरण सम्बन्धि इकाई
- ताल व्यवस्थापन समिति, उपभोक्ता समिति (आवश्यकतानुसार)
- स्थानीय समुदाय तथा अन्य सरोकारवाला निकाय

**२७. नदी किनारमा हरित पार्क तथा वृक्षारोपण**

<u>पृष्ठभूमि</u>

नदी तथा खोला किनारका क्षेत्रहरू प्राकृतिक हरित क्षेत्र, जैविक विविधताको संरक्षण, भू-संरक्षण तथा सार्वजनिक उपयोगका दृष्टिले महत्वपूर्ण हुन्छन्। अनियन्त्रित मानवीय गतिविधि, नदी किनारको खाली तथा क्षयग्रस्त जमिन, अतिक्रमण तथा वनस्पति आवरणको कमीका कारण कतिपय नदी किनार क्षेत्रको वातावरणीय तथा सौन्दर्यात्मक अवस्था कमजोर हुन सक्ने भएकाले उपयुक्त स्थानमा वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा हरित क्षेत्र विकास गर्न आवश्यक हुन्छ। यस कृयाकलाप अन्तर्गत स्थानीय परिस्थिति तथा नदी किनारको प्रकृतिअनुसार रैथाने तथा उपयुक्त वनस्पति प्रजातिको वृक्षारोपण गरी नदी किनारको हरियाली विस्तार गरिनेछ। सम्भाव्यता भएका स्थानमा खुला हरित क्षेत्र तथा पार्कको विकास गरी वातावरणीय संरक्षणसँगै सार्वजनिक उपयोग र सौन्दर्यीकरणमा समेत योगदान पुर्‍याइनेछ।

<u>उद्देश्य</u>

- नदी तथा खोला किनारमा हरियाली प्रवर्द्धन तथा वृक्षारोपण गर्ने।
- नदी किनारको खाली तथा उपयुक्त क्षेत्रलाई हरित क्षेत्रका रूपमा विकास गर्ने।
- नदी किनारको वातावरणीय तथा सौन्दर्यात्मक अवस्था सुधार गर्ने।
- वृक्षारोपणमार्फत नदी किनारको माटो तथा भू-सतह संरक्षणमा सहयोग पुर्‍याउने।
- स्थानीय समुदायका लागि वातावरणमैत्री खुला तथा हरित क्षेत्र विकास गर्ने।

<u>कार्यान्वयन विधि</u>

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

१. नदी तथा खोला किनारका वृक्षारोपण तथा हरित क्षेत्र विकासका लागि उपयुक्त स्थान पहिचान गरिनेछ।

२. छनौट गर्दा जग्गाको स्वामित्व/उपलब्धता, नदीको बहाव, बाढीको जोखिम, माटोको अवस्था, सार्वजनिक पहुँच तथा वातावरणीय संवेदनशीलतालाई ध्यान दिइनेछ।

३. सम्बन्धित स्थानीय तह तथा जग्गा व्यवस्थापनसँग सम्बन्धित निकायसँग आवश्यक समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ।

४. स्थानअनुकूल रैथाने, बहुवर्षीय तथा नदी किनारको वातावरणमा अनुकूल हुने वनस्पति प्रजाति छनौट गरी वृक्षारोपण गरिनेछ।

५. वृक्षारोपणपूर्व आवश्यकताअनुसार क्षेत्र सरसफाइ, खाल्डो तयारी, माटो सुधार तथा अन्य आधारभूत तयारीका कार्य गरिनेछ।

६. बिरुवाको संरक्षणका लागि आवश्यकताअनुसार तारबार, घेराबार, ट्री गार्ड तथा अन्य संरक्षण उपाय अवलम्बन गरिनेछ।

७. वृक्षारोपणपछि बिरुवाको सिँचाइ, गोडमेल, मलखाद, पुनःरोपण तथा संरक्षण लगायतका हेरचाहका कार्य स्थानीय समुदाय तथा सम्बन्धित निकायको सहकार्यमा गरिनेछ।

८. उपयुक्त तथा सार्वजनिक उपयोगका लागि सम्भाव्य स्थानमा हरित पार्क, खुला क्षेत्र, पैदलमार्ग, विश्रामस्थल तथा आवश्यक आधारभूत संरचना वातावरणीय दृष्टिले उपयुक्त हुने गरी विकास गर्न सकिनेछ।

९. हरित पार्क तथा वृक्षारोपण क्षेत्रमा फोहोर व्यवस्थापनका लागि आवश्यकताअनुसार डस्टबिन, सूचना बोर्ड तथा वातावरणीय सचेतनामूलक सामग्रीको व्यवस्था गरिनेछ।

१०. कार्यक्रमको दिगोपनाका लागि सम्बन्धित स्थानीय तह, समुदाय तथा अन्य सरोकारवालासँग संरक्षण तथा व्यवस्थापनको जिम्मेवारीबारे आवश्यक समन्वय गरिनेछ।

११. वृक्षारोपण तथा हरित पार्कको अवस्था, बिरुवा बाँच्ने दर, संरक्षणको अवस्था तथा क्षेत्रको समग्र वातावरणीय सुधारको नियमित अनुगमन गरिनेछ।

<u>अपेक्षित उपलब्धि</u>

- नदी तथा खोला किनारमा हरियाली क्षेत्र विस्तार भएको हुनेछ।
- उपयुक्त नदी किनार क्षेत्रमा हरित पार्क तथा सार्वजनिक हरित क्षेत्र विकास भएको हुनेछ।
- नदी किनारको वातावरणीय तथा सौन्दर्यात्मक अवस्थामा सुधार भएको हुनेछ।

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

- वृक्षारोपणमार्फत नदी किनारको भू-सतह तथा माटो संरक्षणमा सहयोग पुगेको हुनेछ।
- स्थानीय समुदायका लागि वातावरणमैत्री खुला तथा हरित क्षेत्र उपलब्ध भएको हुनेछ।
- स्थानीय समुदायमा हरित क्षेत्र संरक्षण तथा वृक्षारोपणसम्बन्धी अपनत्व र सहभागिता वृद्धि भएको हुनेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित वातावरण/वन प्राविधिक, स्थानीय तहका सम्बन्धित कर्मचारी तथा आवश्यकताअनुसार प्राविधिक जनशक्ति परिचालन गरिनेछ। वृक्षारोपण, संरक्षण तथा हेरचाहका कार्यमा स्थानीय समुदाय, सामुदायिक संस्था, विद्यालय, युवा समूह तथा स्वयंसेवकलाई आवश्यकताअनुसार सहभागी गराइनेछ। पार्क तथा हरित क्षेत्रको संरचना निर्माण आवश्यक भएमा सम्बन्धित प्राविधिकबाट डिजाइन, लागत अनुमान तथा प्राविधिक अनुगमनको व्यवस्था गरिनेछ।

**बजेट व्यवस्थापन**

कार्यक्रमका लागि स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटबाट आवश्यक बजेट व्यवस्था गरिनेछ। बिरुवा उत्पादन/खरिद, क्षेत्र तयारी, वृक्षारोपण, तारबार/ट्री गार्ड, सिँचाइ तथा संरक्षण, पार्क तथा हरित क्षेत्र विकास, डस्टबिन, सूचना बोर्ड, सरसफाइ, अनुगमन तथा अन्य स्वीकृत क्रियाकलापमा प्रचलित आर्थिक कार्यविधि तथा प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानुनबमोजिम स्वीकृत बजेटको सीमाभित्र रही खर्च गरिनेछ।

**जिम्मेवार निकाय**

- वातावरण सम्बन्धी जिम्मेवार कार्यालय
- सम्बन्धित स्थानीय तह तथा स्थानिय तहको वातावरण हेर्ने इकाई
- सम्बन्धित डिभिजन वन कार्यालय तथा तथा भू-तथा जलाधार व्यवस्थापन कार्यालय
- सम्बन्धित व्यवस्थापन/ उपभोक्ता समिति/सम्बन्धित स्थानीय समुदाय
- विद्यालय, युवा समूह तथा अन्य सरोकारवाला संस्था
- अन्य सम्बन्धित सरोकारवाला निकाय
- प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय

## ग. राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम (बजेट उपशीर्षक नम्बर - ३१२०६१०१)



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

**१. सामुदायिक वनको कार्ययोजना नवीकरण / सामुदायिक वन व्यवस्थापन, सहजीकरण तथा समूह सशक्तीकरण / सामुदायिक वनको सामाजिक परिचालन**

## पृष्ठभूमि

सामुदायिक वन व्यवस्थापन नेपालको वन संरक्षण, वन पैदावारको दिगो उपयोग तथा स्थानीय समुदायको जीविकोपार्जनसँग प्रत्यक्ष रूपमा जोडिएको महत्वपूर्ण व्यवस्थापन प्रणाली हो। समयक्रमसँगै वनको अवस्था, उपभोक्ता समूहको आवश्यकता, वन पैदावारको माग, जलवायु परिवर्तनका प्रभाव तथा प्रचलित नीति तथा कानुनी व्यवस्थामा परिवर्तन आउने भएकाले सामुदायिक वनका कार्ययोजनालाई समयानुकूल नवीकरण तथा प्रभावकारी कार्यान्वयन गर्न आवश्यक हुन्छ। विशेषगरी कार्ययोजनाको अवधि समाप्त भएका, आर्थिक तथा प्राविधिक क्षमताका कारण नवीकरण गर्न नसकेका वा निष्क्रिय अवस्थामा रहेका सामुदायिक वन उपभोक्ता समूहलाई प्राथमिकतामा राखी सहयोग गर्नुपर्ने हुन्छ। मूल कार्यविधिले पनि न्यून आय भएका समूहलाई प्राथमिकता दिई कार्ययोजना नवीकरण तथा कार्यान्वयनमा सहयोग गर्ने व्यवस्था गरेको छ।

## उद्देश्य

- सामुदायिक वनको कार्ययोजना समयानुकूल नवीकरण गरी कार्यान्वयनयोग्य बनाउने।
- निष्क्रिय तथा कमजोर सामुदायिक वन उपभोक्ता समूहलाई पुनः सक्रिय बनाउने।
- वन संरक्षण, संवर्द्धन, उत्पादन तथा दिगो उपयोगमा उपभोक्ता समूहको क्षमता अभिवृद्धि गर्ने।
- महिला, विपन्न, दलित, आदिवासी जनजाति तथा अन्य सीमान्तकृत वर्गको सहभागिता अभिवृद्धि गर्ने।
- सामुदायिक वनको संस्थागत सुशासन, पारदर्शिता तथा जवाफदेहिता सुदृढ गर्ने।

## कार्यान्वयन विधि

१. सम्बन्धित डिभिजन वन कार्यालयले कार्ययोजना नवीकरण आवश्यक भएका सामुदायिक वनहरूको अभिलेख तयार गरी प्राथमिकता निर्धारण गर्नेछ।

२. वनको अवस्था, क्षेत्रफल, कार्ययोजनाको म्याद, उपभोक्ता समूहको आर्थिक अवस्था, वन व्यवस्थापनको अवस्था तथा विगतको प्रगतिको आधारमा समूह छनोट गरिनेछ।

३. आवश्यक प्राविधिक जनशक्ति डिभिजन/सब–डिभिजन वन कार्यालयबाट परिचालन गरी वनको स्थलगत निरीक्षण, स्रोत सर्वेक्षण तथा कार्ययोजना नवीकरणको प्रक्रिया अगाडि बढाइनेछ।

४. उपभोक्ता समूहको साधारण सभा/भेला तथा आवश्यक परामर्शमार्फत वन व्यवस्थापन, वन पैदावार उपयोग, संरक्षण, आयआर्जन, सामाजिक समावेशीकरण तथा लाभ बाँडफाँडसम्बन्धी विषय समेटिनेछ।

५. नवीकरण गरिएको कार्ययोजना प्रचलित कानुन तथा स्वीकृत प्रक्रियाबमोजिम अनुमोदन गरिनेछ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

६. कार्ययोजना हस्तान्तरणपश्चात समूहका पदाधिकारी तथा उपभोक्तालाई कार्ययोजनामा उल्लेखित व्यवस्थाबारे अभिमुखीकरण गरिनेछ।

७. समूह सशक्तीकरणका लागि अभिमुखीकरण, सामाजिक परिचालन, अभिलेख व्यवस्थापन, लेखा व्यवस्थापन, वन संरक्षण तथा नेतृत्व विकाससम्बन्धी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

८. कार्यसम्पादनको नियमित अनुगमन गरी वनको अवस्था तथा कार्ययोजना कार्यान्वयनको प्रगति अभिलेखीकरण गरिनेछ।

## अपेक्षित उपलब्धि

- सामुदायिक वनका म्याद समाप्त भएका कार्ययोजना नवीकरण हुने।
- निष्क्रिय सामुदायिक वन समूहहरू पुनः सक्रिय हुने।
- वन संरक्षण तथा दिगो व्यवस्थापनमा उपभोक्ताको सहभागिता बढ्ने।
- समूहको संस्थागत तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि हुने।
- वन पैदावारको दिगो उपयोग तथा स्थानीय आयआर्जनमा योगदान पुग्ने।

## जनशक्ति व्यवस्थापन

डिभिजन तथा सब–डिभिजन वन कार्यालयका वन प्राविधिक, सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी, उपभोक्ता, सामुदायिक वन उपभोक्ता महासंघका प्रतिनिधि तथा आवश्यकताअनुसार विषयगत विज्ञ परिचालन गरिनेछ।

## बजेट व्यवस्थापन

कार्ययोजना तयारी/नवीकरण, स्थलगत निरीक्षण, प्राविधिक सहयोग, बैठक तथा अभिमुखीकरण, कार्ययोजना मुद्रण तथा बाइन्डिङ, सूचना/प्रचार सामग्री, अनुगमन तथा प्रतिवेदन तयारीमा स्वीकृत बजेट तथा प्रचलित नर्म्स/दररेटबमोजिम खर्च गर्न सकिनेछ। मूल कार्यविधिले कार्ययोजना मुद्रण, बाइन्डिङ, साधारण सभा तथा अभिमुखीकरणसम्बन्धी आवश्यक खर्चको व्यवस्था गरेको छ।

## जिम्मेवार निकाय

- सम्बन्धित डिभिजन वन कार्यालय
- सम्बन्धित सब–डिभिजन वन कार्यालय
- सामुदायिक वन उपभोक्ता समूह
- स्थानीय तह तथा सम्बन्धित सरोकारवाला निकाय



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## २. सामुदायिक वन अध्ययन केन्द्रको MIS प्रणालीमा तथ्याङ्क विवरण प्रविष्टि / सामुदायिक वनसम्बन्धी तथ्याङ्क व्यवस्थापन

### पृष्ठभूमि

सामुदायिक वनको संख्या, क्षेत्रफल, उपभोक्ता संख्या, वनको अवस्था, कार्ययोजनाको म्याद, वन पैदावार, व्यवस्थापन गतिविधि तथा समूहको संस्थागत अवस्थासम्बन्धी तथ्याङ्क व्यवस्थित रूपमा अभिलेखीकरण हुनु आवश्यक छ। तथ्याङ्क अद्यावधिक नहुँदा योजना निर्माण, अनुगमन तथा स्रोत विनियोजनमा कठिनाइ हुने भएकाले उपलब्ध विवरणलाई MIS प्रणालीमा नियमित रूपमा प्रविष्टि तथा अद्यावधिक गर्न आवश्यक हुन्छ। संघीय कार्यक्रम विवरणमा समेत सामुदायिक वन अध्ययन केन्द्रको MIS प्रणालीमा तथ्याङ्क विवरण प्रविष्ट गर्ने गतिविधि समावेश छ।

### उद्देश्य

- सामुदायिक वनसम्बन्धी तथ्याङ्कको एकीकृत अभिलेख तयार गर्ने।
- MIS प्रणालीमा तथ्याङ्कको नियमित अद्यावधिक सुनिश्चित गर्ने।
- योजना, अनुगमन तथा निर्णय प्रक्रियाका लागि विश्वसनीय तथ्याङ्क उपलब्ध गराउने।

### कार्यान्वयन विधि

१. सम्बन्धित डिभिजन तथा सब–डिभिजन वन कार्यालयबाट सामुदायिक वनको अद्यावधिक विवरण संकलन गरिनेछ।

२. आवश्यकताअनुसार कार्ययोजना, क्षेत्रफल, उपभोक्ता संख्या, समूहको विवरण, वनको प्रकार, व्यवस्थापन गतिविधि तथा अन्य सम्बन्धित विवरण प्रमाणीकरण गरिनेछ।

३. प्रमाणीकरण गरिएको विवरण MIS प्रणालीमा निर्धारित ढाँचाअनुसार प्रविष्टि गरिनेछ।

४. त्रुटिपूर्ण, दोहोरिएको वा अपूर्ण विवरणलाई सुधार गरी नियमित अद्यावधिक गरिनेछ।

५. MIS मा प्रविष्ट तथ्याङ्कको कार्यालयगत तथा आवश्यकताअनुसार स्थलगत परीक्षण गरिनेछ।

### अपेक्षित उपलब्धि

- सामुदायिक वनसम्बन्धी अद्यावधिक डिजिटल अभिलेख तयार हुने।
- तथ्यमा आधारित योजना तथा बजेट तर्जुमा गर्न सहयोग पुग्ने।
- अनुगमन तथा प्रतिवेदन प्रणाली प्रभावकारी हुने।

### जनशक्ति व्यवस्थापन

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

डिभिजन तथा सब—डिभिजन वन कार्यालयका सम्बन्धित कर्मचारी, MIS सञ्चालनमा दक्ष जनशक्ति तथा आवश्यकताअनुसार सूचना प्रविधि सहयोगी परिचालन गरिनेछ।

**बजेट व्यवस्थापन**

तथ्याङ्क संकलन, प्रविष्टि, प्रमाणीकरण, प्राविधिक सहयोग, आवश्यक सूचना प्रविधि सामग्री तथा अनुगमनसम्बन्धी खर्च स्वीकृत बजेटको सीमाभित्र रही गर्न सकिनेछ।

**जिम्मेवार निकाय**

- सम्बन्धित डिभिजन वन कार्यालय
- सब—डिभिजन वन कार्यालय
- सामुदायिक वन अध्ययन केन्द्र/सम्बन्धित MIS इकाइ

### ३. दिगो वन व्यवस्थापन कार्ययोजना निर्माण / वन संवर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापनमार्फत काठदाउरा उत्पादन / वन व्यवस्थापन गरी काठ उत्पादन / चाक्ला वन व्यवस्थापन

**पृष्ठभूमि**

वन संरक्षणसँगै वन स्रोतको वैज्ञानिक, दिगो तथा उत्पादनमुखी व्यवस्थापन आवश्यक हुन्छ। वन संवर्द्धन प्रणालीअन्तर्गत पुनरुत्पादन, बिरुवा उत्पादन, वृक्षारोपण, गोडमेल, झाडी सफाइ, घेराबेरा, वनको स्वास्थ्य सुधार तथा उपयुक्त वन पैदावार उत्पादनका गतिविधि सञ्चालन गर्न सकिन्छ। मूल कार्यविधिले पनि वन सम्वर्धन प्रणालीअन्तर्गत यी गतिविधिहरू सञ्चालन गर्ने व्यवस्था गरेको छ।

**उद्देश्य**

- वनको उत्पादकत्व तथा स्वास्थ्य सुधार गर्ने।
- वैज्ञानिक तथा दिगो वन व्यवस्थापनमार्फत काठदाउरा उत्पादन गर्ने।
- वन पुनरुत्पादन तथा जैविक विविधता कायम गर्ने।
- सामुदायिक, साझेदारी तथा सरकारद्वारा व्यवस्थित वनको व्यवस्थापन सुदृढ गर्ने।
- चाक्ला वन क्षेत्रको व्यवस्थापनमार्फत उत्पादनशीलता अभिवृद्धि गर्ने।

**कार्यान्वयन विधि**

१. वनको अवस्था, उमेर संरचना, प्रजातिगत संरचना, घनत्व, पुनरुत्पादन अवस्था तथा उत्पादन क्षमताको स्थलगत मूल्याङ्कन गरिनेछ।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

२. आवश्यकताअनुसार दिगो वन व्यवस्थापन कार्ययोजना तथा प्राविधिक कार्ययोजना तयार/अद्यावधिक गरिनेछ।

३. स्वीकृत कार्ययोजनाअनुसार वन संवर्द्धन, thinning, pruning, गोडमेल, झाडी सफाइ, regeneration promotion तथा घेराबेरा लगायतका कार्य गरिनेछ।

४. प्राकृतिक पुनरुत्पादनलाई प्राथमिकता दिइनेछ र आवश्यक स्थानमा रैथाने प्रजातिको कृत्रिम पुनरुत्पादन तथा वृक्षारोपण गरिनेछ।

५. वनको उत्पादन क्षमता र स्वीकृत व्यवस्थापन योजनाअनुसार काठदाउरा उत्पादन तथा संकलन गरिनेछ।

६. काठको नापजाँच, वर्गीकरण, संकलन, घाटगद्दी तथा अभिलेखीकरण व्यवस्थित गरिनेछ।

७. चाक्ला वन व्यवस्थापनका लागि एकीकृत क्षेत्रगत व्यवस्थापन योजना बनाई उत्पादन, संरक्षण, पुनरुत्पादन तथा वन स्वास्थ्य सुधारका कार्य समन्वित रूपमा सञ्चालन गरिनेछ।

८. सम्पूर्ण उत्पादन कार्य प्रचलित वनसम्बन्धी कानुन, स्वीकृत कार्ययोजना तथा प्राविधिक मापदण्डबमोजिम मात्र गरिनेछ।

**अपेक्षित उपलब्धि**

- वनको उत्पादकत्व तथा स्वास्थ्यमा सुधार।
- दिगो रूपमा काठदाउरा उत्पादन।
- प्राकृतिक तथा कृत्रिम पुनरुत्पादनमा वृद्धि।
- वन व्यवस्थापनमा वैज्ञानिक प्रणालीको विकास।
- वन पैदावारको व्यवस्थित अभिलेख तथा उपयोग।

**जनशक्ति व्यवस्थापन**

डिभिजन/सब–डिभिजन वन कार्यालयका वन प्राविधिक, वन उपभोक्ता समूह, वन व्यवस्थापन प्राविधिक, श्रमिक तथा आवश्यकताअनुसार परामर्शदाता परिचालन गरिनेछ।

**बजेट व्यवस्थापन**

सर्वेक्षण, वन सूचीकरण, कार्ययोजना, नक्साङ्कन, प्राविधिक डिजाइन, वन संवर्द्धन, गोडमेल, झाडी सफाइ, पुनरुत्पादन, घेराबेरा, घाटगद्दी, अनुगमन तथा प्रतिवेदनका लागि स्वीकृत बजेट तथा प्रचलित नर्म्सबमोजिम खर्च गरिनेछ।

**जिम्मेवार निकाय**



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

- सम्बन्धित डिभिजन वन कार्यालय
- सब–डिभिजन वन कार्यालय
- सम्बन्धित सामुदायिक/साझेदारी वन समूह
- स्थानीय तह तथा अन्य सरोकारवाला

**४. बहुवर्षीय/बहुवर्षे रैथाने बिरुवा उत्पादन / रैथाने प्रजातिका बिरुवा उत्पादन तथा वृक्षारोपण / तारबारसहित वृक्षारोपण**

पृष्ठभूमि

रैथाने प्रजातिका वनस्पति स्थानीय वातावरणसँग अनुकूल हुने भएकाले वन पुनःस्थापना, जैविक विविधता संरक्षण, माटो–पानी संरक्षण तथा जलवायु अनुकूलनमा महत्वपूर्ण भूमिका खेल्छन्। मूल कार्यविधिमा स्थानीय रूपमा उपलब्ध रैथाने प्रजातिका बिरुवा उत्पादन गरी वन, सार्वजनिक तथा अन्य उपयुक्त क्षेत्रमा वृक्षारोपण गर्ने व्यवस्था गरिएको छ।

उद्देश्य

- रैथाने वनस्पति प्रजातिको संरक्षण तथा विस्तार गर्ने।
- गुणस्तरीय बहुवर्षीय बिरुवा उत्पादन गर्ने।
- क्षतिग्रस्त तथा खाली वन क्षेत्रमा पुनःस्थापना गर्ने।
- वृक्षारोपण क्षेत्रको संरक्षणका लागि आवश्यक तारबार गर्ने।

कार्यान्वयन विधि

१. स्थानीय हावापानी, उचाइ, माटो तथा वनको प्रकृतिअनुसार उपयुक्त रैथाने प्रजाति छनोट गरिनेछ।

२. गुणस्तरीय बीउ/कलमी/कटिङ संकलन गरी नर्सरीमा बहुवर्षीय बिरुवा उत्पादन गरिनेछ।

३. आवश्यकताअनुसार पोलिब्याग, माटो मिश्रण, जैविक मल, सिँचाइ तथा नर्सरी व्यवस्थापनका उपाय अपनाइनेछ।

४. तयार बिरुवा उपयुक्त मौसममा निर्धारित दूरी तथा प्राविधिक विधिअनुसार रोपण गरिनेछ।

५. वन्यजन्तु, चरिचरन, आगलागी तथा अन्य क्षतिबाट जोगाउन तारबार/घेराबेरा गर्न सकिनेछ।

६. रोपिएका बिरुवाको जीवितदर, वृद्धि तथा संरक्षणको अनुगमन गरिनेछ।

अपेक्षित उपलब्धि

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

गुणस्तरीय रैथाने बिरुवा उत्पादन तथा वृक्षारोपण भई वन पुनःस्थापना, जैविक विविधता संरक्षण तथा हरित आवरण विस्तार हुनेछ।

जनशक्ति व्यवस्थापन

वन कार्यालयका प्राविधिक, नर्सरी कर्मचारी, वन उपभोक्ता समूह तथा स्थानीय श्रमिक परिचालन गरिनेछ।

बजेट व्यवस्थापन

बीउ/बिरुवा उत्पादन, पोलिब्याग, माटो, मल, सिँचाइ, श्रम, ढुवानी, रोपण, तारबार, संरक्षण तथा अनुगमनमा स्वीकृत बजेटबाट खर्च गरिनेछ।

जिम्मेवार निकाय

सम्बन्धित डिभिजन वन कार्यालय तथा सब–डिभिजन वन कार्यालय।

**५. बहुवर्षीय बिरुवा उत्पादन (नर्सरी नाइकेको ज्याला सहित)**

पृष्ठभूमि

वन वृक्षारोपण तथा पुनःस्थापनाका लागि निरन्तर गुणस्तरीय बिरुवाको आपूर्ति आवश्यक हुन्छ। त्यसका लागि नर्सरीलाई नियमित रूपमा सञ्चालन गरी बहुवर्षीय तथा रैथाने प्रजातिका बिरुवा उत्पादन गर्नुपर्ने हुन्छ। कार्यक्रम विवरणमा नर्सरी नाइकेको ज्यालासहित बहुवर्षीय बिरुवा उत्पादनलाई छुट्टै क्रियाकलापका रूपमा समावेश गरिएको छ।

उद्देश्य

- वृक्षारोपणका लागि आवश्यक बहुवर्षीय बिरुवाको निरन्तर उत्पादन गर्ने।
- नर्सरी सञ्चालन तथा व्यवस्थापनलाई व्यवस्थित गर्ने।
- गुणस्तरीय तथा रोपणयोग्य बिरुवा उपलब्ध गराउने।

कार्यान्वयन विधि

बीउ संकलन, बीउ उपचार, बेड तयारी, पोलिब्याग भर्ने, बिरुवा सार्ने, सिँचाइ, गोडमेल, मलखाद, रोग–कीरा व्यवस्थापन, hardening तथा वितरणयोग्य बिरुवा तयार गर्ने कार्य गरिनेछ। नर्सरी नाइकेको नियमित श्रम तथा हेरचाहको व्यवस्था स्वीकृत नर्म्सअनुसार गरिनेछ।

अपेक्षित उपलब्धि



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

आवश्यक परिमाणमा स्वस्थ, गुणस्तरीय तथा रोपणयोग्य बहुवर्षीय बिरुवा उत्पादन हुनेछ।

जनशक्ति व्यवस्थापन

नर्सरी नाइके, वन कार्यालयका प्राविधिक कर्मचारी तथा आवश्यकताअनुसार स्थानीय श्रमिक परिचालन गरिनेछ।

बजेट व्यवस्थापन

नर्सरी नाइकेको ज्याला, बीउ, पोलिब्याग, माटो, मलखाद, सिँचाइ, औजार तथा बिरुवा व्यवस्थापनसम्बन्धी खर्च स्वीकृत बजेटबाट गरिनेछ।

जिम्मेवार निकाय

सम्बन्धित डिभिजन वन कार्यालय/सब–डिभिजन वन कार्यालय।

**६. स्थानीय तहको सहकार्यमा सार्वजनिक तथा नदी उकास जग्गामा वृक्षारोपण गरी वन विकास / सार्वजनिक तथा नदी उकास जग्गामा वृक्षारोपण / नदी किनारमा वृक्षारोपण**

पृष्ठभूमि

सार्वजनिक तथा नदी उकास जग्गा खाली वा कम उपयोगमा रहेको अवस्थामा त्यस्ता क्षेत्रमा वृक्षारोपण गरी हरित क्षेत्र विस्तार गर्न सकिन्छ। यसबाट माटो तथा नदी किनार संरक्षण, कार्बन सञ्चिति, जैविक विविधता तथा सार्वजनिक जग्गाको संरक्षणमा योगदान पुग्छ। मूल कार्यविधिमा स्थानीय तहसँग समन्वय गरी यस्ता क्षेत्रमा वृक्षारोपण गर्ने व्यवस्था छ।

उद्देश्य

- सार्वजनिक तथा नदी उकास जग्गालाई हरित क्षेत्रमा रूपान्तरण गर्ने।
- नदी किनार कटान तथा भूक्षय न्यूनीकरण गर्ने।
- स्थानीय जैविक विविधता तथा हरित आवरण विस्तार गर्ने।
- सार्वजनिक जग्गाको संरक्षण तथा दिगो उपयोग गर्ने।

कार्यान्वयन विधि

१. स्थानीय तहसँग समन्वय गरी जग्गाको स्वामित्व, उपलब्धता तथा उपयोग अवस्था यकिन गरिनेछ।

२. बाढीको जोखिम, माटो, पानी, उचाइ तथा स्थानीय हावापानीअनुसार उपयुक्त प्रजाति छनोट गरिनेछ।



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं
डा. राजेन्द्र प्रसाद मिश्र सचिव

३. क्षेत्रफल, बिरुवा संख्या, रोपण दूरी तथा संरक्षण विधि खुल्ने प्राविधिक योजना तयार गरिनेछ।

४. स्थानीय तह, सामुदायिक वन समूह तथा स्थानीय समुदायको सहभागितामा वृक्षारोपण गरिनेछ।

५. नदी किनारमा कटान सहन सक्ने तथा माटो बाँध्ने स्थानीय प्रजातिलाई प्राथमिकता दिइनेछ।

६. आवश्यकताअनुसार घेराबेरा तथा संरक्षण संरचना निर्माण गरिनेछ।

**अपेक्षित उपलब्धि**

सार्वजनिक तथा नदी उकास जग्गामा हरित क्षेत्र विस्तार भई नदी किनार संरक्षण, भूक्षय नियन्त्रण तथा जैविक विविधता संरक्षणमा योगदान पुग्नेछ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालय, स्थानीय तह, वन उपभोक्ता समूह तथा स्थानीय समुदाय परिचालन गरिनेछ।

**बजेट व्यवस्थापन**

बिरुवा उत्पादन/खरिद, ढुवानी, खाल्डो तयारी, रोपण, तारबार, संरक्षण तथा अनुगमनमा खर्च गर्न सकिनेछ।

**जिम्मेवार निकाय**

सम्बन्धित डिभिजन वन कार्यालय, स्थानीय तह तथा सम्बन्धित वन उपभोक्ता समूह।

**७. नर्सरी मर्मत तथा स्तरोन्नती / नर्सरी व्यवस्थापन**

**पृष्ठभूमि**

गुणस्तरीय बिरुवा उत्पादनका लागि नर्सरीको भौतिक तथा प्राविधिक अवस्था उपयुक्त हुनु आवश्यक हुन्छ। पुराना बेड, घेराबेरा, सिँचाइ प्रणाली, पानी ट्याङ्की, shade structure तथा अन्य संरचनाको मर्मत तथा स्तरोन्नतीले उत्पादन क्षमता बढाउन सहयोग गर्छ।

**उद्देश्य**

- विद्यमान नर्सरीको उत्पादन क्षमता अभिवृद्धि गर्ने।
- गुणस्तरीय बिरुवा उत्पादनका लागि आवश्यक पूर्वाधार सुधार गर्ने।
- नर्सरीको नियमित सञ्चालन तथा व्यवस्थापन सुनिश्चित गर्ने।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

## कार्यान्वयन विधि

स्थलगत निरीक्षण गरी नर्सरीको अवस्था मूल्याङ्कन गरिनेछ। आवश्यकताअनुसार बेड सुधार, घेराबेरा, सिँचाइ, पानी ट्याङ्की, shade/net, कम्पोष्ट संरचना, भण्डारण तथा औजार व्यवस्थापन गरिनेछ। स्थानीय स्रोत र उपलब्ध संरचनाको अधिकतम उपयोग गरिनेछ।

## अपेक्षित उपलब्धि

नर्सरीको उत्पादन क्षमता र गुणस्तरमा सुधार भई नियमित बिरुवा उत्पादन सम्भव हुनेछ।

## जनशक्ति व्यवस्थापन

नर्सरी नाइके, वन प्राविधिक, श्रमिक तथा आवश्यकताअनुसार प्राविधिक सेवा प्रदायक परिचालन गरिनेछ।

## बजेट व्यवस्थापन

मर्मत, निर्माण सामग्री, सिँचाइ उपकरण, नर्सरी सामग्री, श्रम तथा अनुगमनमा स्वीकृत बजेट खर्च गरिनेछ।

## जिम्मेवार निकाय

सम्बन्धित डिभिजन वन कार्यालय।

**८. वन क्षेत्र अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन / वन अतिक्रमण हटाई पुनरुत्पादन व्यवस्थापन तथा वृक्षारोपण / सागरनाथ परियोजनाको अतिक्रमण नियन्त्रण**

## पृष्ठभूमि

वन क्षेत्रमा अनधिकृत घरटहरा, खेती, संरचना निर्माण तथा अन्य प्रयोगका कारण वन अतिक्रमण हुने गरेको छ। अतिक्रमणले वनको क्षेत्रफल तथा उत्पादकत्व घटाउनुका साथै पुनःस्थापना, जैविक विविधता तथा वन व्यवस्थापनमा असर पुऱ्याउँछ। मूल कार्यविधिमा अतिक्रमित क्षेत्रबाट अवैध संरचना हटाउने, आवश्यकताअनुसार तारबार गर्ने र हटाइएको क्षेत्रमा पुनरुत्पादन तथा वृक्षारोपण गर्ने व्यवस्था छ।

## उद्देश्य

- वन क्षेत्रको अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने।
- अतिक्रमित क्षेत्र पुनः वन क्षेत्रमा फर्काउने।
- अतिक्रमणको जोखिममा रहेका क्षेत्रमा निरोधात्मक व्यवस्थापन गर्ने।
- सागरनाथ लगायत विशेष वन क्षेत्रको संरक्षण सुदृढ गर्ने।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## कार्यान्वयन विधि

१. अतिक्रमित तथा अतिक्रमण जोखिम भएका क्षेत्रको पहिचान तथा अभिलेखीकरण गरिनेछ।

२. सम्बन्धित कानुनी प्रक्रिया तथा सम्बन्धित निकायसँग समन्वय गरी अतिक्रमण हटाउने कार्य गरिनेछ।

३. हटाइएका घरटहरा/अनधिकृत संरचनाको विवरण अभिलेख राखिनेछ।

४. अतिक्रमण हटाइएको क्षेत्रमा आवश्यकताअनुसार पुनरुत्पादन संरक्षण, वृक्षारोपण तथा तारबार गरिनेछ।

५. अतिक्रमण पुनः हुन नदिन नियमित गस्ती, सीमा पहिचान, सूचना/सचेतना तथा निरोधात्मक गतिविधि सञ्चालन गरिनेछ।

६. सागरनाथ परियोजनाजस्ता विशेष क्षेत्रका लागि क्षेत्रगत प्राथमिकता तथा सुरक्षा योजना तयार गर्न सकिनेछ।

## अपेक्षित उपलब्धि

वन अतिक्रमण घट्ने, अतिक्रमित क्षेत्र पुनः वन क्षेत्रमा फर्किने तथा वन व्यवस्थापनको प्रभावकारिता बढ्नेछ।

## जनशक्ति व्यवस्थापन

डिभिजन/सब—डिभिजन वन कार्यालय, सुरक्षा निकाय, स्थानीय तह, वन उपभोक्ता समूह तथा आवश्यकताअनुसार अन्य सम्बन्धित निकाय परिचालन गरिनेछ।

## बजेट व्यवस्थापन

स्थलगत निरीक्षण, अभिलेख, सीमा संरक्षण, तारबार, वृक्षारोपण, पुनरुत्पादन, सचेतना, गस्ती तथा अनुगमनमा खर्च गर्न सकिनेछ।

## जिम्मेवार निकाय

सम्बन्धित डिभिजन वन कार्यालय तथा सम्बन्धित स्थानीय प्रशासन/स्थानीय तह।

### ९. जैविक मार्ग तथा वन संरक्षण क्षेत्र व्यवस्थापन

## पृष्ठभूमि

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

जैविक मार्गले वन्यजन्तु तथा वनस्पतिको प्राकृतिक आवागमन, आनुवंशिक आदानप्रदान तथा विभिन्न वासस्थानबीचको पारिस्थितिक सम्बन्ध कायम गर्न महत्वपूर्ण भूमिका खेल्छ। नेपालमा विभिन्न जैविक मार्ग तथा वन संरक्षण क्षेत्रका लागि कार्यक्रम विनियोजन गरिएको छ, जस्तै जलथल, तिनजुरे—मिल्के, खाता, कम्दी, जलजला तथा गौमुखी क्षेत्र।

## उद्देश्य

- जैविक मार्गको पारिस्थितिक अखण्डता कायम गर्ने।
- वन तथा जैविक विविधताको संरक्षण गर्ने।
- वन्यजन्तुको सुरक्षित आवागमन सुनिश्चित गर्ने।
- स्थानीय समुदायको सहभागितामा संरक्षण व्यवस्थापन सुदृढ गर्ने।

## कार्यान्वयन विधि

१. जैविक मार्ग तथा संरक्षण क्षेत्रको सीमाना, वन अवस्था, वन्यजन्तु आवागमन तथा जोखिम क्षेत्र पहिचान गरिनेछ।

२. आवश्यकताअनुसार habitat improvement, वृक्षारोपण, प्राकृतिक पुनरुत्पादन संरक्षण, पानी स्रोत संरक्षण तथा मिचाहा प्रजाति नियन्त्रण गरिनेछ।

३. मानव—वन्यजन्तु द्वन्द्व हुने क्षेत्र पहिचान गरी उपयुक्त न्यूनीकरण उपाय अवलम्बन गरिनेछ।

४. स्थानीय समुदाय तथा सामुदायिक वन उपभोक्ता समूहको सहभागितामा संरक्षण गतिविधि सञ्चालन गरिनेछ।

५. क्षेत्रको जैविक, सामाजिक तथा व्यवस्थापकीय अवस्थाको नियमित अनुगमन गरिनेछ।

## अपेक्षित उपलब्धि

जैविक मार्गको अवस्था सुधार भई वन्यजन्तुको आवागमन, वासस्थान तथा जैविक विविधता संरक्षणमा योगदान पुग्नेछ।

## जनशक्ति व्यवस्थापन

डिभिजन वन कार्यालयका प्राविधिक, स्थानीय तह, सामुदायिक वन समूह, संरक्षणकर्मी तथा आवश्यकताअनुसार विज्ञ परिचालन गरिनेछ।

## बजेट व्यवस्थापन

वृक्षारोपण, habitat improvement, पानी स्रोत संरक्षण, घेराबेरा, मिचाहा प्रजाति नियन्त्रण, सूचना सामग्री, अनुगमन तथा संरक्षणसम्बन्धी कार्यमा खर्च गर्न सकिनेछ।

### जिम्मेवार निकाय

सम्बन्धित डिभिजन वन कार्यालय, प्रदेशस्तरीय वन निर्देशनालय/सम्बन्धित निकाय तथा स्थानीय तह।

## १०. विशिष्ट जैविक मार्ग तथा वन संरक्षण क्षेत्र व्यवस्थापन

**लागू हुने क्षेत्रः** जलथल, तिनजुरे—मिल्के गुराँस, धनुषाधाम, खाता, कम्दी, जलजला, गौमुखी, ब्रह्मदेव, बसन्ता, लालझाडी—मोहना लगायत।

### पृष्ठभूमि

नेपालका विभिन्न जैविक मार्ग तथा वन संरक्षण क्षेत्र भौगोलिक, जैविक तथा सामाजिक दृष्टिले फरक—फरक विशेषता भएका छन्। त्यसैले सामान्य संरक्षण गतिविधिसँगै प्रत्येक क्षेत्रको विशिष्ट पारिस्थितिक आवश्यकता अनुसार क्षेत्रगत व्यवस्थापन गर्न आवश्यक हुन्छ। कार्यक्रम सूचीमा जलथल, तिनजुरे—मिल्के, धनुषाधाम, खाता, कम्दी, जलजला, गौमुखी, ब्रह्मदेव, बसन्ता तथा लालझाडी—मोहना लगायत क्षेत्र समावेश छन्।

### उद्देश्य

- विशिष्ट जैविक मार्ग तथा संरक्षण क्षेत्रको पारिस्थितिक अवस्था सुधार गर्ने।
- दुर्लभ वनस्पति तथा वन्यजन्तुको वासस्थान संरक्षण गर्ने।
- क्षेत्रगत संरक्षण प्राथमिकता अनुसार कार्यक्रम कार्यान्वयन गर्ने।
- स्थानीय समुदायलाई संरक्षण व्यवस्थापनमा सहभागी गराउने।

### कार्यान्वयन विधि

सम्बन्धित क्षेत्रको जैविक तथा सामाजिक अवस्था अध्ययन गरी क्षेत्रगत कार्ययोजना तयार गरिनेछ। आवश्यकताअनुसार वृक्षारोपण, प्राकृतिक पुनरुत्पादन, habitat improvement, पानी स्रोत संरक्षण, मिचाहा प्रजाति नियन्त्रण, घेराबेरा, गस्ती, जनचेतना, पर्यापर्यटन व्यवस्थापन तथा स्थानीय जीविकोपार्जनसँग जोडिएका संरक्षण गतिविधि सञ्चालन गर्न सकिनेछ।

### अपेक्षित उपलब्धि

सम्बन्धित जैविक मार्ग तथा वन संरक्षण क्षेत्रको संरक्षण अवस्था सुधार भई जैविक विविधता तथा वन्यजन्तु वासस्थानमा सकारात्मक प्रभाव पर्नेछ।

जनशक्ति व्यवस्थापन

डिभिजन वन कार्यालय, प्रदेशस्तरीय सम्बन्धित निकाय, स्थानीय तह, सामुदायिक वन समूह तथा विषयगत विज्ञ।

बजेट व्यवस्थापन

क्षेत्रगत स्वीकृत कार्यक्रमअनुसार संरक्षण, पुनःस्थापना, वृक्षारोपण, संरचना, गस्ती, अनुगमन तथा जनचेतनामूलक कार्यमा खर्च गरिनेछ।

जिम्मेवार निकाय

सम्बन्धित डिभिजन वन कार्यालय तथा सम्बन्धित प्रदेश/स्थानीय तह।

**११. वन्यजन्तु व्यवस्थापन तथा उद्धार / मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरण तथा व्यवस्थापन / औषधी तथा सामग्री व्यवस्थापन / उद्धार समूह परिचालन**

पृष्ठभूमि

वासस्थानमा आएको परिवर्तन, मानव बस्ती विस्तार तथा वन्यजन्तुको प्राकृतिक आवागमन क्षेत्रमा मानव गतिविधि बढ्दा मानव—वन्यजन्तु द्वन्द्वका घटना बढ्न सक्छन्। घाइते, बिरामी तथा समस्याग्रस्त वन्यजन्तुको समयमै उद्धार, उपचार तथा सुरक्षित व्यवस्थापन आवश्यक हुन्छ। मूल कार्यविधिमा habitat improvement, उद्धारका लागि protective gear तथा जनचेतना कार्यक्रमको व्यवस्था गरिएको छ।

उद्देश्य

- समस्याग्रस्त, घाइते तथा बिरामी वन्यजन्तुको उद्धार तथा उपचार गर्ने।
- मानव—वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्ने।
- वन्यजन्तुको सुरक्षित पुनःस्थापना गर्ने।
- उद्धार टोलीको क्षमता तथा तयारी सुदृढ गर्ने।

कार्यान्वयन विधि

१. वन्यजन्तु द्वन्द्व तथा उद्धारको जोखिम भएका क्षेत्र पहिचान गरिनेछ।

२. आवश्यकताअनुसार उद्धार टोलीलाई परिचालन गरी घटनास्थलमा तत्काल सेवा प्रदान गरिनेछ।

३. उद्धारका क्रममा protective suit, field gear, shield, cage तथा अन्य आवश्यक सामग्री प्रयोग गरिनेछ।

४. घाइते/बिरामी वन्यजन्तुलाई आवश्यक उपचार तथा पुनःस्थापना गरिनेछ।

५. आवश्यकता अनुसार पशु चिकित्सक तथा सम्बन्धित विशेषज्ञको सेवा लिइनेछ।

६. मानव—वन्यजन्तु सहअस्तित्वसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

**अपेक्षित उपलब्धि**

समस्याग्रस्त वन्यजन्तुको उद्धार तथा उपचारमा सुधार भई मानव—वन्यजन्तु द्वन्द्वबाट हुने जोखिम तथा क्षति न्यूनीकरण हुनेछ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयका कर्मचारी, सब—डिभिजन वन कर्मचारी, उद्धार टोली, पशु चिकित्सक तथा आवश्यकताअनुसार राष्ट्रिय प्रकृति संरक्षण कोष/सम्बन्धित विशेषज्ञ परिचालन गरिनेछ।

**बजेट व्यवस्थापन**

औषधी, उद्धार सामग्री, protective gear, cage, ढुवानी, इन्धन, उद्धार टोली परिचालन, उपचार तथा जनचेतना कार्यक्रमका लागि खर्च गर्न सकिनेछ।

**जिम्मेवार निकाय**

सम्बन्धित डिभिजन वन कार्यालय तथा सम्बन्धित उद्धार/प्राविधिक निकाय।

**१२. Wildlife Ambulance खरिद**

**पृष्ठभूमि**

दुर्घटनामा परेका, घाइते, बिरामी वा समस्याग्रस्त वन्यजन्तुलाई सुरक्षित तथा शीघ्र उद्धार गरी उपचार वा सुरक्षित स्थानमा स्थानान्तरण गर्न विशेष प्रयोजनको सवारी साधन आवश्यक हुन्छ। मकवानपुर तथा काठमाडौंका लागि Wildlife Ambulance खरिद कार्यक्रम समावेश गरिएको छ। कार्यक्रम विवरणमा समेत उक्त गतिविधि उल्लेख छ।

**उद्देश्य**

कृषि, वन तथा पर्यावरण मन्त्रालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

- वन्यजन्तु उद्धार तथा उपचारका लागि शीघ्र यातायात सुविधा उपलब्ध गराउने।
- उद्धारका क्रममा वन्यजन्तुको सुरक्षा सुनिश्चित गर्ने।
- आपतकालीन वन्यजन्तु व्यवस्थापन क्षमता अभिवृद्धि गर्ने।

**कार्यान्वयन विधि**

१. आवश्यक सेवा, क्षमता तथा प्राविधिक specification निर्धारण गरिनेछ।

२. सम्बन्धित कार्यालयको आवश्यकता तथा उपलब्ध बजेटका आधारमा लागत अनुमान तयार गरिनेछ।

३. प्रचलित सार्वजनिक खरिद कानुनबमोजिम सवारी साधन खरिद गरिनेछ।

४. Ambulance मा आवश्यक cage, restraint, ventilation तथा प्राथमिक उद्धार सामग्रीको व्यवस्था गर्न सकिनेछ।

५. सञ्चालन, मर्मत, logbook तथा प्रयोगको अभिलेख व्यवस्थित गरिनेछ।

**अपेक्षित उपलब्धि**

वन्यजन्तु उद्धारका लागि छिटो, सुरक्षित तथा व्यवस्थित यातायात सेवा उपलब्ध हुनेछ।

**जनशक्ति व्यवस्थापन**

चालक, वन्यजन्तु उद्धार टोली, प्राविधिक कर्मचारी तथा आवश्यकता अनुसार पशु चिकित्सक परिचालन गरिनेछ।

**बजेट व्यवस्थापन**

सवारी साधन खरिद तथा स्वीकृत specification अनुसार आवश्यक उपकरण जडानमा पूँजीगत बजेट खर्च गरिनेछ। सञ्चालन खर्च सम्बन्धित स्वीकृत बजेटबाट गरिनेछ।

**जिम्मेवार निकाय**

सम्बन्धित डिभिजन वन कार्यालय/वन्यजन्तु व्यवस्थापनसम्बन्धी कार्यालय।

## १३. मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि तारबार / सोलार फेन्सिङ / हात्तीमैत्री क्षेत्र व्यवस्थापन

**पृष्ठभूमि**



डा. राजेन्द्र प्रसाद मि
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

वन क्षेत्रसँग जोडिएका बस्तीमा वन्यजन्तुको आवागमनका कारण कृषि बाली, घर तथा जनधनमा क्षति हुने समस्या देखिन्छ। मूल कार्यविधिमा सोलार फेन्सिङ तथा अन्य तारबारको निर्माण/मर्मतलाई मानव—वन्यजन्तु द्वन्द्व न्यूनीकरणको उपायका रूपमा समेटिएको छ।

**उद्देश्य**

- वन्यजन्तुको अनियन्त्रित आवागमनबाट हुने क्षति कम गर्ने।
- हात्ती लगायतका ठूला वन्यजन्तुसँगको द्वन्द्व न्यूनीकरण गर्ने।
- स्थानीय समुदायको सुरक्षा तथा सहअस्तित्व प्रवर्द्धन गर्ने।

**कार्यान्वयन विधि**

जोखिमयुक्त क्षेत्रको स्थलगत अध्ययन गरी तारबार/सोलार फेन्सिङको आवश्यकता निर्धारण गरिनेछ। विद्यमान फेन्सिङको प्राविधिक परीक्षण गरी मर्मत तथा स्तरोन्नती गरिनेछ। आवश्यकताअनुसार नयाँ फेन्सिङ निर्माण गरिनेछ। स्थानीय समुदाय तथा स्थानीय तहसँग समन्वय गरी नियमित मर्मत तथा सञ्चालनको जिम्मेवारी निर्धारण गरिनेछ। हात्तीमैत्री क्षेत्र व्यवस्थापनअन्तर्गत सुरक्षित आवागमन मार्ग, बफर क्षेत्र, बाली व्यवस्थापन तथा अन्य गैरघातक उपाय अवलम्बन गर्न सकिनेछ। यस कार्यका लागि स्थानीय पालिका, विकास साझेदार तथा वन उपभोक्ता समूह संग समन्वय र सहकार्य गर्न सकिनेछ।

**अपेक्षित उपलब्धि**

वन्यजन्तुबाट हुने कृषि तथा मानवीय क्षति घट्ने र मानव—वन्यजन्तु सहअस्तित्वमा सुधार आउनेछ।

**जनशक्ति व्यवस्थापन**

वन कार्यालयका प्राविधिक, स्थानीय तह, वन उपभोक्ता समूह तथा स्थानीय समुदाय।

**बजेट व्यवस्थापन**

सोलार फेन्सिङ, तार, पोल, ब्याट्री/सोलार उपकरण, मर्मत, श्रम, ढुवानी तथा अनुगमनमा खर्च गरिनेछ।

**जिम्मेवार निकाय**

सम्बन्धित डिभिजन वन कार्यालय तथा स्थानीय तह।

**१४. वन्यजन्तुबाट हुने क्षतिको राहत वितरण**

**पृष्ठभूमि**



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

वन्यजन्तुबाट हुने मानवीय, पशुधन तथा कृषि क्षतिले स्थानीय समुदायमा आर्थिक तथा सामाजिक असर पार्न सक्छ। संरक्षणप्रति स्थानीय समुदायको सकारात्मक धारणा कायम राख्न प्रचलित व्यवस्था अनुसार क्षतिपूर्ति/राहत वितरण आवश्यक हुन्छ। कार्यक्रम विवरणमा यो गतिविधि विभिन्न प्रदेशमा समावेश गरिएको छ।

## उद्देश्य

- वन्यजन्तुबाट प्रभावित पीडितलाई प्रचलित मापदण्डअनुसार राहत उपलब्ध गराउने।
- मानव—वन्यजन्तु द्वन्द्वका कारण उत्पन्न सामाजिक तथा आर्थिक असर न्यूनीकरण गर्ने।
- वन्यजन्तु संरक्षणप्रति स्थानीय समुदायको सकारात्मक सहभागिता बढाउने।

## कार्यान्वयन विधि

क्षतिको सूचना प्राप्त भएपछि सम्बन्धित कर्मचारी/समितिबाट स्थलगत मुचुल्का तथा क्षति मूल्याङ्कन गरिनेछ। आवश्यक प्रमाण तथा कागजात परीक्षण गरी प्रचलित राहतसम्बन्धी मापदण्डअनुसार राहत रकम निर्धारण तथा वितरण गरिनेछ। वितरणको अभिलेख राखिनेछ। मृतकका सन्ततिलाई कोष मुचुल्काको आधारमा कम्तीमा ५ लाख रुपैयाँ। काजक्रियाको लागि तत्काल ८ बाँकी रकम राहत स्वरूप जति सक्दो चाँडो उपलब्ध गराउनु पर्नेछ

## अपेक्षित उपलब्धि

प्रभावित व्यक्तिलाई समयमै राहत उपलब्ध भई वन्यजन्तु संरक्षणप्रतिको स्थानीय स्वीकार्यता बढ्नेछ।

## जनशक्ति व्यवस्थापन

डिभिजन वन कार्यालय, स्थानीय तह तथा क्षति मूल्याङ्कनसँग सम्बन्धित कर्मचारी/समिति।

## बजेट व्यवस्थापन

स्वीकृत बजेट तथा प्रचलित राहतसम्बन्धी मापदण्डबमोजिम रकम वितरण गरिनेछ।

## जिम्मेवार निकाय

सम्बन्धित डिभिजन वन कार्यालय तथा प्रचलित व्यवस्था अनुसार सम्बन्धित निकाय।

## १५. समस्याग्रस्त वन्यजन्तु उद्धार तथा व्यवस्थापनका लागि उद्धार टोली परिचालन / वन्यजन्तु उद्धार केन्द्र सञ्चालन तथा व्यवस्थापन

## पृष्ठभूमि



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

समस्याग्रस्त वन्यजन्तुको तत्काल उद्धार, सुरक्षित नियन्त्रण, उपचार तथा पुनःस्थापना गर्न दक्ष उद्धार टोली तथा उपयुक्त उद्धार केन्द्र आवश्यक हुन्छ। विशेषगरी शहरी क्षेत्र तथा मानव बस्ती नजिक समस्याग्रस्त वन्यजन्तु देखिँदा शीघ्र प्रतिक्रिया आवश्यक हुन्छ।

उद्देश्य

- समस्याग्रस्त वन्यजन्तुको सुरक्षित उद्धार गर्ने।
- उद्धार केन्द्रको प्रभावकारी सञ्चालन गर्ने।
- उपचार तथा पुनःस्थापनाको क्षमता विकास गर्ने।

कार्यान्वयन विधि

उद्धार टोलीको सूची तथा सम्पर्क प्रणाली तयार गरिनेछ। आवश्यक उपकरण, cage, protective gear तथा प्राथमिक उपचार सामग्री तयारी अवस्थामा राखिनेछ। सूचना प्राप्त भएपछि जोखिम मूल्याङ्कन गरी टोली परिचालन गरिनेछ। उद्धार गरिएका वन्यजन्तुलाई आवश्यकताअनुसार उद्धार केन्द्रमा राखी उपचार तथा observation पछि उपयुक्त वासस्थानमा पुनःस्थापना गरिनेछ।

अपेक्षित उपलब्धि

समस्याग्रस्त वन्यजन्तुको उद्धार तथा व्यवस्थापन समयमै भई मानव तथा वन्यजन्तु दुवैको सुरक्षा बढ्नेछ।

जनशक्ति व्यवस्थापन

उद्धार केन्द्रका कर्मचारी, वन प्राविधिक, पशु चिकित्सक, उद्धार टोली तथा आवश्यकताअनुसार सुरक्षा निकाय।

बजेट व्यवस्थापन

उद्धार केन्द्र सञ्चालन, मर्मत, औषधी, खाद्य, cage, protective equipment, इन्धन तथा उद्धार टोली परिचालनमा खर्च गर्न सकिनेछ।

जिम्मेवार निकाय

सम्बन्धित डिभिजन वन कार्यालय तथा सम्बन्धित उद्धार केन्द्र।

**१६. टाइगर पार्क निर्माण**

पृष्ठभूमि



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

बाघ संरक्षण, वन्यजन्तु सम्बन्धी जनचेतना, अध्ययन, पर्यापर्यटन तथा संरक्षण शिक्षा प्रवर्द्धनका लागि उपयुक्त स्थानमा टाइगर पार्क विकास गर्न सकिन्छ। कार्यक्रम विवरणमा चितवन तथा बाँकेमा टाइगर पार्क निर्माण समावेश गरिएको छ।

## उद्देश्य

- बाघ तथा वन्यजन्तु संरक्षणसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने।
- संरक्षण शिक्षा तथा पर्यापर्यटन प्रवर्द्धन गर्ने।
- स्थानीय स्तरमा वन्यजन्तु संरक्षणप्रतिको आकर्षण बढाउने।

## कार्यान्वयन विधि

स्थान छनोट गर्दा पहुँच, पर्यावरणीय संवेदनशीलता, उपलब्ध जग्गा तथा संरक्षण आवश्यकतालाई ध्यान दिइनेछ। स्वीकृत डिजाइन तथा लागत अनुमानका आधारमा पार्क संरचना, सूचना केन्द्र, व्याख्या सामग्री, हरित क्षेत्र, पदमार्ग तथा आवश्यक संरक्षण संरचना विकास गर्न सकिनेछ। निर्माण गर्दा प्राकृतिक स्वरूप तथा स्थानीय सामग्रीलाई प्राथमिकता दिइनेछ। यसका लागि प्राविधिक सहयोगका लागि रा.नि. तथा वन्यजन्तु संरक्षण विभाग र राष्ट्रिय प्रकृति संरक्षण कोष संग समन्वय र सहकार्य गर्न सकिनेछ।

## अपेक्षित उपलब्धि

बाघ तथा जैविक विविधता संरक्षणसम्बन्धी जनचेतना बढ्ने र संरक्षण—आधारित पर्यापर्यटनमा योगदान पुग्नेछ।

## जनशक्ति व्यवस्थापन

वन प्राविधिक, इन्जिनियर, संरक्षण विज्ञ, स्थानीय तह तथा व्यवस्थापन समिति।

## बजेट व्यवस्थापन

सर्वेक्षण, डिजाइन, निर्माण, हरियाली, सूचना सामग्री, पदमार्ग तथा अन्य स्वीकृत पूर्वाधारमा बजेट खर्च गरिनेछ।

## जिम्मेवार निकाय

सम्बन्धित वन कार्यालय तथा सम्बन्धित स्थानीय तह/प्रदेश निकाय।

### १७. वन्यजन्तुका लागि पानी तथा आहार स्रोत व्यवस्थापन

## पृष्ठभूमि

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

वन्यजन्तुको स्वस्थ तथा प्राकृतिक जीवनका लागि पर्याप्त पानी, आहार तथा सुरक्षित वासस्थान आवश्यक हुन्छ। मूल कार्यविधिले आहाल पोखरी, पानी स्रोत संरक्षण तथा पोखरी वरिपरि उपयुक्त वनस्पति रोपण गर्न सकिने व्यवस्था गरेको छ।

**उद्देश्य**

- वन्यजन्तुलाई वर्षभरि पानीको उपलब्धता सुनिश्चित गर्ने।
- प्राकृतिक आहार स्रोतको संरक्षण तथा विस्तार गर्ने।
- वन्यजन्तुको वासस्थान सुधार गर्ने।
- पानीको अभावका कारण मानव बस्तीमा वन्यजन्तु आउने अवस्था घटाउने।

**कार्यान्वयन विधि**

वन्यजन्तुको आवागमन तथा पानी अभाव हुने क्षेत्र पहिचान गरी पानी स्रोत, आहाल तथा साना पोखरी निर्माण/संरक्षण गरिनेछ। पानी स्रोत वरिपरि बाँस, घाँस, फलफूल तथा वन्यजन्तुले उपयोग गर्ने स्थानीय वनस्पति रोपण गर्न सकिनेछ। पानीको नियमितता तथा संरचनाको मर्मत सुनिश्चित गरिनेछ।

**अपेक्षित उपलब्धि**

वन्यजन्तुको पानी तथा आहार उपलब्धता बढ्ने, वासस्थान सुधार हुने तथा मानव—वन्यजन्तु द्वन्द्व न्यूनीकरणमा सहयोग पुग्नेछ।

**जनशक्ति व्यवस्थापन**

वन कार्यालयका प्राविधिक, स्थानीय समुदाय तथा उपभोक्ता समूह।

**बजेट व्यवस्थापन**

पोखरी, पानी संरचना, पाइप, ट्याङ्की, वृक्षारोपण, संरक्षण तथा मर्मतसम्भारमा खर्च गर्न सकिनेछ।

**जिम्मेवार निकाय**

सम्बन्धित डिभिजन वन कार्यालय तथा स्थानीय तह।

## १८. वन्यजन्तु तथा जैविक विविधता अनुगमन

**पृष्ठभूमि**

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

वन्यजन्तु तथा जैविक विविधताको प्रभावकारी संरक्षणका लागि प्रजाति, वासस्थान, आवागमन, जोखिम तथा संरक्षण गतिविधिको नियमित अनुगमन आवश्यक हुन्छ। अनुगमनबाट प्राप्त तथ्याङ्कले आगामी संरक्षण योजना तथा व्यवस्थापन निर्णयलाई आधार प्रदान गर्छ।

उद्देश्य

- वन्यजन्तु तथा जैविक विविधताको अवस्था नियमित रूपमा अभिलेखीकरण गर्ने।
- संरक्षण गतिविधिको प्रभाव मूल्याङ्कन गर्ने।
- जोखिममा रहेका प्रजाति तथा वासस्थान पहिचान गर्ने।

कार्यान्वयन विधि

स्थलगत अवलोकन, camera trap, प्रत्यक्ष गणना, संकेत/पदचिह्न अभिलेख, स्थानीय सूचनाको संकलन तथा अन्य उपयुक्त विधिबाट अनुगमन गर्न सकिनेछ। प्राप्त तथ्याङ्कको डिजिटल/भौतिक अभिलेख राखी आवश्यक प्रतिवेदन तयार गरिनेछ।

अपेक्षित उपलब्धि

वन्यजन्तु तथा जैविक विविधताको अद्यावधिक तथ्याङ्क उपलब्ध भई संरक्षण योजना वैज्ञानिक बन्नेछ।

जनशक्ति व्यवस्थापन

वन प्राविधिक, वन्यजन्तु विज्ञ, अनुसन्धान संस्था तथा स्थानीय समुदाय।

बजेट व्यवस्थापन

अनुगमन सामग्री, camera trap, field allowance, यातायात, तथ्याङ्क प्रशोधन तथा प्रतिवेदनमा खर्च गर्न सकिनेछ।

जिम्मेवार निकाय

सम्बन्धित डिभिजन वन कार्यालय तथा सम्बन्धित संरक्षण निकाय।

**१९. बाघ लगायत वन्यजन्तुको अनुगमनका लागि स्मार्ट अनुगमन प्रणाली जडान**

पृष्ठभूमि

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

वन्यजन्तुको नियमित अनुगमनका लागि आधुनिक प्रविधिको प्रयोगले प्रजातिको उपस्थिति, आवागमन तथा वासस्थान प्रयोगबारे वैज्ञानिक तथ्याङ्क उपलब्ध गराउन सहयोग गर्छ। कार्यक्रम सूचीमा बाघ लगायत वन्यजन्तुको अनुगमनका लागि स्मार्ट अनुगमन प्रणाली जडान गर्ने गतिविधि समावेश गरिएको छ।

## उद्देश्य

- वन्यजन्तु अनुगमनलाई प्रविधिमैत्री बनाउने।
- बाघ तथा अन्य महत्वपूर्ण वन्यजन्तुको आवागमन अभिलेख गर्ने।
- संरक्षण निर्णयका लागि विश्वसनीय तथ्याङ्क उपलब्ध गराउने।

## कार्यान्वयन विधि

जोखिम तथा जैविक महत्वका क्षेत्रमा उपयुक्त स्थान पहिचान गरी camera trap तथा अन्य smart monitoring उपकरण जडान गरिनेछ। उपकरणको सञ्चालन, data retrieval, storage तथा analysis को व्यवस्था गरिनेछ। आवश्यकताअनुसार digital database तयार गरिनेछ। यसका लागि प्रचलित कानून बमोजिम उपयुक्त प्रविधि र औजार खरिद गर्न सकिनेछ।

## अपेक्षित उपलब्धि

वन्यजन्तुको उपस्थिति तथा आवागमनसम्बन्धी वैज्ञानिक तथ्याङ्क उपलब्ध हुनेछ।

## जनशक्ति व्यवस्थापन

वन्यजन्तु प्राविधिक, सूचना प्रविधि जनशक्ति, वन कर्मचारी तथा आवश्यकताअनुसार विज्ञ।

## बजेट व्यवस्थापन

उपकरण खरिद, जडान, सञ्चालन, मर्मत, data storage तथा विश्लेषणमा खर्च गर्न सकिनेछ।

## जिम्मेवार निकाय

सम्बन्धित वन कार्यालय तथा सम्बन्धित वन्यजन्तु व्यवस्थापन निकाय।

### २०. वन डढेलो व्यवस्थापन कार्ययोजना निर्माण तथा कार्यान्वयन / वन डढेलो नियन्त्रण तथा व्यवस्थापन

## पृष्ठभूमि

वन डढेलोले वनस्पति, वन्यजन्तु, जैविक विविधता, माटो तथा वातावरणमा गम्भीर क्षति पुऱ्याउन सक्छ। त्यसैले जोखिम पहिचान, पूर्वतयारी, अग्नीरेखा, जनचेतना, शीघ्र सूचना तथा नियन्त्रणलाई समेटेर वन डढेलो व्यवस्थापन



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

कार्ययोजना तयार तथा कार्यान्वयन गर्न आवश्यक हुन्छ। कार्यक्रम विवरणमा वन डढेलो व्यवस्थापन कार्ययोजना तथा कार्यान्वयन समावेश छ।

**उद्देश्य**

- वन डढेलोको जोखिम न्यूनीकरण गर्ने।
- डढेलो पूर्वतयारी तथा नियन्त्रण प्रणाली सुदृढ गर्ने।
- क्षति न्यूनीकरण तथा शीघ्र प्रतिक्रिया सुनिश्चित गर्ने।

**कार्यान्वयन विधि**

१. डढेलो जोखिम क्षेत्रको नक्साङ्कन तथा प्राथमिकता निर्धारण गरिनेछ।

२. क्षेत्रगत वन डढेलो व्यवस्थापन कार्ययोजना तयार गरिनेछ।

३. अग्नीरेखा, fire break, पानी स्रोत तथा पहुँचमार्ग व्यवस्थापन गरिनेछ।

४. डढेलो मौसमपूर्व समुदाय तथा वन उपभोक्ता समूहलाई सचेत तथा तयारी अवस्थामा राखिनेछ।

५. डढेलो लागेको अवस्थामा समन्वित रूपमा नियन्त्रण टोली परिचालन गरिनेछ।

६. डढेलोपछि क्षति मूल्याङ्कन तथा पुनःस्थापना योजना तयार गरिनेछ।

**अपेक्षित उपलब्धि**

वन डढेलोको जोखिम तथा क्षति घट्ने र नियन्त्रणमा शीघ्र प्रतिक्रिया क्षमता बढ्नेछ।

**जनशक्ति व्यवस्थापन**

वन कार्यालयका कर्मचारी, अग्नी नियन्त्रण दस्ता, वन उपभोक्ता समूह, स्थानीय समुदाय तथा आवश्यकताअनुसार सुरक्षा निकाय।

**बजेट व्यवस्थापन**

कार्ययोजना, नक्साङ्कन, अग्नीरेखा, जनचेतना, उपकरण, इन्धन, श्रम, अनुगमन तथा प्रतिवेदनमा खर्च गर्न सकिनेछ।

**जिम्मेवार निकाय**



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

सम्बन्धित डिभिजन वन कार्यालय तथा स्थानीय तह/सम्बन्धित सरोकारवाला।

**२१. वन डढेलो नियन्त्रणका लागि अग्नी नियन्त्रण दस्ता परिचालन तथा व्यवस्थापन / अग्नीरेखा निर्माण तथा मर्मत**

**पृष्ठभूमि**

वन डढेलो नियन्त्रणका लागि दक्ष तथा तयारी अवस्थामा रहेको अग्नी नियन्त्रण दस्ता आवश्यक हुन्छ। साथै डढेलो फैलिन नदिन अग्नीरेखा तथा fire break को निर्माण र नियमित मर्मत आवश्यक हुन्छ।

**उद्देश्य**

- डढेलो नियन्त्रणका लागि तत्काल परिचालन हुने दस्ता तयार गर्ने।
- अग्नीरेखा निर्माण तथा मर्मत गरी डढेलो फैलावट नियन्त्रण गर्ने।
- स्थानीय समुदायको सहभागिता बढाउने।

**कार्यान्वयन विधि**

जोखिम क्षेत्रका आधारमा अग्नी नियन्त्रण दस्ता गठन/परिचालन गरिनेछ। टोलीलाई सुरक्षा सामग्री तथा आधारभूत fire-fighting उपकरण उपलब्ध गराइनेछ। वन क्षेत्रभित्र तथा आवश्यकताअनुसार सीमाक्षेत्रमा अग्नीरेखा निर्माण तथा मर्मत गरिनेछ। अग्नीरेखा निर्माणमा स्थानीय स्रोत तथा समुदायको सहभागिता प्रयोग गर्न सकिनेछ।

**अपेक्षित उपलब्धि**

डढेलो नियन्त्रणमा प्रतिक्रिया समय घट्ने र आगो फैलिने जोखिम कम हुनेछ।

**जनशक्ति व्यवस्थापन**

वन कर्मचारी, स्थानीय समुदाय, वन उपभोक्ता समूह तथा अग्नी नियन्त्रण दस्ता।

**बजेट व्यवस्थापन**

अग्नीरेखा निर्माण/मर्मत, श्रम, उपकरण, सुरक्षा सामग्री, इन्धन तथा टोली परिचालनमा खर्च गर्न सकिनेछ।

**जिम्मेवार निकाय**

सम्बन्धित डिभिजन वन कार्यालय।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

### २२. वन डढेलो तथा अग्नी नियन्त्रणका लागि उपकरण, सामग्री तथा सामान खरिद/वितरण

**पृष्ठभूमि**

वन डढेलो नियन्त्रणका लागि उपयुक्त उपकरण तथा सुरक्षा सामग्रीको उपलब्धता आवश्यक हुन्छ। उपकरणको अभावमा डढेलो नियन्त्रण कार्यमा जोखिम तथा क्षति बढ्न सक्छ।

**उद्देश्य**

- अग्नी नियन्त्रणका लागि आवश्यक उपकरण उपलब्ध गराउने।
- नियन्त्रण टोलीको सुरक्षा तथा कार्यक्षमता बढाउने।

**कार्यान्वयन विधि**

सम्बन्धित कार्यालयले आवश्यकता मूल्याङ्कन गरी उपकरणको सूची तथा प्राविधिक specification तयार गर्नेछ। स्वीकृत बजेट तथा प्रचलित सार्वजनिक खरिद कानुनअनुसार खरिद गरिनेछ। खरिद गरिएका सामग्रीको अभिलेख राखी आवश्यकता तथा जोखिमका आधारमा सम्बन्धित कार्यालय/दस्तालाई वितरण गरिनेछ।

**अपेक्षित उपलब्धि**

डढेलो नियन्त्रण टोली आवश्यक उपकरण तथा सुरक्षा सामग्रीबाट सुसज्जित हुनेछ।

**जनशक्ति व्यवस्थापन**

वन कार्यालयका कर्मचारी, खरिद/प्रशासन शाखा तथा प्राविधिक कर्मचारी।

**बजेट व्यवस्थापन**

Fire beater, rake, protective gear, water container, communication equipment लगायत स्वीकृत उपकरण तथा सामग्रीमा खर्च गर्न सकिनेछ।

**जिम्मेवार निकाय**

सम्बन्धित डिभिजन वन कार्यालय।

### २३. बागमती प्रदेशका ६ जिल्लामा अग्नी नियन्त्रण दस्ता परिचालन तथा व्यवस्थापन

**कार्यक्षेत्र**



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

काठमाडौं, भक्तपुर, ललितपुर, धादिङ, नुवाकोट तथा काभ्रे।

**पृष्ठभूमि**

बागमती प्रदेशका घना बस्ती, वन क्षेत्र तथा मानव गतिविधिको उच्च चाप भएका जिल्लामा वन डढेलोको जोखिमलाई व्यवस्थित रूपमा सम्बोधन गर्न जिल्ला/क्षेत्रगत अग्नी नियन्त्रण दस्ता आवश्यक हुन्छ।

**उद्देश्य**

- ६ जिल्लामा वन डढेलो नियन्त्रणका लागि समन्वित टोली परिचालन गर्ने।
- पूर्वतयारी तथा तत्काल प्रतिक्रिया प्रणाली विकास गर्ने।

**कार्यान्वयन विधि**

प्रत्येक जिल्लामा जोखिम क्षेत्र पहिचान गरी अग्नी नियन्त्रण दस्ता गठन/परिचालन गरिनेछ। टोलीलाई तालिम, उपकरण तथा सुरक्षा सामग्री उपलब्ध गराइनेछ। जिल्ला तथा प्रदेशस्तरमा समन्वय प्रणाली स्थापना गरी डढेलो सूचना प्राप्त भएपछि प्राथमिकताका आधारमा टोली परिचालन गरिनेछ। डढेलोपछि क्षति मूल्याङ्कन तथा प्रतिवेदन तयार गरिनेछ।

**अपेक्षित उपलब्धि**

छ जिल्लामा वन डढेलो नियन्त्रण तथा प्रतिक्रिया क्षमता सुदृढ हुनेछ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालय, वन कर्मचारी, स्थानीय तह, वन उपभोक्ता समूह तथा स्थानीय स्वयंसेवक।

**बजेट व्यवस्थापन**

दस्ता परिचालन, तालिम, सुरक्षा सामग्री, उपकरण, इन्धन, यातायात तथा अनुगमनमा खर्च गरिनेछ।

**जिम्मेवार निकाय**

सम्बन्धित डिभिजन वन कार्यालय तथा बागमती प्रदेशको सम्बन्धित वन निकाय।

**२४. वन क्षेत्रबाट पातपतिङ्गर संकलन गरी कम्पोष्ट/प्राङ्गारिक मल उत्पादन / मिचाहा प्रजाति व्यवस्थापनबाट प्राङ्गारिक मल उत्पादन**

**पृष्ठभूमि**



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

वन क्षेत्रमा अत्यधिक रूपमा जम्मा हुने पातपतिङ्गर तथा मिचाहा प्रजातिको जैविक अवशेषले डढेलोको इन्धन भार बढाउन सक्छ। त्यस्ता जैविक पदार्थलाई व्यवस्थित रूपमा संकलन गरी कम्पोष्ट/प्राङ्गारिक मल उत्पादन गर्दा डढेलो जोखिम घटाउनुका साथै उपयोगी जैविक उत्पादन तयार गर्न सकिन्छ। कार्यक्रम विवरणमा यो गतिविधि स्पष्ट रूपमा समावेश छ।

## उद्देश्य

- वन क्षेत्रमा डढेलोको इन्धन भार घटाउने।
- पातपतिङ्गर तथा मिचाहा प्रजातिको जैविक अवशेषको उपयोग गर्ने।
- प्राङ्गारिक मल उत्पादन तथा स्थानीय आयआर्जन प्रवर्द्धन गर्ने।

## कार्यान्वयन विधि

उपयुक्त वन क्षेत्र पहिचान गरी पातपतिङ्गर तथा उपयुक्त मिचाहा प्रजातिको जैविक पदार्थ संकलन गरिनेछ। वन संरक्षणमा प्रतिकूल असर नपर्ने गरी संकलन मात्रा निर्धारण गरिनेछ। संकलित सामग्रीलाई compost pit/heap मा व्यवस्थापन गरी आवश्यक moisture तथा decomposition प्रक्रिया अपनाइनेछ। तयार मलको गुणस्तर परीक्षण गरी कृषि प्रयोजनमा प्रयोग गर्न सकिनेछ।

## अपेक्षित उपलब्धि

वन क्षेत्रमा इन्धन भार घट्ने, डढेलो जोखिम न्यूनीकरण हुने तथा उपयोगी प्राङ्गारिक मल उत्पादन हुनेछ।

## जनशक्ति व्यवस्थापन

वन कर्मचारी, वन उपभोक्ता समूह, स्थानीय किसान तथा श्रमिक।

## बजेट व्यवस्थापन

संकलन, ढुवानी, कम्पोष्ट संरचना, श्रम, उपकरण तथा अनुगमनमा खर्च गर्न सकिनेछ।

## जिम्मेवार निकाय

सम्बन्धित डिभिजन वन कार्यालय तथा स्थानीय वन उपभोक्ता समूह।

## २५. पातपतिङ्गर संकलन गरी कम्पोष्ट मलखाद बनाउने उत्कृष्ट किसान पहिचान गरी अनुदान दिने

## पृष्ठभूमि



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

वन क्षेत्रबाट पातपतिङ्गर संकलन गरी कम्पोष्ट मल उत्पादन गर्ने कार्यलाई किसानस्तरमा विस्तार गर्दा डढेलो जोखिम घटाउनुका साथै जैविक मल उत्पादन तथा स्थानीय उद्यम प्रवर्द्धन गर्न सकिन्छ। कार्यक्रम विवरणमा उत्कृष्ट किसान पहिचान गरी अनुदान दिने व्यवस्था समावेश छ।

## उद्देश्य

- किसानलाई वन डढेलो न्यूनीकरणमा सहभागी गराउने।
- कम्पोष्ट मल उत्पादनलाई आयमूलक गतिविधिसँग जोड्ने।
- उत्कृष्ट तथा प्रभावकारी अभ्यासलाई प्रोत्साहन गर्ने।

## कार्यान्वयन विधि

१. कार्यक्रमको सूचना प्रकाशन गरी इच्छुक किसान/समूहबाट प्रस्ताव आह्वान गरिनेछ।

२. प्रस्ताव मूल्याङ्कन गर्दा पातपतिङ्गर संकलनको मात्रा, कम्पोष्ट उत्पादन क्षमता, डढेलो जोखिम न्यूनीकरणमा योगदान, स्थानीय स्रोतको उपयोग तथा निरन्तरताको आधार अपनाइनेछ।

३. छनोट भएका किसानलाई प्राविधिक अभिमुखीकरण तथा आवश्यक सहयोग प्रदान गरिनेछ।

४. कम्पोष्ट उत्पादनको स्थलगत अनुगमन गरी कार्यसम्पादनका आधारमा उत्कृष्ट किसान पहिचान गरिनेछ।

५. स्वीकृत मापदण्डअनुसार अनुदान उपलब्ध गराइनेछ।

## अपेक्षित उपलब्धि

किसानस्तरमा कम्पोष्ट उत्पादन बढ्ने, वन क्षेत्रको पातपतिङ्गर व्यवस्थापन हुने तथा डढेलो जोखिम घट्नेछ।

## जनशक्ति व्यवस्थापन

वन कार्यालयका प्राविधिक, मूल्याङ्कन समिति, स्थानीय तह तथा किसान समूह।

## बजेट व्यवस्थापन

प्रशिक्षण, प्राविधिक सहयोग, प्रचारप्रसार तथा स्वीकृत अनुदानमा बजेट खर्च गरिनेछ।

## जिम्मेवार निकाय

सम्बन्धित डिभिजन वन कार्यालय।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

**२६. वन क्षेत्रमा मिचाहा प्रजाति नियन्त्रण तथा व्यवस्थापन**

**पृष्ठभूमि**

मिचाहा प्रजातिले स्थानीय वनस्पति प्रजातिसँग प्रतिस्पर्धा गरी जैविक विविधता, प्राकृतिक पुनरुत्पादन तथा वनको स्वास्थ्यमा नकारात्मक असर पार्न सक्छ। त्यसैले जोखिमयुक्त क्षेत्रमा वैज्ञानिक रूपमा मिचाहा प्रजाति नियन्त्रण तथा व्यवस्थापन आवश्यक हुन्छ।

**उद्देश्य**

- मिचाहा प्रजातिको फैलावट नियन्त्रण गर्ने।
- स्थानीय वनस्पति तथा प्राकृतिक पुनरुत्पादन संरक्षण गर्ने।
- मिचाहा प्रजातिको उपयोगी व्यवस्थापन तथा जैविक अवशेषको सदुपयोग गर्ने।

**कार्यान्वयन विधि**

प्रमुख मिचाहा प्रजाति तथा प्रभावित क्षेत्र पहिचान गरिनेछ। प्रजातिको प्रकृति तथा फैलावटअनुसार हातैले उखेल्ने, काट्ने, नियमित सफाइ, पुनःउत्पत्ति रोक्ने तथा अन्य उपयुक्त गैररासायनिक विधि अपनाइनेछ। हटाइएका जैविक पदार्थलाई आवश्यकताअनुसार कम्पोष्ट उत्पादनमा उपयोग गर्न सकिनेछ। नियन्त्रणपछि पुनःफैलावटको नियमित अनुगमन गरिनेछ।

**अपेक्षित उपलब्धि**

मिचाहा प्रजातिको फैलावट घट्ने र स्थानीय वनस्पति तथा जैविक विविधताको संरक्षणमा सुधार आउनेछ।

**जनशक्ति व्यवस्थापन**

वन प्राविधिक, वन उपभोक्ता समूह तथा स्थानीय श्रमिक।

**बजेट व्यवस्थापन**

स्थलगत सर्वेक्षण, श्रम, औजार, ढुवानी, कम्पोष्ट व्यवस्थापन तथा अनुगमनमा खर्च गरिनेछ।

**जिम्मेवार निकाय**

सम्बन्धित डिभिजन वन कार्यालय।

**२७. कबुलियती वन प्रवर्द्धन तथा व्यवस्थापन**



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

## पृष्ठभूमि

कबुलियती वनको संरक्षण तथा व्यवस्थापनसँगै स्थानीय, विशेषगरी विपन्न समुदायको जीविकोपार्जन तथा आयआर्जन अभिवृद्धि गर्न सकिन्छ। मूल कार्यविधिले कबुलियती वनमा जडीबुटी, गैरकाष्ठ वन पैदावार, फलफूल, घाँस तथा अन्य उपयुक्त प्रजाति विस्तार गर्न सकिने व्यवस्था गरेको छ।

## उद्देश्य

- कबुलियती वनको संरक्षण तथा व्यवस्थापन सुदृढ गर्ने।
- निष्क्रिय समूहलाई सक्रिय बनाउने।
- गरिब तथा विपन्न उपभोक्ताको आयआर्जन बढाउने।
- वनमा आधारित जडीबुटी, फलफूल तथा गैरकाष्ठ वन पैदावार प्रवर्द्धन गर्ने।

## कार्यान्वयन विधि

स्वीकृत कार्ययोजनाका आधारमा कबुलियती वन क्षेत्रको स्थलगत मूल्याङ्कन गरिनेछ। खाली तथा झाडीदार क्षेत्रमा उपयुक्त जडीबुटी, फलफूल, घाँस, गैरकाष्ठ वन पैदावार तथा अन्य आयमूलक प्रजातिको रोपण गरिनेछ। आवश्यकताअनुसार सिँचाइ, तारबार तथा संरक्षण गरिनेछ। समूहको निर्णय तथा प्राविधिक सिफारिसका आधारमा सम्झौता गरी कार्यक्रम सञ्चालन गरिनेछ। मूल कार्यविधिमा समूहको लागत साझेदारीको प्रावधानसमेत उल्लेख छ।

## अपेक्षित उपलब्धि

कबुलियती वनको हैसियत सुधार भई समूहको आयआर्जन तथा वन संरक्षणमा सहभागिता बढ्नेछ।

## जनशक्ति व्यवस्थापन

डिभिजन/सब–डिभिजन वन कार्यालयका कर्मचारी, वन प्राविधिक, समूहका पदाधिकारी तथा उपभोक्ता।

## बजेट व्यवस्थापन

बिरुवा, ढुवानी, रोपण, सिँचाइ, तारबार, संरक्षण, क्षमता विकास तथा अनुगमनमा खर्च गर्न सकिनेछ।

## जिम्मेवार निकाय

डिभिजन वन कार्यालय तथा कबुलियती वन उपभोक्ता समूह।

**२८. कृषि वन प्रणाली प्रवर्द्धन / फलफूल तथा बहुउपयोगी वनस्पति प्रवर्द्धन**



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## पृष्ठभूमि

सामुदायिक तथा कबुलियती वन, सार्वजनिक/निजी जग्गा, हैसियत बिग्रेका क्षेत्र तथा नदी उकास क्षेत्रमा कृषि वन प्रणालीमार्फत फलफूल, जडीबुटी तथा बहुउपयोगी वनस्पति प्रवर्द्धन गर्दा जमिनको उत्पादकत्व, वन आवरण तथा स्थानीय आयआर्जन सुधार गर्न सकिन्छ। मूल कार्यविधिले यस्ता क्षेत्रमा कृषि वन प्रवर्द्धन गर्ने व्यवस्था गरेको छ।

## उद्देश्य

- वन तथा जमिनको उत्पादकत्व वृद्धि गर्ने।
- फलफूल, जडीबुटी तथा बहुउपयोगी वनस्पति विस्तार गर्ने।
- स्थानीय समुदायको आयआर्जन बढाउने।
- वन संरक्षणमा स्थानीय स्वामित्व अभिवृद्धि गर्ने।

## कार्यान्वयन विधि

उपयुक्त क्षेत्र पहिचान गरी स्थानीय हावापानीअनुकूल प्रजाति छनोट गरिनेछ। फलफूल, जडीबुटी तथा बहुउपयोगी बिरुवा खरिद/उत्पादन गरी रोपण तथा संरक्षण गरिनेछ। सामुदायिक तथा कबुलियती वनमा समूहको सहभागिता सुनिश्चित गरिनेछ। आवश्यकताअनुसार GIS आधारित क्षेत्र नक्साङ्कन, प्रजाति छनोट तथा रोपण योजना तयार गर्न सकिनेछ। मूल कार्यविधिमा स्थानीय जातका फलफूल तथा गैरकाष्ठ वन पैदावारका बहुवर्षीय बिरुवालाई प्राथमिकता दिने व्यवस्था छ।

## अपेक्षित उपलब्धि

वन तथा जमिनको उत्पादकत्व बढ्ने, बहुउपयोगी प्रजातिको विस्तार हुने तथा स्थानीय आयआर्जनमा सुधार आउनेछ।

## जनशक्ति व्यवस्थापन

वन प्राविधिक, वन उपभोक्ता समूह, स्थानीय तह तथा कृषिसम्बन्धी प्राविधिक।

## बजेट व्यवस्थापन

बिरुवा, कलमी, कटिङ, ढुवानी, रोपण, तारबार, सिँचाइ तथा अनुगमनमा खर्च गरिनेछ।

## जिम्मेवार निकाय



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

सम्बन्धित डिभिजन वन कार्यालय तथा वन उपभोक्ता समूह।

## २९. व्यावसायिक रबर खेती प्रवर्द्धन / वन क्षेत्रमा व्यावसायिक रबर खेती

### पृष्ठभूमि

उपयुक्त भौगोलिक तथा जलवायुगत अवस्था भएका क्षेत्रमा रबर खेतीलाई वनमा आधारित आयमूलक गतिविधिका रूपमा विकास गर्न सकिन्छ। कार्यक्रम सूचीमा वन क्षेत्रमा व्यावसायिक रबर खेती समावेश गरिएको छ।

### उद्देश्य

- उपयुक्त क्षेत्रमा रबर खेती विस्तार गर्ने।
- वनमा आधारित व्यावसायिक उत्पादन तथा आयआर्जन बढाउने।
- स्थानीय समुदायलाई दीर्घकालीन आयमूलक अवसर उपलब्ध गराउने।

### कार्यान्वयन विधि

उपयुक्त माटो, तापक्रम, वर्षा, भू—आकृति तथा क्षेत्रको वन व्यवस्थापन अवस्था अध्ययन गरी उपयुक्त क्षेत्र छनोट गरिनेछ। गुणस्तरीय बिरुवा खरिद/उत्पादन गरी प्राविधिक दूरी तथा विधिअनुसार रोपण गरिनेछ। प्रारम्भिक वर्षमा गोडमेल, सिँचाइ, मलखाद, घेराबेरा तथा संरक्षण गरिनेछ। उत्पादन सुरु भएपछि tapping तथा प्राथमिक प्रशोधनका लागि आवश्यक प्राविधिक ज्ञान उपलब्ध गराइनेछ।

### अपेक्षित उपलब्धि

उपयुक्त क्षेत्रमा रबर खेतीको क्षेत्र विस्तार भई दीर्घकालीन आयआर्जनमा योगदान पुग्नेछ।

### जनशक्ति व्यवस्थापन

वन प्राविधिक, स्थानीय कृषक/समूह तथा रबर खेतीसम्बन्धी प्राविधिक।

### बजेट व्यवस्थापन

बिरुवा, भूमि तयारी, रोपण, सिँचाइ, संरक्षण, प्राविधिक सहयोग तथा अनुगमनमा स्वीकृत बजेट खर्च गरिनेछ।

### जिम्मेवार निकाय

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सम्बन्धित डिभिजन वन कार्यालय तथा स्थानीय तह/सम्बन्धित प्राविधिक निकाय।

**३०. लाहा खेती विस्तार**

<u>पृष्ठभूमि</u>

लाहा वनमा आधारित गैरकाष्ठ वन पैदावार तथा स्थानीय आयआर्जनसँग सम्बन्धित गतिविधि हो। उपयुक्त होस्ट प्रजाति तथा वातावरण भएका क्षेत्रमा यसको विस्तारबाट वनमा आधारित उद्यम तथा रोजगारी सिर्जना गर्न सकिन्छ। कार्यक्रम विवरणमा लाहा खेती विस्तार समावेश छ।

<u>उद्देश्य</u>

- लाहा उत्पादन क्षेत्र विस्तार गर्ने।
- स्थानीय समुदायको आयआर्जन बढाउने।
- वनमा आधारित उद्यम विकास गर्ने।

<u>कार्यान्वयन विधि</u>

उपयुक्त होस्ट रूख तथा क्षेत्र पहिचान गरिनेछ। कृषक/समूहलाई लाहा उत्पादन, inoculation, संरक्षण, harvesting तथा प्राथमिक प्रशोधनसम्बन्धी प्राविधिक ज्ञान प्रदान गरिनेछ। आवश्यकताअनुसार होस्ट बिरुवा उत्पादन तथा वितरण गरिनेछ। उत्पादनको बजार तथा खरिदकर्तासँग समन्वय गरिनेछ।

<u>अपेक्षित उपलब्धि</u>

लाहा उत्पादन तथा उत्पादकको आयमा वृद्धि हुनेछ।

<u>जनशक्ति व्यवस्थापन</u>

वन प्राविधिक, कृषक समूह तथा सम्बन्धित विषय विज्ञ।

<u>बजेट व्यवस्थापन</u>

प्रशिक्षण, होस्ट बिरुवा, प्राविधिक सामग्री, प्रचारप्रसार तथा अनुगमनमा खर्च गर्न सकिनेछ।

<u>जिम्मेवार निकाय</u>

सम्बन्धित डिभिजन वन कार्यालय।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

**३१. बाँसको उद्यम स्थापना तथा प्रवर्द्धन**

पृष्ठभूमि

बाँस बहुउपयोगी, छिटो बढ्ने तथा माटो संरक्षणमा समेत उपयोगी वनस्पति हो। बाँसमा आधारित उत्पादन, हस्तकला, निर्माण सामग्री तथा अन्य उद्यम विकासले स्थानीय रोजगारी तथा आयआर्जनमा योगदान पुऱ्याउन सक्छ।

उद्देश्य

- बाँसमा आधारित उद्यम स्थापना तथा विस्तार गर्ने।
- स्थानीय बाँसको उत्पादन तथा उपयोग बढाउने।
- स्थानीय रोजगारी तथा आयआर्जन प्रवर्द्धन गर्ने।

कार्यान्वयन विधि

उपयुक्त बाँस प्रजाति पहिचान गरी उत्पादन तथा रोपण गरिनेछ। उद्यमी/समूहको आवश्यकता पहिचान गरी बाँस प्रशोधन, चिरान, संरक्षण, डिजाइन तथा उत्पादनसम्बन्धी तालिम प्रदान गर्न सकिनेछ। बजारको मागअनुसार बाँसका फर्निचर, हस्तकला तथा अन्य उत्पादन विकास गर्न प्रोत्साहन गरिनेछ।

अपेक्षित उपलब्धि

बाँसको उत्पादन तथा मूल्य अभिवृद्धि बढ्ने र स्थानीय उद्यम विकास हुनेछ।

जनशक्ति व्यवस्थापन

वन प्राविधिक, उद्यमी, स्थानीय समूह तथा बाँससम्बन्धी प्राविधिक।

बजेट व्यवस्थापन

तालिम, प्रविधि, उपकरण, बिरुवा, रोपण, प्रचार तथा बजार सहजीकरणमा खर्च गरिनेछ।

जिम्मेवार निकाय

सम्बन्धित डिभिजन वन कार्यालय तथा स्थानीय तह।

**३२. बाँस उद्यान विकास**



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## पृष्ठभूमि

बाँसका विभिन्न प्रजातिको संरक्षण, प्रदर्शन, अध्ययन तथा उत्पादन प्रवर्द्धनका लागि बाँस उद्यान विकास गर्न सकिन्छ। कार्यक्रम विवरणमा दित्तेल रुपाकोट मझुवागढीमा बाँस उद्यान विकास समावेश छ।

## उद्देश्य

- बाँसका प्रजातिको संरक्षण तथा प्रदर्शन गर्ने।
- बाँस उत्पादन तथा उपयोगसम्बन्धी ज्ञान विस्तार गर्ने।
- पर्यापर्यटन तथा वातावरणीय शिक्षा प्रवर्द्धन गर्ने।

## कार्यान्वयन विधि

उपयुक्त स्थान छनोट गरी विभिन्न स्थानीय तथा उपयुक्त बाँस प्रजातिको पहिचान र रोपण गरिनेछ। प्रजाति पहिचान बोर्ड, पदमार्ग, सिँचाइ तथा संरक्षण संरचना निर्माण गर्न सकिनेछ। उद्यानलाई अध्ययन, प्रदर्शन तथा स्थानीय समुदायको क्षमता विकाससँग जोड्न सकिनेछ। स्थानीय पालिकासँग समन्वय गरी पालिकाको प्राविधिक (इन्जिनियर) को सहयोग लिई उद्यानको स्थल हेरी डिजाइन र प्रचलित कानून बमोजिम सहकार्य गरी उद्यान निर्माण गर्न सकिनेछ।

## अपेक्षित उपलब्धि

बाँसका प्रजातिको संरक्षण, उत्पादन तथा उपयोगसम्बन्धी ज्ञान अभिवृद्धि हुनेछ।

## जनशक्ति व्यवस्थापन

वन प्राविधिक, स्थानीय समुदाय तथा उद्यान व्यवस्थापन समूह।

## बजेट व्यवस्थापन

बिरुवा, रोपण, सिँचाइ, घेराबेरा, सूचना बोर्ड, पदमार्ग तथा मर्मतमा खर्च गरिनेछ। उद्यानको भौतिक पूर्वाधार निर्माणमा समेत प्रचलित कानून बमोजिम खर्च गर्न सकिनेछ।

## जिम्मेवार निकाय

सम्बन्धित डिभिजन वन कार्यालय तथा स्थानीय तह।

**३३. नदी किनार तथा उपयुक्त क्षेत्रमा उन्नत बाँस रोपण**

## पृष्ठभूमि

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

बाँसले नदी तथा खोलाका किनारमा माटो बाँध्ने, कटान घटाउने तथा हरित आवरण विकास गर्ने भएकाले उपयुक्त क्षेत्रमा यसको रोपण गर्न सकिन्छ। नदी किनारमा उन्नत बाँस रोपणसम्बन्धी गतिविधि कार्यक्रम सूचीमा समावेश छ।

## उद्देश्य

- नदी किनार कटान न्यूनीकरण गर्ने।
- बाँस उत्पादन तथा हरियाली विस्तार गर्ने।
- स्थानीय समुदायको बाँसमा आधारित आयआर्जन बढाउने।

## कार्यान्वयन विधि

नदीको बहाव, कटान अवस्था तथा माटोको प्रकृति अध्ययन गरी उपयुक्त किनारा छनोट गरिनेछ। स्थानीय अवस्था अनुकूल बाँस प्रजाति छनोट गरी निर्धारित दूरीमा रोपण गरिनेछ। प्रारम्भिक अवस्थामा घेराबेरा, सिँचाइ तथा संरक्षण गरिनेछ। बाढीको उच्च जोखिम भएका स्थानमा प्राविधिक मूल्याङ्कनबिना रोपण गरिने छैन।

## अपेक्षित उपलब्धि

नदी किनारमा हरित आवरण तथा माटो संरक्षणमा सुधार हुनेछ।

## जनशक्ति व्यवस्थापन

वन प्राविधिक, स्थानीय तह, वन समूह तथा स्थानीय समुदाय।

## बजेट व्यवस्थापन

बिरुवा, ढुवानी, रोपण, संरक्षण तथा अनुगमनमा खर्च गर्न सकिनेछ।

## जिम्मेवार निकाय

सम्बन्धित डिभिजन वन कार्यालय तथा स्थानीय तह।

### ३४. बेतबाँस वृक्षारोपण

## पृष्ठभूमि

बेत तथा बाँसजस्ता गैरकाष्ठ वन पैदावारले जैविक तथा आर्थिक महत्व राख्छन्। कञ्चनपुरको महाकाली सामुदायिक वन क्षेत्रमा बेतबाँस वृक्षारोपणसम्बन्धी कार्यक्रम समावेश गरिएको छ।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

उद्देश्य

- बेतवाँसको संरक्षण तथा उत्पादन विस्तार गर्ने।
- स्थानीय गैरकाष्ठ वन पैदावारको उत्पादन बढाउने।
- बेतवाँसमा आधारित उद्यम तथा आयआर्जन प्रवर्द्धन गर्ने।

कार्यान्वयन विधि

उपयुक्त वन क्षेत्र पहिचान गरी बेतवाँसका गुणस्तरीय बिरुवा/रोपण सामग्री उपलब्ध गराइनेछ। निर्धारित दूरी तथा प्राविधिक विधिअनुसार रोपण गरिनेछ। आवश्यकताअनुसार तारबार, गोडमेल तथा संरक्षण गरिनेछ। उत्पादन तथा संकलन दिगो वन व्यवस्थापनका आधारमा गरिनेछ।

अपेक्षित उपलब्धि

बेतवाँसको क्षेत्र तथा उत्पादन विस्तार भई स्थानीय आयआर्जनमा योगदान पुग्नेछ।

जनशक्ति व्यवस्थापन

वन कार्यालय, सामुदायिक वन समूह तथा स्थानीय समुदाय।

बजेट व्यवस्थापन

बिरुवा, ढुवानी, रोपण, संरक्षण तथा अनुगमनमा खर्च गर्न सकिनेछ।

जिम्मेवार निकाय

सम्बन्धित डिभिजन वन कार्यालय तथा सामुदायिक वन उपभोक्ता समूह।

**३५. रानीचाप वृक्षारोपण**

पृष्ठभूमि

रानीचापजस्ता स्थानीय तथा उपयोगी प्रजातिको वृक्षारोपणमार्फत वन पुनःस्थापना तथा जैविक विविधता संरक्षणमा योगदान पुऱ्याउन सकिन्छ। कार्यक्रम सूचीमा रानीचाप वृक्षारोपणका लागि छुट्टै बजेट गतिविधि समावेश छ।

उद्देश्य

- रानीचाप प्रजातिको संरक्षण तथा विस्तार गर्ने।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

- वन क्षेत्रको पुनःस्थापना तथा हरित आवरण वृद्धि गर्ने।
- स्थानीय प्रजातिमा आधारित वन व्यवस्थापन प्रवर्द्धन गर्ने।

कार्यान्वयन विधि

उपयुक्त स्थान पहिचान गरी गुणस्तरीय बिरुवा उत्पादन/खरिद गरिनेछ। प्राविधिक सिफारिसअनुसार वृक्षारोपण तथा प्रारम्भिक संरक्षण गरिनेछ। आवश्यकताअनुसार घेराबेरा तथा गोडमेल गरिनेछ। जीवितदर तथा वृद्धि अनुगमन गरिनेछ।

अपेक्षित उपलब्धि

रानीचापको रोपण क्षेत्र विस्तार भई वन पुनःस्थापना तथा जैविक विविधता संरक्षणमा योगदान पुग्नेछ।

जनशक्ति व्यवस्थापन

वन प्राविधिक, वन उपभोक्ता समूह तथा स्थानीय श्रमिक।

बजेट व्यवस्थापन

बिरुवा, ढुवानी, रोपण, संरक्षण तथा अनुगमनमा खर्च गरिनेछ।

जिम्मेवार निकाय

सम्बन्धित डिभिजन वन कार्यालय।

**३६. लाहा खेती विस्तार तथा प्रवर्द्धन**

यो क्रियाकलाप नं. **३० सँग विषयगत रूपमा समान** भएकाले एउटै प्राविधिक मापदण्ड तथा कार्यान्वयन प्रक्रियाबाट सञ्चालन गरिनेछ। लाहा खेती विस्तारसँगै उत्पादन, कृषक क्षमता विकास, होस्ट प्रजाति व्यवस्थापन, प्राथमिक प्रशोधन तथा बजार सहजीकरणमा जोड दिइनेछ।

उद्देश्य

लाहा उत्पादन क्षेत्र विस्तार, उत्पादकत्व वृद्धि, कृषकको प्राविधिक क्षमता अभिवृद्धि तथा बजारसँगको सम्बन्ध सुदृढ गर्ने।

कार्यान्वयन विधि



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

उपयुक्त क्षेत्र तथा होस्ट प्रजाति छनोट गरी लाहा उत्पादन प्रविधि विस्तार गरिनेछ। कृषक समूह गठन/परिचालन, तालिम, उत्पादन सामग्री, प्राविधिक अनुगमन तथा बजार सहजीकरण गरिनेछ।

**अपेक्षित उपलब्धि**

लाहा उत्पादन तथा कृषकको आयआर्जनमा वृद्धि हुनेछ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयका प्राविधिक, विषय विज्ञ तथा कृषक समूह।

**बजेट व्यवस्थापन**

तालिम, प्राविधिक सहयोग, उत्पादन सामग्री, प्रचारप्रसार तथा अनुगमनमा स्वीकृत बजेट खर्च गरिनेछ।

**जिम्मेवार निकाय**

सम्बन्धित डिभिजन वन कार्यालय।

### ३७. विशिष्ट/दुर्लभ तथा संकटापन्न वनस्पति संरक्षण तथा व्यवस्थापन

**समेटिने प्रजाति**

गुराँस, सतिसाल, सान्दान, श्रीखण्ड/चन्दन लगायत विशिष्ट, दुर्लभ तथा संकटापन्न वनस्पति।

**पृष्ठभूमि**

दुर्लभ तथा संकटापन्न वनस्पति प्रजातिहरू जैविक विविधताको महत्वपूर्ण अंग हुन्। वासस्थान ह्रास, अत्यधिक संकलन, अवैध कटानी तथा प्राकृतिक पुनरुत्पादनमा आएको कमीका कारण यस्ता प्रजातिको संरक्षण आवश्यक हुन्छ। कार्यक्रम विवरणमा सतिसाल, सान्दान तथा श्रीखण्ड/चन्दनको संरक्षण तथा वृक्षारोपणसम्बन्धी गतिविधि समावेश छन्।

**उद्देश्य**

- दुर्लभ तथा संकटापन्न प्रजातिको प्राकृतिक वासस्थान संरक्षण गर्ने।
- प्राकृतिक पुनरुत्पादन तथा कृत्रिम पुनःस्थापना गर्ने।
- बीउ तथा आनुवंशिक स्रोत संरक्षण गर्ने।

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

कार्यान्वयन विधि

प्रजातिको उपस्थिति तथा वासस्थान पहिचान गरी संरक्षण क्षेत्र निर्धारण गरिनेछ। प्राकृतिक regeneration संरक्षण, seed collection, nursery propagation, enrichment planting, घेराबेरा तथा गोडमेल गरिनेछ। स्थानीय समुदायलाई संरक्षण तथा दिगो उपयोगसम्बन्धी जानकारी दिइनेछ। आवश्यकताअनुसार species-specific management plan तयार गरिनेछ।

अपेक्षित उपलब्धि

दुर्लभ प्रजातिको प्राकृतिक तथा कृत्रिम पुनरुत्पादन बढ्ने र संरक्षण अवस्था सुधार हुनेछ।

जनशक्ति व्यवस्थापन

वन प्राविधिक, वनस्पति विज्ञ, अनुसन्धान संस्था तथा स्थानीय समुदाय।

बजेट व्यवस्थापन

सर्वेक्षण, बीउ संकलन, नर्सरी, वृक्षारोपण, घेराबेरा, संरक्षण, अनुगमन तथा अध्ययनमा खर्च गर्न सकिनेछ।

जिम्मेवार निकाय

सम्बन्धित डिभिजन वन कार्यालय तथा सम्बन्धित अनुसन्धान/संरक्षण संस्था।

**३८. विशिष्ट वनस्पति तथा संरक्षण क्षेत्रसम्बन्धी अध्ययन/अनुसन्धान केन्द्र स्थापना तथा व्यवस्थापन**

पृष्ठभूमि

विशिष्ट तथा स्थानीय महत्वका वनस्पति प्रजातिको संरक्षण, अध्ययन, बीउ/रोपण सामग्री संरक्षण तथा जनचेतनाका लागि अध्ययन केन्द्र उपयोगी हुन्छ। कार्यक्रम विवरणमा लालीगुराँस अध्ययन केन्द्र, लालीगुराँस गाउँपालिका, तेह्रथुम समावेश गरिएको छ।

उद्देश्य

- विशिष्ट वनस्पतिको अध्ययन तथा संरक्षण गर्ने।
- संरक्षणसम्बन्धी ज्ञान तथा प्रविधि अभिलेखीकरण गर्ने।
- स्थानीय समुदाय तथा विद्यार्थीका लागि अध्ययन/प्रदर्शन केन्द्र विकास गर्ने।

कार्यान्वयन विधि

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

उपयुक्त स्थान पहिचान गरी केन्द्रको उद्देश्य, क्षेत्रफल तथा आवश्यक संरचना निर्धारण गरिनेछ। अध्ययन प्लट, नर्सरी, प्रजाति प्रदर्शन क्षेत्र, सूचना बोर्ड तथा आवश्यक आधारभूत पूर्वाधार विकास गर्न सकिनेछ। स्थानीय तथा अनुसन्धान संस्थासँग सहकार्य गरी वनस्पति अभिलेख, बीउ संकलन तथा संरक्षण गतिविधि सञ्चालन गरिनेछ।

**अपेक्षित उपलब्धि**

विशिष्ट वनस्पतिको संरक्षण, अध्ययन तथा जनचेतनाका लागि स्थायी संस्थागत आधार विकास हुनेछ।

**जनशक्ति व्यवस्थापन**

वन प्राविधिक, वनस्पति विज्ञ, अनुसन्धानकर्ता तथा स्थानीय व्यवस्थापन समिति।

**बजेट व्यवस्थापन**

अध्ययन, पूर्वाधार, नर्सरी, प्रजाति संरक्षण, सूचना सामग्री तथा व्यवस्थापनमा स्वीकृत बजेट खर्च गरिनेछ।

**जिम्मेवार निकाय**

सम्बन्धित वन कार्यालय, प्रदेशस्तरीय निकाय तथा सम्बन्धित स्थानीय तह।

**३९. रेड पाण्डाको बासस्थान संरक्षण / बासस्थान पुनःस्थापना**

**कार्यक्षेत्र**

इलाम, पाँचथर, ताप्लेजुङ, भोजपुर तथा खोटाङ लगायत रेड पाण्डाको सम्भावित/विद्यमान वासस्थान।

**पृष्ठभूमि**

रेड पाण्डा संरक्षणका लागि उपयुक्त वन वासस्थान, आहार स्रोत, बाँस तथा सुरक्षित आवागमन क्षेत्र आवश्यक हुन्छ। कार्यक्रम विवरणमा उक्त जिल्लाहरूमा रेड पाण्डाको बासस्थान पुनःस्थापनाका लागि छुट्टै गतिविधि समावेश गरिएको छ।

**उद्देश्य**

- रेड पाण्डाको वासस्थान संरक्षण तथा पुनःस्थापना गर्ने।
- बाँस तथा अन्य आहार प्रजातिको संरक्षण गर्ने।
- वासस्थान खण्डीकरण तथा मानवीय दबाब न्यूनीकरण गर्ने।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## कार्यान्वयन विधि

रेड पाण्डाको उपस्थिति तथा वासस्थानको स्थलगत सर्वेक्षण गरिनेछ। बाँस तथा उपयुक्त आहार प्रजाति संरक्षण/रोपण गरिनेछ। habitat fragmentation भएका स्थानमा enrichment planting तथा जैविक मार्ग संरक्षण गरिनेछ। मिचाहा प्रजाति नियन्त्रण, चरिचरन व्यवस्थापन तथा समुदायस्तरीय संरक्षण गतिविधि सञ्चालन गर्न सकिनेछ। camera trap तथा अन्य विधिबाट अनुगमन गरिनेछ।

## अपेक्षित उपलब्धि

रेड पाण्डाको उपयुक्त वासस्थान विस्तार तथा पुनःस्थापना भई प्रजाति संरक्षणमा सकारात्मक प्रभाव पर्नेछ।

## जनशक्ति व्यवस्थापन

वन प्राविधिक, वन्यजन्तु विज्ञ, स्थानीय समुदाय, सामुदायिक वन समूह तथा अनुसन्धान संस्था।

## बजेट व्यवस्थापन

सर्वेक्षण, वृक्षारोपण, बाँस व्यवस्थापन, मिचाहा प्रजाति नियन्त्रण, अनुगमन तथा जनचेतनामा खर्च गर्न सकिनेछ।

## जिम्मेवार निकाय

सम्बन्धित डिभिजन वन कार्यालय तथा सम्बन्धित संरक्षण निकाय।

### ४०. वन्यजन्तु तथा वन संरक्षणका लागि गस्ती परिचालन / हात्ती गस्ती तथा मानव–वन्यजन्तु उद्धार टोली परिचालन

## पृष्ठभूमि

वन, वन्यजन्तु तथा जैविक विविधताको संरक्षणका लागि नियमित गस्ती आवश्यक हुन्छ। विशेषगरी झापा, मोरङ, सुनसरी लगायत क्षेत्रमा हात्ती गस्ती तथा मानव—वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि विशेष टोली परिचालन आवश्यक हुन्छ। कार्यक्रम सूचीमा हात्ती गस्ती तथा भेटनरी डाक्टरसहित उद्धार/व्यवस्थापन टोली परिचालन समावेश गरिएको छ।

## उद्देश्य

- वन तथा वन्यजन्तु संरक्षण सुदृढ गर्ने।
- अवैध गतिविधि तथा वन्यजन्तु जोखिम नियन्त्रण गर्ने।
- हात्ती तथा अन्य समस्याग्रस्त वन्यजन्तुको आवागमन अनुगमन गर्ने।
- द्वन्द्वका घटनामा शीघ्र उद्धार तथा व्यवस्थापन गर्ने।

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

कार्यान्वयन विधि

जोखिम तथा संवेदनशील क्षेत्र पहिचान गरी नियमित तथा विशेष गस्ती तालिका तयार गरिनेछ। हात्ती आवागमन भएका क्षेत्रमा निगरानी तथा सूचना आदानप्रदान प्रणाली विकास गरिनेछ। आवश्यकता अनुसार भेटनरी डाक्टरसहित उद्धार टोली परिचालन गरिनेछ। गस्तीबाट प्राप्त सूचना तथा घटनाको अभिलेख राखी सम्बन्धित निकायलाई प्रतिवेदन गरिनेछ।

अपेक्षित उपलब्धि

वन अपराध तथा वन्यजन्तु जोखिममा कमी आउने र मानव—वन्यजन्तु द्वन्द्वमा शीघ्र प्रतिक्रिया क्षमता बढ्नेछ।

जनशक्ति व्यवस्थापन

वन कर्मचारी, वनरक्षक, उद्धार टोली, पशु चिकित्सक तथा आवश्यकता अनुसार स्थानीय समुदाय/सुरक्षा निकाय।

बजेट व्यवस्थापन

गस्ती, इन्धन, सवारी, संचार, सुरक्षा सामग्री, उद्धार उपकरण तथा प्राविधिक सेवा खर्च गर्न सकिनेछ।

जिम्मेवार निकाय

सम्बन्धित डिभिजन वन कार्यालय तथा सम्बन्धित उद्धार/संरक्षण निकाय।

**४१. जोखिमयुक्त रुखहरूको व्यवस्थापन**

पृष्ठभूमि

सुक्खा, रोगग्रस्त, ढल्न सक्ने वा संरचना/मानवीय सुरक्षामा जोखिम पुऱ्याउने रुखहरू समयमै पहिचान तथा व्यवस्थापन गर्न आवश्यक हुन्छ। जोखिमयुक्त रुख व्यवस्थापन गर्दा वन संरक्षणसँगै सार्वजनिक सुरक्षा तथा जैविक सन्तुलनलाई समेत ध्यान दिनुपर्छ।

उद्देश्य

- जोखिमयुक्त रुखबाट हुने जनधन तथा पूर्वाधार क्षति न्यूनीकरण गर्ने।
- सुरक्षित तथा वैज्ञानिक रूपमा रुख व्यवस्थापन गर्ने।
- सम्भव भएसम्म जैविक तथा वातावरणीय मूल्य कायम राख्ने।

कार्यान्वयन विधि

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

प्राविधिक कर्मचारीबाट रुखको अवस्था, झुकाव, रोग, सुक्खापन, स्थान तथा जोखिम मूल्याङ्कन गरिनेछ। जोखिमयुक्त प्रमाणित रुखलाई प्रचलित कानुन तथा स्वीकृत प्रक्रियाअनुसार व्यवस्थापन गरिनेछ। स्वस्थ तर जोखिम सिर्जना गर्ने अवस्थामा pruning वा अन्य उपयुक्त उपाय अपनाउन सकिनेछ। हटाइएको रुखको अभिलेख तथा वन पैदावार व्यवस्थापन व्यवस्थित गरिनेछ।

**अपेक्षित उपलब्धि**

जोखिमयुक्त रुखबाट हुने दुर्घटना तथा क्षति न्यूनीकरण हुनेछ।

**जनशक्ति व्यवस्थापन**

वन प्राविधिक, arboriculture/रुख व्यवस्थापनमा दक्ष जनशक्ति तथा स्थानीय श्रमिक।

**बजेट व्यवस्थापन**

प्राविधिक निरीक्षण, उपकरण, श्रम, ढुवानी तथा अनुगमनमा स्वीकृत बजेट खर्च गरिनेछ।

**जिम्मेवार निकाय**

सम्बन्धित डिभिजन वन कार्यालय।

### ४२. घाटगद्दी स्तरोन्नती तथा व्यवस्थापन

**पृष्ठभूमि**

वनबाट उत्पादन तथा संकलन भएका काठदाउराको सुरक्षित, व्यवस्थित तथा पारदर्शी व्यवस्थापनका लागि घाटगद्दी स्थल आवश्यक हुन्छ। कार्यक्रम सूचीमा घाटगद्दी स्तरोन्नती तथा व्यवस्थापन समावेश छ।

**उद्देश्य**

- काठदाउरा व्यवस्थापन तथा भण्डारण व्यवस्थित गर्ने।
- वन पैदावारको क्षति तथा चोरी नियन्त्रण गर्ने।
- घाटगद्दीको भौतिक तथा व्यवस्थापकीय क्षमता सुधार गर्ने।

**कार्यान्वयन विधि**

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

घाटगद्दी स्थलको अवस्था मूल्याङ्कन गरी आवश्यकताअनुसार सम्याउने, drainage, पहुँचमार्ग, घेराबेरा, stacking platform तथा अन्य आवश्यक सुधार गरिनेछ। काठको नाप, वर्गीकरण, अभिलेख तथा stacking व्यवस्थित गरिनेछ। सुरक्षा तथा आगलागी नियन्त्रणका आधारभूत उपाय अपनाइनेछ।

अपेक्षित उपलब्धि

काठदाउराको सुरक्षित तथा पारदर्शी भण्डारण तथा व्यवस्थापन हुनेछ।

जनशक्ति व्यवस्थापन

वन कार्यालयका कर्मचारी, प्राविधिक, श्रमिक तथा आवश्यकताअनुसार सुरक्षा जनशक्ति।

बजेट व्यवस्थापन

घाटगद्दी सुधार, घेराबेरा, पहुँचमार्ग, श्रम, सुरक्षा तथा अनुगमनमा खर्च गरिनेछ।

जिम्मेवार निकाय

सम्बन्धित डिभिजन वन कार्यालय।

**४३. वन व्यवस्थापनका असल अभ्यासको अन्तरप्रदेश सिकाइ तथा अनुभव आदानप्रदान / वृत्तचित्र तयारी**

पृष्ठभूमि

वन व्यवस्थापनका विभिन्न क्षेत्रमा प्रदेश तथा स्थानीय तहमा विकसित सफल अभ्यासलाई अन्य क्षेत्रमा सिकाइका रूपमा प्रयोग गर्न अन्तरप्रदेश अनुभव आदानप्रदान आवश्यक हुन्छ। मूल कार्यविधिमा वन व्यवस्थापन, सामुदायिक वन, वन डढेलो, जैविक विविधता, वन्यजन्तु, वनमा आधारित उद्यम तथा पर्यापर्यटन लगायतका विषयमा सिकाइ तथा अनुभव आदानप्रदान गर्ने व्यवस्था छ।

उद्देश्य

- सफल वन व्यवस्थापन अभ्यासको सिकाइ तथा हस्तान्तरण गर्ने।
- प्रदेशबीच प्राविधिक तथा व्यवस्थापकीय अनुभव आदानप्रदान गर्ने।
- सफल अभ्यासको वृत्तचित्रमार्फत अभिलेखीकरण तथा प्रचार गर्ने।

कार्यान्वयन विधि

१. सिकाइका लागि विषय तथा उत्कृष्ट अभ्यास पहिचान गरिनेछ।

२. सम्बन्धित प्रदेश/स्थानीय तह/समुदायका प्रतिनिधिको सहभागितामा अध्ययन भ्रमण तथा अन्तरक्रिया सञ्चालन गरिनेछ।

३. वन व्यवस्थापन, सामुदायिक वन, डढेलो, जैविक विविधता, वन्यजन्तु, वन उद्यम तथा पर्यापर्यटन लगायतका विषय समेटिनेछन्।

४. सिकाइ भ्रमणबाट प्राप्त निष्कर्षलाई प्रतिवेदनका रूपमा तयार गरिनेछ।

५. आवश्यकताअनुसार सफल अभ्यासको वृत्तचित्र निर्माण गरी मन्त्रालयको वेबसाइट, सामाजिक सञ्जाल, तालिम तथा सार्वजनिक कार्यक्रममा प्रयोग गर्न सकिनेछ।

## अपेक्षित उपलब्धि

सफल वन व्यवस्थापन अभ्यासको ज्ञान विस्तार तथा संस्थागत अभिलेखीकरण हुनेछ।

## जनशक्ति व्यवस्थापन

मन्त्रालय/प्रदेश/डिभिजन वन कार्यालयका कर्मचारी, वन उपभोक्ता समूह, विज्ञ, अनुसन्धान संस्था तथा सञ्चार/वृत्तचित्र निर्माणसम्बन्धी परामर्शदाता।

## बजेट व्यवस्थापन

अध्ययन भ्रमण, यातायात, अन्तरक्रिया, आवास/भत्ता, वृत्तचित्र छायाङ्कन, सम्पादन, प्रकाशन तथा प्रचारप्रसारमा स्वीकृत बजेट खर्च गरिनेछ।

## जिम्मेवार निकाय

सम्बन्धित मन्त्रालय/वन निर्देशनालय तथा सम्बन्धित डिभिजन वन कार्यालय।

## ४४. राष्ट्रिय वन क्षेत्रको जग्गा भोगाधिकारको अवस्था अनुगमन, अभिलेखीकरण तथा प्रतिवेदन तयारी

## पृष्ठभूमि

राष्ट्रिय वन क्षेत्रको जग्गा विभिन्न प्रयोजनमा प्रयोग/भोगाधिकार भएको अवस्थामा त्यसको अवस्था, क्षेत्रफल, प्रयोजन, कानुनी आधार तथा प्रयोगको वर्तमान स्थिति व्यवस्थित रूपमा अभिलेखीकरण हुनु आवश्यक हुन्छ। कार्यक्रम विवरणमा राष्ट्रिय वन क्षेत्रको जग्गा भोगाधिकारको अवस्था अनुगमन, अभिलेखीकरण तथा प्रतिवेदन तयारी समावेश छ।

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

उद्देश्य

- राष्ट्रिय वन क्षेत्रमा रहेको भोगाधिकारसम्बन्धी तथ्याङ्क अद्यावधिक गर्ने।
- भोगाधिकारको अवस्था तथा परिवर्तन अभिलेखीकरण गर्ने।
- वन व्यवस्थापन तथा नीति निर्माणका लागि तथ्यमा आधारित प्रतिवेदन तयार गर्ने।

कार्यान्वयन विधि

१. सम्बन्धित राष्ट्रिय वन क्षेत्र तथा भोगाधिकारसम्बन्धी उपलब्ध अभिलेख संकलन गरिनेछ।

२. आवश्यकताअनुसार स्थलगत निरीक्षण गरी भोगाधिकारको वर्तमान अवस्था यकिन गरिनेछ।

३. क्षेत्रफल, प्रयोजन, प्रयोगकर्ता, संरचना तथा अन्य सम्बन्धित विवरण अभिलेखीकरण गरिनेछ।

४. सम्भव भएसम्म GIS/नक्सामा विवरण अद्यावधिक गरिनेछ।

५. कानुनी तथा प्रशासनिक अवस्थासहित क्षेत्रगत प्रतिवेदन तयार गरिनेछ।

६. नियमित अनुगमनबाट नयाँ भोगाधिकार तथा परिवर्तन भएका अवस्थाको अभिलेख अद्यावधिक गरिनेछ।

अपेक्षित उपलब्धि

राष्ट्रिय वन क्षेत्रको भोगाधिकारसम्बन्धी अद्यावधिक अभिलेख तथा तथ्यमा आधारित प्रतिवेदन तयार हुनेछ।

जनशक्ति व्यवस्थापन

वन प्राविधिक, सर्वेक्षक/GIS जनशक्ति, प्रशासनिक कर्मचारी तथा आवश्यकताअनुसार कानुनी/प्राविधिक विज्ञ।

बजेट व्यवस्थापन

स्थलगत अनुगमन, GIS/नक्साङ्कन, तथ्याङ्क व्यवस्थापन, यातायात तथा प्रतिवेदन तयारीमा खर्च गर्न सकिनेछ।

जिम्मेवार निकाय

सम्बन्धित डिभिजन वन कार्यालय तथा सम्बन्धित मन्त्रालय/प्रदेश निकाय।

**४५. वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको कार्यालय सौन्दर्यीकरण तथा पोखरी व्यवस्थापन / वन कार्यालय तथा परिसर हरियाली तथा सौन्दर्यीकरण**

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## पृष्ठभूमि

वन कार्यालय तथा अनुसन्धान/प्रशिक्षण केन्द्रका परिसरलाई हरित, स्वच्छ तथा वातावरणमैत्री बनाउँदा कार्यालय वातावरण सुधार हुनुका साथै वन व्यवस्थापनसम्बन्धी नमुना प्रदर्शन स्थलका रूपमा विकास गर्न सकिन्छ। कार्यक्रम सूचीमा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको कार्यालय सौन्दर्यीकरण तथा पोखरी व्यवस्थापन समावेश गरिएको छ।

## उद्देश्य

- वन कार्यालय/प्रशिक्षण केन्द्र परिसरलाई हरित तथा वातावरणमैत्री बनाउने।
- पोखरी तथा जलस्रोतको संरक्षण तथा सौन्दर्यीकरण गर्ने।
- परिसरलाई वन व्यवस्थापन तथा जैविक विविधताको नमुना स्थलका रूपमा विकास गर्ने।

## कार्यान्वयन विधि

परिसरको स्थलगत अवस्था अध्ययन गरी हरित क्षेत्र, वृक्षारोपण, उद्यान, walking trail, पोखरी तथा drainage सुधारको योजना तयार गरिनेछ। स्थानीय तथा रैथाने प्रजातिका बिरुवा रोपण गरिनेछ। पोखरीको सरसफाइ, डिल संरक्षण, पानी व्यवस्थापन तथा आवश्यकताअनुसार जैविक विविधता अनुकूल संरचना विकास गरिनेछ। कार्यालयको आवश्यक उपयोगिता तथा प्राकृतिक स्वरूपलाई कायम राख्दै सौन्दर्यीकरण गरिनेछ।

## अपेक्षित उपलब्धि

कार्यालय परिसर स्वच्छ, हरित तथा वातावरणमैत्री बन्नेछ र नमुना हरित परिसरका रूपमा उपयोग गर्न सकिनेछ।

## जनशक्ति व्यवस्थापन

वन प्राविधिक, कार्यालय कर्मचारी, माली/श्रमिक तथा आवश्यकताअनुसार landscape/पर्यावरण प्राविधिक।

## बजेट व्यवस्थापन

वृक्षारोपण, पोखरी व्यवस्थापन, घेराबेरा, उद्यान, सिँचाइ, सरसफाइ, पदमार्ग तथा अन्य स्वीकृत सौन्दर्यीकरण कार्यमा खर्च गर्न सकिनेछ।

## जिम्मेवार निकाय

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र/सम्बन्धित वन कार्यालय।

**४६. वन तथा वन्यजन्तु संरक्षणसँग सम्बन्धित पार्क/हरित क्षेत्र विकास तथा व्यवस्थापन**

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## पृष्ठभूमि

वन, वन्यजन्तु तथा जैविक विविधता संरक्षणसँग सम्बन्धित पार्क तथा हरित क्षेत्रले संरक्षण शिक्षा, जनचेतना, पर्यापर्यटन तथा स्थानीय समुदायको सहभागिता बढाउन महत्वपूर्ण भूमिका खेल्न सक्छ। यस्ता क्षेत्रलाई केवल सौन्दर्यीकरणमा सीमित नराखी संरक्षण, अध्ययन तथा वातावरणीय शिक्षासँग जोडेर विकास गर्न आवश्यक हुन्छ।

## उद्देश्य

- वन तथा वन्यजन्तु संरक्षणसम्बन्धी हरित क्षेत्र विकास गर्ने।
- संरक्षण शिक्षा तथा जनचेतना अभिवृद्धि गर्ने।
- स्थानीय तथा रैथाने प्रजातिको प्रदर्शन तथा संरक्षण गर्ने।
- पर्यापर्यटन तथा स्थानीय सहभागिता प्रवर्द्धन गर्ने।

## कार्यान्वयन विधि

१. वन तथा वन्यजन्तु संरक्षणका दृष्टिले उपयुक्त स्थान पहिचान गरी पार्क/हरित क्षेत्रको उद्देश्य तथा कार्यक्षेत्र निर्धारण गरिनेछ।

२. स्थलगत अध्ययनका आधारमा site plan, landscape design तथा लागत अनुमान तयार गरिनेछ।

३. स्थानीय तथा रैथाने प्रजातिका वृक्ष, झाडी तथा घाँस रोपण गरिनेछ।

४. आवश्यकताअनुसार पदमार्ग, विश्रामस्थल, सूचना केन्द्र, व्याख्या बोर्ड, biodiversity display, पानी व्यवस्थापन तथा अन्य न्यूनतम संरचना निर्माण गर्न सकिनेछ।

५. पार्कमा वन्यजन्तु तथा जैविक विविधतासम्बन्धी जानकारीमूलक सामग्री राखिनेछ।

६. स्थानीय समुदाय तथा स्थानीय तहको सहभागितामा सञ्चालन तथा संरक्षणको जिम्मेवारी निर्धारण गरिनेछ।

७. पार्कको नियमित सरसफाइ, मर्मत, वृक्षारोपण तथा हरित क्षेत्र संरक्षण गरिनेछ।

## अपेक्षित उपलब्धि

- वन तथा वन्यजन्तु संरक्षणसम्बन्धी जनचेतना अभिवृद्धि हुनेछ।
- स्थानीय तथा रैथाने वनस्पतिको संरक्षण तथा प्रदर्शन हुनेछ।
- हरित क्षेत्र विस्तार तथा पर्यावरणीय गुणस्तर सुधार हुनेछ।
- संरक्षणमा आधारित पर्यापर्यटन तथा स्थानीय सहभागितामा वृद्धि हुनेछ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

**जनशक्ति व्यवस्थापन**

सम्बन्धित वन कार्यालयका प्राविधिक कर्मचारी, स्थानीय तह, पार्क व्यवस्थापन समिति, स्थानीय समुदाय तथा आवश्यकताअनुसार landscape/पर्यावरण विज्ञ परिचालन गरिनेछ।

**बजेट व्यवस्थापन**

स्थलगत सर्वेक्षण, डिजाइन, वृक्षारोपण, हरित क्षेत्र विकास, पदमार्ग, सूचना बोर्ड, पानी व्यवस्थापन, घेराबेरा, मर्मत, सरसफाइ, अनुगमन तथा प्रतिवेदनमा स्वीकृत बजेट तथा प्रचलित आर्थिक तथा सार्वजनिक खरिदसम्बन्धी कानुनबमोजिम खर्च गर्न सकिनेछ।

**जिम्मेवार निकाय**

- सम्बन्धित डिभिजन वन कार्यालय
- सम्बन्धित प्रदेशस्तरीय वन निकाय
- सम्बन्धित स्थानीय तह
- पार्क/हरित क्षेत्र व्यवस्थापन समिति
- स्थानीय समुदाय तथा अन्य सरोकारवाला निकाय

## घ. जलाधार तथा सिमसार संरक्षण कार्यक्रम (बजेट उपशीर्षक नम्बर- ३१२०६१०२)

### १. संवेदनशील जलाधार क्षेत्र व्यवस्थापन / विभिन्न जलाधार क्षेत्रको व्यवस्थापन योजना कार्यान्वयन / जलाधार व्यवस्थापन

**पृष्ठभूमि**

जलाधार क्षेत्रले पानीको स्रोत संरक्षण, भू—जल पुनर्भरण, माटो तथा भू—संरक्षण, कृषि उत्पादन, जैविक विविधता संरक्षण तथा प्राकृतिक प्रकोप न्यूनीकरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। अव्यवस्थित भू—उपयोग, वन विनाश, अत्यधिक चरिचरन, सडक तथा पूर्वाधार निर्माण, अनियन्त्रित सतही बहाव, जलवायुपरिवर्तन तथा बढ्दो मानवीय दबाबका कारण संवेदनशील जलाधार क्षेत्रमा भू—क्षय, पहिरो, पानीका मुहान सुक्ने तथा नदी—खोलामा गाद थुप्रिने समस्या बढ्दै गएको छ।

त्यसैले जलाधारको अवस्था, जोखिम, पानीको उपलब्धता, भू—उपयोग तथा स्थानीय आवश्यकता विश्लेषण गरी प्राथमिकताका आधारमा जलाधार व्यवस्थापन योजना कार्यान्वयन गर्नु आवश्यक भएकोले यो कार्यक्रम सञ्चालन गरिनेछ। संलग्न मूल कार्यविधिमा समेत जलाधार/उपजलाधार/सूक्ष्म जलाधारको स्थलगत अवलोकन तथा



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सम्भाव्यता अध्ययनपछि स्थान छनोट गरी प्राविधिक डिजाइन तथा लागत अनुमान तयार गर्ने व्यवस्था रहेको छ।

## उद्देश्य

- संवेदनशील तथा जोखिमयुक्त जलाधार क्षेत्रको संरक्षण तथा दिगो व्यवस्थापन गर्ने।
- जलस्रोत तथा पानीका मुहानको संरक्षण र जल पुनर्भरणमा सहयोग पुऱ्याउने।
- भू—क्षय, पहिरो तथा सतही बहावबाट हुने क्षति न्यूनीकरण गर्ने।
- जलाधार क्षेत्रको उत्पादकत्व तथा पारिस्थितिकीय सन्तुलन कायम गर्ने।
- स्थानीय समुदायको सहभागितामा जलाधार व्यवस्थापन प्रणाली सुदृढ गर्ने।
- जलवायुपरिवर्तन तथा प्राकृतिक प्रकोपबाट उत्पन्न जोखिम न्यूनीकरण गर्ने।

## कार्यान्वयन विधि

१. स्वीकृत वार्षिक कार्यक्रम तथा उपलब्ध जलाधार व्यवस्थापन योजना/प्राथमिकताका आधारमा संवेदनशील जलाधार, उपजलाधार तथा सूक्ष्म जलाधार क्षेत्रको पहिचान गरिनेछ।

२. सम्बन्धित स्थानीय तह, स्थानीय समुदाय तथा सरोकारवाला निकायसँग समन्वय गरी स्थलगत अवलोकन, सम्भाव्यता अध्ययन तथा जोखिम मूल्याङ्कन गरिनेछ।

३. जलाधारको अवस्था, भू—उपयोग, पानीका मुहान, नदी तथा खोलाको अवस्था, भू—क्षय, पहिरो, बाढी जोखिम तथा स्थानीय आवश्यकता विश्लेषण गरी प्राथमिकता निर्धारण गरिनेछ।

४. आवश्यकता अनुसार जलाधार व्यवस्थापन योजना, प्राविधिक डिजाइन, नक्सा तथा लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ।

५. जलाधारको प्रकृतिअनुसार पानी मुहान संरक्षण, संरक्षण पोखरी, पुनर्भरण पोखरी, गल्छी तथा पहिरो नियन्त्रण, नदी/खोला किनार संरक्षण, वृक्षारोपण, घाँस तथा बाँस रोपण, बायोइन्जिनियरिङ, जल निकास व्यवस्थापन लगायतका एकीकृत क्रियाकलाप सञ्चालन गरिनेछ।

६. माथिल्लो जलाधारमा गरिने संरक्षण कार्य र तल्लो क्षेत्रमा हुने क्षति न्यूनीकरणबीच समन्वय हुने गरी उपजलाधारको समग्र व्यवस्थापन गरिनेछ।

७. स्थानीय समुदाय, उपभोक्ता समिति, सामुदायिक वन उपभोक्ता समूह तथा स्थानीय तहको सहभागिता सुनिश्चित गरिनेछ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

८. सम्पन्न संरचना तथा संरक्षण कार्यको नियमित अनुगमन, अभिलेखीकरण तथा मर्मतसम्भारको व्यवस्था गरिनेछ।

अपेक्षित उपलब्धि

- संवेदनशील जलाधार क्षेत्रको संरक्षण तथा व्यवस्थापनमा सुधार हुनेछ।
- भू—क्षय, पहिरो तथा सतही बहावबाट हुने क्षति न्यूनीकरण हुनेछ।
- जलस्रोत तथा पानीका मुहानको संरक्षणमा सुधार हुनेछ।
- जल पुनर्भरण तथा पानीको उपलब्धतामा सकारात्मक प्रभाव पर्नेछ।
- स्थानीय समुदायको जलाधार संरक्षणप्रतिको सहभागिता तथा क्षमता अभिवृद्धि हुनेछ।
- जलाधार क्षेत्रको वातावरणीय तथा पारिस्थितिकीय सन्तुलन कायम गर्न योगदान पुग्नेछ।

जनशक्ति व्यवस्थापन

भू तथा जलाधार व्यवस्थापन कार्यालयका प्राविधिक कर्मचारी, सम्बन्धित स्थानीय तहका प्राविधिक कर्मचारी, उपभोक्ता समिति, स्थानीय समुदाय तथा आवश्यकताअनुसार जलाधार व्यवस्थापन, भू—संरक्षण वा सम्बन्धित विषयका विज्ञ/परामर्शदाता परिचालन गरिनेछन्।

बजेट व्यवस्थापन

स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटबाट स्थलगत अध्ययन, सर्वेक्षण, डिजाइन, लागत अनुमान, संरक्षण संरचना निर्माण, बायोइन्जिनियरिङ, वृक्षारोपण, निर्माण सामग्री, ढुवानी, श्रम, अनुगमन, मर्मतसम्भार तथा प्रतिवेदन तयारी लगायतका कार्यमा प्रचलित आर्थिक कार्यविधि तथा सार्वजनिक खरिदसम्बन्धी कानुनबमोजिम खर्च गरिनेछ।

जिम्मेवार निकाय

- सम्बन्धित भू तथा जलाधार व्यवस्थापन कार्यालय
- सम्बन्धित प्रदेशको वन तथा वातावरण हेर्ने मन्त्रालय/निकाय
- सम्वन्धित स्थानीय तह
- उपभोक्ता समिति/सम्बन्धित समुदाय
- सामुदायिक वन उपभोक्ता समूह तथा अन्य सरोकारवाला निकाय

**२. खानेपानी तथा सिंचाई जलाधार व्यवस्थापन / खानेपानी तथा सिंचाई व्यवस्थापन प्रणाली संरक्षण / खानेपानी तथा सिंचाई योजना निर्माण तथा संरक्षण / सिंचाई पोखरी निर्माण तथा संरक्षण**

पृष्ठभूमि



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

कृषि उत्पादन, पशुपालन तथा स्थानीय जनजीवनका लागि खानेपानी तथा सिंचाईको नियमित उपलब्धता महत्वपूर्ण रहेको छ। जलवायु परिवर्तन, वर्षाको अनियमितता, मुहान सुक्दै जानु, सतही बहाव तथा भू—क्षयका कारण उपलब्ध पानीको मात्रा तथा उपयोगमा समस्या देखिएको छ। त्यसैले पानी संकलन, संरक्षण, पुनर्भरण तथा वितरण प्रणालीलाई जलाधार संरक्षणसँग एकीकृत गरी व्यवस्थापन गर्न आवश्यक भएकोले कार्यक्रम सञ्चालन गरिनेछ।

## उद्देश्य

- खानेपानी तथा सिंचाईका जलस्रोतको संरक्षण गर्ने।
- सिंचाई तथा खानेपानीको दिगो उपलब्धता बढाउने।
- वर्षाको पानी संकलन तथा जल पुनर्भरणमा सहयोग गर्ने।
- कृषि उत्पादन तथा स्थानीय जीविकोपार्जनमा सहयोग पुऱ्याउने।
- विद्यमान सिंचाई तथा पानी व्यवस्थापन प्रणालीको संरक्षण तथा सुधार गर्ने।

## कार्यान्वयन विधि

१. खानेपानी तथा सिंचाईको आवश्यकता, पानीको स्रोत, उपलब्धता तथा लाभग्राही क्षेत्रको स्थलगत अध्ययन गरिनेछ।

२. विद्यमान मुहान, कुलो, पोखरी, जलाशय तथा पानी वितरण प्रणालीको अवस्था मूल्याङ्कन गरिनेछ।

३. नयाँ संरचना आवश्यक भएमा प्राविधिक सम्भाव्यता अध्ययन गरी डिजाइन तथा लागत अनुमान तयार गरिनेछ।

४. आवश्यकता अनुसार सिंचाई पोखरी, पानी संकलन संरचना, मुहान संरक्षण, कुलो, पानी वितरण संरचना, सुरक्षित निकास तथा पुनर्भरण संरचना निर्माण गरिनेछ।

५. विद्यमान सिंचाई कुलो तथा पानी व्यवस्थापन प्रणालीको मर्मत, सुधार तथा पुनर्स्थापना गरिनेछ।

६. संरचनासँगै माथिल्लो जलाधारमा भू—क्षय नियन्त्रण, वृक्षारोपण तथा बायोइन्जिनियरिङ कार्य सञ्चालन गरिनेछ।

७. स्थानीय उपभोक्ताको सहभागितामा निर्माण तथा सञ्चालन व्यवस्थापन गरिनेछ।

८. निर्माण सम्पन्न भएपछि सञ्चालन तथा नियमित मर्मतसम्भारको जिम्मेवारी सम्बन्धित उपभोक्ता समूह/समितिलाई दिइनेछ।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अपेक्षित उपलब्धि

- खानेपानी तथा सिंचाईको उपलब्धता सुधार हुनेछ।
- कृषि उत्पादनमा वृद्धि गर्न सहयोग पुग्नेछ।
- पानीका स्रोत तथा जलाधार संरक्षण हुनेछ।
- सिंचाई पूर्वाधारको दिगोपनमा सुधार हुनेछ।
- स्थानीय समुदायको पानी व्यवस्थापन क्षमता अभिवृद्धि हुनेछ।

## जनशक्ति व्यवस्थापन

सम्बन्धित भू तथा जलाधार व्यवस्थापन कार्यालयका प्राविधिक कर्मचारी, स्थानीय तहका प्राविधिक कर्मचारी, उपभोक्ता समिति, स्थानीय समुदाय तथा आवश्यकताअनुसार सिंचाई/जलस्रोतसम्बन्धी प्राविधिक परिचालन गरिनेछ।

## बजेट व्यवस्थापन

सर्वेक्षण, डिजाइन, लागत अनुमान, सिंचाई पोखरी, कुलो, पानी संकलन तथा वितरण संरचना निर्माण, मर्मत, निर्माण सामग्री, ढुवानी, श्रम, वृक्षारोपण, अनुगमन तथा प्रतिवेदन तयारीमा स्वीकृत बजेट तथा प्रचलित कानुनबमोजिम खर्च गरिनेछ।

## जिम्मेवार निकाय

- सम्बन्धित भू तथा जलाधार व्यवस्थापन कार्यालय
- सम्बन्धित स्थानीय तह
- सम्बन्धित उपभोक्ता समिति/जल उपभोक्ता समूह
- सम्बन्धित प्रदेशको वन तथा वातावरण हेर्ने निकाय
- स्थानीय समुदाय तथा अन्य सरोकारवाला निकाय

## ३. पानी मुहान संरक्षण तथा व्यवस्थापन / पानीको मुहान संरक्षण / मुहान संरक्षण तथा वृक्षारोपण

## पृष्ठभूमि

जलवायुपरिवर्तन, वन विनाश, भू—क्षय, अव्यवस्थित भू—उपयोग तथा पानीको पुनर्भरण क्षेत्रमा आएको परिवर्तनका कारण प्राकृतिक पानीका मुहान सुक्ने तथा पानीको गुणस्तर घट्ने समस्या देखिएको छ। पानी मुहानको संरक्षण केवल मुहान वरिपरि संरचना निर्माणमा सीमित नभई यसको सम्पूर्ण जलाधार क्षेत्रको संरक्षणसँग सम्बन्धित भएकाले संरचनात्मक तथा जैविक उपायलाई एकीकृत रूपमा कार्यान्वयन गर्न आवश्यक छ। संलग्न कार्यविधिमा



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

समेत मुहान संरक्षणका लागि गहामुधार, contour trenching, diversion channel, पानी निकास, पुनर्भरण, पोखरी, तारबार तथा वृक्षारोपणजस्ता उपायहरू समेटिएका छन्।

## उद्देश्य

- प्राकृतिक पानी मुहानको संरक्षण तथा पुनर्स्थापना गर्ने।
- पानीको मात्रा तथा गुणस्तर सुधार गर्ने।
- मुहानको जलाधार तथा पुनर्भरण क्षेत्र संरक्षण गर्ने।
- स्थानीय समुदायका लागि दिगो पानी उपलब्धतामा सहयोग गर्ने।

## कार्यान्वयन विधि

१. मुहान तथा मुहानको जलाधार क्षेत्रको स्थलगत अध्ययन गरिनेछ।

२. मुहान सुक्नु वा पानीको मात्रा घट्नुका कारण पहिचान गरी उपचारका उपाय निर्धारण गरिनेछ।

३. आवश्यकता अनुसार मुहान वरिपरि संरक्षण घेरा, पानी संकलन संरचना, निकास संरचना, diversion channel, पुनर्भरण संरचना तथा अन्य संरक्षण संरचना निर्माण गरिनेछ।

४. मुहानको पुनर्भरण क्षेत्र तथा माथिल्लो जलाधारमा वृक्षारोपण, घाँस/बाँस रोपण, contour trenching तथा अन्य बायोइन्जिनियरिङ उपाय सञ्चालन गरिनेछ।

५. पानीको प्रदूषण रोक्न फोहोर व्यवस्थापन, चरिचरन व्यवस्थापन तथा आवश्यक संरक्षण उपाय अपनाइनेछ।

६. निर्माण सम्पन्न भएपछि मुहानको बहाव, पानीको अवस्था तथा संरचनाको नियमित अनुगमन गरिनेछ।

७. संरक्षण तथा मर्मतसम्भारको जिम्मेवारी सम्बन्धित स्थानीय उपभोक्ता समूहलाई दिइनेछ।

## अपेक्षित उपलब्धि

- पानी मुहान संरक्षण तथा पुनर्स्थापना हुनेछ।
- पानीको मात्रा तथा गुणस्तरमा सुधार हुनेछ।
- भू—जल पुनर्भरणमा वृद्धि हुनेछ।
- स्थानीय समुदायलाई नियमित पानी उपलब्ध गराउन सहयोग पुग्नेछ।
- जलाधार संरक्षणमा योगदान पुग्नेछ।

## जनशक्ति व्यवस्थापन

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

भू तथा जलाधार व्यवस्थापन कार्यालयका प्राविधिक कर्मचारी, स्थानीय तह, उपभोक्ता समिति, स्थानीय समुदाय तथा आवश्यकताअनुसार बाह्य प्राविधिक परिचालन गरिनेछ।

बजेट व्यवस्थापन

स्थलगत सर्वेक्षण, डिजाइन, मुहान संरक्षण संरचना, पुनर्भरण संरचना, वृक्षारोपण, बायोइन्जिनियरिङ, तारबार, निर्माण सामग्री, ढुवानी, श्रम, अनुगमन तथा मर्मतसम्भारमा स्वीकृत बजेट तथा प्रचलित कानुनबमोजिम खर्च गरिनेछ।

जिम्मेवार निकाय

- भू तथा जलाधार व्यवस्थापन कार्यालय
- सम्बन्धित स्थानीय तह
- पानी उपभोक्ता समिति/स्थानीय समुदाय
- सम्बन्धित प्रदेशको वन तथा वातावरण हेर्ने निकाय

**४. संरक्षण पोखरी निर्माण / संरक्षण तथा रिचार्ज पोखरी**

पृष्ठभूमि

वर्षाको समयमा हुने तीव्र सतही बहावले माटो तथा भू—क्षय बढाउनुका साथै वर्षाको पानी उपयोगविहीन रूपमा बगेर जाने गर्दछ। संरक्षण पोखरीले वर्षाको पानी संकलन, सतही बहाव नियन्त्रण, भू—जल पुनर्भरण तथा कृषि तथा पशुपालनका लागि पानी उपलब्ध गराउन सहयोग पुऱ्याउँछ। संलग्न कार्यविधिमा संरक्षण पोखरीसँगै चेकड्याम, टेवा पर्खाल, सुरक्षित भल व्यवस्थापन, बायोइन्जिनियरिङ तथा वृक्षारोपणसमेत गर्न सकिने व्यवस्था छ।

उद्देश्य

- वर्षाको पानी संकलन तथा संरक्षण गर्ने।
- सतही बहाव तथा भू—क्षय नियन्त्रण गर्ने।
- जल पुनर्भरण तथा पानीको उपलब्धता बढाउने।
- कृषि तथा पशुपालनमा सहयोग पुऱ्याउने।

कार्यान्वयन विधि

१. उपयुक्त स्थलको स्थलगत अध्ययन तथा सम्भाव्यता मूल्याङ्कन गरिनेछ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

२. पोखरी निर्माणका लागि स्थलको भौगोलिक अवस्था, पानीको स्रोत, जलाधार क्षेत्र, माटोको प्रकृति तथा लाभग्राही क्षेत्र अध्ययन गरिनेछ।

३. स्वीकृत नर्म्स तथा प्रचलित दररेटका आधारमा डिजाइन तथा लागत अनुमान तयार गरिनेछ।

४. स्वीकृत डिजाइनअनुसार पोखरी निर्माण, सुधार, पानी प्रवेश तथा निकास संरचना निर्माण गरिनेछ।

५. आवश्यकता अनुसार पोखरीको डिल संरक्षण, चेकड्याम, टेवा पर्खाल, घाँस तथा स्थानीय प्रजातिका बिरुवा रोपण गरिनेछ।

६. पोखरीमा माटो तथा गाद थुप्रिन नदिन माथिल्लो जलाधारमा भू—क्षय नियन्त्रणका उपाय अवलम्बन गरिनेछ।

७. निर्माण सम्पन्न भएपछि पोखरीको नियमित सरसफाइ, मर्मत तथा संरक्षणका लागि स्थानीय उपभोक्ता समूहलाई जिम्मेवारी दिइनेछ।

**अपेक्षित उपलब्धि**

- वर्षाको पानी संकलन तथा संरक्षण हुनेछ।
- भू—क्षय तथा सतही बहाव नियन्त्रण हुनेछ।
- भू—जल पुनर्भरणमा वृद्धि हुनेछ।
- कृषि तथा पशुपालनका लागि पानी उपलब्ध हुनेछ।
- स्थानीय समुदायको जलस्रोत व्यवस्थापन क्षमता बढ्नेछ।

**जनशक्ति व्यवस्थापन**

भू तथा जलाधार व्यवस्थापन कार्यालयका प्राविधिक कर्मचारी, स्थानीय तह, उपभोक्ता समिति, स्थानीय समुदाय तथा आवश्यकताअनुसार प्राविधिक/परामर्शदाता परिचालन गरिनेछ।

**बजेट व्यवस्थापन**

स्थलगत सर्वेक्षण, डिजाइन, उत्खनन, निर्माण सामग्री, ढुवानी, श्रम, संरक्षण संरचना, वृक्षारोपण, मर्मतसम्भार, अनुगमन तथा प्रतिवेदनमा स्वीकृत बजेट तथा प्रचलित कानुनबमोजिम खर्च गरिनेछ।

**जिम्मेवार निकाय**

- भू तथा जलाधार व्यवस्थापन कार्यालय
- सम्बन्धित स्थानीय तह



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

- उपभोक्ता समिति
- स्थानीय समुदाय

**५. रिचार्ज पोखरी निर्माण / पुनर्भरण पोखरी निर्माण तथा व्यवस्थापन**

पृष्ठभूमि

वर्षाको पानीको प्राकृतिक पुनर्भरण प्रक्रिया कमजोर हुँदै जाँदा मुहान, कुवा तथा भूमिगत जलस्रोतमा पानीको मात्रा घट्ने समस्या देखिएको छ। रिचार्ज पोखरीले वर्षाको पानीलाई निश्चित स्थानमा संकलन गरी क्रमिक रूपमा जमिनभित्र सोसिन सहयोग पुऱ्याउने भएकाले जल पुनर्भरण तथा पानीका मुहानको दीर्घकालीन संरक्षणका लागि उपयोगी हुन्छ। संलग्न कार्यविधिले समेत रिचार्ज पोखरीबाट वर्षाको पानी संकलन तथा भू—जल पुनर्भरण वृद्धि हुने अपेक्षा गरेको छ।

उद्देश्य

- भू—जल पुनर्भरण बढाउने।
- प्राकृतिक मुहान तथा कुवा संरक्षण गर्ने।
- वर्षाको पानीलाई स्थानीय रूपमा व्यवस्थापन गर्ने।
- जलवायुपरिवर्तनबाट उत्पन्न पानी अभावको जोखिम न्यूनीकरण गर्ने।

कार्यान्वयन विधि

१. पानीको बहाव, भूगर्भीय अवस्था, माटोको पारगम्यता तथा पुनर्भरण सम्भावना अध्ययन गरी स्थान छनोट गरिनेछ।

२. उपयुक्त आकार तथा क्षमताको प्राविधिक डिजाइन र लागत अनुमान तयार गरिनेछ।

३. पोखरी निर्माण गरी पानी प्रवेश तथा निकासलाई सुरक्षित रूपमा व्यवस्थापन गरिनेछ।

४. पोखरी वरिपरि माटो कटान रोक्न घाँस, झाडी तथा स्थानीय प्रजातिका बिरुवा रोपण गरिनेछ।

५. आवश्यकता अनुसार पानीको बहावलाई रिचार्ज पोखरीतर्फ निर्देशित गर्ने साना संरचना निर्माण गरिनेछ।

६. पोखरीमा अत्यधिक गाद जम्न नदिन माथिल्लो क्षेत्रमा भू—क्षय नियन्त्रणका उपाय अपनाइनेछ।

७. नियमित सरसफाइ, गाद व्यवस्थापन तथा संरचनाको मर्मत गरिनेछ।

अपेक्षित उपलब्धि

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरवार, काठमाडौं

- भू—जल पुनर्भरण बढ्नेछ।
- प्राकृतिक मुहान तथा कुवाको दिगोपनमा सुधार हुनेछ।
- वर्षाको पानीको स्थानीय व्यवस्थापन हुनेछ।
- जलस्रोत संरक्षण तथा जलवायुपरिवर्तन अनुकूलनमा योगदान पुग्नेछ।

**जनशक्ति व्यवस्थापन**

भू तथा जलाधार व्यवस्थापन कार्यालयका प्राविधिक कर्मचारी, स्थानीय तह, उपभोक्ता समिति तथा स्थानीय समुदाय परिचालन गरिनेछ।

**बजेट व्यवस्थापन**

स्थलगत अध्ययन, डिजाइन, उत्खनन, निर्माण, पानी निकास/प्रवेश संरचना, वृक्षारोपण, मर्मतसम्भार तथा अनुगमनमा स्वीकृत बजेटबाट प्रचलित कानुनबमोजिम खर्च गरिनेछ।

**जिम्मेवार निकाय**

- सम्बन्धित भू तथा जलाधार व्यवस्थापन कार्यालय
- सम्बन्धित स्थानीय तह
- उपभोक्ता समिति
- स्थानीय समुदाय

## ६. सिमसार क्षेत्र संरक्षण तथा व्यवस्थापन / पुराना पोखरीहरुको स्तरोन्नती तथा सिमसार संरक्षण / ताल संरक्षण तथा व्यवस्थापन / ताल विस्तार तथा सम्भार / संसारीमाई सिमसार व्यवस्थापन तथा स्तरोन्नती

**पृष्ठभूमि**

सिमसार तथा ताल—पोखरीहरू जैविक विविधता, जलस्रोत संरक्षण, भू—जल पुनर्भरण, बाढी नियन्त्रण तथा स्थानीय जीविकोपार्जनका दृष्टिले महत्वपूर्ण प्राकृतिक स्रोत हुन्। मानव अतिक्रमण, गाद थुप्रिनु, प्रदूषण, जलप्रवाहमा परिवर्तन तथा अव्यवस्थित उपयोगका कारण यस्ता क्षेत्रको पारिस्थितिकीय अवस्था कमजोर हुँदै गएको छ। त्यसैले संरक्षण, पुनर्स्थापना, स्तरोन्नती तथा दिगो उपयोगलाई एकीकृत रूपमा अघि बढाउन आवश्यक छ। संलग्न कार्यविधिमा सिमसार व्यवस्थापनमा जलाशय सुधार, गहिराइ व्यवस्थापन, तट संरक्षण, ग्याबियन, माटो कटान नियन्त्रण, पानी निकास, वृक्षारोपण तथा मिचाहा प्रजाति नियन्त्रण समावेश गरिएको छ।

**उद्देश्य**

- सिमसार तथा ताल—पोखरीको संरक्षण र पुनर्स्थापना गर्ने।

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

- जलधारण क्षमता तथा पारिस्थितिकीय गुणस्तर सुधार गर्ने।
- जलचर तथा जैविक विविधताको बासस्थान संरक्षण गर्ने।
- जलस्रोत तथा भू—जल पुनर्भरणमा सहयोग गर्ने।
- स्थानीय समुदायको सहभागितामा दिगो व्यवस्थापन प्रणाली विकास गर्ने।

## कार्यान्वयन विधि

१. सिमसार/तालको क्षेत्रफल, पानीको अवस्था, गहिराइ, गाद, जैविक विविधता तथा अतिक्रमणको अवस्था अध्ययन गरिनेछ।

२. स्थानीय तह तथा सरोकारवालासँग समन्वय गरी व्यवस्थापन तथा स्तरोन्नतीका प्राथमिकता निर्धारण गरिनेछ।

३. आवश्यकता अनुसार जलाशय सुधार, गहिराइ व्यवस्थापन, गाद हटाउने, तट संरक्षण तथा पानी निकास व्यवस्थापन गरिनेछ।

४. ग्याबियन, तटबन्ध, जैविक इन्जिनियरिङ तथा अन्य उपयुक्त संरक्षण संरचना निर्माण गरिनेछ।

५. सिमसार वरिपरि स्थानीय तथा जलमैत्री वनस्पति रोपण तथा मिचाहा प्रजाति नियन्त्रण गरिनेछ।

६. सरसफाइ, फोहोर व्यवस्थापन, सूचना बोर्ड तथा जैविक विविधता संरक्षणसम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

७. निर्माण सम्पन्न भएपछि स्थानीय तह तथा समुदायसँग समन्वय गरी नियमित संरक्षण तथा मर्मतसम्भार गरिनेछ।

## अपेक्षित उपलब्धि

- सिमसार तथा ताल—पोखरीको संरक्षण र स्तरोन्नती हुनेछ।
- जलधारण तथा जल पुनर्भरण क्षमता सुधार हुनेछ।
- जैविक विविधता तथा जलचरको बासस्थान संरक्षण हुनेछ।
- पानीको गुणस्तर तथा पर्यावरणीय अवस्था सुधार हुनेछ।
- स्थानीय समुदायको सहभागितामा दिगो व्यवस्थापन प्रणाली विकास हुनेछ।

## जनशक्ति व्यवस्थापन

भू तथा जलाधार व्यवस्थापन कार्यालयका प्राविधिक कर्मचारी, स्थानीय तह, उपभोक्ता समिति, स्थानीय समुदाय तथा आवश्यकताअनुसार वातावरण/सिमसारसम्बन्धी विज्ञ परिचालन गरिनेछ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## बजेट व्यवस्थापन

सर्वेक्षण, डिजाइन, गाद व्यवस्थापन, तट संरक्षण, ग्याबियन, जैविक संरक्षण, वृक्षारोपण, सरसफाइ, सूचना बोर्ड, अनुगमन तथा मर्मतसम्भारमा स्वीकृत बजेट तथा प्रचलित कानुनबमोजिम खर्च गरिनेछ।

## जिम्मेवार निकाय

- सम्बन्धित भू तथा जलाधार व्यवस्थापन कार्यालय
- सम्बन्धित प्रदेशको वन तथा वातावरण हेर्ने निकाय
- सम्बन्धित स्थानीय तह
- उपभोक्ता समिति
- स्थानीय समुदाय तथा सरोकारवाला निकाय

### ७. गल्छी तथा पहिरो नियन्त्रण / गल्छी पहिरो उपचार तथा नियन्त्रण / पहिरो रोकथाम तथा व्यवस्थापन / भू–क्षय नियन्त्रण

## पृष्ठभूमि

अत्यधिक वर्षा, सतही बहाव, कमजोर भू–गर्भिक संरचना, वन विनाश तथा अव्यवस्थित भू–उपयोगका कारण गल्छी कटान, पहिरो तथा भू–क्षयको समस्या बढ्दै गएको छ। यसबाट कृषि भूमि, बस्ती, सडक तथा सार्वजनिक पूर्वाधारमा क्षति पुग्नुका साथै जलाधार क्षेत्रमा गादको मात्रा बढ्ने गर्दछ। त्यसैले संरचनात्मक तथा जैविक उपायको संयोजनबाट भू–क्षय तथा पहिरो नियन्त्रण गर्न आवश्यक छ।

## उद्देश्य

- गल्छी, पहिरो तथा भू–क्षय नियन्त्रण गर्ने।
- कृषि भूमि, बस्ती, सडक तथा पूर्वाधार संरक्षण गर्ने।
- माटो तथा जल संरक्षण गर्ने।
- जलाधारको स्थायित्व कायम गर्ने।
- प्राकृतिक प्रकोपको जोखिम न्यूनीकरण गर्ने।

## कार्यान्वयन विधि

१. जोखिमयुक्त क्षेत्रको स्थलगत सर्वेक्षण तथा प्राविधिक मूल्याङ्कन गरिनेछ।

२. पहिरोको कारण, पानीको बहाव, भू–बनोट तथा जोखिमको स्तर निर्धारण गरिनेछ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

३. आवश्यकताअनुसार ग्याबियन, चेकड्याम, रिटेनिङ/टेवा पर्खाल, पानी निकास, diversion channel तथा अन्य संरचना निर्माण गरिनेछ।

४. संरचनासँगै घाँस, झाडी, बाँस तथा उपयुक्त स्थानीय प्रजातिको वृक्षारोपण गरी बायोइन्जिनियरिङ गरिनेछ।

५. पहिरोको माथिल्लो भागमा पानीको प्रवेश तथा सतही बहाव व्यवस्थापन गरिनेछ।

६. निर्माण सम्पन्न भएपछि संरचनाको नियमित निरीक्षण तथा मर्मतसम्भार गरिनेछ।

**अपेक्षित उपलब्धि**

- गल्छी तथा पहिरो नियन्त्रण हुनेछ।
- भू—क्षय तथा माटो कटान घट्नेछ।
- बस्ती, कृषि भूमि तथा पूर्वाधार सुरक्षित हुनेछन्।
- जलाधारको स्थायित्वमा सुधार हुनेछ।

**जनशक्ति व्यवस्थापन**

भू तथा जलाधार व्यवस्थापन कार्यालयका प्राविधिक कर्मचारी, स्थानीय तह, उपभोक्ता समिति, स्थानीय श्रमिक तथा आवश्यकताअनुसार भू—संरक्षण विज्ञ परिचालन गरिनेछ।

**बजेट व्यवस्थापन**

सर्वेक्षण, डिजाइन, ग्याबियन, ढुङ्गा, निर्माण सामग्री, उत्खनन, श्रम, बायोइन्जिनियरिङ, वृक्षारोपण, मर्मतसम्भार तथा अनुगमनमा स्वीकृत बजेट तथा प्रचलित कानुनबमोजिम खर्च गरिनेछ।

**जिम्मेवार निकाय**

- भू तथा जलाधार व्यवस्थापन कार्यालय
- सम्बन्धित प्रदेशको वन तथा वातावरण हेर्ने निकाय
- स्थानीय तह
- उपभोक्ता समिति
- स्थानीय समुदाय

**८. बायोइन्जिनियरिङ्ग प्रविधिबाट भू-संरक्षण तथा पहिरो नियन्त्रण / कम खर्चिलो भू-संरक्षण (NbS) प्रविधि विस्तार / फलफूल तथा बहुउपयोगी बिरुवा सहितको बायोइन्जिनियरिङ्ग**

**पृष्ठभूमि**



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

भू—क्षय तथा पहिरो नियन्त्रणका लागि केवल संरचनात्मक उपाय अपनाउँदा दीर्घकालीन स्थायित्व नआउन सक्ने भएकाले वनस्पतिमा आधारित जैविक तथा जैव—इन्जिनियरिङ प्रविधिको प्रयोग आवश्यक हुन्छ। स्थानीय रूपमा उपलब्ध घाँस, बाँस, झाडी, फलफूल तथा बहुउपयोगी बिरुवाको प्रयोगले माटो बाँध्ने, सतही बहाव घटाउने, ढलान स्थिर बनाउने तथा हरियाली प्रवर्द्धन गर्ने कार्यमा सहयोग पुर्‍याउँछ।

## उद्देश्य

- कम खर्चिलो तथा वातावरणमैत्री भू—संरक्षण प्रविधि विस्तार गर्ने।
- पहिरो तथा भू—क्षयको दीर्घकालीन नियन्त्रण गर्ने।
- स्थानीय वनस्पति तथा बहुउपयोगी प्रजातिको प्रयोग बढाउने।
- संरचनात्मक तथा जैविक संरक्षणलाई एकीकृत गर्ने।

## कार्यान्वयन विधि

१. जोखिमयुक्त ढलान तथा भू—क्षय क्षेत्रको प्राविधिक मूल्याङ्कन गरिनेछ।

२. माटो, ढलान, पानीको बहाव तथा स्थानीय वनस्पतिको उपलब्धताका आधारमा उपयुक्त प्रजाति छनोट गरिनेछ।

३. आवश्यकताअनुसार घाँस, बाँस, झाडी, फलफूल तथा बहुउपयोगी बिरुवा रोपण गरिनेछ।

४. contour planting, vegetative barrier, brush layering, live check तथा अन्य उपयुक्त बायोइन्जिनियरिङ प्रविधि प्रयोग गरिनेछ।

५. आवश्यकताअनुसार ग्याबियन/चेकड्याम/टेवा पर्खालसँग जैविक उपाय संयोजन गरिनेछ।

६. रोपिएका वनस्पतिको जीवितदर तथा वृद्धि अनुगमन गरी आवश्यक पुनःरोपण गरिनेछ।

## अपेक्षित उपलब्धि

- भू—क्षय तथा पहिरो नियन्त्रणमा सुधार हुनेछ।
- संरक्षण संरचनाको स्थायित्व बढ्नेछ।
- हरियाली तथा स्थानीय जैविक विविधता बढ्नेछ।
- कम खर्चिलो र वातावरणमैत्री संरक्षण प्रविधि विस्तार हुनेछ।

## जनशक्ति व्यवस्थापन

१६०

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

प्राविधिक कर्मचारी, स्थानीय समुदाय, उपभोक्ता समिति तथा आवश्यकताअनुसार बायोइन्जिनियरिङ/वनस्पति विज्ञ परिचालन गरिनेछ।

<u>बजेट व्यवस्थापन</u>

बिरुवा/घाँस/बाँस, रोपण, श्रम, संरचनात्मक सहयोग, प्राविधिक सर्वेक्षण, अनुगमन तथा संरक्षणमा स्वीकृत बजेट तथा प्रचलित कानुनबमोजिम खर्च गरिनेछ।

<u>जिम्मेवार निकाय</u>

- भू तथा जलाधार व्यवस्थापन कार्यालय
- स्थानीय तह
- उपभोक्ता समिति
- स्थानीय समुदाय

**९. नदी तथा खोला किनार संरक्षण / नदी कटान नियन्त्रण / खोला नियन्त्रण / खोल्सी तथा खहरे नियन्त्रण / गाड तथा नदी किनार संरक्षण**

<u>पृष्ठभूमि</u>

नदी तथा खोलामा पानीको बहाव बढ्दा किनार कटान, गाड तथा खहरेको फैलावट तथा आसपासका कृषि भूमि र बस्तीमा क्षति हुने गर्दछ। नदीको प्राकृतिक बहावलाई ध्यानमा राखी किनार स्थिरीकरण तथा कटान नियन्त्रणका संरचनात्मक र जैविक उपाय अवलम्बन गर्न आवश्यक छ।

<u>उद्देश्य</u>

- नदी तथा खोला किनारको कटान नियन्त्रण गर्ने।
- बस्ती तथा कृषि भूमि संरक्षण गर्ने।
- नदी तथा खोलाको बहावलाई व्यवस्थित गर्ने।
- जलाधार तथा प्राकृतिक स्रोतको संरक्षण गर्ने।

<u>कार्यान्वयन विधि</u>

१. नदी/खोलाको बहाव, कटानको अवस्था तथा जोखिमयुक्त क्षेत्रको स्थलगत अध्ययन गरिनेछ।

२. आवश्यकताअनुसार नदी किनार स्थिरीकरण तथा कटान नियन्त्रणको डिजाइन तयार गरिनेछ।

३. ग्याबियन, तटबन्ध, पर्खाल, check structure, toe protection तथा अन्य संरचना निर्माण गरिनेछ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

४. नदी किनारमा उपयुक्त स्थानीय प्रजातिका घाँस, बाँस तथा बिरुवा रोपण गरिनेछ।

५. खोल्सी/खहरेमा पानीको बहाव नियन्त्रण गर्न check dam, diversion तथा सुरक्षित निकास संरचना निर्माण गर्न सकिनेछ।

६. सम्पन्न संरचनाको नियमित अनुगमन तथा मर्मतसम्भार गरिनेछ।

## अपेक्षित उपलब्धि

- नदी तथा खोला कटान घट्नेछ।
- बस्ती तथा कृषि भूमि सुरक्षित हुनेछन्।
- नदी किनार स्थिर हुनेछ।
- जलाधार तथा वातावरणीय सन्तुलनमा सुधार हुनेछ।

## जनशक्ति व्यवस्थापन

प्राविधिक कर्मचारी, स्थानीय तह, उपभोक्ता समिति, स्थानीय समुदाय तथा आवश्यकताअनुसार विषयगत विज्ञ परिचालन गरिनेछ।

## बजेट व्यवस्थापन

सर्वेक्षण, डिजाइन, ग्याबियन, ढुङ्गा, तट संरक्षण, वृक्षारोपण, ढुवानी, श्रम, अनुगमन तथा मर्मतसम्भारमा स्वीकृत बजेट तथा प्रचलित कानुनबमोजिम खर्च गरिनेछ।

## जिम्मेवार निकाय

- भू तथा जलाधार व्यवस्थापन कार्यालय
- सम्बन्धित स्थानीय तह
- उपभोक्ता समिति
- स्थानीय समुदाय

**१०. तटबन्ध निर्माण तथा नदी/खोला कटान नियन्त्रण / बस्ती तथा खेती संरक्षणका लागि तटबन्ध निर्माण / तटबन्धन तथा टेवा पर्खाल निर्माण**

## पृष्ठभूमि



सचिव

नदी तथा खोलाको तीव्र बहाव र कटानका कारण बस्ती, खेतीयोग्य जमिन, सडक तथा सार्वजनिक संरचना जोखिममा पर्ने अवस्था रहेको छ। जोखिमयुक्त स्थानमा प्राविधिक रूपमा उपयुक्त तटबन्ध तथा टेवा संरचना निर्माण गरी कटान नियन्त्रण तथा संरक्षण गर्नु आवश्यक छ।

**उद्देश्य**

- नदी तथा खोलाको कटान नियन्त्रण गर्ने।
- बस्ती तथा खेतीयोग्य जमिन संरक्षण गर्ने।
- सार्वजनिक पूर्वाधारको सुरक्षा गर्ने।
- नदी किनारको स्थायित्व कायम गर्ने।

**कार्यान्वयन विधि**

१. जोखिमयुक्त नदी/खोला किनारको स्थलगत सर्वेक्षण गरिनेछ।

२. नदीको बहाव, कटानको दिशा, भू—बनोट तथा संरचना आवश्यकताको मूल्याङ्कन गरिनेछ।

३. स्वीकृत प्राविधिक डिजाइनअनुसार तटबन्ध, टेवा पर्खाल, toe protection, ग्याबियन तथा अन्य आवश्यक संरचना निर्माण गरिनेछ।

४. संरचनाको आधार, उचाइ तथा पानी निकास प्राविधिक मापदण्डअनुसार कायम गरिनेछ।

५. तटबन्ध आसपास आवश्यकताअनुसार वृक्षारोपण तथा जैविक संरक्षण गरिनेछ।

६. निर्माण सम्पन्न भएपछि नियमित निरीक्षण तथा मर्मतसम्भार गरिनेछ।

**अपेक्षित उपलब्धि**

- नदी तथा खोला कटान नियन्त्रण हुनेछ।
- बस्ती तथा खेतीयोग्य जमिन सुरक्षित हुनेछ।
- सार्वजनिक संरचनाको क्षति जोखिम घट्नेछ।
- नदी किनार स्थिरीकरण हुनेछ।

**जनशक्ति व्यवस्थापन**

भू तथा जलाधार व्यवस्थापन कार्यालयका प्राविधिक कर्मचारी, स्थानीय तह, उपभोक्ता समिति, स्थानीय समुदाय तथा आवश्यकताअनुसार निर्माणसम्बन्धी प्राविधिक परिचालन गरिनेछ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

<u>बजेट व्यवस्थापन</u>

सर्वेक्षण, डिजाइन, ग्याबियन, ढुङ्गा, सिमेन्ट, अन्य निर्माण सामग्री, ढुवानी, श्रम, वृक्षारोपण, अनुगमन तथा मर्मतसम्भारमा स्वीकृत बजेट तथा प्रचलित खरिद कानुनबमोजिम खर्च गरिनेछ।

<u>जिम्मेवार निकाय</u>

- सम्बन्धित भू तथा जलाधार व्यवस्थापन कार्यालय
- सम्बन्धित स्थानीय तह
- उपभोक्ता समिति
- स्थानीय समुदाय तथा सरोकारवाला निकाय

**११. बाढी, पहिरो तथा जल उत्पन्न प्रकोप नियन्त्रण / आकस्मिक रुपमा देखा पर्ने बाढी, पहिरो तथा तटबन्ध निर्माण / आकस्मिक भूक्षय नियन्त्रण तथा प्राकृतिक प्रकोप न्यूनीकरण**

<u>पृष्ठभूमि</u>

अत्यधिक वर्षा, बाढी, पहिरो, नदी कटान तथा अन्य जल उत्पन्न प्रकोपका कारण आकस्मिक रूपमा बस्ती, कृषि भूमि, सडक तथा सार्वजनिक पूर्वाधारमा क्षति पुग्ने गर्दछ। यस्तो अवस्थामा दीर्घकालीन आयोजना प्रक्रिया पूरा हुनुअघि तत्काल संरक्षणात्मक कार्य गर्न आवश्यक हुने भएकाले आपतकालीन जलाधार संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ। संलग्न कार्यविधिमा पनि आकस्मिक भू—क्षय तथा जल उत्पन्न प्रकोप नियन्त्रणका लागि ग्याबियन जाली, तार, ढुङ्गा तथा अन्य सामग्री प्रयोग गरी तत्काल संरक्षण कार्य गर्न सकिने व्यवस्था रहेको छ।

<u>उद्देश्य</u>

- बाढी, पहिरो तथा जल उत्पन्न प्रकोपबाट हुने तत्कालीन क्षति न्यूनीकरण गर्ने।
- जोखिमयुक्त बस्ती, कृषि भूमि तथा पूर्वाधारको संरक्षण गर्ने।
- क्षतिग्रस्त जलाधार क्षेत्रको तत्काल स्थिरीकरण गर्ने।
- विपद्पछिको पुनर्स्थापनामा सहयोग गर्ने।

<u>कार्यान्वयन विधि</u>

१. विपद् वा आकस्मिक क्षति भएको स्थानको तत्काल स्थलगत निरीक्षण गरिनेछ।

२. जोखिमको प्रकृति, क्षतिको अवस्था तथा तत्काल गर्नुपर्ने संरक्षण कार्यको प्राविधिक मूल्याङ्कन गरिनेछ।

३. जीवन, बस्ती तथा सार्वजनिक पूर्वाधारमा प्रत्यक्ष जोखिम रहेका क्षेत्रलाई प्राथमिकता दिइनेछ।

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

४. आवश्यकता अनुसार अस्थायी/स्थायी तटबन्ध, ग्याबियन, टेवा पर्खाल, पानी निकास, चेकड्याम तथा अन्य संरक्षण संरचना निर्माण गरिनेछ।

५. पहिरो तथा भू—क्षय प्रभावित क्षेत्रमा तत्काल पानीको बहाव व्यवस्थापन तथा जैविक संरक्षण गरिनेछ।

६. स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति तथा सम्बन्धित सरोकारवालासँग समन्वय गरी कार्य सञ्चालन गरिनेछ।

७. सम्पन्न कार्यको प्राविधिक मूल्याङ्कन, अभिलेखीकरण तथा प्रतिवेदन तयार गरिनेछ।

## अपेक्षित उपलब्धि

- आकस्मिक क्षति तथा जोखिम न्यूनीकरण हुनेछ।
- बस्ती तथा सार्वजनिक पूर्वाधार सुरक्षित हुनेछन्।
- जलाधार तथा भू—संरक्षणमा तत्काल सुधार हुनेछ।
- विपद् जोखिम न्यूनीकरण प्रणाली सुदृढ हुनेछ।

## जनशक्ति व्यवस्थापन

भू तथा जलाधार व्यवस्थापन कार्यालयका प्राविधिक कर्मचारी, स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति, उपभोक्ता समिति, स्थानीय समुदाय तथा आवश्यकताअनुसार प्राविधिक/विषयगत विज्ञ परिचालन गरिनेछ।

## बजेट व्यवस्थापन

स्वीकृत कार्यक्रम तथा आकस्मिक व्यवस्थापनका लागि उपलब्ध बजेटबाट ग्याबियन जाली, तार, ढुङ्गा, निर्माण सामग्री, ढुवानी, श्रम, उपकरण, तटबन्ध तथा अन्य आवश्यक तत्काल संरक्षण कार्यमा प्रचलित आर्थिक कार्यविधिबमोजिम खर्च गरिनेछ। संलग्न कार्यविधिमा समेत आकस्मिक व्यवस्थापनका लागि यस्तै खर्च आधार उल्लेख गरिएको छ।

## जिम्मेवार निकाय

- सम्बन्धित भू तथा जलाधार व्यवस्थापन कार्यालय
- सम्बन्धित प्रदेशको वन तथा वातावरण हेर्ने निकाय
- सम्बन्धित स्थानीय तह
- जिल्ला विपद् व्यवस्थापन समिति
- उपभोक्ता समिति तथा स्थानीय समुदाय

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

**१२. बस्ती तथा खेतीयोग्य जमिन संरक्षण / नदी तथा खोलाबाट हुने कटान नियन्त्रण गरी बस्ती तथा खेती संरक्षण / नदी उकास जग्गा व्यवस्थापन**

पृष्ठभूमि

नदी तथा खोलाको बहाव परिवर्तन, कटान तथा बाढीका कारण खेतीयोग्य जमिन तथा बस्तीमा क्षति हुने गर्दछ। नदी उकास भएका तथा कटान प्रभावित क्षेत्रमा उपयुक्त भू—उपयोग, संरक्षण संरचना तथा वृक्षारोपणमार्फत जमिनको पुनःउपयोग तथा संरक्षण गर्न सकिन्छ।

उद्देश्य

- बस्ती तथा खेतीयोग्य जमिनको संरक्षण गर्ने।
- नदी कटानबाट हुने क्षति घटाउने।
- नदी उकास जग्गाको संरक्षण तथा उचित उपयोग गर्ने।
- जोखिमयुक्त क्षेत्रलाई हरित तथा सुरक्षित क्षेत्रमा रूपान्तरण गर्ने।

कार्यान्वयन विधि

१. कटान तथा जोखिमको अवस्था अध्ययन गरी प्राथमिकता क्षेत्र निर्धारण गरिनेछ।

२. आवश्यकताअनुसार तटबन्ध, ग्याबियन, टेवा पर्खाल तथा नदी किनार स्थिरीकरणका संरचना निर्माण गरिनेछ।

३. नदी उकास तथा स्थिर भएका क्षेत्रमा उपयुक्त स्थानीय प्रजातिको वृक्षारोपण गरिनेछ।

४. स्थानीय तहसँग समन्वय गरी जग्गाको संरक्षण तथा उपयोगसम्बन्धी व्यवस्था गरिनेछ।

५. पुनः कटान हुन सक्ने क्षेत्रमा नियमित अनुगमन तथा संरक्षण गरिनेछ।

अपेक्षित उपलब्धि

- बस्ती तथा खेतीयोग्य जमिनको क्षति घट्नेछ।
- नदी उकास जग्गा संरक्षण तथा उत्पादनशील उपयोगमा आउनेछ।
- हरित क्षेत्र विस्तार हुनेछ।
- नदी किनार स्थिर हुनेछ।

जनशक्ति व्यवस्थापन

भू तथा जलाधार व्यवस्थापन कार्यालय, स्थानीय तह, उपभोक्ता समिति, स्थानीय समुदाय तथा आवश्यकताअनुसार प्राविधिक जनशक्ति परिचालन गरिनेछ।

## बजेट व्यवस्थापन

तट संरक्षण, वृक्षारोपण, जग्गा व्यवस्थापन, निर्माण सामग्री, श्रम, ढुवानी, अनुगमन तथा संरक्षणमा स्वीकृत बजेटबाट प्रचलित कानुनबमोजिम खर्च गरिनेछ।

## जिम्मेवार निकाय

- भू तथा जलाधार व्यवस्थापन कार्यालय
- सम्बन्धित स्थानीय तह
- उपभोक्ता समिति
- स्थानीय समुदाय

### १३. भूमि उत्पादकत्व संरक्षण तथा भू-संरक्षण / भू-संरक्षण तथा पुनर्स्थापना

## पृष्ठभूमि

माटो कटान, भू—क्षय, अव्यवस्थित खेती, चरिचरन तथा पानीको अनियन्त्रित बहावका कारण भूमिको उत्पादकत्व घट्दै गएको छ। क्षतिग्रस्त तथा कमजोर भूमिको संरक्षण र पुनर्स्थापना गरी यसको उत्पादनशीलता कायम गर्नु जलाधार व्यवस्थापनको महत्वपूर्ण पक्ष हो।

## उद्देश्य

- भूमिको उत्पादकत्व संरक्षण गर्ने।
- माटो कटान तथा भू—क्षय घटाउने।
- क्षतिग्रस्त भूमि पुनर्स्थापना गर्ने।
- माटो तथा जल संरक्षण प्रविधि विस्तार गर्ने।

## कार्यान्वयन विधि

१. क्षतिग्रस्त तथा जोखिमयुक्त भूमिको पहिचान गरिनेछ।

२. भूमि उपयोग, ढलान, माटोको अवस्था तथा पानीको बहाव अध्ययन गरिनेछ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

३. contour farming, घाँस रोपण, वृक्षारोपण, बायोइन्जिनियरिङ, terrace improvement तथा पानी निकास व्यवस्थापन गरिनेछ।

४. आवश्यकताअनुसार संरक्षण संरचना निर्माण गरिनेछ।

५. स्थानीय समुदायलाई संरक्षण प्रविधि तथा मर्मतसम्भारसम्बन्धी अभिमुखीकरण दिइनेछ।

अपेक्षित उपलब्धि

- माटो कटान तथा भू—क्षय घट्नेछ।
- भूमिको उत्पादकत्व कायम हुनेछ।
- क्षतिग्रस्त क्षेत्र पुनर्स्थापित हुनेछ।
- स्थानीय समुदायको भू—संरक्षण क्षमता बढ्नेछ।

जनशक्ति व्यवस्थापन

प्राविधिक कर्मचारी, स्थानीय तह, उपभोक्ता समिति तथा स्थानीय समुदाय परिचालन गरिनेछ।

बजेट व्यवस्थापन

सर्वेक्षण, संरक्षण संरचना, घाँस/बिरुवा, श्रम, बायोइन्जिनियरिङ, मर्मतसम्भार तथा अनुगमनमा स्वीकृत बजेटबाट खर्च गरिनेछ।

जिम्मेवार निकाय

- भू तथा जलाधार व्यवस्थापन कार्यालय
- स्थानीय तह
- उपभोक्ता समिति
- स्थानीय समुदाय

**१४. नदी उकास तथा कटान प्रभावित क्षेत्रमा वृक्षारोपण/हरियाली प्रवर्द्धन / तटबन्धसँगै वृक्षारोपण तथा हरियाली प्रवर्द्धन**

पृष्ठभूमि

नदी तथा खोला किनारका उकास तथा कटान प्रभावित क्षेत्रलाई स्थिर बनाउन वनस्पतिले महत्वपूर्ण भूमिका खेल्दछ। तटबन्ध तथा अन्य संरचनासँगै उपयुक्त स्थानीय प्रजातिका बिरुवा, बाँस तथा घाँस रोपण गर्दा माटो बाँध्ने, कटान घटाउने तथा हरियाली विस्तार गर्न सहयोग पुग्दछ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

**उद्देश्य**

- नदी किनार स्थिरीकरण गर्ने।
- कटान प्रभावित क्षेत्रमा हरियाली प्रवर्द्धन गर्ने।
- माटो तथा जैविक विविधता संरक्षण गर्ने।
- तटबन्धको दीर्घकालीन स्थायित्वमा सहयोग गर्ने।

**कार्यान्वयन विधि**

१. नदी उकास तथा कटान प्रभावित क्षेत्र पहिचान गरिनेछ।

२. स्थानीय वातावरण तथा नदीको बहावअनुकूल प्रजाति छनोट गरिनेछ।

३. तटबन्ध तथा नदी किनारमा उपयुक्त दूरी तथा प्राविधिक विधिअनुसार वृक्षारोपण गरिनेछ।

४. बाँस, घाँस तथा अन्य माटो संरक्षण गर्ने वनस्पति प्रयोग गर्न सकिनेछ।

५. वृक्षारोपणको संरक्षणका लागि घेराबेरा तथा आवश्यक संरक्षण उपाय अपनाइनेछ।

६. जीवितदर तथा वृद्धि अनुगमन गरी आवश्यक पुनःरोपण गरिनेछ।

**अपेक्षित उपलब्धि**

- नदी किनारको कटान घट्नेछ।
- हरित आवरण बढ्नेछ।
- तटबन्ध तथा नदी किनार स्थायित्वमा सुधार हुनेछ।
- जैविक विविधता तथा वातावरणीय सौन्दर्य बढ्नेछ।

**जनशक्ति व्यवस्थापन**

भू तथा जलाधार व्यवस्थापन कार्यालय, स्थानीय तह, उपभोक्ता समिति तथा स्थानीय समुदाय परिचालन गरिनेछ।

**बजेट व्यवस्थापन**

बिरुवा, बाँस, घाँस, रोपण, घेराबेरा, श्रम, ढुवानी, संरक्षण तथा अनुगमनमा स्वीकृत बजेटबाट खर्च गरिनेछ।

**जिम्मेवार निकाय**



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

- भू तथा जलाधार व्यवस्थापन कार्यालय
- स्थानीय तह
- उपभोक्ता समिति
- स्थानीय समुदाय

**१५. सामुदायिक वन तथा जलाधार क्षेत्र संरक्षण / सामुदायिक वन क्षेत्रमा पहिरो तथा भू–क्षय नियन्त्रण / वन तथा जलाधार पुनर्स्थापना**

पृष्ठभूमि

वन क्षेत्र तथा जलाधारबीच प्रत्यक्ष अन्तरसम्बन्ध रहेको छ। वन क्षेत्रको क्षयीकरणले सतही बहाव तथा भू–क्षय बढाउने र जलाधारको पानी धारण क्षमता घटाउने गर्दछ। सामुदायिक वन क्षेत्रको संरक्षणसँगै पहिरो, गल्छी तथा भू–क्षय नियन्त्रणका कार्य सञ्चालन गर्दा वन तथा जलाधार दुवैको पुनर्स्थापना गर्न सकिन्छ।

उद्देश्य

- सामुदायिक वन तथा जलाधार क्षेत्रको संरक्षण गर्ने।
- वन क्षेत्रमा हुने भू–क्षय तथा पहिरो नियन्त्रण गर्ने।
- क्षतिग्रस्त वन तथा जलाधार पुनर्स्थापना गर्ने।
- सामुदायिक सहभागितामार्फत संरक्षण दिगो बनाउने।

कार्यान्वयन विधि

१. सामुदायिक वन तथा जलाधार क्षेत्रको जोखिम तथा क्षतिको अवस्था पहिचान गरिनेछ।

२. पहिरो, गल्छी तथा भू–क्षय भएका स्थानमा प्राविधिक मूल्याङ्कन गरिनेछ।

३. आवश्यकता अनुसार ग्याबियन, चेकड्याम, टेवा पर्खाल तथा पानी निकास संरचना निर्माण गरिनेछ।

४. स्थानीय प्रजातिका बिरुवा, घाँस तथा बाँस रोपण गरी जैविक पुनर्स्थापना गरिनेछ।

५. सामुदायिक वन उपभोक्ता समूहसँग समन्वय गरी संरक्षण तथा मर्मतसम्भारको जिम्मेवारी दिइनेछ।

अपेक्षित उपलब्धि

- सामुदायिक वन तथा जलाधार क्षेत्रको संरक्षण हुनेछ।
- पहिरो तथा भू–क्षय घट्नेछ।
- क्षतिग्रस्त वन क्षेत्र पुनर्स्थापित हुनेछ।
- सामुदायिक सहभागिता बढ्नेछ।

## जनशक्ति व्यवस्थापन

भू तथा जलाधार व्यवस्थापन कार्यालयका कर्मचारी, डिभिजन/सब–डिभिजन वन कार्यालयका प्राविधिक, सामुदायिक वन उपभोक्ता समूह, स्थानीय तह तथा स्थानीय समुदाय परिचालन गरिनेछ।

## बजेट व्यवस्थापन

संरक्षण संरचना, वृक्षारोपण, बायोइन्जिनियरिङ, श्रम, सामग्री, ढुवानी, अनुगमन तथा मर्मतसम्भारमा स्वीकृत बजेटबाट प्रचलित कानुनबमोजिम खर्च गरिनेछ।

## जिम्मेवार निकाय

- भू तथा जलाधार व्यवस्थापन कार्यालय
- सम्बन्धित डिभिजन वन कार्यालय
- स्थानीय तह
- सामुदायिक वन उपभोक्ता समूह

### १६. जलाधार तथा सिमसार क्षेत्रको संरक्षण, पुनर्स्थापना तथा व्यवस्थापनका लागि संरचना निर्माण

## पृष्ठभूमि

जलाधार तथा सिमसार संरक्षणका लागि स्थानको प्रकृति तथा जोखिमअनुसार विभिन्न संरचनाको आवश्यकता पर्न सक्छ। जलस्रोत, भू–क्षय, बाढी तथा सिमसार व्यवस्थापनलाई एकीकृत गर्दै संरचनात्मक तथा जैविक उपाय सञ्चालन गर्न यो कार्यक्रम आवश्यक छ।

## उद्देश्य

- जलाधार तथा सिमसार संरक्षणका लागि आवश्यक पूर्वाधार विकास गर्ने।
- क्षतिग्रस्त क्षेत्र पुनर्स्थापना गर्ने।
- जलस्रोत तथा प्राकृतिक स्रोतको संरक्षण गर्ने।
- संरचनात्मक तथा जैविक संरक्षणलाई एकीकृत गर्ने।

## कार्यान्वयन विधि

१. सम्बन्धित क्षेत्रको स्थलगत अध्ययन गरी संरक्षण आवश्यकता निर्धारण गरिनेछ।

२. संरचनाको प्रकार तथा स्थान निर्धारण गरी प्राविधिक डिजाइन र लागत अनुमान तयार गरिनेछ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

३. आवश्यकता अनुसार पोखरी, ग्याबियन, चेकड्याम, तटबन्ध, टेवा पर्खाल, पानी निकास, पुनर्भरण तथा अन्य संरचना निर्माण गरिनेछ।

४. संरचनासँगै वृक्षारोपण तथा बायोइन्जिनियरिङ गरिनेछ।

५. स्थानीय समुदाय तथा उपभोक्ता समितिको सहभागिता सुनिश्चित गरिनेछ।

६. सम्पन्न संरचनाको नियमित अनुगमन तथा मर्मतसम्भार गरिनेछ।

## अपेक्षित उपलब्धि

- जलाधार तथा सिमसार संरक्षण संरचना निर्माण हुनेछ।
- जोखिम तथा भू—क्षय घट्नेछ।
- जलस्रोत संरक्षण तथा पुनर्भरणमा सहयोग पुग्नेछ।
- क्षतिग्रस्त क्षेत्र पुनर्स्थापित हुनेछ।

## जनशक्ति व्यवस्थापन

प्राविधिक कर्मचारी, स्थानीय तह, उपभोक्ता समिति, स्थानीय समुदाय तथा आवश्यकताअनुसार विषयगत विज्ञ परिचालन गरिनेछ।

## बजेट व्यवस्थापन

सर्वेक्षण, डिजाइन, संरचना निर्माण, निर्माण सामग्री, ढुवानी, श्रम, जैविक संरक्षण, वृक्षारोपण, अनुगमन तथा मर्मतसम्भारमा स्वीकृत बजेटबाट खर्च गरिनेछ।

## जिम्मेवार निकाय

- सम्बन्धित भू तथा जलाधार व्यवस्थापन कार्यालय
- प्रदेशको सम्बन्धित मन्त्रालय/निकाय
- स्थानीय तह
- उपभोक्ता समिति
- स्थानीय समुदाय

**१७. आकस्मिक तथा आपतकालीन जलाधार संरक्षण कार्य / बाढी, पहिरो, कटान तथा भू–क्षयबाट क्षति भएका क्षेत्रको तत्काल संरक्षण तथा पुनर्स्थापना**

## पृष्ठभूमि



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

अत्यधिक वर्षा, बाढी, पहिरो तथा नदी कटानबाट जलाधार क्षेत्रमा आकस्मिक क्षति हुँदा तत्काल संरक्षण नगरेमा क्षति थप विस्तार हुन सक्छ। त्यसैले प्रारम्भिक जोखिम नियन्त्रण, अस्थायी संरक्षण तथा आवश्यकताअनुसार स्थायी पुनर्स्थापना कार्य तत्काल सञ्चालन गर्न यो कार्यक्रम आवश्यक छ।

## उद्देश्य

- विपद्पछि जलाधार क्षेत्रको तत्काल संरक्षण गर्ने।
- थप क्षति हुन नदिने।
- क्षतिग्रस्त क्षेत्रको प्रारम्भिक पुनर्स्थापना गर्ने।
- बस्ती, कृषि तथा सार्वजनिक संरचनालाई तत्काल जोखिमबाट बचाउने।

## कार्यान्वयन विधि

१. क्षतिको सूचना प्राप्त भएपछि स्थलगत निरीक्षण गरिनेछ।

२. क्षतिको प्रकृति तथा जोखिमको स्तर निर्धारण गरी तत्काल गर्नुपर्ने कार्य पहिचान गरिनेछ।

३. अस्थायी तटबन्ध, पानी निकास, ग्याबियन, टेवा, कटान नियन्त्रण तथा अन्य तत्कालीन कार्य सञ्चालन गरिनेछ।

४. आवश्यकताअनुसार स्थायी संरक्षणका लागि विस्तृत प्राविधिक डिजाइन तयार गरिनेछ।

५. स्थानीय तह तथा विपद् व्यवस्थापन निकायसँग समन्वय गरिनेछ।

६. कार्यसम्पन्न भएपछि क्षतिको अभिलेख, फोटो तथा प्राविधिक प्रतिवेदन तयार गरिनेछ।

## अपेक्षित उपलब्धि

- थप क्षति नियन्त्रण हुनेछ।
- जोखिमयुक्त क्षेत्र तत्काल सुरक्षित हुनेछ।
- क्षतिग्रस्त जलाधारको प्रारम्भिक पुनर्स्थापना हुनेछ।
- विपद् जोखिम न्यूनीकरणमा सहयोग पुग्नेछ।

## जनशक्ति व्यवस्थापन

भू तथा जलाधार व्यवस्थापन कार्यालय, स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति, उपभोक्ता समिति तथा स्थानीय समुदाय परिचालन गरिनेछ।

## बजेट व्यवस्थापन



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

आकस्मिक/आपतकालीन व्यवस्थापनका लागि स्वीकृत बजेटबाट निर्माण सामग्री, ग्याबियन, ढुवानी, श्रम, उपकरण तथा अन्य तत्काल आवश्यक संरक्षण कार्यमा खर्च गर्न सकिनेछ।

**जिम्मेवार निकाय**

- भू तथा जलाधार व्यवस्थापन कार्यालय
- स्थानीय तह
- जिल्ला विपद् व्यवस्थापन समिति
- उपभोक्ता समिति तथा स्थानीय समुदाय

**१८. कुलो तथा सिंचाई पूर्वाधार निर्माण, मर्मत तथा संरक्षण / सिंचाई कुलो संरक्षण तथा पुनर्स्थापना**

**पृष्ठभूमि**

परम्परागत तथा विद्यमान सिंचाई कुलो तथा संरचनाहरू जीर्ण हुँदा पानीको प्रभावकारी उपयोग हुन नसक्ने तथा कृषि उत्पादनमा असर पर्ने गर्दछ। जलाधार संरक्षणसँगै सिंचाई पूर्वाधारको संरक्षण तथा पुनर्स्थापना गर्दा पानीको उपयोगिता तथा कृषि उत्पादकत्व बढाउन सकिन्छ।

**उद्देश्य**

- सिंचाई कुलो तथा पूर्वाधारको संरक्षण गर्ने।
- क्षतिग्रस्त कुलो पुनर्स्थापना गर्ने।
- सिंचाई पानीको प्रभावकारी उपयोग गर्ने।
- कृषि उत्पादनमा सहयोग पुऱ्याउने।

**कार्यान्वयन विधि**

१. कुलो तथा सिंचाई प्रणालीको वर्तमान अवस्था तथा क्षतिको अध्ययन गरिनेछ।

२. पानीको स्रोत, लाभग्राही क्षेत्र तथा सिंचाई आवश्यकता अध्ययन गरिनेछ।

३. आवश्यकताअनुसार नयाँ संरचना निर्माण तथा पुराना कुलो/संरचना मर्मत गरिनेछ।

४. कुलोको पानी चुहावट तथा कटान रोक्न आवश्यक संरक्षण संरचना निर्माण गरिनेछ।

५. कुलोको मुहान तथा माथिल्लो जलाधारमा संरक्षण कार्य सञ्चालन गरिनेछ।

६. सञ्चालन तथा मर्मतसम्भारको जिम्मेवारी सम्बन्धित जल उपभोक्ता समूहलाई दिइनेछ।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अपेक्षित उपलब्धि

- सिंचाई प्रणालीको क्षमता तथा प्रभावकारिता बढ्नेछ।
- कृषि उत्पादनमा वृद्धि हुनेछ।
- सिंचाई पूर्वाधारको दिगोपनमा सुधार हुनेछ।
- स्थानीय पानी स्रोतको संरक्षण हुनेछ।

## जनशक्ति व्यवस्थापन

प्राविधिक कर्मचारी, स्थानीय तह, जल उपभोक्ता समिति तथा स्थानीय समुदाय परिचालन गरिनेछ।

## बजेट व्यवस्थापन

कुलो निर्माण/मर्मत, पानी वितरण संरचना, संरक्षण संरचना, निर्माण सामग्री, ढुवानी, श्रम, अनुगमन तथा मर्मतसम्भारमा स्वीकृत बजेटबाट प्रचलित कानुनबमोजिम खर्च गरिनेछ।

## जिम्मेवार निकाय

- भू तथा जलाधार व्यवस्थापन कार्यालय
- स्थानीय तह
- जल उपभोक्ता समिति
- स्थानीय समुदाय

### १९. भू-संरक्षण तथा जल उत्पन्न प्रकोप नियन्त्रणका लागि खोल्सी, खहरे, गाड तथा दोभान व्यवस्थापन

## पृष्ठभूमि

खोल्सी, खहरे, गाड तथा दोभानमा वर्षाको समयमा पानीको तीव्र बहाव हुँदा कटान, गाद थुप्रिने, बस्ती तथा खेतीमा क्षति हुने समस्या देखिन्छ। यस्ता स्थानमा बहाव नियन्त्रण, संरचना निर्माण तथा जैविक संरक्षणको एकीकृत उपाय आवश्यक हुन्छ।

## उद्देश्य

- खोल्सी, खहरे तथा गाडबाट हुने कटान नियन्त्रण गर्ने।
- दोभान क्षेत्र स्थिर बनाउने।
- बाढी तथा जल उत्पन्न प्रकोपको जोखिम घटाउने।
- बस्ती तथा कृषि भूमि संरक्षण गर्ने।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

## कार्यान्वयन विधि

१. खोल्सी/खहरेको बहाव तथा कटानको स्थलगत अध्ययन गरिनेछ।

२. बहावको प्रकृति तथा जोखिमअनुसार चेकड्याम, ग्याबियन, टेवा पर्खाल तथा अन्य संरचना निर्माण गरिनेछ।

३. दोभान क्षेत्रमा नदीको बहावलाई सुरक्षित रूपमा व्यवस्थापन गरिनेछ।

४. संरचनासँगै घाँस, बाँस तथा अन्य उपयुक्त वनस्पति रोपण गरिनेछ।

५. माथिल्लो जलाधारमा पानीको बहाव तथा भू—क्षय नियन्त्रण गरिनेछ।

६. संरचनाको नियमित निरीक्षण तथा मर्मत गरिनेछ।

## अपेक्षित उपलब्धि

- खोल्सी तथा खहरे कटान घट्नेछ।
- दोभान क्षेत्र स्थिर हुनेछ।
- बाढी तथा भू—क्षयको जोखिम घट्नेछ।
- बस्ती तथा खेती संरक्षण हुनेछ।

## जनशक्ति व्यवस्थापन

प्राविधिक कर्मचारी, स्थानीय तह, उपभोक्ता समिति तथा स्थानीय समुदाय परिचालन गरिनेछ।

## बजेट व्यवस्थापन

चेकड्याम, ग्याबियन, टेवा पर्खाल, ढुङ्गा, श्रम, ढुवानी, वृक्षारोपण, अनुगमन तथा मर्मतसम्भारमा स्वीकृत बजेटबाट खर्च गरिनेछ।

## जिम्मेवार निकाय

- भू तथा जलाधार व्यवस्थापन कार्यालय
- सम्बन्धित स्थानीय तह
- उपभोक्ता समिति
- स्थानीय समुदाय

**२०. नदी/खोला तथा जलस्रोत संरक्षणका लागि तटबन्ध, ग्याबियन, पर्खाल तथा अन्य संरचना निर्माण**



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

## पृष्ठभूमि

नदी तथा जलस्रोत संरक्षणका लागि स्थानअनुसार विभिन्न संरचनात्मक उपाय आवश्यक पर्छन्। नदी कटान, भू—क्षय तथा जल उत्पन्न प्रकोपबाट बस्ती, खेती तथा पूर्वाधार जोगाउन प्राविधिक मापदण्डअनुसार तटबन्ध, ग्याबियन तथा पर्खाल निर्माण गर्न आवश्यक छ।

## उद्देश्य

- नदी तथा जलस्रोतको संरक्षण गर्ने।
- कटान तथा भू—क्षय नियन्त्रण गर्ने।
- बस्ती, खेती तथा पूर्वाधारको संरक्षण गर्ने।
- संरचनात्मक संरक्षण प्रणाली विकास गर्ने।

## कार्यान्वयन विधि

१. जोखिम तथा संरक्षण आवश्यकताको प्राविधिक मूल्याङ्कन गरिनेछ।

२. नदीको बहाव तथा किनारको अवस्था अध्ययन गरी उपयुक्त संरचना छनोट गरिनेछ।

३. ग्याबियन, तटबन्ध, टेवा पर्खाल, toe protection तथा अन्य संरचना निर्माण गरिनेछ।

४. संरचनाको डिजाइन, गुणस्तर तथा निर्माण मापदण्ड प्राविधिक कर्मचारीबाट अनुगमन गरिनेछ।

५. आवश्यकता अनुसार संरचनासँगै वृक्षारोपण तथा बायोइन्जिनियरिङ गरिनेछ।

६. सम्पन्न संरचनाको नियमित निरीक्षण तथा मर्मतसम्भार गरिनेछ।

## अपेक्षित उपलब्धि

- नदी तथा खोला कटान नियन्त्रण हुनेछ।
- जलस्रोत तथा नदी किनार संरक्षण हुनेछ।
- बस्ती, खेती तथा पूर्वाधार सुरक्षित हुनेछन्।
- जल उत्पन्न प्रकोपको जोखिम घट्नेछ।

## जनशक्ति व्यवस्थापन

भू तथा जलाधार व्यवस्थापन कार्यालयका प्राविधिक कर्मचारी, स्थानीय तह, उपभोक्ता समिति तथा निर्माण सेवा प्रदायक परिचालन गरिनेछ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

बजेट व्यवस्थापन

सर्वेक्षण, डिजाइन, ग्याबियन जाली, ढुङ्गा, निर्माण सामग्री, ढुवानी, श्रम, वृक्षारोपण, अनुगमन तथा मर्मतसम्भारमा स्वीकृत बजेट तथा सार्वजनिक खरिदसम्बन्धी कानुनबमोजिम खर्च गरिनेछ।

जिम्मेवार निकाय

- भू तथा जलाधार व्यवस्थापन कार्यालय
- सम्बन्धित स्थानीय तह
- उपभोक्ता समिति
- स्थानीय समुदाय तथा अन्य सरोकारवाला

**२१. पर्यावरणीय तथा प्राकृतिक स्रोत संरक्षणसँग सम्बन्धित स्थानीय विशिष्ट क्षेत्र/धार्मिक तथा सांस्कृतिक स्थलको भू–संरक्षण तथा संरक्षण**

पृष्ठभूमि

धार्मिक, सांस्कृतिक तथा स्थानीय महत्वका स्थलहरू प्राकृतिक स्रोत, पानीका मुहान, वन तथा भू–संरचनासँग जोडिएका हुन्छन्। यस्ता क्षेत्रमा भू–क्षय, पहिरो तथा पानीको बहावबाट हुने क्षति नियन्त्रण गरी प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण गर्न आवश्यक हुन्छ।

उद्देश्य

- धार्मिक तथा सांस्कृतिक स्थलको भू–संरक्षण गर्ने।
- प्राकृतिक तथा सांस्कृतिक सम्पदा संरक्षण गर्ने।
- पहिरो तथा भू–क्षयबाट हुने क्षति घटाउने।
- स्थानीय समुदाय तथा पर्यापर्यटनमा सहयोग पुऱ्याउने।

कार्यान्वयन विधि

१. स्थलको प्राकृतिक, धार्मिक तथा सांस्कृतिक महत्व तथा संरक्षण आवश्यकताको अध्ययन गरिनेछ।

२. भू–क्षय, पहिरो तथा पानीको बहावबाट हुने जोखिम पहिचान गरिनेछ।

३. आवश्यकता अनुसार टेवा पर्खाल, तट संरक्षण, पानी निकास, ग्याबियन तथा अन्य संरक्षण संरचना निर्माण गरिनेछ।

४. स्थानीय तथा उपयुक्त प्रजातिका वृक्ष, घाँस तथा झाडी रोपण गरिनेछ।

नेपाल सरकार
वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

५. स्थानीय तह, सम्बन्धित धार्मिक/सांस्कृतिक संस्था तथा समुदायसँग समन्वय गरी कार्य सञ्चालन गरिनेछ।

६. संरचना तथा क्षेत्रको नियमित संरक्षण र मर्मतसम्भार गरिनेछ।

**अपेक्षित उपलब्धि**

- धार्मिक तथा सांस्कृतिक स्थल सुरक्षित हुनेछन्।
- भू—क्षय तथा पहिरोको जोखिम घट्नेछ।
- प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण हुनेछ।
- स्थानीय पर्यापर्यटन तथा समुदायलाई सकारात्मक लाभ पुग्नेछ।

**जनशक्ति व्यवस्थापन**

प्राविधिक कर्मचारी, स्थानीय तह, सम्बन्धित धार्मिक/सांस्कृतिक संस्था, उपभोक्ता समिति तथा स्थानीय समुदाय परिचालन गरिनेछ।

**बजेट व्यवस्थापन**

भू—संरक्षण संरचना, पानी निकास, वृक्षारोपण, निर्माण सामग्री, श्रम, अनुगमन तथा मर्मतसम्भारमा स्वीकृत बजेटबाट प्रचलित कानुनबमोजिम खर्च गरिनेछ।

**जिम्मेवार निकाय**

- सम्बन्धित भू तथा जलाधार व्यवस्थापन कार्यालय
- सम्बन्धित स्थानीय तह
- सम्बन्धित धार्मिक/सांस्कृतिक संस्था
- उपभोक्ता समिति
- स्थानीय समुदाय

### २२. पुराना/जीर्ण संरक्षण संरचनाको मर्मत, सुधार तथा स्तरोन्नती

**पृष्ठभूमि**

विगतमा निर्माण भएका संरक्षण पोखरी, तटबन्ध, ग्याबियन, टेवा पर्खाल, चेकड्याम, कुलो तथा अन्य संरक्षण संरचना समयक्रममा जीर्ण तथा क्षतिग्रस्त हुन सक्छन्। संरचनाको नियमित मर्मत तथा स्तरोन्नती नगर्दा संरक्षणको प्रभावकारिता घट्नुका साथै पुनः क्षति हुने जोखिम बढ्दछ। त्यसैले नयाँ संरचना निर्माणभन्दा आवश्यकताअनुसार विद्यमान संरचनाको मर्मत तथा स्तरोन्नतीलाई प्राथमिकता दिन आवश्यक छ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## उद्देश्य

- विद्यमान संरक्षण संरचनाको कार्यक्षमता कायम गर्ने।
- जीर्ण संरचनाको मर्मत तथा स्तरोन्नती गर्ने।
- संरक्षणमा भएको विगतको लगानीलाई दिगो बनाउने।
- नयाँ क्षति तथा पुनःनिर्माणको आवश्यकता घटाउने।

## कार्यान्वयन विधि

१. पुराना संरचनाको स्थलगत निरीक्षण तथा प्राविधिक अवस्था मूल्याङ्कन गरिनेछ।

२. संरचना मर्मत गर्नुपर्ने, स्तरोन्नती गर्नुपर्ने वा पुनर्निर्माण गर्नुपर्ने अवस्था निर्धारण गरिनेछ।

३. आवश्यकताअनुसार मर्मत/सुधारको डिजाइन तथा लागत अनुमान तयार गरिनेछ।

४. ग्याबियन जाली परिवर्तन, ढुङ्गा थप्ने, पर्खाल सुधार, पानी निकास सुधार, पोखरी गहिराइ व्यवस्थापन, कुलो मर्मत तथा अन्य आवश्यक सुधार गर्न सकिनेछ।

५. संरचनाको स्थायित्वका लागि आवश्यक बायोइन्जिनियरिङ तथा वृक्षारोपण गरिनेछ।

६. मर्मत सम्पन्न भएपछि नियमित अनुगमन तथा स्थानीय समुदायमार्फत संरक्षण व्यवस्था गरिनेछ।

## अपेक्षित उपलब्धि

- पुराना संरक्षण संरचनाको कार्यक्षमता सुधार हुनेछ।
- संरचनाको आयु तथा दिगोपन बढ्नेछ।
- नयाँ क्षति तथा पुनर्निर्माण खर्च घट्नेछ।
- जलाधार तथा सिमसार संरक्षणमा निरन्तरता आउनेछ।

## जनशक्ति व्यवस्थापन

भू तथा जलाधार व्यवस्थापन कार्यालयका प्राविधिक कर्मचारी, स्थानीय तह, उपभोक्ता समिति, स्थानीय समुदाय तथा आवश्यकताअनुसार प्राविधिक विज्ञ परिचालन गरिनेछ।

## बजेट व्यवस्थापन

स्थलगत निरीक्षण, प्राविधिक मूल्याङ्कन, डिजाइन, मर्मत सामग्री, ग्याबियन जाली, ढुङ्गा, श्रम, ढुवानी, बायोइन्जिनियरिङ, अनुगमन तथा प्रतिवेदनमा स्वीकृत बजेटबाट प्रचलित कानुनबमोजिम खर्च गरिनेछ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## जिम्मेवार निकाय

- सम्बन्धित भू तथा जलाधार व्यवस्थापन कार्यालय
- सम्बन्धित स्थानीय तह
- उपभोक्ता समिति
- स्थानीय समुदाय तथा सरोकारवाला निकाय

## २३. जलाधार तथा सिमसार संरक्षणसम्बन्धी अध्ययन, विस्तृत आयोजना प्रतिवेदन (DPR), योजना तर्जुमा तथा कार्यान्वयन

### पृष्ठभूमि

जलाधार तथा सिमसार क्षेत्रको संरक्षणका लागि स्थानविशेषको भौगोलिक अवस्था, जलविज्ञान, भू—उपयोग, जोखिम, प्राकृतिक स्रोत तथा सामाजिक—आर्थिक अवस्थाको आधारमा वैज्ञानिक योजना आवश्यक हुन्छ। पर्याप्त अध्ययन तथा प्राविधिक तयारीबिना सञ्चालन गरिएका संरक्षण कार्य प्रभावकारी तथा दिगो नहुन सक्ने भएकाले आवश्यकताअनुसार अध्ययन, DPR तथा समग्र व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गर्नु आवश्यक छ।

### उद्देश्य

- जलाधार तथा सिमसार संरक्षणका लागि वैज्ञानिक आधार तयार गर्ने।
- प्राथमिकता तथा जोखिमका आधारमा आयोजना छनोट गर्ने।
- प्राविधिक रूपमा व्यवहार्य तथा दिगो आयोजना विकास गर्ने।
- आगामी वर्षका लागि जलाधार तथा सिमसार व्यवस्थापनको योजना तथा लगानी प्राथमिकता निर्धारण गर्ने।

### कार्यान्वयन विधि

१. अध्ययन आवश्यक पर्ने जलाधार, उपजलाधार, सूक्ष्म जलाधार तथा सिमसार क्षेत्रको पहिचान गरिनेछ।

२. सम्बन्धित क्षेत्रको भौगोलिक, जलविज्ञान, भू—उपयोग, माटो, वनस्पति, जलस्रोत, जोखिम तथा सामाजिक—आर्थिक अवस्थाको अध्ययन गरिनेछ।

३. स्थानीय तह, समुदाय तथा सम्बन्धित सरोकारवालासँग परामर्श तथा अन्तरक्रिया गरी समस्या तथा प्राथमिकता पहिचान गरिनेछ।

४. आवश्यकताअनुसार baseline survey, resource mapping, risk assessment तथा feasibility study गरिनेछ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

५. सम्भाव्य आयोजनाका लागि विस्तृत आयोजना प्रतिवेदन (DPR), प्राविधिक डिजाइन, लागत अनुमान, कार्यतालिका तथा अपेक्षित उपलब्धि निर्धारण गरिनेछ।

६. DPR तयार गर्दा संरचनात्मक तथा जैविक संरक्षण, जलवायु अनुकूलन, वातावरणीय प्रभाव, स्थानीय आवश्यकता तथा दीर्घकालीन मर्मतसम्भारलाई समेटिनेछ।

७. स्वीकृत अध्ययन तथा योजनाका आधारमा आगामी वार्षिक कार्यक्रममा कार्यान्वयनका लागि प्राथमिकता निर्धारण गर्न सकिनेछ।

८. अध्ययन तथा DPR को गुणस्तर सुनिश्चित गर्न आवश्यकताअनुसार विषयगत विज्ञ/परामर्शदाता परिचालन गर्न सकिनेछ।

९. अध्ययन सम्पन्न भएपछि प्रतिवेदन, नक्सा, डिजाइन, लागत अनुमान तथा आवश्यक प्राविधिक कागजात सम्बन्धित कार्यालयमा अभिलेख राखिनेछ।

**अपेक्षित उपलब्धि**

- जलाधार तथा सिमसार संरक्षणका लागि वैज्ञानिक आधार तयार हुनेछ।
- प्राथमिकताका क्षेत्र तथा आयोजना स्पष्ट हुनेछन्।
- DPR तथा प्राविधिक डिजाइनका आधारमा आगामी कार्यक्रम कार्यान्वयन गर्न सहज हुनेछ।
- लगानीको प्रभावकारिता तथा दिगोपन बढ्नेछ।
- जलाधार तथा सिमसार व्यवस्थापनमा एकीकृत योजना विकास हुनेछ।

**जनशक्ति व्यवस्थापन**

सम्बन्धित भू तथा जलाधार व्यवस्थापन कार्यालयका प्राविधिक कर्मचारी, सम्बन्धित स्थानीय तहका प्राविधिक कर्मचारी तथा आवश्यकताअनुसार जलाधार, भू—संरक्षण, जलविज्ञान, सिमसार, वातावरण तथा अन्य विषयगत विज्ञ/परामर्शदाता परिचालन गरिनेछ।

**बजेट व्यवस्थापन**

अध्ययन, स्थलगत सर्वेक्षण, नमुना/डाटा संकलन, नक्साङ्कन, प्राविधिक डिजाइन, DPR तयारी, परामर्श सेवा, बैठक/अन्तरक्रिया, प्रतिवेदन तथा आवश्यक प्राविधिक सामग्रीमा स्वीकृत बजेट तथा प्रचलित आर्थिक कार्यविधि तथा सार्वजनिक खरिदसम्बन्धी कानुनबमोजिम खर्च गरिनेछ।

**जिम्मेवार निकाय**

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

- सम्बन्धित भू तथा जलाधार व्यवस्थापन कार्यालय
- सम्बन्धित प्रदेशको वन तथा वातावरण हेर्ने मन्त्रालय/निकाय
- सम्बन्धित स्थानीय तह
- आवश्यकता अनुसार विषयगत विज्ञ/परामर्शदाता
- स्थानीय समुदाय तथा अन्य सरोकारवाला निकाय



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव